






# नासोँ गाउँपालिकाको पार्श्वचित्र












नासोँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धारापानी, मनाङ, गण्डकी प्रदेश, नेपाल

## दुई शब्द

मनाङ जिल्लाका ४ वटा स्थानीय तहहरूमध्ये करिब ७०९.५८ वर्ग कि.मी क्षेत्रफलमा फैलिएको नासौँ गाउँपालिका नेपालको संविधानको धारा २९५ उपधारा ३ बमोजिम नेपाल सरकारबाट २०७३ साल फाल्गुण २७ गते गठित स्थानीय तहहरु मध्येको एक हो । यो गाउँपालिका नेपालको गण्डकी प्रदेश अन्तर्गत मनाङ जिल्लाको तल्लो भेगमा अबस्थित छ । राज्यको पुर्नःसंरचनाको सिलसिलामा स्थापित यस गाउँपालिकाकाको यथार्थ विद्यमान अवस्था झल्काउने पार्श्वचित्र तयारीले गाउँपालिकाको विकासको वर्तमान अवस्थालाई चित्रित गरेको छ । यस प्रकारको चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत र साधनको अधिकतम सदुपयोग गरी गाउँपालिकाको समग्र विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुर्याउने आशा तथा विश्वास लिएको छु । यस अध्ययन प्रतिवेदनले प्रायः सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्न प्रयास गरेको भए तापनि सीमित श्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण हुन सक्दैन । यसलाई समय सन्दर्भ अनुसार परिष्कृत र परिमार्जित गर्नुपर्ने आवश्यकता रहन्छ ।

योजनाबद्ध विकासको आधारको रुपमा रहने यो पार्श्वचित्र तयार गर्न सहयोग पुर्याउने गाउँ कार्यपालिकाको सम्पूर्ण परिवार, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षज्यूहरु, सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरू तथा अन्य वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी, घर-घरमा गई घरधुरी तथ्याङ्क संकलनमा सहयोग पुर्याउनुहुने हुने सबै गणकहरूलाई तथ्याङ्क उपलब्ध गराउनु हुने सम्पूर्ण गाउँपालिकाबासी लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत शाखा, विषयगत कार्यालय तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । यसै गरी यो अध्ययन प्रतिवेदन सम्पन्न गर्ने श्री आशुतोष रिसर्च एण्ड कन्सल्टिङ सेन्टर प्रा.लि. तारकेश्वर काठमाडौंलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा गाउँपालिकाको विकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस र दीर्घकालीन सोचका साथ अगाडि बढ्न हामी सबैलाई उपयुक्त दिशा प्राप्त होस् भन्ने आशा गरेको छु ।

धन बहादुर गुरूङ
अध्यक्ष
नासौँ गाउँपालिका,मनाङ

## शब्द-शुभेच्छा

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि गाउँपालिकाको समग्र तथ्याङ्क आवश्यक पर्दछ । यसै आवश्यकतालाई मध्य नजर गरी गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको छ । जसमा KOBO Tool द्वारा घरपरिवार तथ्याङ्क संकलन गरी गाउँपालिकाका विभिन्न विषय समावेश गरिएका श्रोत नक्साहरू, विषयगत कार्यालयहरूबाट संकलन गरिएका तथ्यहरूमा आधारित भई उपलब्ध भएसम्म कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका तथ्याङ्क समावेश गरी गाउँ पालिकाको पार्श्वचित्र तयारी गरिएको छ ।

यस गाउँपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा गाउँपालिकाबासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएको छु । पार्श्वचित्रमा उल्लेखित विवरणमा नासोँ गाउँपालिकाको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै घरधुरी तथ्याङ्क संकलन, २०८० का विविध जनसांख्यिक पक्षहरू समावेश गरिएको छ ।

अन्त्यमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग गर्नु हुने सबैवडाबाट खटिनु भएका गणकहरू, घरपरिवारको तथ्याङ्क उपलब्ध गराउनु हुने गाउँपालिकाबासी, गाउँपालिकाका अध्यक्ष ज्यू विभिन्न विषयगत तथ्याङ्क उपलब्ध गराउनु हुने सम्पूर्ण विषयगत शाखा तथा कार्यालयका प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्षज्यूहरु, वडा सचिवहरू, गाउँ कार्यपालिकाका कर्मचारीहरू तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधन गरी पार्श्वचित्रलाई यो रुप दिनुहुने परामर्शदाता श्री आशुतोष रिसर्च एण्ड कन्सल्टिङ सेन्टर प्रा.लि. तारकेश्वर काठमाडौंलाई विशेष धन्यवाद दिन चाहन्छु ।

बेद बहादुर गुरूङ
उपाध्यक्ष

## मेरो भन्नु

साविककाे गाउँ विकास समितिहरू धारापानी, ताचैबगरछाप र थोँचे गा.बि.स.हरूलाइ समेटि मिति २०७३ फाल्गुण २७ मा नासोँ गाउँपालिका स्थापना गरिएपछि घरधुरी तथ्याङ्क संकलन गरी प्राथमिक तथ्याङ्कका आधारमा पहिलो पार्श्वचित्र तयारी गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ।

कुनै पनि विकासको मार्ग तयार गर्न योजनाको सही छनोट, प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरूको पूर्ण सन्तुष्टि सहितको उपयोग र निरन्तर अनुगमन एवम् मूल्याङ्कन र दिगोपनाको लागि सही र वस्तुनिष्ट निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ। विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनर्संरचित स्थानीय तहको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन।

वस्तुनिष्ठता र आवश्यकताको कसीमा योजनाहरू तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएमा जनताले स्थानीय सरकारबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन्। यसैकारण वर्तमानको हाम्रो धरातलीय, सामाजिक, साँस्कृतिक, जनसाङ्खिक तथा आर्थिक अवस्थाको पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) सीमित समय तथा स्रोत र साधनको सीमाभित्र रही तयार गरिएको हो। पार्श्वचित्रलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यो गाउँपालिकाको बहुआयामिकता सहितको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ। यो पार्श्वचित्रलाई एकातिर गाउँपालिकाको सम्पूर्ण चिनारीको रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ यस मार्फत् हाम्रा सम्भावना र चुनौतीहरूलाई अवगत गर्न सकिन्छ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, निर्वाचित जनप्रतिनिधिज्यूहरू, विभिन्न विषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, वडा सचिव साथीहरू, घरधुरी तथ्याङ्क संकलन गर्नुहुने गणकहरू तथा तथ्याङ्क संकलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रुप दिन सहयोग पुर्याउनुहुने परामर्शदाता श्री आशुतोष रिसर्च एण्ड कन्सल्टिङ सेन्टर प्रा.लि. तारकेश्वर काठमाडौंलाई हार्दिक आभार व्यक्त गर्दछु।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहने आशा व्यक्त गर्दछु।

बासुदेव भेटवाल
प्रमुख प्रशासकीय अधिकृत

## बिषयसूचि

परिच्छेद १: परिचय ........ 12
१.१ पृष्ठभूमि ........ 12
१.२ उद्देश्य ........ 12
१.३ कानूनी तथा नीतिगत आधार ........ 13
१.४ तयारीका चरण ........ 13
१.४.१ वस्तुस्थिति विवरण ढाँचा, औजार तथा कार्यविधि तयारी ........ 14
१.४.२ वस्तुस्थिति विवरण तयारी कार्यशाला ........ 15
१.४.३ सहजकर्ता तथा गणक छनौट अभिमुखीकरण र परिचालन ........ 15
१.४.४ तथ्याङ्क सङ्कलन ........ 15
१.४.५ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र स्रोत नक्शा तयारी ........ 15
१.४.६ वस्तुस्थिति विवरणको मस्यौदा तयारी ........ 16
१.४.७ वस्तुस्थिति विवरण सुझाव सङ्कलन ........ 16
१.४.८ वस्तुस्थिति विवरणको अन्तिम प्रतिवेदन तयारी ........ 16
१.५ वस्तुस्थिति विवरणको सीमा ........ 16
परिच्छेद २: गाउँपालिकाको चिनारी ........ 17
२.१ भौगोलिक अवस्थिति ........ 17
२.२ ऐतिहासिक चिनारी तथा नामाकरण ........ 17
२.३ प्रशासनिक विभाजन ........ 17
२.४ धरातलीय अवस्था ........ 18
२.५ प्राकृतिक सम्पदा ........ 19
२.६ साँस्कृतिक उत्कृष्टता ........ 19
२.७ विकासका संभावना ........ 20
२.८ मानव विकास सूचकाङ्क ........ 21
परिच्छेद ३: पारिवारिक विवरण तथा जनसङ्ख्याको अवस्था ........ 24
३.१ बस्ती र घरपरिवार विवरण ........ 24
३.२ जनसङ्ख्या वितरणको अवस्था ........ 25
३.३ उमेर तथा लिङ्गको आधारमा जनसङ्ख्या विवरण ........ 27
३.४ मातृभाषाको आधारमा जनसङ्ख्या विवरण ........ 30
३.५ धर्म अनुसार जनसङ्ख्या विवरण ........ 31
३.६ जातिगत आधारमा जनसङ्ख्या विवरण ........ 32
३.७ घरमुलीको विवरण ........ 33
३.८ पेशाका आधारमा जनसङ्ख्या विवरण ........ 34
३.९ आर्थिक रूपले सक्रिय जनसङ्ख्या विवरण ........ 34
३.१० अपाङ्गताको आधारमा जनसङ्ख्या विवरण ........ 35

३.११ बसाइँसराइ सम्बन्धी विवरण ..... 37
३.१२ व्यक्तिगत घटना सम्बन्धी विवरण ..... 38
३.१३ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित जनसङ्ख्याको विवरण ..... 39
परिच्छेद ४: आर्थिक अवस्था ..... 40
४.१ प्रमुख आर्थिक विवरण ..... 40
४.१.१ प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरण ..... 40
४.१.२ मुख्य पेशा सम्बन्धी विवरण ..... 40
४.१.३ औसत आम्दानी विवरण ..... 41
४.१.४ औसत खर्च विवरण ..... 43
४.१.५ विपन्नता स्तरीकरण विवरण ..... 44
४.१.६ खाद्य सुरक्षाकोअवस्था ..... 45
४.१.७ आवास संरचना विवरण ..... 45
४.१.८ गरिबीको दर (गरिबीको रेखामुखी रहेको जनसंख्या) ..... 48
४.१.९ आयात र निर्यातको अवस्था ..... 48
४.१.१० औद्योगिक कच्चा पदार्थ उत्पादनको अवस्था ..... 48
४.१.११ बेरोजगारी सम्बन्धी विवरण ..... 48
४.१.१२ वैदेशिक रोजगारीमा गएकाहरूको विवरण ..... 49
४.१.१३ सुकुम्बासी सम्बन्धी विवरण ..... 49
४.१.१४ स्रोत नक्शा ..... 50
४.२ भू-उपयोग तथा स्वामित्व ..... 51
४.२.१ वर्तमान भू-उपयोग ..... 51
४.२.२ भू-स्वामित्व ..... 52
४.२.३ खेतीयोग्य जमिन सम्बन्धी विवरण ..... 53
४.२.४ बाँझो जमिन सम्बन्धी विवरण ..... 53
४.२.५ बाढी पहिरोको जोखिममा रहेको जमिनको विवरण ..... 53
४.२.६ स्रोत नक्शा ..... 55
४.३ कृषि तथा पशुविकास ..... 56
४.३.१ सार्वजनिक पोखरी तथा माछा पालन सम्बन्धी विवरण ..... 56
४.३.२ सिंचाइ सुविधाको उपलब्धता विवरण ..... 57
४.३.३ सिंचाइको स्रोत सम्बन्धी विवरण ..... 57
४.३.४ कृषि उत्पादन सम्बन्धी विवरण ..... 57
४.३.५ पशु पालन सम्बन्धी विवरण ..... 58
४.३.६ खाद्यान्न बालीमा लाग्ने रोग तथा कीरा सम्बन्धि विवरण ..... 59
४.३.७ फलफूल तथा तरकारीमा लाग्ने रोग तथा कीरा सम्बन्धि विवरण ..... 60
४.३.८ पशु पन्छीमा लाग्नेरोग तथा कीरा सम्बन्धि विवरण ..... 60

४.३.९ व्यावसायिक कृषि तथा पशुपालन फर्म सम्बन्धी विवरण ........ 60
४.३.१० कृषि तथा पशु सेवासँग सम्बन्धित मानव संशाधन ........ 63
४.३.११ कृषि तथा पशुपालनसँग सम्बन्धित समूह तथा सामुदायिक संस्थाको विवरण ........ 63
४.३.१२ कृषि उपज सङ्कलन केन्द्र तथा चिस्यान केन्द्र ........ 63
४.३.१३ कृषि बजार तथा हाट बजार सम्बन्धी विवरण ........ 64
४.४ पर्यटन विकास ........ 64
४.४.१ पर्यटकीय स्थलहरूको विवरण ........ 65
४.४.२ होटल, रिसोर्ट, होमस्टे तथा रेष्टुरेन्ट सम्बन्धी विवरण ........ 66
४.४.३ उपलब्ध पर्यटकीय सेवा तथा सुविधा सम्बन्धी विवरण ........ 66
४.४.४ विपद्बाट प्रभावित होटेल, रिसोर्ट तथा पर्यटकीय स्थलको विवरण ........ 67
४.५ उद्योग, व्यापार तथा बैङ्किङ ........ 67
४.५.१ औद्योगिक विकास (लघु,घरेलु,साना,मझौला,ठूला उद्योग,सरकारी,पब्लिक, निजी र सहकारी) ........ 67
४.५.२ व्यापार र व्यवसाय सम्बन्धी विवरण (किराना, थोक, मासु, तरकारी र फलफूल आदि) ........ 67
४.५.३ खनिज तथा खानी सम्बन्धी विवरण ........ 68
४.५.४ स्थानीय बजार तथा व्यापारिक केन्द्रको विवरण ........ 68
४.५.५ बैङ्क तथा वित्तीय संस्था सम्बन्धी विवरण ........ 68
५.१ शैक्षिक तथा मानव संशाधन विकास ........ 69
५.१.१ पाँच वर्षभन्दा माथिको साक्षरता विवरण ........ 69
५.१.२ तहगत रूपमा शैक्षिक संस्था/विद्यालय र विद्यार्थी विवरण ........ 70
५.१.३ विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्र छात्राको विवरण ........ 71
५.१.४ क्याम्पस तथा प्राविधिक शिक्षालय र अध्ययनरत छात्र छात्राको विवरण ........ 72
५.१.५ विद्यालय वाहिर रहेका तथा विद्यालय छाडेका बालबालिकाहरूको विवरण ........ 72
५.१.६ सिकाइ उपलब्धि तथा उत्तीर्ण दर ........ 72
५.१.७ खुद भर्ना, निरन्तरता तथा टिकाउ दर ........ 73
५.१.८ बाल विकास केन्द्रको विवरण ........ 73
५.१.९ विद्यालय शान्ति क्षेत्र र विद्यालय सुधार योजना विवरण ........ 74
५.१.१० शिक्षक तथा शैक्षिक जनशक्ति विवरण ........ 75
५.१.११ आधारभूत र माध्यमिक विद्यालयमा पहुँचको अवस्था ........ 75
५.१.१२ शैक्षिक संस्था उपलब्ध भौतिक पूर्वाधार तथा सुबिधा ........ 76
५.१.१३ छात्रवृत्ति तथा अन्य लक्षित सुविधा उपलब्धताको अवस्था ........ 77
५.१.१४ स्थानीय सरकारको शिक्षा क्षेत्रमा लगानी ........ 77
५.१.१५ अपाङ्गता तथा विशेष शिक्षा स्रोत कक्षा र विद्यार्थी विवरण ........ 77
५.१.१६ शैक्षिक गुणस्तर सम्बन्धी विवरण ........ 77
५.२ स्वास्थ्य तथा पोषण ........ 78
५.२.१ स्वास्थ्य संस्थाको विवरण ........ 78

५.२.२. स्वास्थ्य संस्थामा उपलब्ध तथा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य जनशक्ति विवरण ................ 78
५.२.३ प्राथमिक स्वास्थ्य सेवाको पहुँचको अवस्था ........ 79
५.२.४ उपलब्ध स्वास्थ्य सेवा तथा सुविधा ........ 80
५.२.५ खोप सेवा तथा सुरक्षित मातृत्व सम्बन्धी विवरण ........ 80
५.२.६ बाल स्वास्थ्य तथा कुपोषणको अवस्था ........ 81
५.२.७ प्रमुख रोग र उपचार सम्बन्धी विवरण ........ 81
५.२.८ सुरक्षित मातृत्व ........ 82
५.२.९ जोखिममा रहेको स्वास्थ्य संस्था तथा पूर्वाधारको अवस्था ........ 82
५.३.१ खानेपानी श्रोत र सुविधाको अवस्था ........ 84
५.३.२ शौचालय प्रयोगको अवस्था ........ 86
५.३.३ सार्वजनिक शौचालय ........ 86
५.३.४ फोहोरमैला व्यवस्थापन ........ 87
५.३.५ ढल व्यवस्थापन ........ 88
५.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण ........ 89
५.४.१ लिङ्ग अनुसार विवाहको अवस्था ........ 89
५.४.२ कामदारको रूपमा घर बाहिर रहेका बालबालिका ........ 90
५.४.३ बाल क्लव तथा सञ्जालको विवरण ........ 91
५.४.४ घरपरिवार विहीन बाल बालिकाको अवस्था ........ 91
५.४.५ अपाङ्गताका आधारमा जनसंख्या ........ 91
५.४.६ जेष्ठ नागरिक तथा एकल महिला ........ 92
५.५ युवा तथा खेलकूद र मनोरञ्जन ........ 92
५.५.१ खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरञ्जनस्थल सम्बन्धी विवरण ........ 92
५.५.२ व्यावसायिक खेलाडीको विवरण ........ 92
५.५.३ युवा क्लब सम्बन्धी विवरण ........ 92
५.५.४ विपद्जोखिम तथा व्यवस्थापनमा तालिम प्राप्त युवाहरूको विवरण ........ 93
५.६ कला, भाषा तथा संस्कृति ........ 94
५.६.१ धार्मिक तथा ऐतिहासिक स्थल ........ 94
५.६.२ सार्वजनिक स्थल, पाटी पौवा र चौतारा ........ 94
५.६.३ स्थानीय चाडपर्वजात्रा र मेला ........ 95
५.७ शान्ति तथा सुरक्षाको अवस्था ........ 95
परिच्छेद ६: वन तथा वातावरणीय स्थिति ........ 96
६.१ वन क्षेत्रको अवस्था ........ 96
६.१.१ वन क्षेत्र, वनको स्थिति र प्रकार सम्बन्धी विवरण ........ 96
६.१.२ वन व्यवस्थापन सम्बन्धी विवरण ........ 98
६.१.३ वृक्षरोपणका लागि खालि स्थान सम्बन्धी विवरण ........ 98

६.१.४ वनजन्य उत्पादन विवरण ........ 98
६.१.५ जडिबुटीको उत्पादन, सङ्कलन तथा निकासी सम्बन्धी विवरण ........ 99
६.१.६ गाउँपालिका क्षेत्रबाट निकासी हुने वन पैदावरको विवरण ........ 99
६.२ जलस्रोत तथा जलाधर क्षेत्र ........ 100
६.२.१ प्रमुख जलाधार र उप जलाधारको अवस्था र जोखिमको विवरण ........ 100
६.२.२ नदी तथा खोला सम्बन्धी विवरण ........ 100
६.२.३ ताल तलैया र पोखरी र सीमसार क्षेत्र सम्बन्धी विवरण ........ 101
६.२.४ जल स्रोत र उपयोगको स्थिति विवरण ........ 101
६.२.५ संरक्षित पानीको मुहान, जमिन र भौतिक संरचना विवरण ........ 101
६.२.७ बाढी तथा पहिरोको जोखिममा रहेको पानीको मुहान, ताल तलैया, पोखरी आदिको विवरण ........ 102
६.३ जैविक विविधता र वातावरणीय सेवा ........ 102
६.३.१ बासस्थानका आधारमा महत्वपूर्ण जनावर तथा चराचुरुङ्गीको विवरण ........ 102
६.३.२ महत्वपूर्ण वनस्पति विवरण ........ 102
६.३.३ राष्ट्रिय निकुञ्ज, आरक्ष, मध्यवर्ती तथा संरक्षित क्षेत्र ........ 102
६.४ पार्क तथा उद्यान सम्बन्धी विवरण ........ 103
६.५ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ........ 103
६.५.१ जोखिम युक्त बस्तीको विवरण ........ 103
६.५.२ संवेदनशील स्थानमा बसोबास गरेका परिवारको विवरण ........ 104
६.५.३ विपद्वाट भएको मानवीय, भौतिक र आर्थिक क्षतिको विवरण ........ 104
६.५.४ विपद्को किसिम अनुसार जोखिमको समय ........ 104
६.५.५ विपद् बाट क्षति ग्रस्त सार्वजनिक संरचना तथा पूर्वाधारको विवरण ........ 105
६.५.६ विपद्पूर्व तयारीको अवस्था र प्रतिकार्य सम्बन्धी विवरण ........ 105
६.५.७ आपतकालीन यातायातको साधन सम्बन्धी विवरण ........ 106
६.५.८ खुला क्षेत्र सम्बन्धी विवरण ........ 106
६.५.९ हेलिकप्टर अवतरण गर्न सक्ने स्थान तथा सेफ सेल्टरको विवरण ........ 107
६.५.१० खोज, उद्धार र प्राथमिक उपचार, आगलागी नियन्त्रण गर्ने जनशक्ति तथा भूकम्प प्रतिरोधी भवन निर्माणमा तालिम प्राप्त जनशक्ति विवरण ........ 107
परिच्छेद ७: भौतिक विकासको अवस्था ........ 108
७.१ यातायात पूर्वाधार ........ 108
७.१.१ सडक सञ्जालको विद्यमान अवस्था ........ 108
७.१.२ निर्माणाधीन गाउँस्तरीय सडकहरू ........ 108
७.१.३ सवारी सुबिधा र रुट ........ 109
७.१.४ गाउँ क्षेत्रभित्र चल्ने सवारी साधन ........ 109
७.१.५ झोलुङ्गे पुल तथा पुल पुलेसा ........ 109
७.१.६ टाढाको बस्तीबाट सम्बन्धित गाउँपालिकाको केन्द्र पुग्न लाग्ने अनुमानित समय ........ 110

७.१.७ वसपार्क तथा वस विसौनी सम्बन्धी विवरण ........ 111
७.२ विद्युत तथा वैकल्पिक ऊर्जा ........ 111
७.२.१ इन्धन उपयोग विवरण (खाना पकाउने इन्धनको आधारमा घर परिवार)........ 112
७.२.२ बत्ति बाल्ने इन्धनको प्रयोगको आधारमा घर परिवार........ 113
७.२.३ जलविद्युत्, सौर्यउर्जा, वायुऊर्जाबाट विद्युत् उत्पादन विवरण........ 113
७.२.४ विद्युत् उपलब्ध घरपरिवार विवरण........ 113
७.२.५ वैकल्पिक ऊर्जा (लघुजल विद्युत्, सोलार, वायोग्यास, सुधारिएको चुल्हो) प्रयोग गर्ने परिवार........ 114
७.३ सञ्चार तथा प्रविधि ........ 114
७.३.१ हुलाक तथा पत्रपत्रिका सम्बन्धी विवरण........ 114
७.३.२ दूरसञ्चार सम्बन्धी विवरण........ 114
७.३.३ रेडियोस्टेसन सम्बन्धी विवरण........ 114
७.३.४ आधुनिक सुबिधामा पहुँच सम्बन्धी विवरण ........ 114
७.४ आवास तथा भवन........ 115
७.४.१ भूउपयोग क्षेत्र तथा योजना ........ 116
७.४.२ भूकम्प प्रतिरोधी आवासीय भवन तथा सार्वजनिक भवनको विवरण ........ 116
७.४.३ विद्यमान सतह ढलको अवस्था ........ 117
७.४.४ घरको बनौट तथा बसोबासको अवस्था ........ 117
७.४.५ गाउँपालिका अन्तर्गतका सरकारी भवन सम्बन्धी विवरण........ 118
७.४.६ गाउँपालिका कार्यालय देखि प्रत्येक वडा केन्द्रसम्मको दूरी ........ 120
७.४.७ पशु वधशालाको विवरण........ 120
७.४.८ शव दाहस्थल सम्बन्धी विवरण ........ 120
परिच्छेद ८: संस्थागत तथा सुशासनको स्थिति........ 122
८.१ सङ्गठनात्मक तथा मानव संशाधनको अवस्था ........ 122
८.१.१ गाउँपालिकाको सङ्गठनात्मक ढाँचा........ 122
८.१.२ गाउँ कार्यपालिकाको विषयगत शाखा/उपशाखा, कार्यालय, एकाइ तथा सेवा केन्द्र ........ 123
८.१.३ गाउँपालिका स्थित सङ्घीय तथा प्रदेश कार्यालय तथा निकाय........ 124
८.१.४ गाउँपालिकाको विगत ३/५ आर्थिक वर्षको आयव्यय विवरण ........ 124
८.१.५ गाउँपालिकाको अचल सम्पत्ति विवरण ........ 125
८.१.६ स्थानीय विपद् व्यवस्थापन कोषको विवरण........ 126
८.२ सेवा सुविधा सञ्चालन र व्यवस्थापन ........ 126
८.२.१ उपलब्ध सेवा सुविधाको प्रकार ........ 126
८.२.२ सेवा प्रवाह प्रक्रिया र पृष्ठपोषण........ 127
८.३ संस्थागत सम्बन्ध र नागरिक सङ्गठन........ 127
८.३.१ परम्परागत समूह तथा समुदायमा आधारित संस्था विवरण ........ 127
८.३.२ सामुदायिक मेलमिलाप समिति सम्बन्धी विवरण ........ 127

८.३.३ गैसस तथा अगैससको विवरण र वार्षिक बजेट ........ 128
८.४ ऐन, नीति, नियम र कार्य प्रणाली ........ 129
८.४.१ स्वीकृत स्थानीय नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू ........ 129
८.४.२ गाउँपालिकाका जननिर्बाचित पदाधिकारीहरू ........ 129
८.४.३ गाउँ कार्यपालिका कार्यालयमा कार्यरत कर्मचारी ........ 131
८.४.५ स्रोत नक्शा ........ 135

# परिच्छेद १: परिचय

यस परिच्छेदमा गाउँपालिकाको बस्तुगत विवरण तयार गर्नुका मुख्य उद्देश्यहरू, वस्तुगत विवरणले समग्र गाउँपालिकाको विकासका लागि पुर्याउने योगदान र वस्तुगत विवरण तयार गर्दा अपनाईएको विधि तथा यस वस्तुगत विवरणमा समाबेस गर्न नसकिएका विक्षयबस्तुका बारेमा उल्लेख गरिएको छ।

## १.१ पृष्ठभूमि

नेपाली जनताको बलिदानपूर्ण लामो संघर्षपछि नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था कायम भएको छ। विश्वभर विभिन्न देशहरूमा सफल अभ्यासमा आएको यो व्यवस्था नेपालमा नौलो भएकाले यसमा अभ्यस्त हुन केही समय अवश्य लाग्नेछ। संघीय शासन प्रणालीको सबल पक्ष भनेको जनता केन्द्रित शासन हो। नेपालको संघिय प्रणाली अन्तर्गत राज्यको संरचनालाई तीन तहमा विभाजन गरिएको छ। संघीय अर्थात केन्द्रीय शासन, प्रादेशिक शासन बीचमा र तल्लो तहमा स्थानीय सरकार सरह नेपालको संविधानले स्थानीय तहहरूलाई स्थानीय स्वायत्त सरकारको रुपमा स्थापित गरेको छ। संविधानको अनुसूची ८ को क्र.सं. ६ मा स्थानीय तथ्यांक र अभिलेख संकलन सम्बन्धी सम्पूर्ण अधिकार स्थानीय सरकारलाई भएको उल्लेख छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को 'च' मा माथि उल्लेखित विषयलाई थप विस्तार गरिएको छ।

तसर्थ नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार प्रयोग गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि, २०७५, (संसोधन २०७८) अनुरुप स्थानीय स्तरका विकासको योजना निर्माण, नीतिनिर्माण तथा स्थानीय सूचनाको प्रमुख श्रोतको रुपमा रहने यो वस्तुगत विवरणले गाउँपालिकालाई विकास र सम्वृद्धिको समुचित दिशातर्फ उन्मुखहुन सहयोग गर्ने विश्वासका साथ यो प्रतिवेदन तयार भएको छ।

## १.२ उद्देश्य

पार्श्वचित्र निर्माणको प्रमुख उद्देश्य भनेकै गाउँपालिकाको समग्र वस्तुगत अवस्थाको जानकारीहरूलाई सु-व्यवस्थित ढंगले अभिलेखिकरण गर्ने र ती तथ्यांक र सूचनाहरूलाई अध्यावधीक गर्दै आवश्यक पर्दा सरोकारवालाहरूलाई सूचना उपलब्ध गराउनु हो। पार्श्वचित्रका अन्य विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् :-

क) गाउँपालिका भित्र वसोवास गर्ने घरपरिवारको घरधुरी सर्वेक्षणको माध्यमबाट उनिहरूको जनसांख्यिक, सामाजिक, शैक्षिक, आर्थिक लगायत विभिन्न पक्षको एकमुष्ट विवरण प्रस्तुत गर्ने।

ख) गाउँपालिकाको समग्र भौतिक पूर्वाधार, आर्थिक पक्ष, सामाजिक पक्ष, प्राकृतिक सम्पदा तथा विपद् व्यवस्थापन सम्बद्ध पक्षहरूको सूचना तथा तथ्यांकको अभिलेख तयार पार्ने।

ग) गाउँपालिकाको सेवा प्रवाह तथा संस्थागत संयन्त्रहरू बारेका सूचना तथा तथ्यांकहरूको अभिलेख तयार गर्ने।

घ) शिक्षण संस्था, सरकारी तथा गैह्र सरकारी कार्यालय, समुदायमा आधारीत संघसंस्थाको बिषयमा अध्ययण गरि उनिहरूको हालको अबस्था र उनिहरूले प्रदान गर्ने सेवाका बिषयमा बिश्लेषण प्रतिबेदन तगार गर्ने।

ङ) गाउँपालिकाको विभिन्न विषयगत आधार नक्शा तयार गर्ने।

च) गाउँपालिकाको समग्र जनसांख्यिक, आर्थिक, सामाजिक, भौतिक, प्राकृतिक, ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथ्यांकहरूको व्याख्या र विश्लेषण गर्ने।

छ) प्राप्त सूचनाहरूको वर्गीकरण गरी सुव्यवस्थित र सरल ढंगले सर्वसाधारणले बुझ्न सक्ने गरी विभिन्न खण्डमा विभाजन गरी प्रस्तुत गर्ने।

ज) सरकारी एंव गैर सरकारी संस्था तथा स्थानिय निकायबिच समन्वय गराइ कार्यान्वयनको प्रभाबकारीता वढाउदै विकासको दोहरोपनलाई कम गर्दे लैजाने वातावरण निर्माण गर्ने ।

झ) माथि उल्लेखित सम्पुर्ण विषयसँग सम्बन्धित एकमुष्ट तथ्याङ्कीय आधार तयार पार्ने ।

## १.३ कानूनी तथा नीतिगत आधार

पृष्ठभूमिमा उल्लेख भएजस्तै गाउँपालिकाको वस्तुगत विवरण तयारीका निम्न आधारहरू रहेका छन् ।

### (क) संवैधानिक आधार

नेपालको संविधानको अनुसूची ८ लाई व्याख्या गर्न बनेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तथ्यांकहरूको अभिलेख तयार गरी अध्यावधिक गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरेकोले गाउँपालिकालाई पार्श्वचित्र तयार पार्ने आधार बनेको छ ।

### (ख) नीतिगत आधारहरू

नीतिगत आधारहरू अन्तर्गत नेपाल सरकारले तयार पारेको समग्र योजनाहरू, नीतिहरू, प्रादेशिक नीतिहरू र यी नीतिहरूका आधारमा तयार भएका स्थानीय तहका नीतिहरूलाई कार्यान्वयन गर्न आधारभूत रुपमा आवश्यक तथ्यांकहरूको अनिवार्यता हुने भएकाले गाउँपालिकाको समग्र सूचनाहरू तयार पानुपर्ने नीतिगत आवश्यकता रहेको र सूचना व्यवस्थापनको नीतिगत व्यवस्था समेत रहेकाले सोका आधारमा यो वस्तुगत विवरण तयार पारिएको हो ।

### (ग) स्थानीय आवश्यकता

स्थानीय सरकार सञ्चालन गर्न तथा स्थानीय आश्यकताहरूको पहिचान गर्न वस्तुगत सूचनाहरूको आवश्यकता पर्दछ । स्थानीय आवश्यकताहरूको पहिचान पश्चात विकास निर्माण नीति, योजना तथा कार्यक्रमहरू तय गर्न सकिन्छ । तसर्थ समग्र विकास प्रक्रियालाई अगाडि बढाउँदै स्थानीय सरकार सञ्चालन गर्न आवश्यक सूचना तथा तथ्यांकहरूको संगालोको टड्कारो आवश्यकता रहने हुँदा यो नै वस्तुगत विवरण तयारीको अर्को महत्वपूर्ण आधार हो ।

यी बाहेक नेपालले पक्ष राष्ट्र भई हस्ताक्षर गरेका अन्तराष्ट्रिय सन्धि तथा सम्झौताहरूलाई कार्यान्वयन गर्न समेत वस्तुगत सूचनाहरूको आवश्यकता पर्दछ । दिगो विकास लक्ष्य हासिल गर्न जलवायु परिवर्तनका असरहरू न्यूनिकरण गर्न, मानव अधिकारको सुनिश्चितता गर्न, पर्यावरणीय सन्तुलन कायम गरी दिगो विकास गर्न तथ्यपरक सूचनाहरूको आवश्यकता पर्ने भएकाले यी आवश्यकता पर्ने भएकाले यो बस्तुगत विवरण तयार पारिएको हो ।

## १.४ तयारीका चरण

पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्वित्तीय (Secondary) सूचना संकलन पद्दती प्रयोग गरी गरिएको छ । भू-उपयोग, सडकहरू र सो को गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्यांकहरू, भौगोलिक सूचना प्रणाली तथ्यांक (GIS Data), स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरवार्ता गरी संकलन गरिएको छ । यसका साथै गाउँपालिका स्थित विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, वुद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित् व्यक्तित्वहरूसँग छलफल एवं अन्तर्वार्ता गरी गाउँपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिइएको छ । गाउँपालिकाका समग्र तथ्यांकहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्यांकहरू गाउँपालिका कार्यालय लगायत गाउँपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्यांकहरू सम्वन्धित विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।

### १.४.१ वस्तुस्थिति विवरण ढाँचा, औजार तथा कार्यविधि तयारी

स्थानीय तहको नासोँ गाउँपालिकाको पार्श्वचित्र तयारी गर्ने क्रममा सूचकगत स्तरीय ढाँचा, घरधुरीस्तरीय र संस्थागत स्तरका तथ्यांक संकलन फारामको तयारी गरी गाउँपालिकावाट अनुमोदन गरियो । यसको साथै तथ्यांक संकलनका लागि सफ्टवयेरको निर्माण गरि मोवाइल एप्स (Kobo collect) मार्फत घरधुरी लगायत संस्थागत स्तरको तथ्यांक संकलन गर्ने काम सम्पन्न गरिएको थियो भने तथ्यांक संकलन सम्बन्धित वडाहरुवाट नै सिफारिस गरिएका तथ्यांक संकलकहरुलाई मोवाइल एप्स र तथ्यांक संकलन सम्बन्धी तालिम दिई कसरी सुचना संकलन गर्ने भनि फिल्डस्तरमा खटाईएको थियो । तथ्यांक संकलनको समयमा देहाय बमोजिमको ढाँचा, औजार र विधिको प्रयोग मार्फत तथ्यांकहरु संकलन गरिएको थियो।

(१) प्राथमिक श्रोतबाट तथ्यांक संकलनका लागि निर्धारित पारिवारिक विवरण संकलन फाराम र संस्थागत सर्वेक्षण फारामको गाउँपालिकावाट स्विकृत गरि प्रयोगमा ल्याइएको थियो ।

(२) पारिवारिक विवरण संकलनका लागि विद्युतीय माध्यमवाट सफ्टवेयरको निर्माण गरि (Kobo collect) मार्फत तथ्यांक सकंलन गरियो ।

(३) केन्द्रीय तथ्यांक विभाग तथा अन्तर्गतका कार्यालय, गाउँकार्यपालिकाको कार्यालय, डिभिजन तथा जिल्लास्थित सङ्घीय तथा प्रदेश सरकारका कार्यालय, विद्यालय, स्रोतकेन्द्र, सेवा केन्द्र, चौकी, संघ/संस्था तथा समुदायमा आधारित संस्था आदि सबैको अभिलेख तथा प्रतिवेदन, नापी विभागबाट प्रकाशित नक्शा तथा विभिन्न अध्ययन तथा सर्वेक्षण प्रतिवेदनबाट संस्थागत विवरण (द्वितीय स्रोत तथ्यांक) संकलन गरियो ।

(४) नासोँ गाउँपालिकाकामा वस्ने सामाजिक ब्यक्तित्व, समाजसेवी, बुद्धिजीवि, राजनैतिक ब्यक्तित्व लगायत पत्राकारहरुसंग अन्तरवार्ता लिइएको, टोल विकास संस्थाहरुसंग समूह छलफल, स्थलगत अध्ययन, आदि जस्ता सहभागितामूलक लेखाजोखा विधि प्रयोग गरी पारिवारिक विवरण तथा संस्थागत विवरणमा नपुग थप सूचना संकलन गर्ने काम सम्पन्न गरियो ।

(५) नासोँ गाउँपालिकाकाको पार्श्वचित्र तयारी गर्दा स्थानिय तहको योजना तर्जुमा दिग्दर्शन (२०७८) मा उल्लिखित प्रक्रियालाई गाउँकार्यपालिकामा स्विकृत गराई सम्पन्न गरिएको छ । गाउँपालिकाको पार्श्वचित्र तयारी गर्दा यस सम्बन्धी कानूनी तथा नीतिगत आधार, गाउँपालिकाको भूगोल, यस क्षेत्रमा वसोवास गर्ने मानिसहरुको भेषभुषा, कला संस्कृति लगायतका विविध पक्षलाई सम्बोधन, तयारी गोष्ठी, तथ्यांक संकलन, भण्डारण, प्रशोधन, विश्लेषण, प्रमाणीकरण कार्यशाला र अन्तिम प्रतिवेदन प्रकाशनका कार्यहरु सहितको कार्ययोजना बनाई पार्श्वचित्र तयार गरिएको छ ।

(६) समग्रमा नासोँ गाउँपालिकाकाको पार्श्वचित्र तयार गर्दा यसको भौगोलिक अवस्था, जनसंख्या, सामाजिक, आर्थिक, प्राकृतिक, भौतिक, वातावरणीय र संस्थागत वस्तुस्थिति झल्कने र भौगोलिक (वडा) तथा सामाजिक (लैङ्गिक र जातिगत) रुपमा खण्डीकृत विवरण खुल्ने गरी तयार पारिएको छ । यस अध्ययनले सम्बन्धित क्षेत्रको वास्तविक वस्तुस्थिति पहिचान गरी भावी विकास योजना र रणनीतिहरू तर्जुमा गर्न तथा विभिन्न विकासका क्रियाकलापहरू सञ्चालन गर्न विशेष महत्व राख्ने छ । यसका अतिरिक्त प्रस्तुत पार्श्वचित्र, सम्बन्धित क्षेत्रका संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, विकासचिन्तक, समाजसेवी लगायत जिज्ञाशु महानुभावहरूलाई समेत उपयोगी हुने भएकोले यस अध्ययनको महत्व व्यापक रहेको छ ।

### १.४.२ वस्तुस्थिति विवरण तयारी कार्यशाला

नासौँ गाउँपालिकाकाको पार्श्वचित्रलाइ तयार गर्ने क्रममा विभिन्न चरण तथा विधिलाई मध्यनजर गर्दै कसरी तथ्यपूर्ण बनाउन सकिन्छ भन्ने उद्देश्यका साथ विभिन्न तह तथा समुहमा छलफल गरी निर्णयसहित प्रारम्भिक कार्यशाला गोष्ठी सम्पन्न गरियो । यस प्रकारको कार्यशाला गोष्ठीमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू, कार्यपालिकाका सदस्यहरु, विभिन्न शाखाका प्रमुखहरु, अन्य सरोकारवालाहरू टोल विकास संस्थाका प्रतिनीधि, बुद्धिजीवि, समाजसेवी, पत्रकार आदि सहितको सहभागितामा १ दिने कार्यशाला सम्पन्न गरिएको थियो ।

### १.४.३ सहजकर्ता तथा गणक छनौट अभिमुखीकरण र परिचालन

नासौँ गाउँपालिकाकाको पार्श्वचित्र तयार गर्ने क्रममा अपनाइएको एउटा विधि घरधुरी सर्वेक्षण थियो । वास्तबिक विवरण प्राप्त गर्ने उद्देश्यका साथ प्रत्येक वडाबाट वडाअध्यक्षको संयोजकत्वमा सोही वडामा वस्ने वडाबासीहरूलाई नै घरधुरी सर्वेक्षणका लागि छनोट गरी उनीहरूलाई अभिमुखिकरण, तालिम तथा प्रशिक्षण गरी घरधुरी सर्वेक्षण कार्यको थालनी तथा परिचालन गरिएको थियो । प्रत्येक वडावाट १ जना तथ्यांक संकलक छनोट गरी १ दिन तथ्यांक संकलन सम्बन्धी प्रशिक्षण गरिएको थियो भने जम्मा ९ जना तथ्यांक संकलकहरु घरधुरीस्तरको तथ्यांक संकलनमा झन्डै १० दिन खटिएका थिए । यस कार्यलाई पुर्णता दिन सयुक्त टोल विकास संस्थाका संयोजक लगायत परामर्शदाताको तर्फवाट ३ जनाले सुपरीवेक्षणको काम गरेका थिए । यसको अतिरिक्त संस्थागत (आधारभूत) तथ्यांक विवरण संकलनका लागि तथ्यांक संकलन फाराम प्रयोग गरिएको थियो भने नपुग तथ्यांक संकलनका लागि स्थलगत सर्वेक्षण, वडा तहमा वडा भेला, अनुगमन लगायत केन्द्रीय तथ्यांक विभागले प्रकाशन गर्ने जनसंख्या सर्वेक्षण, गणना तथा अन्य आर्थिक सर्वेक्षण प्रतिवेदनहरु, डिभिजन तथा जिल्लास्तरका सङ्घीय तथा प्रदेश कार्यालय र सरोकारवाहरुबाट प्रकाशित प्रगति प्रतिवेदन, विवरण तथा अभिलेखहरु, प्रमाणित भएका अनुसन्धान संस्था वा अनुसन्धानकर्ताका प्रकाशनहरु, पर्यटकीय क्षेत्र प्रवर्धनकोलागि प्रकाशन भएका प्रमाणित सूचना तथा पुस्तिकाहरु आदिको आवश्यक तथ्यांकहरुलाई पनि पार्श्वचित्रमा समावेश गरिएको छ ।

### १.४.४ तथ्याङ्क सङ्कलन

नासौँ गाउँपालिकाकाको पार्श्वचित्र निर्माण गर्ने क्रममा घरधुरी सर्वेक्षण विधिबाट पार्श्वचित्र निर्माण गर्ने निर्णय अनुरूप हाल प्रविधिमा देखा परेको तथा अत्यन्तै उपयोगी KOBO Toolbox Computer Application को प्रयोग मार्फत मोबाइल एप्सको माध्यमबाट तथ्यांक सङ्कलन गरिएका हो ।

### १.४.५ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र स्रोत नक्शा तयारी

नासौँ गाउँपालिकाकाको पार्श्वचित्र निर्माण गर्ने क्रममा घरधुरी सर्वेक्षण विधिबाट तथ्यांक गरि सकेपछि एउटा विशेष प्रकारको Server तथा सफ्टवेयरको निर्माण गरि सोही सफ्टवेयरको माध्यमद्धारा तथ्यांक संश्लेषण, विश्लेषण तथा प्रशोधन गर्ने काम सम्पन्न गरिएको छ । तथ्यांक प्रशोधन तथा विश्लेषणबाट प्राप्त सूचना तथा विवरणलाई आवश्यकता अनुसार उपयुक्त तालिका, सूचकांक, रेखाचित्र, नक्शा वा अन्य उपयुक्त स्वरुपमा रुपमा प्रस्तुत गर्नुका साथै प्राप्त सूचनाका आधारमा तालिका, सूचकाङ्क, चार्ट वा चित्रहरुको माध्यमबाट विश्लेषण गरिएको छ । यसको साथै प्राप्त तथ्यांकबाट Global Positioning System (GPS) Survey, Google Earth Survey नापी विभागले तयार गरेको GIS Database लाई आधार मानी GIS Software प्रयोग गरेर जिआइएसमा आधारित आवश्यक क्षेत्रगत श्रोत नक्साङ्कन सहित वडागत नक्सा पनि निर्माण गरिएको छ ।

### १.४.६ वस्तुस्थिति विवरणको मस्यौदा तयारी

तथ्यांक सङ्कलन, विश्लेषण, संश्लेषण तथा प्रशोधन पश्चात पार्श्वचित्रको एउटा प्रारम्भिक मस्यौदा तयार गरियो। यसको साथै वस्तुस्थिती विवरणको ढाँचा, सर्वेक्षण औजार तथा कार्यविधि, वस्तुस्थिती विवरण तयारी कार्यशाला, तथ्यांक संकलन तथा विश्लेषण प्रक्रियाको अन्तिम परिणाम वस्तुस्थिती सम्बन्धी विवरण प्रतिवेदन अनुसार तथ्यांक विश्लेषणबाट प्राप्त सूचना तथा विवरण र स्रोतनक्शाको आधारमा तयार गरिएको छ। यस प्रतिवेदनमा प्राप्त सम्पुर्ण तथ्यांकहरूको तथ्यांक विश्लेषण गरी प्राप्त भएको सूचनालाई क्षेत्रगत, लैंगिक तथा सामाजिक आधारमा खण्डीकृत गरी निर्धारित ढाँचा बमोजिमका तालिका, सूचकांक, ग्राफ र चित्र, नक्शा आदि बीच तार्किक सम्बन्धको आधारमा क्रमबद्ध तरिकाले प्रस्तुत हुने गरी मस्यौदा प्रतिवेदन तयार गरिएको छ।

### १.४.७ वस्तुस्थिति विवरण सुझाव सङ्कलन

मस्यौदा प्रतिवेदन पेश गर्नुको मुख्य उद्देश्य भनेको नै सुझाव तथा जानकारी सङ्कलन गरी पार्श्वचित्रलाई पूर्णरूप दिनु नै हो। निर्धारित ढाँचामा गाउँपालिकाको वस्तुस्थिती विवरणको मस्यौदा तयार भए पश्चात वस्तुस्थिती विवरणको मस्यौदामा छलफल गर्न गाउँपालिकामा एक दिने प्रमाणीकरण कार्यशालाको आयोजना गरियो। सो कार्यशालाको मुख्य उद्देश्य भनेको प्रस्तुत भएका सूचना तथा विवरणको शुद्धता र तथ्य यकिन गरी सुधारको लागि सुझाव संकलन गर्ने, वस्तुस्थिती विवरणको मस्यौदाले समेट्न नसकेका विषय क्षेत्र वा परिमार्जन गर्नुपर्ने पक्षहरुलाई समावेश गर्न सुझाव आदान प्रदान गर्ने, वस्तुस्थिती विवरणमा प्रस्तुत तथ्यांक, सूचना तथा विवरणहरुको अन्तर सम्बन्ध र तुलनात्मक पक्षहरु यकिन गर्ने, वस्तुस्थिती विवरण प्रकाशन पश्चात यसका विवरणहरु योजना तर्जुमा, विकास निर्माण, सेवा प्रवाह, कार्यसम्पादन र नतिजा अनुगमनमा उपयोग गर्ने प्रतिबद्धता जाहेर गर्ने रहेको थियो। यसै सन्दर्भमा मस्यौदा प्रतिवेदन तयारी पश्चात गाउँपालिकाका आधिकारिक व्यक्तित्व, सरोकारवाला संघसंस्था, विषयगत महाशाखा तथा शाखा लगायत स्थानीय बासिन्दाहरूको सुझाव तथा सल्लाहलाई सङ्कलन गर्ने कार्य गरिएको थियो जसले गर्दा नगर पार्श्वचित्रलाई मूर्तरूप प्रदान गर्न सहज तथा सफलता प्राप्त भएको थियो।

### १.४.८ वस्तुस्थिति विवरणको अन्तिम प्रतिवेदन तयारी

नासौँ गाउँपालिकाकाको पार्श्वचित्रको मस्यौदा प्रतिवेदन पेश तथा प्रस्तुतीकरण गरे पश्चात नासौँ गाउँपालिकाकाका जनप्रतिनिधि तथा गाउँपालिकामा कार्यरत कर्मचारी, गाउँपालिकावाट मनोनित विषयगत सल्लाहकारहरु, सयुक्त टोल विकास संस्था, सरोकारवाला संघसंस्था लगायत विभिन्न तह तथा समुहबाट प्राप्त सल्लाह, सुझावहरुलाई समावेश गरी अन्तिम पार्श्वचित्र निर्माण कार्य सम्पन्न गरिएको छ। साथै यस गाउँपालिकाको डिजिटल रुपमा रहेका सम्पुर्ण तथ्यांकहरुलाई गाउँपालिकालाइ हस्तान्तरण गरिएको छ।

## १.५ वस्तुस्थिति विवरणको सीमा

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरे बमोजिम गाउँपालिका पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरूको स्रोत र आधार वर्ष खुलाइएको छ। गाउँपालिकाका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्यांक, विभिन्न मन्त्रालय, विभागहरू, सम्बन्धित गाउँपालिका आदि स्रोतहरूबाट उपलब्ध तथ्यांकका साथै प्राथमिक तथ्यांकको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ। पार्श्वचित्रको अवधारणा अनुसार यसले नासौँ गाउँपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ। अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ। तैपनि स्रोत, साधन तथा सूचना व्यवस्थापनका सिमितताका कारण अपेक्षित सम्पूर्ण सूचनाहरू प्राप्तहुन सकेको छैन। तथापि अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसारका तथ्यांक भने समावेश गरिएको छ।

# परिच्छेद २: गाउँपालिकाको चिनारी

## २.१ भौगोलिक अवस्थिति

नासौँ गाउँपालिका नेपालको गण्डकी प्रदेश अन्तर्गत मनाङ जिल्लामा अबस्थित छ । भौगोलिक अवस्थिति हेर्दा यो गाउँपालिका 28.518759°N 84.358044°E सम्म फैलिएको छ । समुन्द्रि सतहको २१६० मिटर देखि ४१०० मिटर सम्मको उचाईमा रहेको यस गाउँपालिकाको कुल क्षेत्रफल ७०९.५८ वर्ग किमि फैलिएको छ । नेपालको गण्डकी प्रदेशको ११ जिल्ला मध्य दुर्गम हिमालि जिल्लाको रुपमा रहेको मनाङ जिल्ला चिनको सिमाना सम्म फैलिएको छ । यस गाउँपालिकाको पूर्वमा गोरखा जिल्ला, पश्चिममा चामे गाउँपालिका र लमजुङ जिल्ला, उत्तरमा नार्पाभूमी गाउँपालिका र चीनको स्वशासित क्षेत्र तिब्बत तथा दक्षिणमा लमजुङ जिल्ला पर्दछन । यस गाउँपालिकाको अधिकाँश भुभाग उच्च पहाडी र हिमालि क्षेत्रमा पर्दछन । यस गाउँपालिकाको अधिकाँश भुभाग भिरालो रहेको छ । कँही कँही खोला तथा नदी किनारामा भने साना साना फाँट तथा खोचहरु पनि रहेका छन । यस गाउँपालिकामा वनजंगलले मात्र १०.९३ प्रतिशत भुभाग ओगटेको छ । यस गाउँपालिकाको केन्द्र धारापानी बजारमा रहेको छ । गाउँपालिकामा ९ वटा वडा कायम रहेका छन् ।

## २.२ ऐतिहासिक चिनारी तथा नामाकरण

यस गाउँपालिकालाइ पर्यटकीय पदयात्राका दृष्टिकोणले महत्वपुर्ण रहेको छ । पर्यटकहरू मनाङ जिल्ला प्रवेश गर्ने द्वारको रूपमा यस गाउँपालिकालाई लिन सकिन्छ । अन्नपुर्ण संरक्षण क्षेत्र पदयात्रा, लार्केपास मनासलु पदयात्रा तथा माथिल्लो मनाङ पदयात्राका लागि यस गाउँपालिका क्षेत्र भएर यात्रा गर्नुपर्दछ । डोना ताल, डाफे ताल र पन्कारतालले संबृद्द भएको यो गाउँपालिका मर्स्याङ्दी नदि जस्ता नदी तथा खोलानालाको अघाद जलधीका साथै विविध प्रकारका जडीबुटीले युक्त प्राकृतीक सुन्दरताले भरिपुर्ण सुन्दरता थपेको छ । नासौँ गाउँपालिका नेपालको संविधानको धारा २९५, उपधारा ३ बमोजिम नेपाल सरकारबाट २०७३ साल फाल्गुण २७ गते गठित स्थानीय तहहरु मध्ये एक हो । यो गाउँपालिका नेपालको गण्डकी प्रदेश अन्तर्गत मनाङ जिल्लाको तल्लो भेगमा अवस्थित छ । साविकका धारापानी, ताचैबगरछाप र थोँचे गाविसहरु मिलेर बनेको यो गाउँपालिकालाइ नाँसो गाउँपालिका भनेर नामाकरण गरीएको छ ।

## २.३ प्रशासनिक विभाजन

यो गाउँपालिका 28.518759°N 84.358044°E सम्म फैलिएको छ । समुन्द्रि सतहको २१६० मिटर देखि ४१०० मिटर सम्मको उचाईमा रहेको यस गाउँपालिकाको कुल क्षेत्रफल ७०९.५८ वर्ग किमि फैलिएको छ । नेपालको गण्डकी प्रदेशको ११ जिल्ला मध्य दुर्गम हिमालि जिल्लाको रुपमा रहेको मनाङ जिल्ला चिनको सिमाना सम्म फैलिएको छ । यस गाउँपालिकाको पूर्वमा गोरखा जिल्ला, पश्चिममा चामे गाउँपालिका र लमजुङ जिल्ला, उत्तरमा नार्पाभूमी गाउँपालिका र चीनको स्वशासित क्षेत्र तिब्बत तथा दक्षिणमा लमजुङ जिल्ला पर्दछन । यस गाउँपालिकाको अधिकाँश भुभाग उच्च पहाडी र हिमालि क्षेत्रमा पर्दछन । नासौँ गाउँपालिका नेपालको संविधानको धारा २९५, उपधारा ३ बमोजिम नेपाल सरकारबाट २०७३ साल फाल्गुण २७ गते गठित स्थानीय तहहरु मध्ये एक हो । हालको वडामा समावेश साविक गाविस र वडागत क्षेत्रफललाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १: वडा विवरण**

| क्र.सं. | वडा नं. | समावेस गरिएका गाविस र वडाहरु | क्षेत्रफल (बर्ग किमि मा) | प्रतिशत |
|---|---|---|---|---|
| १ | १ | धारापानी (१) | ३३.०२ | ४.६३ |
| २ | २ | धारापानी (२,३,४) | १३३.०१ | १८.७४ |
| ३ | ३ | धारापानी (५) | ३४.८४ | ४.९१ |
| ४ | ४ | धारापानी (६,७,८,९) | ४.७६ | ०.६८ |
| ५ | ५ | थोचे (६,७,८,९) | ८.९३ | १.२७ |
| ६ | ६ | थोचे (१,२,५) | ३१९.६३ | ४५.०५ |
| ७ | ७ | थोचे (३,४) | ५३.४३ | ७.५३ |
| ८ | ८ | ताचैबगरछाप (१,२,३,४,५) | १९.२९ | २.७२ |
| ९ | ९ | ताचैबगरछाप (६,७,८,९) | १०२.६७ | १४.४७ |
| **जम्मा** | | | **७०९.५८** | **१००** |

Source: Detail Study, Field Survey, Analysis of Land use Zoning of Nason Rural Municipality, 2080

## २.४ धरातलीय अवस्था

नासोँ गाउँपालिकाको कुल क्षेत्रफल ७०९.५८ वर्ग किमि मध्ये १०.९३ प्रतिसत क्षेत्रफल वनजङ्गल,८३ प्रतिसत भिर तथा चट्टान र १.१७ प्रतिसत मात्र खेतीयोग्य जमिनले ओगटेक ोछ। यस गाउँपालिकाका ५९.३७ प्रतिशत मानिसहरु कृषि पेशामा संलग्न छन। तर यहाका किसानहरूलाई कृषिकर्म गर्नका लागि प्रसस्त खेतियोग्य जमिनको उपलब्धता छैन। यस गाउँपालिकाका कृषि वाहेक ज्यालादारी तथा मौसमी रोजगार, व्यापार व्यवसाय, बैदेशिक रोजगार, जागिर तथा अन्य सापटीबाट जीविकोपार्जन गरेका छन्। यो गाउँपालिका कमजोर धरातलिय भूभाग भएको गाउँपालिकामा पर्दछ। नासोँ गाउँपालिकामा पहिरोले गर्दा वर्षेनि जनजिवन प्रभावित हुने गर्दछ भने, बर्षातको समयमा वाढी तथा अनावृष्टि अतिवृष्टिले समेत यस गाउँपालिकामा बर्षेनी धनजनको क्षति गरिरहेको हुन्छ। यस गाउँपालिका घरधुरीहरु ४ वटा सामुदायिक वनमा आवद्ध छन्। यस गाउँपालिकामा जलवायु परिवर्तन र त्यसको असर न्यूनिकरण गर्ने संस्थागत एवं विशेष कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ।

**तालिका नं.२: धरातलिय अबस्था**

| क्र.स. | भू-उपयोगको क्षेत्र | भू-उपयोगको विवरण क्षेत्रफल | प्रतिसत |
|---|---|---|---|
| १ | कृषि | ८.३ | १.१७ |
| २ | व्यवसाय | ०.३७ | ०.०५ |
| ३ | बन | ७७.५६ | १०.९३ |
| ४ | सार्वजनिक | ५८८.९ | ८३ |
| ५ | आवास | ०.४६ | ०.०६ |
| ६ | खोलानाला तथा नहर | ३३.९९ | ४.७९ |
| **जम्मा** | | **७०९.५८** | **१००** |

Source: Detail Study, Field Survey, Analysis of Land use Zoning of Nason Rural Municipality, 2080

### २.५ प्राकृतिक सम्पदा

यस क्षेत्र पर्यटकीय पदयात्राका दृष्टिकोणले महत्वपुर्ण रहेको छ। पर्यटकहरू मनाङ जिल्ला प्रवेश गर्ने द्वारको रूपमा यस गाउँपालिकालाई लिन सकिन्छ। अन्नपुर्ण संरक्षण क्षेत्र पदयात्रा, लार्केपास मनासलु पदयात्रा तथा माथिल्लो मनाङ पदयात्राका लागि यस गाउँपालिका क्षेत्र भएर यात्रा गर्नुपर्दछ। डोना ताल र पन्कारतालले संबृद्द भएको यो गाउँपालिका मर्स्याङ्दी नदि जस्ता नदी तथा अन्य खोलानालाको अगाध जलधीका साथै विविध प्रकारका जडीबुटीले युक्त प्राकृतीक सुन्दरताले भरिपुर्ण सुन्दरता थपेको छ। आखे कुटु, ताम्राङ गुम्वा, कार्कि छेलो गुम्वा, संङपेमा छेइलिङ गुम्वा, देचेन पेमा वाइलिङ गुम्वा, ढिकि छेइलिङ गुम्वा, लगायत धैरै धार्मिक आस्थाका धरोहर रहेका छन भने तालगाउँ स्थित अबस्थित झरणा, मार्खै डाँडा, डोना ताल, ताम्राङ गुम्वा र नाचै गाउँ जोड्ने झोलुंगे पूल, पन्कार ताल, भिम्थाङ गाउँ, नाचै गाउँ होमस्टे, डाफे लेक, ताचै गाउँ होमस्टे यस गाउँपालिकाका पर्यटकीय आकर्षणका केन्द्र हुन।

### २.६ साँस्कृतिक उत्कृष्टता

मानवीय चालचलन, भाषा, व्यवहार तथा जनजीवन निश्चित परम्पराबाट अमूर्त हिसाबले निर्देशित हुन्छ। दैनिक व्यवहारहरू सञ्चालन गर्न मानिस, परिवार र समाजको स्वरुपमा बाँधिएको हुन्छ। विवाह, परम्पराले नाता सम्बन्ध, स्थापित गर्दछ र यसले परिवारको श्रृजना हुन्छ। जन्म, मृत्यु, विवाह, खानपान, भेषभुषा, चाडपर्व, भाषा, रहनसहन आदि सबै साँस्कृतिक विशेषताहरू भित्र पर्दछन्। यी सभ्यता र संस्कृतिका आयामहरू मानिसको पहिचानका प्रमुख पक्षहरू हुन्। साँस्कृतिक गतिविधिहरूले मानिसलाई परिस्कृत जीवन जिउन मद्दत पुर्याउँछ। यसले समाजलाई संगठित र गतिशील तुल्याउँछ।

यस गाउँपालिकामा ४८ प्रतिशत हिन्दु, २१ प्रतिसत वोन, २७ प्रतिसत बौद्द धर्मावलम्बीको बसोबास छ। गुरूङ जातिको बाहुल्यता भएपनि घले, लामा, पुनेल, वि.क., परीयार जस्ता जातजाती रहो यस गाउँपालिकामा माघे सँक्रान्ति पछिको ठूलो पर्व मानिने कृष्ण चरित्र नाच, तिरहान्ने नाच, ल्होसार, तोडे पर्व, गाउ बार्ने, बिउ बार्ने, चण्डी पूजा, पितृ पूजा, निकै भव्यताका साथ मनाईन्छ। वर्षा यामसँगै आउने प्राकृतिक प्रकोप नहोस भनेर भूमीको पूजा गर्ने महोत्सव करिव ५ दिनसम्म मनाईन्छ। गुरुङ घले समुदायले चैते दसैँमा परेवा पूजा गर्छन्। पौष महिनामा ल्होसार, मनाउँछन्। त्यस्तै क्षेत्री, कामी, दमाई लगाएतका जातिले भाद्र महिनामा तीज मनाउने गर्छन्। त्यस्तै असोज, कार्तिक महिनामा क्षेत्री, गुरुङ,मगर, थकाली, कामी र दमाई लगाएतले दशैं तिहार मनाउने गर्छन् भने धान्ने पूर्णीमा मगर, कामी, दमाई आदी जातीले मनाउने गर्छन्। त्यस्तै माघे संक्रान्ति माघ मगर, कामी र दमाई आदि लगायतका जातिले मनाउने गर्छन्। बिबिध संस्कृति रहेको यस नगरमा पञ्चेबाजा, मादल, बाँसुरी, जस्ता बाजाहरु रहेका छन्। हिन्दू धर्मावलम्बीले मनाउने प्रमुख संस्कार कुल पूजा, ब्रतवन्ध, विवाह, काजक्रिया, वार्षिक काम, न्वारन, औँशी, पूर्णिमा, सक्रान्ति, मसान्त, सत्यनारायणको पूजा, बुद्दको पूजा आदि रहेका छन्। यसैगरी परम्परागत संस्कृतिमा आधारित झ्याउरे भाका र दोहोरी गीत, देउसी नाँच, स्याफ्रु नाच, कृष्णचरीत्र नाच आदि यस पालिकामा लोकप्रिय छन्।

यस गाउँपालिकामा गुरूङहरूको वढि बसोवास भएका कारण सोहि अनुसारको भेषभुषावढि पाइन्छ तर नया पुस्तान्तरण संगै आधुनिक पोसाकमा यहाँका युवाहरूलाइपनि छोयको छ। यस गाउँपालिकामा चाडपर्वको समयमा आफ्नो संस्कृति झल्कने पहिरन लगाउने गरेको पाइन्छ। यसका साथै पुरुषले कमिज-सुरुवाल, दौरा-सुरुवाल लगाउँछन् भने महिलाहरुले साडी, व्लाउज, तथा चोली लगाउने गर्दछन्। तर आधुनिक समयमा सबै जातजातिका युवा, युवतीहरू क्रमशः पैन्ट, शर्ट, टिसर्ट साडी ब्लाउज, कुर्ता-सलवार नै लगाउन रुचाउँछन्।

## २.७ विकासका संभावना

हरेक स्थानको आफ्नै विशेषता हुन्छ । कुनै स्थानमा जंगलको भू-भाग अधिक हुन्छ । कुनै स्थानमा पर्याप्त मात्रामा जलश्रोतको उपलब्धता हुन्छ भने कुनै स्थानमा सुख्खा क्षेत्रको रुपमा रहेका हुन्छन । तसर्थ कृषियोग्य क्षेत्रमा कृषिको व्यवसायीकरण गरेर माथि उठ्न सकिन्छ भने वैज्ञानिक वन व्यवस्थापन मार्फत वन क्षेत्र अत्याधिक भएको स्थानीय तहलाई सम्बृद्ध बनाउन सकिन्छ। उपलब्ध श्रोत र साधनका आधारमा गाउँपालिकाको संभावनाहरू उजागर गर्न सकिन्छ । यस गाउँपालिकाको वर्तमान भू-उपयोग हेर्दा १०.९३ प्रतिसत जमिन वनजंगलले ढाकेको हुदा वैज्ञानिक वन व्यवस्थापन मार्फत गाउँपालिकालाई सम्बृद्ध बनाउन सकिन्छ भने अर्कोतिर खेतियोग्य जमिनमात्र १.१७ छ, वैज्ञानिक कृषी प्रणालीलाइ आत्मसाथ गर्न सकियो भने पनि यहाँको खाध्यसंकटलाई टार्न सकिने अबस्था छैन। यस पालिकाले बोकेको विकासको मुख्य संभावना भेनेको पर्यटननै हो। पर्यटकिय दृष्टिकोणबाट यो गाउँपालिका नेपालकै उदाहरणिय र विशाल संभाबना वोकेको गाउँपालिका हो । यस गाउँपालिकाको सम्बृद्दि पर्यटनबाट मार्फत हासिल गर्न सकिन्छ । यो क्षेत्र प्राकृतिक र ऐतिहासिक रूपले महत्व बोकेको छ । साथै यहाँका तालहरू, ट्रेकिङरूट, खोलानाला, प्राकृतिक दृष्यले आन्तरीक तथा बाह्य पर्यटकलाई लोभ्याएको छ ।

वैज्ञानिक वन व्यवस्थापन भन्नाले वनजंगललाई बालीनाली सरह हेरचाह र सुधार संभार गर्ने भन्ने बुझिन्छ। गाउँपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत परम्परागत तथा आधुनिक कृषि, जडिबुटी, पर्यटन, पशुपालन तथा साना तथा मझौला उद्योगहरूको विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्। साथै गाउँपालिकाको विभिन्न स्थानमा पार्क, उद्यान तथा गुम्बा एवं स्तुपाको निर्माण गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न पर्याप्त अवसर रहेको छ।

गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे बाली तरकारी बाली, फलफूल, मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ । आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकता अनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरण, आधुनीकिकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा, बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपन्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा विभिन्न स्थानहरूमा दुध चिस्यान केन्द्र, कृषि उत्पादनको संकलन केन्द्र/कोल्ड स्टोर, मासुजन्य उद्योग आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारी श्रृजना गर्नको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गाउँपालिका क्षेत्रमा केहि खोलाहरू तथा व्यवसायिक माछापालनका लागि पोखरीहरू भएको र थप केही संम्भाव्य ठाउँहरूमा पोखरी तथा कृत्रिम ताल निर्माण गरी यस क्षेत्रको हावापानीमा हुने जातका माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र गाउँपालिकाकै माछाले बजार लिने सम्भावना रहेको छ।

गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्धन गरी बजारीकरण गर्न सकेमा सो क्षेत्रको आर्थिक उन्नति गर्न थप

टेवा पुग्ने देखिन्छ। देशमा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका युवाहरूलाई सिपमूलक तालिम प्रदान गरी स्थानीय स्तरमै रोजगारी श्रृजना गर्ने व्यवस्था भएमा गाउँपालिकाको आर्थिक विकासमा ठुलो योगदान पुर्याउने सकिने सम्भावना देखिन्छ।

पर्यटनको प्रचुर सम्भावना बोकेको यस गाउँपालिकामा संचालनमा रहेका होटेल र होमस्टेहरुलाई स्तरोन्नती र आवश्यक स्थानहरुमा होमस्टे सञ्चालन गरी ट्रेकिङ र भ्रमण गर्न आउने पर्यटकहरुलाई केहिदिन बसाई लम्ब्याउन सकिन्छ जसले गर्दा आम्दानिको दायरालाइ केहि फराकिलो बनाउन सकिन्छ। यसका अतिरिक्त यस गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- गाउँपालिका क्षेत्रभित्र रहेका पानीको श्रोत तथा खोलाहरूबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यवसायिक रूपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ बिषेशगरी वडा नं. ८ र २ लाइ कृषिको पकेट क्षेत्रको रूपमा विकास गर्न सकिने देखिन्छ।
- स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी स्तरोन्न्ति गर्न सके स्थानीय वासिन्दाले भरपुर सुविधा लिनुका साथै जीवनस्तरको स्तरोन्नती र समग्र गाउँपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ।
- यस क्षेत्रमा विभिन्न ऐतिहासिक, साँस्कृतिक स्थानहरू रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ।
- सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरू यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा साझेदार हुन सक्ने देखिन्छ।
- गाउँपालिका क्षेत्रमा उपभोक्ताहरूको वृद्धि भइरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ।

## २.८ मानव विकास सूचकाङ्क

मानव विकास सूचकांक (HDI) एक सांख्यिकीय उपकरण हो जुन देशको सामाजिक र आर्थिक आयामहरूमा समग्र उपलब्धि मापन गर्न प्रयोग गरिन्छ। यी आयामहरूमा सामान्यतया जीवन प्रत्याशा, शिक्षा, र प्रतिव्यक्ति आय जस्ता कारकहरू समावेश हुन्छन्। एचडीआईले एक समग्र सूचकांक प्रदान गर्दछ जसले देशहरूलाई उनीहरूको मानव विकासको स्तरको आधारमा क्रमबद्ध गर्दछ। नेपालको सन्दर्भमा, स्थानीय स्तरमा एचडीआई सुधार गर्नु भनेको विशिष्ट क्षेत्र वा समुदायहरूमा मानव विकासमा योगदान गर्ने विभिन्न पक्षहरूमा ध्यान केन्द्रित गर्नु समावेश छ। यहाँ केही स्थानीय पहलहरूले नेपालमा HDI सुधार गर्न सक्ने तरिकाहरू छन्:

***स्वास्थ्य सेवा पूर्वाधार:*** विशेष गरी ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवामा पहुँच बढाइ जीवन प्रत्याशा र समग्र स्वास्थ्य सूचकहरूमा उल्लेखनीय सुधार गर्न सकिन्छ। यसमा अस्पतालहरू, क्लिनिकहरू, र स्वास्थ्य सेवा आउटरिच लगायतका कार्यक्रमहरू प्रवर्द्धन समावेश गर्नसकिन्छ।

***शिक्षा:*** शिक्षा पूर्वाधारमा लगानी र सीमान्तकृत समुदाय लगायत सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नाले शैक्षिक उपलब्धिको स्तर सुधार गर्न सकिन्छ। यसमा विद्यालयहरू निर्माण गर्ने, शिक्षकहरूलाई तालिम दिने र शिक्षाका लागि स्रोतहरू उपलब्ध गराउने सकिन्छ।

***गरिबी उन्मूलन:*** गरिबी न्यूनीकरण कार्यक्रम र दिगो जीविकोपार्जन प्रवर्द्धन गर्ने पहलहरू कार्यान्वयन गर्नाले समुदायको उत्थान र प्रतिव्यक्ति आय वृद्धि गर्न सकिन्छ। यसमा लघुवित्तका अवसरहरू प्रदान गर्ने, व्यावसायिक तालिम दिने र साना उद्यमहरूलाई सहयोग गर्ने समावेश गर्नसकिन्छ।

***पूर्वाधार विकास:*** सडक, बिजुली र खानेपानी आपूर्ति जस्ता पूर्वाधारमा सुधार गर्नाले जीवनस्तर उकास्न र ग्रामीण क्षेत्रमा आर्थिक वृद्धिलाई सहज बनाउन सकिन्छ । राम्रो पूर्वाधारले बजार र सेवाहरूमा पहुँचलाई पनि विकास गरी जनजीवनमा राम्रो परीवर्तन ल्याउन सकिन्छ ।

***लैङ्गिक समानता:*** शिक्षा, स्वास्थ्य सेवा र आर्थिक अवसरहरूमा पहुँच जस्ता पहलहरू मार्फत लैङ्गिक समानता र महिला सशक्तिकरणको प्रवर्द्धनले दिगो विकासमा उल्लेखनीय सुधार ल्याउन सकिन्छ । सशक्त महिलाहरूले परिवार र समुदायको समग्र विकासमा योगदान पुऱ्याउँन विषेश योगदान पुर्याउन सहयोग गर्दछन ।

***वातावरणीय दिगोपन:*** वातावरणीय संरक्षणका उपायहरू लागू गर्न र दिगो अभ्यासहरूलाई प्रवर्द्धन गर्नाले समुदायहरूको दीर्घकालीन कल्याण सुनिश्चित गर्न सकिन्छ । यसमा सफा पानी र सरसफाइ, पुनरुत्थान, र जलवायु परिवर्तन अनुकूलनका लागि पहलहरू समावेश गर्नसकिन्छ ।

***सुशासन:*** स्थानीय शासन संरचनाको सुदृढीकरण र पारदर्शिता, जवाफदेहिता र सहभागिता प्रवर्द्धनले सेवाको प्रभावकारी वितरण र स्रोतको न्यायोचित वितरण सुनिश्चित गर्न सक्छ ।

***सामुदायिक संलग्नता:*** निर्णय लिने प्रक्रिया र विकास पहलहरूमा स्थानीय समुदायहरूलाई समावेश गर्दा हस्तक्षेपहरू प्रासंगिक रूपमा उपयुक्त र दिगो छन् भन्ने सुनिश्चित गर्दछ । सहभागितामूलक दृष्टिकोणले विकास लक्ष्यहरूप्रति स्वामित्व र प्रतिबद्धतालाई बढावा दिन्छ ।

***स्वच्छ पानी र सरसफाइमा पहुँच:*** स्वच्छ पानी र सरसफाइ सुविधाहरूमा पहुँच सुनिश्चित गर्नु स्वास्थ्य परिणामहरू सुधार गर्न र पानीजन्य रोगहरू कम गर्न महत्त्वपूर्ण छ । स्थानीय पहलहरूले इनार निर्माण, पानी शुद्धिकरण प्रणाली, र स्वच्छता अभ्यासहरू प्रवर्द्धनमा ध्यान केन्द्रित गर्न सक्छन् ।

***पोषण र खाद्य सुरक्षा:*** तिनै तहका सरकारहरूले कुपोषण र खाद्य असुरक्षालाई सम्बोधन गर्ने कार्यक्रमहरू मार्फत कृषि उत्पादकत्व, बालीहरूको विविधीकरण, र पोषण शिक्षाले समग्र कल्याणमा सुधार गर्न सक्छन, विशेष गरी करेसावारी खेति, पोषणयुक्त खाध्यान्नको बालबालिका र गर्भवती महिलाहरू जस्ता कमजोर जनताहरूमा यसप्रकारका कार्यक्रमहरू सञ्चालन गरी पोषण र खाध्य सुरक्षालाइ वढवा दिन सकिन्छ ।

***विपद् पूर्वतयारी र लचकता:*** भूकम्प र बाढी जस्ता प्राकृतिक प्रकोपहरूप्रति नेपालको जोखिमलाई ध्यानमा राख्दै, विपद् पूर्वतयारी उपायहरूमा लगानी, पूर्व चेतावनी प्रणाली, र सामुदायिक लचिलोपन-निर्माण गतिविधिहरूले मानव विकासमा विपद्को प्रभावलाई कम गर्न सक्छ ।

***सांस्कृतिक संरक्षण र सम्पदा संरक्षण:*** सांस्कृतिक सम्पदा र परम्पराको संरक्षण र प्रवर्द्धनले सामाजिक एकता र पहिचानमा योगदान पुर्याउन सक्छ, साथै पर्यटन मार्फत आय आर्जन गर्न सकिन्छ । स्थानीय सांस्कृतिक पहल र सम्पदा संरक्षण परियोजनाहरूलाई समर्थन गर्नाले समुदायहरूमा समग्र जीवनको गुणस्तर बढाउन सकिन्छ ।

***प्रविधि र नवप्रवर्तन:*** प्रविधि र नवप्रवर्तनले कृषि, स्वास्थ्य सेवा र शिक्षा जस्ता विभिन्न क्षेत्रहरूमा विकासलाई उत्प्रेरित गर्न सक्छ । डिजिटल साक्षरता, सूचना र सञ्चार प्रविधि (ICTs) मा पहुँच र उद्यमशीलतालाई प्रवर्द्धन गर्ने पहलहरूले स्थानीय समुदायहरूलाई सशक्त बनाउन र आर्थिक वृद्धिलाई अघि बढाउन सक्छ ।

***सामाजिक सुरक्षा कार्यक्रमहरू:*** नगद स्थानान्तरण, पेन्सन योजनाहरू, र बीमा कभरेज जस्ता सामाजिक सुरक्षा कार्यक्रमहरू लागू गर्नाले कमजोरीहरू कम गर्न र सीमान्तकृत समूहहरू बीच लचिलोपन बढाउन सक्छ, अन्ततः सुधारिएको HDI सूचकहरूमा योगदान पुर्याउन स्थानिय तह लगायत तीनै तहका सरकारहरूले योजना बनायर अगाडि बढ्न आबश्यकाता देखिन्छ ।

***युवा सशक्तिकरण:*** सीप तालिम, रोजगारीका अवसरहरू र युवा नेतृत्वका पहलहरू लगायत युवा विकास कार्यक्रमहरूमा लगानीले युवा जनसांख्यिकीय परिवर्तनका एजेन्टहरू र विकासका चालकहरूको रूपमा क्षमतालाई उपयोग गर्न सक्छ।

***अन्तरक्षेत्रीय सहयोग:*** विभिन्न क्षेत्रहरू जस्तै सरकारी निकायहरू, गैरसरकारी संस्थाहरू, निजी क्षेत्रका संस्थाहरू, र समुदायमा आधारित संस्थाहरू बीच थप समग्र र एकीकृत विकास हस्तक्षेपहरूको लागि स्रोत, विशेषज्ञता र सञ्जालहरूको लाभ उठाउन सहयोगलाई बढावा दिने गरी आबश्यक नीति, कार्यबिधिहरू बनाउन आबश्यक देखिन्छ जसका कारण भोलिका दिनमा अन्तरक्षेत्रिय सहयोगबाट स्थानिय तहलाइ विकास निर्माणमा अगाडि बढाउन सकिन्छ।

***तथ्याङ्क सङ्कलन र अनुगमन:*** स्थानीय तथ्याङ्क सङ्कलन संयन्त्र र अनुगमन प्रणालीहरूलाई सुदृढ पार्ने प्रगति ट्र्याक गर्न, अन्तरहरू पहिचान गर्न र तल्लो तहमा प्रमाण-आधारित निर्णय-निर्धारणलाई सूचित गर्न आवश्यक छ।

***सामाजिक समावेशीकरण र समानताको प्रवर्द्धन:*** जातीय अल्पसंख्यक, आदिवासी समुदाय, अपाङ्गता भएका व्यक्तिहरू, र LGBTQ+ व्यक्तिहरू जस्ता सीमान्तकृत समूहहरूको आवश्यकतालाई सम्बोधन गर्दै विकास हस्तक्षेपहरू समावेशी र समतामूलक छन् भनी सुनिश्चित गर्नुहोस्।

मानव विकासका बहुआयामिक आयामहरूलाई सम्बोधन गर्ने बृहत् दृष्टिकोण अपनाएर, नेपालमा स्थानीय पहलहरूले मानव विकास सूचकांक सुधार गर्न र उनीहरूको समुदायको भलाइमा सुधार गर्न महत्त्वपूर्ण प्रगति गर्न सक्छ। स्थानीय स्तरमा यी क्षेत्रहरूमा ध्यान केन्द्रित गरेर, नेपालका समुदायहरूले आफ्नो मानव विकास सूचकांक सुधार गर्न र सबै बासिन्दाहरूलाई फाइदा हुने दिगो विकासलाई बढावा दिन काम गर्न सकिने छ।

# परिच्छेद ३: पारिवारिक विवरण तथा जनसङ्ख्याको अवस्था

## ३.१ बस्ती र घरपरिवार विवरण

### ३.१.१ मुख्य बस्तिको विवरण

नासौँ गाउँपालिका विषम भौगोलिक अवस्था भएपनि जलवायुको आधारमा बसोबासको लागि उपयुक्त मानिएको छ। हुलाक, टेलिफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथै यातायातको सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुर्याइरहेको पाइन्छ। यसका साथै विभिन्न स्थानहरूमा गाउँपालिकाहरूले आफ्नो आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा बजार व्यवस्थापन गर्ने काम साथै स-साना व्यापारिक केन्द्रको रुपमा क्रमिक विकास भइरहेको छ।

गाउँपालिका क्षेत्रहरूको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर बाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरू संचालन गर्नु पर्दछ। यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरूलाई टेवा पुर्याउने हिसाबले प्राथमिकता दिनु पर्दछ।

**तालिका नं. ३ मुख्य बस्तिको विवरण**

| क्र.स. | वडा नं. | मुख्य बस्तिको बिबरण |
|---|---|---|
| १ | १ | ताल, घेराङ, ताल डाडा |
| २ | २ | नाचै, नयाँ बस्ति, खोत्रो, |
| ३ | ३ | निंगालोघारी, मकै डाँडा, मेचा, च्योबिउ, तक्रेउ, खोत्रो पाखा,धारापानी(तल्लो, माथिल्लो) |
| ४ | ४ | ओडार गाउँ, रुङगो डॉडा, घेलान्चोक, |
| ५ | ५ | थोचे, स्याउबारी, ताम्राङ |
| ६ | ६ | तिल्चे, तिल्चे खोला पारी, भिमथाङ,लार्के फेदी |
| ७ | ७ | तिल्चे, क्वाइके, गोवा,नकेरे, सुर्की खोला, याक खर्क |
| ८ | ८ | ताचै गाउँ, मन्कों कुनी,नास्कु फांट |
| ९ | ९ | दानक्यु, एक्ले भट्टी, क्युंचे, बगरछाप |

श्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ३.१.२ घर परिवारको विवरण

यस नासौँ गाउँपालिकाको घर परिवारको विवरण यस प्रकार रहेको छ:

**तालिका नं. ४ घर परिवारको विवरण**

| वडा नं. | घरधुरी संख्या | जनसंख्या | | | | औषत परिवार आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | अन्य | जम्मा | | |
| १ | ७३ | १६१ | १६८ | ० | ३२९ | ४.५१ | ९५.८३ |
| २ | ४४ | ९३ | ९२ | ० | १८५ | ४.२ | १०१.०९ |
| ३ | ५६ | १२३ | १२३ | ० | २४६ | ४.३९ | १००. |
| ४ | ५४ | १२५ | १२८ | ० | २५३ | ४.६९ | ९७.६६ |
| ५ | ३१ | ८९ | ८९ | ० | १७८ | ५.७४ | १००. |

| वडा नं. | घरधुरी संख्या | जनसंख्या | | | | औषत परिवार आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | अन्य | जम्मा | | |
| ६ | ५५ | १३० | १३१ | ० | २६१ | ४.७५ | ९९.२४ |
| ७ | ४१ | ८८ | ९२ | ० | १८० | ४.३९ | ९५.६५ |
| ८ | ६१ | १६७ | १५७ | ० | ३२४ | ५.३१ | १०६.३७ |
| ९ | ५५ | ११६ | १२७ | ० | २४३ | ४.४२ | ९१.३४ |
| **जम्मा** | **४७०** | **१०९२** | **११०७** | **०** | **२१९९** | **४.६८** | **९८.६४** |

श्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

यस गाउँपालिकाको वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या वडा नं १ मा रहेको छ जसमा जम्मा जनसंख्या ३२९ (पुरुष १६१ जना र महिला १६८ जना, अन्य ० जना) रहेका छन् । यस वडाको औषत परिवार आकार ४.५१ र घरधुरी संख्या ७३ रहेको छ । त्यस्तै सबैभन्दा थोरै जनसंख्या वडा नं. ७ मा रहेको छ जसको जनसंख्या १८० (पुरुष ८८ जना र महिला ९२ जना) रहेका छन् भने घरधुरी संख्या ४१ र औसत परिवार संख्या ४.३९ रहेको छ ।

## ३.२ जनसङ्ख्या वितरणको अवस्था

कुनै पनि स्थानको जनसंख्या, विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण हुनु आवश्यक हुन्छ । नेपालमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ । यहाँ गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८० बाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरूको विश्लेषण गरिएको छ ।

**तालिका नं. ५ जनसंख्या वितरणको अवस्था**

| गाउँपालिका बसोबास गर्ने जम्मा जनसंख्या | वि.सं. २०८० | कैफियत |
|---|---|---|
| गाउँपालिका बसोबास गर्ने पुरुष | १०९२ | |
| गाउँपालिका बसोबास गर्ने महिला | ११०७ | |
| लैंगिक दर (प्रति १०० महिलामा पुरुषको संख्या) | ९८.६४ | |
| जम्मा घरधुरी | ४७० | |
| औषत परिवार आकार | ४.६८ | |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ३.१० | |
| ०-१४ वर्ष उमेरसमूहका जनसंख्या (आर्थिकरूपले आश्रित जनसंख्या) | ३५० | |
| १५-५९ वर्ष उमेरसमूहका जनसंख्या (आर्थिकरूपले सक्रिय जनसंख्या) | १४९३ | |
| ६० वर्षभन्दा बढी उमेरसमूहका जनसंख्या (आर्थिकरूपले आश्रित जनसंख्या) | ३५६ | |
| वार्षिक जनसंख्या वृद्धिदर (प्रतिशत) | -१.३९ | |
| साक्षरता दर | ९३.०९ | |

श्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

माथिको तालिकामा यस नासो गाउँपालिकाको जनसंख्याको विवरण प्रस्तुत गरिएको छ। घरधुरी तथ्याङ्क संकलन, २०८० अनुसार यस गाउँपालिकाको जनसंख्या २१९९ रहेको छ जस मध्ये पुरुष ४९.६५ प्रतिशत (१०९२ जना) र महिला ५०.३५ प्रतिशत (११०७ जना) रहेका छन्। सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात प्रति १०० महिलामा पुरुषको संख्या ९८.६४ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहको जनसंख्या) ३.१० जना प्रति वर्ग किलोमिटर रहेको छ । पछिल्लो तथ्याङ्क बमोजिम यस गाउँपालिकाको कुल ४७० घरपरिवार रहेको यस गाउँपालिकामा प्रति परिवार औषत ४.६८ जना सदस्य रहेको देखिन्छ।

## ३.३ उमेर तथा लिङ्गको आधारमा जनसङ्ख्या विवरण


**तालिका नं. ६ उमेर तथा लिंगका आधारमा जनसंख्या विवरण**

| वडा | विवरण | ०-४ वर्ष | ५-९ वर्ष | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | ५०-५४ वर्ष | ५५-५९ वर्ष | ६०-६४ वर्ष | ६५-६९ वर्ष | ७० वर्ष माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुरूष | ८ | ८ | ६ | ८ | १५ | २१ | १६ | १२ | ११ | १० | ९ | ९ | ८ | १० | १० | **१६१** |
| | महिला | १० | ४ | १० | १५ | ११ | १८ | १३ | १४ | ११ | ११ | १२ | ४ | १३ | ९ | १३ | **१६८** |
| | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** |
| | जम्मा | १८ | १२ | १६ | २३ | २६ | ३९ | २९ | २६ | २२ | २१ | २१ | १३ | २१ | १९ | २३ | **३२९** |
| २ | पुरूष | ४ | ४ | ९ | ४ | ६ | ५ | ७ | १२ | ११ | ९ | ० | ८ | १ | ३ | १० | **९३** |
| | महिला | ८ | ६ | ४ | ९ | ४ | ५ | ८ | ११ | ७ | ७ | ४ | ५ | २ | २ | १० | **९२** |
| | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** |
| | जम्मा | १२ | १० | १३ | १३ | १० | १० | १५ | २३ | १८ | १६ | ४ | १३ | ३ | ५ | २० | **१८५** |
| ३ | पुरूष | ५ | ५ | ९ | ४ | ११ | २० | ८ | ९ | ८ | ११ | १२ | १० | ३ | ५ | ३ | **१२३** |
| | महिला | ४ | ७ | ११ | ८ | १२ | १२ | ७ | ५ | १४ | १० | १४ | ५ | ७ | १ | ६ | **१२३** |
| | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** |
| | जम्मा | ९ | १२ | २० | १२ | २३ | ३२ | १५ | १४ | २२ | २१ | २६ | १५ | १० | ६ | ९ | **२४६** |
| ४ | पुरूष | ३ | २ | ७ | १० | ११ | १० | १४ | ९ | १४ | १४ | ७ | ५ | ५ | ३ | ११ | **१२५** |
| | महिला | ६ | ७ | ६ | १० | ९ | १६ | १० | ६ | ८ | १३ | १ | १० | ७ | ३ | १६ | **१२८** |
| | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** |
| | जम्मा | ९ | ९ | १३ | २० | २० | २६ | २४ | १५ | २२ | २७ | ८ | १५ | १२ | ६ | २७ | **२५३** |
| ५ | पुरूष | ६ | २ | ९ | ३ | ३ | ८ | ९ | ७ | १० | ४ | ५ | ७ | ६ | १ | ९ | **८९** |
| | महिला | ३ | ७ | ४ | ७ | ७ | ६ | ८ | १० | ४ | ३ | ४ | ७ | ६ | १ | १२ | **८९** |
| | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** |
| | जम्मा | ९ | ९ | १३ | १० | १० | १४ | १७ | १७ | १४ | ७ | ९ | १४ | १२ | २ | २१ | **१७८** |

| वडा | विवरण | ०-४ वर्ष | ५-९ वर्ष | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | ५०-५४ वर्ष | ५५-५९ वर्ष | ६०-६४ वर्ष | ६५-६९ वर्ष | ७० वर्ष माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | पुरूष | ६ | ८ | ६ | ९ | ९ | १६ | ८ | १६ | १५ | ९ | ७ | २ | ६ | ४ | ९ | **१३०** |
| | महिला | ४ | ४ | ९ | १० | ६ | १९ | १८ | ११ | ११ | ६ | ४ | ६ | ५ | ५ | १३ | **१३१** |
| | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** |
| | जम्मा | १० | १२ | १५ | १९ | १५ | ३५ | २६ | २७ | २६ | १५ | ११ | ८ | ११ | ९ | २२ | **२६१** |
| ७ | पुरूष | ६ | ५ | ५ | ७ | ६ | १२ | ६ | १२ | ७ | ५ | ४ | ६ | ३ | १ | ३ | **८८** |
| | महिला | २ | ३ | ५ | ९ | १० | ६ | १३ | १० | ८ | ५ | ८ | ० | ७ | १ | ५ | **९२** |
| | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** |
| | जम्मा | ८ | ८ | १० | १६ | १६ | १८ | १९ | २२ | १५ | १० | १२ | ६ | १० | २ | ८ | **१८०** |
| ८ | पुरुष | ८ | ७ | ९ | १४ | ११ | १२ | १७ | १९ | १४ | ११ | ११ | ८ | १० | ५ | ११ | **१६७** |
| | महिला | ७ | ९ | १३ | १० | १३ | १४ | ९ | १५ | ९ | ८ | १३ | ८ | ६ | ६ | १७ | **१५७** |
| | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** |
| | जम्मा | १५ | १६ | २२ | २४ | २४ | २६ | २६ | ३४ | २३ | १९ | २४ | १६ | १६ | ११ | २८ | **३२४** |
| ९ | पुरुष | ६ | ११ | ६ | ९ | १० | ८ | ३ | १६ | ४ | १० | ८ | ५ | ६ | ३ | ११ | **११६** |
| | महिला | २ | १० | १५ | ६ | ७ | ११ | ९ | १३ | ४ | १० | ७ | १० | ७ | ७ | ९ | **१२७** |
| | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** |
| | जम्मा | ८ | २१ | २१ | १५ | १७ | १९ | १२ | २९ | ८ | २० | १५ | १५ | १३ | १० | २० | **२४३** |
| **जम्मा** | **पुरुष** | **५२** | **५२** | **६६** | **६८** | **८२** | **११२** | **८८** | **११२** | **९४** | **८३** | **६३** | **६०** | **४८** | **३५** | **७७** | **१०९२** |
| | **महिला** | **४६** | **५७** | **७७** | **८४** | **७९** | **१०७** | **९५** | **९५** | **७६** | **७३** | **६७** | **५५** | **६०** | **३५** | **१०१** | **११०७** |
| **कुल जम्मा** | | **९८** | **१०९** | **१४३** | **१५२** | **१६१** | **२१९** | **१८३** | **२०७** | **१७०** | **१५६** | **१३०** | **११५** | **१०८** | **७०** | **१७८** | **२१९९** |

श्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

यस गाउँपालिकामा रहेको कूल २१९९ जनसंख्या मध्ये १०९२ पुरुष, ११०७ जना महिला रहेको छ। उमेर समूह अनुसार हेर्दा १० देखि ५९ वर्ष उमेर समूह भित्रका किशोरी र महिलाहरूको जनसंख्यामा र उमेर पुगेका महिलाहरूका शारिरिक, मानसिक, सामाजिक तथा आर्थिक मूद्धाहरूलाई सम्बोधन गर्ने खालको योजनाहरू निर्माण गर्नु जरुरी छ। प्रजनन स्वास्थ्य, यौन स्वास्थ्य, रजस्वला सम्बन्धी समस्याहरू, महिला मैत्री शौचालय, परामर्श केन्द्रहरू, महिला हिंसा, चेलीवेटी बेचविखन, घरेलु लैङ्गिक हिंसा, पाठेघर खस्ने समस्या, दाइजो प्रथा, बाल विवाह महिला शसक्तिकरण तथा अधिकार जस्ता विषयहरू आम महिलाका प्रमुख तथा संवेदनशिल विषय भएकोले गाउँपालिकाले यी विषयहरूको प्रभावकारी योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने संकेत समग्र तथ्याङ्कले गर्दछ। वडागत विवरण स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।




युवा उमेरको (१५ बर्ष देखि ५९ बर्ष) जनसंख्या बढी हुनु राम्रो भए तापनि उनीहरूको शिक्षा, स्वास्थ्य तथा मानव संसाधन विकासमा राज्यले व्यापक लगानी गर्नुपर्ने हुन्छ। युवा उमेरसमूह धेरै हुनुलाई जनसंख्याको लाभांश भनिन्छ। अर्कोतर्फ युवाहरूलाई सही दिशातर्फ उन्मुख बनाउन र रोजगारीका अवसरहरू श्रृजना गरी राष्ट्र निर्माणमा सरिक बनाउनु समाज र राज्यको दायित्व हुन आउँछ। बालबालिका तथा शिशुहरूको संख्या कम हुनुले क्रमशः प्रजनन दर घट्दै गएको संकेत गर्दछ भने वृद्धवृद्धाहरूको तथा प्रौढहरूको संख्या कम हुनुले औषत आयू अन्य देशहरूको तुलनामा कम हुनु र प्रौढ अवस्थामा लाग्ने रोगका कारण पाका उमेरको जनसंख्याको मृत्युदर बढी हुनु भन्ने जनाउँछ। यद्यपि बढ्दो उमेरको संख्या कम हुनु स्वभाविक हो। उमेरअनुसारको जनसंख्याको विश्लेषण गर्दा प्रत्येक उमेर समूहका आवश्यकताहरू सम्बोधन गरी उनीहरूको उचित व्यवस्थापन गर्नु नै चुनौतीपूर्ण हुन्छ। बालबालिकाको पोषण र स्याहार तथा शिक्षा,

युवालाई उचित रोजगारी र वृद्धहरूलाई आवश्यक सामाजिक सुरक्षा तथा स्वास्थ्य सेवा र स्याहार राज्यले निर्वाह गर्नुपर्ने दायित्वहरू भित्र आउँछन् । गाउँपालिकाले यसतर्फ ध्यान पुर्याउन आवश्यक छ ।

### ३.४ मातृभाषाको आधारमा जनसङ्ख्या विवरण

नेपाल एक बहु-जाति, बहु-भाषा र बहु-साँस्कृतिक विशेषता बोकेको राष्ट्र हो । यस गाउँपालिकामा पनि भाषिक विविधता त्यति धेरै रहेको देखिदैन । गाउँपालिकामा रहेका कुल ४७० घरधुरी मध्ये सबैभन्दा बढी ३६४ घरधुरी अर्थात ७७.४५ प्रतिशतले गुरूङ भाषा बोल्ने गरेको पाइयो भने ५८ घरधुरी अर्थात १२.३५ प्रतिशतले नेपाली भाषा, ४२ घरधुरी अर्थात ८.९४ प्रतिशतले टिबेटियन भाषा, ६ घरधुरी अर्थात १.२८ प्रतिशतले अन्य भाषा भाषा बोल्ने गरेको पाइयो । संविधानको धारा ३२ मा भाषा तथा संस्कृतिको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको र धारा ३१ को शिक्षासम्बन्धी हकको उपधारा ५ बमोजिम "नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ ।" भनी स्पष्ट किटान गरेको छ । आफ्नो मातृभाषामा पढ्न चाहने विद्यार्थीहरूलाई गाउँपालिकाले विशेष व्यवस्था गर्न सक्ने प्रावधान रहेको छ । वडा अनुसार मातृभाषाको विस्तृत विवरण तलको तालिका नं. ७ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ७ मातृभाषाको आधारमा जनसंख्या विवरण**

| मातृभाषा | वडा नं. | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| नेपाली | ३ | ० | ० | १० | ९ | ३ | ० | ० | ३३ | ५८ | १२.३५ |
| गुरूङ | ६३ | ४४ | ५३ | ४३ | ३ | ५२ | ४१ | ६१ | ४ | ३६४ | ७७.४५ |
| तामाङ | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | २ | ०.४२ |
| मगर | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | ०.२१ |
| टिबेटियन | ५ | ० | १ | ० | १८ | ० | ० | ० | १८ | ४२ | ८.९४ |
| घले | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ०.४२ |
| अन्य | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ०.२१ |
| **जम्मा** | **७३** | **४४** | **५६** | **५४** | **३१** | **५५** | **४१** | **६१** | **५५** | **४७०** | **१००** |

श्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

## ३.५ धर्म अनुसार जनसङ्ख्या विवरण

नेपालमा धार्मिक स्वतन्त्रता र विविधता रहेको छ अझै विधिवत रुपमा नेपालको अन्तरिम संविधान २०६३, ले मिति २०६३ जेठ ४ मा पुर्नस्थापित संसदको ऐतिहासिक घोषणाले नेपाललाई एक धर्म निरपेक्ष राष्ट्रको रुपमा घोषणा गर्यो। त्यस्तै नेपालको संविधान, २०७२ को प्रस्तावनामा नेपाललाई एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्ने उल्लेख गरिएको छ। फलस्वरुप नेपालमा धार्मिक स्वतन्त्रता र सौहार्दता रहेको पाइन्छ।


यस गाउँपालिकामा बैशाख पूर्णिमा, धन्डयाङ, वडादशै, दिपावली, तमु ल्होसार, माघे संक्रान्ति, सोनाम ल्होसार, ग्ल्याल्मो ल्होसार, चैतेगुरुङ, घले जातीको वाहुल्यता रहेको यस क्षेत्रमा माघे सँक्रान्तिि पछिको ठूलो पर्व मानिने कृष्ण चरित्र नाच, तिरहान्ने नाच, ल्होसार, तोडे पर्व, गाउ बार्ने, बिउ बार्ने, चण्डी पूजा, पितृ पूजा, निकै भव्यताका साथ मनाईन्छ। वर्षा यामसँगै आउने प्राकृतिक प्रकोप नहोस भनेर भूमीको पूजा गर्ने महोत्सव करिव ५ दिनसम्म मनाईन्छ। गुरुङ घले समुदायले चैते दसैँ मा परेबा पूजा गर्छन्। पौष महिनामा ल्होसार, मनाउँछन्। त्यस्तै क्षेत्री, कामी, दमाई लगाएतका जातिले भाद्र महिनामा तीज मनाउने गर्छन्। त्यस्तै असोज, कार्तिक महिनामा क्षेत्री, गुरुङ,मगर, थकाली, कामी र दमाई लगाएतले दशैं तिहार मनाउने गर्छन् भने धान्ने पूर्णीमा मगर, कामी, दमाई आदी जातीले मनाउने गर्छन्। त्यस्तै माघे संक्रान्ति माघ मगर, कामी र दमाई आदि लगायतका जातिले मनाउने गर्छन् भने क्रिश्चियनहरूले क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष आदि मनाउने गर्दछन। यस गाउँपालिकामा धर्म अनुसार रहेको जनसंख्याको विवरणलाई तालिकामा यस प्रकार देखाउन सकिन्छ:

**तालिका नं. ८ धर्म अनुसार जनसंख्याको विवरण**

| वडा | हिन्दू | क्रिश्चियन | बौद्ध | बोन | प्रकृती | किरात | सनातन | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | २० | २ | २२ | २७ | २ | ० | ० | **७३** |
| २ | ३ | ० | १ | ४० | ० | ० | ० | **४४** |
| ३ | ४७ | २ | ३ | ३ | ० | १ | ० | **५६** |
| ४ | ४१ | ० | ० | १३ | ० | ० | ० | **५४** |
| ५ | ४ | ० | २७ | ० | ० | ० | ० | **३१** |
| ६ | २५ | ० | १९ | ५ | ० | ० | ६ | **५५** |
| ७ | ३१ | ० | ७ | ३ | ० | ० | ० | **४१** |
| ८ | ४६ | ० | ५ | १० | ० | ० | ० | **६१** |
| ९ | ९ | १ | ४४ | १ | ० | ० | ० | **५५** |
| **जम्मा** | **२२६** | **५** | **१२८** | **१०२** | **२** | **१** | **६** | **४७०** |
| **प्रतिशत** | **४८** | **१** | **२७.२३** | **२१.७** | **०.४२** | **०.२१** | **१.२८** | **१००** |

श्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

यस गाउँपालिकामा ४८ प्रतिशत हिन्दु, २१ प्रतिसत वोन, २७ प्रतिसत बौद्द धर्मावलम्बीको बसोबास छ। गाउँपालिकामा धार्मिक विविधता रहे तापनि हिन्दु, बौद्ध र वोन धर्मावलम्बीहरूको प्रधानता रहेको तथ्याङ्कले देखाउँछ। नेपालमा सदियौंदेखि रही आएको धार्मिक सहिष्णुता यस गाउँपालिकामा पनि कायमै रहेको देखिन्छ। वडागत रुपमा विभिन्न धर्मावलम्बीहरूको विस्तृत विवरण स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।




### ३.६ जातिगत आधारमा जनसङ्ख्या विवरण

यस गाउँपालिकामा जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै ३०८ घरपरीवार अर्थात ६५.५४ प्रतिशत ७७ घरपरीवार दोस्रोमा अर्थात १६.३८ प्रतिशत, तेस्रो र चौथोमा क्रमश घले ८.५१ प्रतिशत र विश्वकर्मा ३.२ प्रतिशत रहेका छन्। त्यसैगरी यस गाउँपालिकामा तामाङ, थकालि, परियार,मगर लगायत अन्य जातजातिहरूको पनि बसोबास रहेको छ। यसरी जातीय हिसाबले विविधतायुक्त समाजमा स्थानीयहरू सामाजिक सहिष्णुताका साथ बसेको पाइन्छ। आफ्नो छुट्टै भाषा, संस्कृति र रहनसहन भएका नेपालको सीमान्तकृत जाति लगायत गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातजातिको मौलिक संस्कृति, परम्परा, भाषा र रहनसहनलाई संरक्षण गरी उनीहरूको पहिचान कायम राख्ने कार्यक्रमहरूको निर्माण गर्नु आवश्यक छ। विस्तृत विवरण वडागत रुपमा तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ९ जातजातिका आधारमा जनसंख्या विवरण**

| जातजाति | वडा नं. | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| गुरुङ | ५९ | ४४ | ५३ | ४१ | ३ | ३० | ३७ | ३० | ११ | **३०८** | **६५.५४** |
| घले | ३ | ० | ० | २ | ० | ६ | ३ | २२ | ४ | **४०** | **८.५१** |
| तामाङ | १ | ० | १ | १ | ० | ० | ० | १ | १ | **५** | **१.०६** |
| थकाली | ० | ० | ० | ० | ० | २ | ० | ५ | ० | **७** | **१.४९** |
| परीयार | १ | ० | ० | १ | ० | ० | ० | ० | ४ | **६** | **१.२७** |

| जातजाति | वडा नं. | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| ब्राह्मण | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | ०.२१ |
| भोटे/लामा | ८ | ० | १ | ० | २६ | १४ | ० | ० | २८ | ७७ | १६.३८ |
| मगर | ० | ० | ० | ० | १ | ० | ० | ० | १ | २ | ०.४२ |
| विश्वकर्मा | १ | ० | ० | ९ | १ | १ | ० | २ | १ | १५ | ३.२ |
| अन्य | ० | ० | १ | ० | ० | २ | ० | १ | ५ | ९ | १.९२ |
| **जम्मा** | ७३ | ४४ | ५६ | ५४ | ३१ | ५५ | ४१ | ६१ | ५५ | ४७० | १०० |

श्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०


## ३.७ घरमुलीको विवरण

**तालिका नं. १०: परिवारमूलीको लिङ्ग अनुसार वडागत घरधुरी विवरण**

| वडा नं. | पुरुष परिवारमूली | महिला परिवारमूली | जम्मा परिवार संख्या |
|---|---|---|---|
| १ | ५९ | १४ | ७३ |
| २ | ३९ | ५ | ४४ |
| ३ | ४५ | ११ | ५६ |
| ४ | ३६ | १८ | ५४ |
| ५ | २० | ११ | ३१ |
| ६ | ४७ | ८ | ५५ |
| ७ | ३३ | ८ | ४१ |
| ८ | ५४ | ७ | ६१ |
| ९ | ३९ | १६ | ५५ |
| **जम्मा** | ३७२ | ९८ | ४७० |
| **प्रतिशत** | ७९.१५ | २०.८५ | १०० |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

गाउँपालिकामा रहेको कुल घरपरिवार संख्या ४७० मध्ये ३७२ अर्थात ७९.१५ प्रतिशत घरपरिवारमा पुरुष घरमूली रहेका छन् भने ९८ अर्थात २०.८५ प्रतिशत घरपरिवारमा महिला घरमूली रहेका छन्। विस्तृत विवरण चार्टमा उल्लेख गरिएको छः




## ३.८ पेशाका आधारमा जनसङ्ख्या विवरण

गाउँपालिकामा रहेका जम्मा जनसंख्या मध्ये कृषि पेशालाई मुख्य पेशा बनाएका सबैभन्दा बढी ५९.५८ प्रतिशत रहेका छन् भने दोस्रोमा नोकरी/जागिर मुख्य पेशाको रुपमा लिनेहरुको संख्या ९.१५ प्रतिशत रहेको छ। तेस्रोमा उद्योग / व्यापार गर्नेहरू ८.५१ प्रतिशत रहेका छन्। बैदेशिक रोजगार यस गाउँपालिकाको चौथो मूख्य पेशाको रूपमा रहेको छ। जसको वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ११: मुख्य पेशाको आधारमा जनसंख्याको विवरण**

| परिवारको मुख्य पेशा | वडा नं. | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| उद्योग / व्यापार | ३ | १ | ७ | ० | ३ | ४ | ० | ० | २२ | ४० | ८.५१ |
| कृषि | ४८ | ४१ | ३७ | ४० | १ | २२ | २१ | ५५ | १५ | २८० | ५९.५८ |
| ज्याला / मजदुरी | ३ | ० | १ | ६ | २ | ७ | २ | ० | ५ | २६ | ५.५३ |
| नोकरी / जागिर | ६ | १ | १ | ३ | ३ | ७ | १० | ६ | ६ | ४३ | ९.१५ |
| निर्बृत्तिभरण | ६ | ० | ० | १ | ३ | ० | ० | ० | ० | १० | २.१२ |
| वेरोजगार | ० | ० | ३ | १ | ७ | ५ | १ | ० | ३ | २० | ४.२५ |
| वैदेशिक रोजगार | २ | १ | ० | ३ | १२ | १० | ५ | ० | ४ | ३७ | ७.८८ |
| होटेल | ५ | ० | ७ | ० | ० | ० | २ | ० | ० | १४ | २.९८ |
| **जम्मा** | **७३** | **४४** | **५६** | **५४** | **३१** | **५५** | **४१** | **६१** | **५५** | **४७०** | **१००** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

## ३.९ आर्थिक रूपले सक्रिय जनसङ्ख्या विवरण


गाउँपालिकामा रहेको कुल जनसंख्यामध्ये आर्थिक रूपले सक्रिय पुरुषको जनसंख्या ७६२ र महिलाको जनसंख्या ७३१ जना रहेका छ। यस पालिकामा सक्रिय जनसंख्याको रूपमा विश्लेषण गर्दा सक्रिय जनसख्यामा महिलाको तुलनामा पुरूषको जनसंख्या वढि रहेको पाइएको छ। जनसंख्या सम्वन्धि विस्तृत वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३: आर्थिक रुपले सक्रिय जनसंख्याको विवरण**

| लिगं | वडा नं. | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| **पुरूष** | १११ | ६२ | ९३ | ९४ | ५६ | ९१ | ६५ | ११७ | ७३ | **७६२** |
| **महिला** | १०९ | ६० | ८७ | ८३ | ५६ | ९१ | ६९ | ९९ | ७७ | **७३१** |
| **जम्मा** | **२२०** | **१२२** | **१८०** | **१७७** | **११२** | **१८२** | **१३४** | **२१६** | **१५०** | **१४९३** |
| **प्रतिसत** | **१४.७४** | **८.१७** | **१२.०५** | **११.८६** | **७.५१** | **१२.१९** | **८.९८** | **१४.४६** | **१०.०४** | **१००.** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

माथिको तालिकालाई बार डायग्राममा यसरी प्रस्तुत गर्न सकिन्छ।




## ३.१० अपाङ्गताको आधारमा जनसङ्ख्या विवरण


शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्यरूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ। खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपागं संरक्षण तथा कल्याण ऐन, २०३९ र अपागंता सम्बन्धी कार्ययोजना, २०६३ तयार

गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ।
अपागंता परिचयपत्र वितरण गर्नका लागि अपागंता भएका व्यक्तिहरूलाई अपागंताका आधारमा शारिरीक अपागंता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वर बोलाई सम्बन्धी अपागंता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपागंता बौद्धिक अपागंता, बहु अपागंता गरी सात किसिमले र गर्म्भियताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग (पहेलो रङको परिचयपत्र) र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानिय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुर्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ। घरधुरी तथ्याङ्क संकलन, २०८० को तथ्याङ्क अनुसार गाउँपालिकामा रहेको कूल जनसंख्यामा ७१ जना अपागंता भएका व्यक्तिहरु रहेका छन्। जसमध्ये दृष्टिबिहिन ५ जना, बहिरा, सुस्त मनस्थिति र बहु अपागंता १० जना, बौद्दिक अपागंता १३ जना, सुस्त श्रबन ४ जना, स्वर सम्बन्धि ८ र अन्य ११ जना रहेका छन; जसको वडागत विवरण निम्न अनुसार रहेको छ।

**तालिका नं. १४: अपाङ्गताको आधारमा जनसङ्ख्या विवरण**

| वडा नं. | दृष्टिविहिन | वहिरा | वहु अपागंता | बौद्दिक अपागंता | सुस्त मनस्थिति | सुस्त श्रवण | स्वर सम्वन्धि | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ० | २ | १ | ० | ४ | ० | १ | ० | **८** |
| २ | १ | ० | ० | ७ | १ | ० | ० | ० | **९** |
| ३ | ० | ० | ० | ० | १ | ० | ० | १ | **१** |
| ४ | १ | ५ | १ | ० | ३ | ० | ० | १ | **१०** |
| ५ | ० | ० | २ | ० | ० | ० | १ | ० | **३** |
| ६ | १ | २ | २ | १ | १ | २ | १ | ५ | **१०** |
| ७ | ० | ० | १ | ० | ० | २ | ० | ३ | **३** |
| ८ | २ | ० | ० | ४ | ० | ० | ४ | १ | **१०** |
| ९ | ० | १ | ३ | १ | ० | ० | १ | ० | **६** |
| **जम्मा** | **५** | **१०** | **१०** | **१३** | **१०** | **४** | **८** | **११** | **७१** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०




## ३.११ बसाइँसराइ सम्बन्धी विवरण

जनसांखिकिय परिवर्तनको एउटा मुख्य कारक तत्वका रूपामा बसाइँसराइलाइ लिइन्छ। नोसौं गाउँपालिका हिमालि जिल्ला भएका कारण यस गाउँपालिका बाट अन्य स्थानमा बसाइँसराइ भएको पाइन्छ। यद्यपि यस गाउँपालिकामा अन्य स्थानबाट  बसाइँसराइ गरेर आउने जनसंख्यालाइ तलको तालिका नं. १५ मा देखाइएको छ।

**तालिका नं. १५ बसाइँसराइ सम्बन्धि विवरण**

| वडा नं. | बसाइसराइ गरेर आउने घरपरीवार संख्या | गाउँपालिका बाहिरबाट | गाउँपालिका भित्रबाट | जील्ला बाहिरबाट | जिल्ला भित्रबाट |
|---|---|---|---|---|---|
| १ | ३ | १ | | | २ |
| २ | ० | | | | |
| ३ | ३ | | १ | २ | |
| ४ | ० | | | | |
| ५ | ३ | | | ३ | |
| ६ | ० | | | | |
| ७ | १ | | १ | | |
| ८ | ० | | | | |
| ९ | २ | | २ | | |
| **जम्मा** | **१२** | **१** | **४** | **५** | **२** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ३.१२ व्यक्तिगत घटना सम्बन्धी विवरण

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानुनी प्रक्रियाहरू पालना गर्नुपर्ने हुन्छ । नागरिकता, राहदानी वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रक्रिया पुरा गर्नुपर्ने हुन्छ । यसका लागि सरकारले आधिकारीक प्रमाणपत्र उपलब्ध गराउँछ । जन्म, मृत्यु, विवाह ,बसाइँसराइ र सम्बन्ध विच्छेद जस्ता घटना समयमा नै दर्ता गर्नु पर्ने हुन्छ । संविधानले नागरिकलाई विभिन्न अधिकार प्रत्याभूत गरेको छ । त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो । ती व्यक्तिगत घटना दर्ताका आधारमा राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो । कहाँ  कति जन्मे,  कतिको मृत्यु भयो, कतिले बसाइँसराइ गरे, कतिको सम्बन्ध विच्छेद भयो ? जस्ता कुराको जानकारी राज्यले पाउनु पर्छ । यसको आधारमा सरकारले सेवा प्रवाह सम्बन्धी नीति बनाउने हुँदा व्यक्तिगत घटनादर्ता समयमा नै गर्न जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

**क) पाँच वर्षमुनिका बालबालिकाको वडागत विवरण**

गाउँपालिकामा जन्म भएका पाँच वर्ष मुनिका ९८ बालबालिकाहरू मध्ये ५२ वालक र ४६ वालिका भएको तथ्याङ्क रहेको छ ।  यसबाट स्थानीय सरकारलाई यकिन तथ्याङ्कको अभिलेख तयार पार्न सहयोग पुग्दछ भने अर्को तर्फ नागरिकहरूले राज्यबाट प्राप्त गर्ने सेवा सुविधाका लागि नागरिकको पहिचान कायम गर्न र अन्य कानूनी कृयाकलापहरूमा यसको आवश्यकता पर्दछ तसर्थ जन्मदर्तालाई समयमै अनिवार्य रुपमा गर्न प्रोत्साहन गर्ने स्थानीय सरकारले पहल गर्नुपर्ने देखिन्छ । जसको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ

**तालिका नं. १६, पाँच वर्षमुनिका बालबालिकाको वडागत विवरण**

| वडा | वालक | वालिका | जम्मा |
|---|---|---|---|
| १ | ८ | १० | **१८** |
| २ | ४ | ८ | **१२** |
| ३ | ५ | ४ | **९** |
| ४ | ३ | ६ | **९** |
| ५ | ६ | ३ | **९** |
| ६ | ६ | ४ | **१०** |
| ७ | ६ | २ | **८** |
| ८ | ८ | ७ | **१५** |
| ९ | ६ | २ | **८** |
| **जम्मा** | **५२** | **४६** | **९८** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

**ख) विगत १२ महिनाको मृत्यु सम्बन्धी विवरण**

यस गाउँपालिकामा रहेका कूल २,१९९ जनसंख्या मध्ये विगत १२ महिनामा १४ जनाको मृत्यु भएको छ । जसमध्ये ८ जना पुरुष र ६ जना महिलाको मृत्यु भएको देखिन्छ । सबैभन्दा धैरै मृत्युको अभिलेख भएको वडा ८ मा रहेको छ भने वडा नं. १ मा सबै भन्दा कम भएको देखिन्छ । यस गाउँपालिकाको कोरा जनसंख्या मृत्युदरलाइ तलको दिइएको सुत्रबाट निकालि उक्त गाउँपालिकाको मृत्युदरलाइ गणना गर्ने गरिन्छ ।

$$\text{कोरा मृत्युदर} = \frac{\text{विगत १२ महिनामा भएको मृत्यु संख्या}}{\text{मध्य वर्षको जनसंख्या}} \times \text{१०००}$$

अर्थात यस नासौँ गाउपालिकामा प्रति बर्ष प्रतिहजार जनसंख्यामा ६.३७ जनाको मृत्यु हुने तथ्याङ्कले देखाउँछ। यद्यपि कोरा मृत्युदरले मृत्युको अवस्थाबारे यथार्थ चित्रण गर्न भने सक्दैन।

### ३.१३ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित जनसङ्ख्याको विवरण

समाजमा पछाडि पारिएका तथा परेका ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ताको नाममा राज्यकोषबाट सहयोग गर्ने अवधारणा कल्याणकारी राज्यको अवधारणा हो। वि.सं. २०५१ देखि ज्येष्ठ नागरिकलाई मासिक १०० रूपैयाँ भत्ता दिने नारा सहित सुरु गरिएको सामाजिक सुरक्षा भत्ता अहिले ज्येष्ठ नागरिकका साथसाथै एकल महिला, अपाङ्गता भएका र दलित ज्येष्ठ नागरिकलाई समेत प्रदान गरिदै आएको छ। यसले समाजमा पछाडि परेका अशक्तहरूलाई सम्मानपूर्वक बाँच्न प्रोत्साहन हुने विश्वास गरिएको छ।

सामाजिक सुरक्षा ऐन, २०७५ अनुसार देहाय बमोजिमका नेपाली नागरिकलाई सामाजिक सुरक्षा भत्ता पाउने उल्लेख गरिएको छ।

(क) जेष्ठ नागरिक, (ख) आर्थिक रूपले विपन्न, (ग) अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, (घ) असहाय एकल महिला (ङ) अपाङ्गता भएका, (च) बालबालिका (छ) आफ्नो हेरचाह आफैं गर्न नसक्ने (ज) लोपोन्मुख जाति

**ज्येष्ठ नागरिक भत्ताः** दलित र एकल महिला ज्येष्ठ नागरिकले साठी वर्ष उमेर पूरा गरेपछि र अन्य ज्येष्ठ नागरिकले सत्तरी वर्ष उमेर पूरा गरेपछि सामाजिक सुरक्षा भत्ताको रूपमा नेपाल सरकारले तोके बमोजिमको ज्येष्ठ नागरिक भत्ता पाउनेछन्।

**विपन्न नागरिक भत्ताः** आर्थिक रूपले विपन्न नागरिकले तोकिए बमोजिम सामाजिक सुरक्षा भत्ताको रूपमा नेपाल सरकारले तोकेको रकम विपन्न नागरिक भत्ता पाउनेछ।

**अशक्त र असहाय भत्ताः** अशक्त र असहाय अवस्थामा रहेको नागरिकले तोकिए बमोजिम सामाजिक सुरक्षा भत्ताको रूपमा नेपाल सरकारले तोकेको रकम अशक्त र असहाय भत्ता पाउने छ।

**असहाय एकल महिला भत्ताः** साठी वर्ष उमेर पुगेका असहाय एकल महिलाले असहाय एकल महिला भत्ता पाउनेछ। सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका, विधवा, न्यायिक पृथकीकरण गरी बसेका (सम्बन्ध विच्छेद) जीवनयापन गर्ने आयस्रोत नभएको, नेपाल सरकारले तोकेको भन्दा न्यून आय भएको र श्रम गर्न नसक्ने साठी वर्ष उमेर नपुगेको असहाय एकल महिलाले समेत यस्तो सुविधा पाउने छन्।

**अपाङ्गता भत्ताः** पूर्ण असक्त अपाङ्गता भएको नागरिकले सामाजिक सुरक्षा भत्ताको रूपमा नेपाल सरकारले तोकेको अपाङ्गता भत्ता पाउनेछन्।

**बाल पोषण भत्ताः** अति विपन्न, लोपोन्मुख र नेपाल सरकारले तोकेका पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाले सामाजिक सुरक्षा भत्ताको रूपमा नेपाल सरकारले तोकेको बालपोषण भत्ता पाउनेछन्।

**लोपोन्मुख जाति भत्ताः** लोपोन्मुख जातिका नागरिकले नेपाल सरकारले तोकेको सामाजिक सुरक्षा भत्ता पाउनेछन्।

**आफ्नो हेरचाह आफैं गर्न नसक्नेलाई स्याहार भत्ताः** आफ्नो हेरचाह आफैं गर्न नसक्ने नागरिकले नेपाल सरकारले तोकेको सामाजिक सुरक्षा भत्ता पाउनेछन्।

# परिच्छेद ४: आर्थिक अवस्था

## ४.१ प्रमुख आर्थिक विवरण

आर्थिक सम्वृद्धिका आधारहरू गाउँपालिकामा हुने मुख्य आर्थिक क्रियाकलापहरू नै हुन । जति आर्थिक क्रियाकलापहरूमा तीव्रता आउँछ त्यति नै गाउँपालिकाको अर्थतन्त्र चलायमान र सुदृढ हुँदै जान्छ। मुख्यतया नेपाली अर्थतन्त्र कृषि, पर्यटन, साना तथा घरेलु उद्योग, वैदेशिक रोजगार, बैङ्किङ, व्यापार, सेवा क्षेत्र आदिमा केन्द्रित छ। उच्च प्रविधिमा आधारित अन्तराष्ट्रिय स्तरका उद्योगहरूको विकास भइनसकेको अवस्थामा धेरैजसो आर्थिक क्रियाकलापहरू निर्वाहमुखी नै रहेका छन्।

### ४.१.१ प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरण

गाउँपालिकामा रहेको कुल जनसंख्या २१९९ मध्ये सबै जनामा कुनै न कुनै किसिमको विशेष सीप वा दक्षता भएको देखिन्छ। यी मध्ये  कृषि पेशामा दक्षता भएका १० जना, पर्यटन गाइड १ जना, पशु स्वास्थ्य कर्मि ५ जना, होटल सम्बन्धि तालिम प्रप्त ९ जना, डकर्मि र सिकर्मि ३ जना, पलम्बिङ सम्बन्धित २ जना, बिद्युत सम्बन्धि दक्षता भएका ८ जना तथा सिलाइबुनाइ सम्बन्धत दक्षता भएका ६ जना रहेका छन भने साहित्य श्रृजना, मूर्तिकला, प्रस्तरकला, काष्ठकला सम्बन्धी संख्या नगण्य रहेको छ। समग्रमा हेर्दा कुनैपनि प्रकारको सीप वा दक्षता हुनु आफैमा राम्रो भएतापनि गाउँपालिकामा आधुनिक समाजमा आवश्यक पर्ने खालका विशेष सिपहरू तथा विश्वविद्यालयबाट प्राज्ञिक सर्टिफिकेट (प्रमाणपत्र) लिएर तयार भएको दक्ष जनशक्ति जस्तै डाक्टर, इन्जिनियर, मेकानिक्स, विषयगत विशेषज्ञहरूको संख्या अत्यन्त न्यून देखिन्छ। दक्ष जनशक्तिको आयस्तर उच्च हुने हुनाले विकास निमार्णमा सहयोग पुग्नुका सबै उक्त जनशक्तिको जीवनयापन गुणस्तरीय हुन्छ। यस प्रकारको जनशक्तिले दिगो विकासमा प्रत्यक्ष भूमिका खेल्दछ। गाउँपालिकामा अधिकांश जनसंख्या अदक्ष वा अर्धदक्ष हुनाले गाउँपालिकाको दिगो विकासमा ठूलो प्रयास गर्नुपर्ने देखिन्छ। साथै मानव संसाधन विकासलाई उच्च प्राथमिकतामा राख्नुपर्ने देखिन्छ। जसको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

### ४.१.२ मुख्य पेशा सम्बन्धी विवरण

**तालिका नं. १७ मुख्य पेशा सम्बन्धि विवरण**

| वडा नं. | उद्योग, व्यापार | कृषि | ज्याला मजदुरी | नोकरी, जागिर | निर्बृत्तिभरण | वैदेशिक रोजगार | वेरोजगार | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३ | ४८ | ३ | ६ | ६ | २ | ० | ५ |
| २ | २ | ४० | ० | १ | ० | १ | ० | ० |
| ३ | ७ | ३७ | १ | १ | ० | २ | १ | ७ |
| ४ | ० | ४० | ६ | ३ | १ | ३ | १ | ० |
| ५ | ३ | १ | २ | ३ | १ | ५ | ११ | ५ |
| ६ | २ | २२ | ७ | ७ | ० | ११ | ४ | २ |
| ७ | ० | २१ | २ | १० | ० | ५ | १ | २ |
| ८ | ० | ५५ | ० | ६ | ० | ० | ० | ० |
| ९ | २२ | १४ | ५ | ६ | ० | ४ | ० | ४ |
| **जम्मा** | **३९** | **२७८** | **२६** | **४३** | **८** | **३३** | **१८** | **२५** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ४.१.३ औसत आम्दानी विवरण

यस गाउँपालिकाका अधिकांश जनसंख्या कृषि पेशामा संलग्न छन । यस गाउँपालिकामा कृषि एवं वनजन्य कच्चा पदार्थको उपलब्धता भएकाले रहेकोले कृषिमा आधारित केही साना तथा घरेलु व्यवसायहरु सञ्चालनमा रहेका छन, भने प्राकृतिक तथा साँस्कृतिक सम्पदाले धनी रहेको यस पालिकाका केही जनसंख्या होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ ।

यस गाउँपालिकामा बिभिन्न आम्दानीका श्रोतहरूबाट प्राप्त आम्दानी घरपरिवारको संख्याले भाग गर्दा आउने वार्षिक रकमको आधारमा गाउँपालिकामा भइरहेका प्रमुख आर्थिक गतिविधिहरूको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । यस गाउँपालिकामा सबैभन्दा वढि आम्दानि ४८ प्रतिसत बैदेशिक रोजगारबाट, १७.३४ प्रतिसत अन्यबाट, १७ प्रतिसत जागिरबाट, ८.४ प्रतिसत होटल व्यावसायबाट, ५.११ प्रतिसत श्रमबाट, ३.१२ प्रतिसत व्यापारबाट, १.२७ पशुपन्छि पालन व्यावसायबाट, १.४ जडिबुटि बेचबिखनबाट, १.२ अन्नवालीबाट आम्दानि गरेर आफ्नो जिविकोपार्जन गरिरहेका छन । कृषि क्षेत्रमा यस गाउँपालिका केन्द्रको रुपमा रहेको र हरेक दृष्टिकोणले सम्भावना बोकेको गाउँपालिका भएकोले समेत यस क्षेत्रमा ध्यानाकर्षण भएको हुँदा यहाँ विभिन्न क्षेत्रमा लगानी गर्न सक्ने, रोजगारि सिर्जना गर्न र आम्दानीका अवसरहरु सिर्जना गर्न सक्ने अवस्था विद्यमान रहेको छ ।

भौगोलिक रुपमा बिकट भएका कारण आवश्यक भौतिक तथा सामाजिक पूर्वाधारको अवस्था त्यति राम्रो छैन । शिक्षा, स्वास्थ्य, गरिबी निवारण लगायतका सूचकहरु पनि देशका अन्य स्थानीय तहको तुलनामा कमजोर देखिन्छ । नासो गाउँपालिकामा विभिन्न आर्थिक र वित्तिय कारोवारहरु बैकिङ्ग प्रणाली मार्फत हुने गरेको छ । आधुनिक अर्थव्यवस्थामा आर्थिक कारोबार बैङ्कबाट हुँदा त्यो व्यवस्थित र सहज हुन जान्छ । यसर्थ आधुनिक आर्थिक प्रणालीमा ग्रामीण जनताहरूको समेत बैङ्किङ सेवामा पहुँच सहज रुपमा पुग्न सकोको छैन । यहाँ प्रभु र एनआईसि एसिया बैंकले सेवा उपलब्ध गराइ रहेको छ ।

## तालिका नं. १९: गाउँपालिकाको औषत आम्दानि विवरण

| विवरण/ वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | प्रतिसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| माहुरी पालन | ० | १७००० | ० | १५८८०० | ० | ३२००० | ८५०० | ० | ० | २१६३०० | ०.०३ |
| माछा पालन | ० | ० | ० | ० | ० | ० | ० | १२०००० | ० | १२०००० | ०.०१ |
| अन्नवाली | ६८००८ | १२९५००५ | ५२८०१२ | २५४४००५ | ५०००० | ११९१००८ | ५६५००० | १८५५५०० | १६०००० | ८२५६५३८ | १.२ |
| फलफूल | ३००००० | ७०००० | ४४५०० | ५४३००० | ४०००० | ९०५००० | ८७४००० | १८००००० | २४६७००० | ७०४३५०० | १.०२ |
| पशुपन्छी | ११४५००० | ८५००० | ११२५००० | ९४७००० | ११०००० | ५७७००० | १७९५००० | २११०००० | ७७०००० | ८६६४००० | १.२७ |
| तरकारी | ३५००० | ९५००० | २००० | ३२२००० | ४०००० | १३८००० | ५१००० | १४२००० | २१५००० | १०४०००० | ०.१५ |
| दलहन | ० | ० | १५०० | ९७००० | ० | ० | ० | ४५००० | १०००० | १५३५०० | ०.०२ |
| जडिवुटी | ० | १३०००० | ० | १३८००० | ८००० | ५५३५००० | ३०७०००० | ० | ६९०००० | ९५७१००० | १.४ |
| श्रम | २०१०००० | १७३५५००० | १५२१००० | ४८९५००० | १४४०००० | ३४८७००० | ८४७००० | २८५५००० | ११६०००० | ३५५७०००० | ५.१९ |
| व्यापार | १६००००० | १२४०००० | ४२०००० | ६७२०००० | ५०३०००० | २५००००० | ० | ६५०००० | ३२००००० | २१३६०००० | ३.१२ |
| वैदेशिक रोजगार | ६३२०००० | ५०५०००० | ३१०००० | १०४१५०००० | ९२६००००० | ६०५२०००० | २७४००००० | १७८२०००० | १६७००००० | ३३०८७०००० | ४८.३२ |
| जागिर | ५९९०००० | २८१२००० | ७७३०००० | १९८३२००० | ५८३०००० | १६०१७८०० | ६७००००० | १०१७७००० | ९२९५००० | ८४३८३८०० | १२.३२ |
| अन्यबाट | ५२५८७००० | ० | ० | ८००००० | ८००००० | ५६३४७००० | १६१६००० | ५००००० | ६१२८००० | ११८७७८००० | १७.३४ |
| पर्यटन व्यावसाय | २००००० | ४००००० | ० | ४४७००० | ० | २०००१० | ० | ० | ० | १२४७०१० | ०.१९ |
| होटल ब्याबसाय | ६७५०००० | ९००००० | ७९७०००० | ९६३००० | २०००० | १८२५०००० | १४७००००० | ० | ७९०५००० | ५७४५८००० | ८.४ |
| **जम्मा** | **७७००५००८** | **२९४४९००५** | **१९६५२०१२** | **१४२५५६८०५** | **१०५९६८०००** | **१६५६९९८१८** | **५७६२६५००** | **३८०७४५००** | **४८७००००००** | **६८४७३१६४८** | **१००** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ४.१.४ औसत खर्च विवरण

**तालिका नं. २०: औसत खर्च विवरण**

| विवरण/वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | प्रतिसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| खाध्यान्न | ७०९०००० | २११५००० | ९३८०००० | १७६५५००० | ८१८०००० | १२०६३००० | २२५४००० | ४६२५००० | ६२६०००० | ६९६२२००० | **१७.६८** |
| लत्ता कपडा | ४१६०००० | ७०७००० | २८४५००० | ४६६२००० | ४६२०००० | ८६६२००० | १५४८००० | १९०९००० | २६२८००० | ३१७४१००० | **८.०५** |
| शिक्षा | १२३५०००० | १२५०००० | १३३१०००० | ११९९५००० | ४२२४००० | २२४७९००० | ५५६०००० | ४५२३००० | ७१०५००० | ८२७९६००० | **२१.०२** |
| स्वास्थ्य | ४५७५००० | २६२००० | १७२५००० | ७४६७००० | ३७०८००० | ७४५३००० | ७२८००० | ८८७५०० | २९३२००० | २९७३७५०० | **७.५४** |
| चाडपर्वमा | ४२६५००० | ११९०००० | ३६६५००० | ८६८७०८० | ३७६५००० | १०८७१५०० | २४५१५०० | ४४८०००० | २६०६००० | ४१९८१०८० | **१०.६६** |
| कृषिमा | ७४२००० | २६४००० | ५१००० | ११५९००० | १३५००० | १७३२००० | ६३०००० | ६९९००० | ७१५५०० | ६१२७५०० | **१.५६** |
| इन्धनमा | ४१८०१००० | ३११५०० | २२९८०३०० | ४९३१३०० | २१७६००० | ४४०६२००० | १३०००० | ६९०००० | २३०२००० | ११९३८४१०० | **३०.३** |
| सञ्चारमा | १५१२५०० | १०४००० | १०९७००० | ३२००२०० | २२०५२०० | २६८७५०० | ६६७५०० | ११९००० | ९०४००० | १२४९६९०० | **३.१७** |
| **जम्मा** | **७६४९५५००** | **६२०३५००** | **५५०५३३००** | **५९७५६५८०** | **२९०१३२००** | **११००१००००** | **१३९६९०००** | **१७९३२५००** | **२५४५२५००** | **३९३८८६०८०** | **१००** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

माथि दिइएको तालिकामा यस गाउँपालिकाको वडा अनुसारको बार्षिक औसत खर्च विवरणलाई देखाइएको छ। यस गाउँपालिकामा ४७० घरधुरी र २१९९ जनसंख्या रहेको छ, जसको बार्षिक अनुमानित खर्च ३९,३८,८६,०८०।- देखिन्छ। जहाँ सबैभन्दा वढि ३०.३ प्रतिसत इन्धनमा खर्च हुने देखाउछ, यहाँ इन्धन भन्नाले ग्याँस, गाडिमा राख्ने इन्धन आदि लाइ बुझाउछ। दोश्रोमा शिक्षामा २१.०२ प्रतिसत खर्च भएको देखिन्छ; भने खाध्यान्नमा १७.६८ प्रतिसत खर्च भएको देखिन्छ। ८.०५ प्रतिसत खर्च लत्ता कपडामा हुने देखिन्छ भने स्वास्थ्यमा ७.५४ प्रतिसत खर्च भएको देखिन्छ, सञ्चारमा ३.१७ प्रतिसत खर्च हुदा चाडपर्वमा १०.६६ प्रतिसत खर्च भएको देखिन्छ। जसलाइ माथि दिइएको तालिकामा प्रस्ट पारीयको छ।

### ४.१.५ विपन्नता स्तरीकरण विवरण

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था लागू भइसकेको र स्थानीय सरकारमा धेरै हक अधिकारहरू प्रत्याभूत भइसकेको र दिगो विकास लक्ष्यको लक्ष्य १ मा सबै प्रकारका गरीबीको अन्त्य गर्ने उल्लेख भएको अवस्थामा यस्ता गरीबीमा रहेको जनसंख्यालाई लोक कल्याणकारी राज्यको मूल मर्मअनुसार सवलीकरण र संरक्षण गर्नु आवश्यक देखिन्छ।


हिमालि जिल्लामा रहेको गाउँपालिका भएका कारण यस पालिका वासिहरूको आवश्यक खाध्यान्न यसै जिल्ला वा पालिकामा उत्पादन हुदैन। समयको परीवर्तन संगै नेपालिहरूको खाने वानिमा पनि परिवर्तन हुदै गएको पाइन्छ। यस गाउँपालिकामा रहेका कूल घरपरिवारहरूमध्ये आफ्नै वार्षिक कृषि उत्पादनले बाह्र महिना धान्नेको संख्या २८ घरपरिवार अर्थात ५.८३ प्रतिशत रहेको छ। यहाँ ३ महिनासम्म मात्र खाधान्न पुग्ने घरपरिवारको संख्या ३२९ अर्थात ७० प्रतिशत रहेको छ। यस गाउँपालिकामा १ बर्ष सम्म खाएर बेच्ने घरपरीवारको संख्या एकदमै नगन्य छ ३.८३ प्रतिसत मात्र। बार्षिक कृषि उत्पादनले धान्ने परिवारहरुको विवस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. २१: विपन्नता स्तरीकरण विवरण**

| कृषि उत्पादनले परिवार चलाउन पुग्ने महिना | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | प्रतीशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ महिना सम्म | ४८ | ३० | ४७ | २९ | ३० | ५४ | ३९ | ३६ | १६ | ३२९ | ७० |
| ६ महिनासम्म | २४ | १४ | ४ | १४ | ० | १ | २ | २३ | ९ | ९१ | १९.३६ |
| ९ महिनासम्म | ० | ० | ० | १ | ० | ० | ० | ० | ३ | ४ | ०.८५ |
| १ बर्ष सम्म | १ | ० | ५ | १० | ० | ० | ० | २ | १० | २८ | ५.९६ |
| १ बर्ष सम्म खाएर बेच्ने | ० | ० | ० | ० | १ | ० | ० | ० | १७ | १८ | ३.८३ |
| **जम्मा** | ७३ | ४४ | ५६ | ५४ | ३१ | ५५ | ४१ | ६१ | ५५ | ४७० | १०० |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

माथिको तालिकालाई तल बार डायग्राममा यसरी देखाईन्छ।



### ४.१.६ खाद्य सुरक्षाकोअवस्था

मौलिक हक अन्तर्गत नेपालको संविधानको धारा ३६ मा खाद्य सम्बन्धी हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा २ मा प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ भने उपधारा ३ मा प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य संम्प्रभुताको हक हुनेछ भनी स्पष्ट उल्लेख छ। सरकारले २०७७ सालदेखि धान तथा उखुको समर्थन मूल्य तोक्न पनि थालेको छ। यसलाई खाद्य संप्रभुता कार्यान्वयनको एक अंशको रुपमा पनि लिइएको छ। गाउँपालिकाले पनि जीवनको प्रमुख आधारको रुपमा रहेको खाद्यान्नको सूरक्षा र आपूर्तिको अवस्था प्रति संवेदनशील हुनुपर्ने देखिन्छ। गाउँपालिकामा प्रशस्त मात्रामा रहेको खेतीयोग्य जमिनलाई सिँचाइको समुचित प्रबन्ध गरी वैज्ञानिक पद्धतिमार्फत उत्पादन बढाउन सके आत्मनिर्भर बन्ने सहज परिस्थिति निर्माण हुन सक्ने कुरामा कुनै दुविधा छैन।

### ४.१.७ आवास संरचना विवरण


#### क - घरको स्वमित्वको आधारमा घरधुरीको विवरण

यस गाउँपालिकामा घरको स्वामित्वको आधारमा २ प्रकारका आवास संरचनाहरुको प्रयोग गरेको पाउन सकिन्छ। महिला स्वामित्व भएका घरपरीवार तथा पुरूष स्वामित्व भएका घरपरीवार। यस गाउँपालिकामा पुरूष घरमूलि भएको घर ३७२ अर्थात ७९.१५ प्रतिसत छन भने महिला घरमूलि भएको घरहरू ९८ अर्थात २०.८५ प्रतिशत रहेका छन। भूकम्पीय दृष्टिकोणले संवेदनशील रहेको नेपालमा घरहरू निर्माण गर्दा भूकम्प प्रतिरोधी बनाउनु आवश्यक छ। अति विपन्न परिवारका लागि एकीकृत बस्ती निर्माण गरी सरकारले उनीहरूको आवास सुरक्षाको अधिकार सुनिश्चित गरेको खण्डमा राज्यको लोककल्याणकारी भूमिका पुष्टि हुन्छ।

**तालिका नं. २२, घरको स्वमित्वको आधारमा घरधुरीको विवरण**

| घरको स्वामित्व/वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | प्रतीशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला घरमूलि | १४ | ५ | ११ | १८ | ११ | ८ | ८ | ७ | १६ | ९८ | २०.८५ |
| पुरूष घरमूलि | ५९ | ३९ | ४५ | ३६ | २० | ४७ | ३३ | ५४ | ३९ | ३७२ | ७९.१५ |
| जम्मा | ७३ | ४४ | ५६ | ५४ | ३१ | ५५ | ४१ | ६१ | ५५ | ४७० | १०० |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०




## ख - जगको आधारमा घरधुरीको विवरण

**तालिका नं. २३, जगको अधारमा घरधुरीको विवरण**

| विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | प्रतीशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सिमेन्टको जोडाइ भएको ईंटा/ढुङ्गा | ४३ | ११ | २० | २० | १० | १५ | १३ | १८ | २८ | १७८ | ३७.८७ |
| माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | १६ | १२ | २१ | २५ | १७ | २१ | ११ | २४ | १२ | १५९ | ३३.८३ |
| काठको खम्बा गाडेको | १४ | २१ | १४ | ६ | १ | १० | १३ | १९ | १५ | ११३ | २४.०४ |
| अन्य | ० | ० | १ | ३ | ३ | ९ | ४ | ० | ० | २० | ४.२६ |
| **जम्मा** | **७३** | **४४** | **५६** | **५४** | **३१** | **५५** | **४१** | **६१** | **५५** | **४७०** | **१००** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०




## ग) - बाहिरी गारोको आधारमा घुरधुरीको विवरण

**तालिका नं. २४, बाहिरी गारोको आधारमा घुरधुरीको विवरण**

| विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | प्रतीशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सिमेन्टको जोडाइ भएको ईँटा/ढुङ्गा | ४६ | १० | २१ | २२ | ११ | १० | ६ | १३ | २८ | १६७ | ३५.५३ |
| माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | १३ | १९ | १५ | २१ | १६ | १६ | १३ | २२ | १४ | १४९ | ३१.७ |
| बाँसजन्य सामग्री | ० | ० | ० | ० | ० | १६ | ० | ० | ० | १६ | ३.४ |
| काठ/फल्याक | १३ | १४ | ९ | ७ | १ | ७ | ११ | २६ | १२ | १०० | २१.२८ |
| जस्ता/टिन/च्यादर | १ | १ | १० | १ | ० | ० | ७ | ० | १ | २१ | ४.४७ |
| प्रि फ्याब | ० | ० | ० | ० | ० | ५ | ४ | ० | ० | ९ | १.९१ |
| अन्य | ० | ० | १ | ३ | ३ | १ | ० | ० | ० | ८ | १.७ |
| **जम्मा** | ७३ | ४४ | ५६ | ५४ | ३१ | ५५ | ४१ | ६१ | ५५ | ४७० | १०० |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०



### ४.१.८ गरिबीको दर (गरिबीको रेखामुखी रहेको जनसंख्या)

विश्व बैङ्कको सहयोगमा केन्द्रिय तथ्याङ्क विभागले तयार पारेको "नेपालमा गरिबी : नेपाल जीवनस्तर सर्वेक्षण तेस्रो २०६६/६७" नाम दिएर प्रकाशन गरिएको प्रतिवेदनमा नेपालमा सालाखाला गरिबीको रेखामुनि रहेको जनसंख्या २५ प्रतिशत रहेको उल्लेख छ। त्यस पश्चात थप प्रतिवेदन तयार भएको छैन भने हाल त्यो प्रतिशत घटेको अनुमान लगाउन सकिन्छ। उक्त प्रतिवेदनमा औषतमा प्रतिव्यक्ति प्रतिवर्ष रु. १९,२६१ रुपैयालाई गरिबीको रेखा मानिएको छ भने त्यो शहरी क्षेत्रमा बढी अर्थात् ४०,९३३ र ग्रामीण क्षेत्रमा १५,९९८ रहेको उल्लेख छ।

### ४.१.९ आयात र निर्यातको अवस्था

कुनै पनि गाउँपालिका आर्थिकरुपले सबल हुनका लागि आयात भन्दा निर्यात बढी हुनु अनिवार्य छ। आयात भन्दा निर्यातको आयतन ठूलो हुँदा यसले व्यापार नाफा वृद्धि भई आर्थिक स्तर माथि उठ्न मद्दत गर्दछ। गाउँपालिका भित्र उत्पादन हुने उपजहरूलाई प्रर्वद्धन गरी स्थानीय स्तरमा उत्पादन हुने उपजमा आत्मनिर्भर भई निर्यात बढाउन सकेमात्र गाउँपालिकाको आर्थिक हैसियत वृद्धि हुन सक्छ।

गाउँपालिकाबाट तरकारी, दालजन्य उत्पादनहरु जस्तै कोलो (सिमि), पशुजन्य उत्पादनमा खसीबोका, फलफूल, जडिबुटि, लगायतका उत्पादनहरु जिल्ला लगायतका स्थानमा निर्यात गर्ने गरिन्छ भने अतिरिक्त खाद्य सामाग्री लत्ता कपडा, घरायसी विद्युतीय उपकरण, निर्माण सामाग्रीहरू, शिक्षण सामाग्री, फलफूल स्वास्स्थ्य औषधी तथा उपकरण जस्ता वस्तुहरूको आयात हुने गरेको छ। निर्यातभन्दा आयात बढी हुनुले गाउँपालिकाको व्यापार घाटा स्पष्ट अनुमान गर्न सकिन्छ। यद्यपि यकिन तथ्याङ्कका लागि भने गाउँपालिकाले विशेष पहलकदमी लिन जरुरी छ।

### ४.१.१० औद्योगिक कच्चा पदार्थ उत्पादनको अवस्था

स्थानीय श्रोतमा आधारित कच्चा पदार्थको प्रचुरताका हिसाबले नेपाल सम्पन्न रहेतापनि यसको दिगो सदुपयोगमा भने निकै पछाडि परेको यर्थाथ हामी सामु छ। हामी कहाँ उपलब्ध श्रोतहरूमा जडिबुटी, ढुङ्गा, मार्बल, स्लेट, फलफूल, कोलो (सिमि), मकै, आलु, खस्सी बोका, च्यांग्रा, घोडा, खच्चर आदि पर्दछन्। यस प्रकारका कच्चा पदार्थहरूको व्यवसायिक उत्पादन र दिगो सदुपयोग गर्दा गाउँपालिकाको अर्थतन्त्रमा प्रत्यक्ष सकारात्मक योगदान पुग्दछ। गाउँपालिकामा प्रशस्त मात्रामा वन क्षेत्र भएकाले वनपैदावरमा आधारित उद्योगहरू सञ्चालन गर्न सकिन्छ। साथै व्यवसायिक पशुपालनबाट पनि प्रशस्त लाभ उठाउन सकिन्छ।

### ४.१.११ बेरोजगारी सम्बन्धी विवरण

सामान्यतया कुनै पनि काम गर्न योग्य व्यक्ति काम गर्ने इच्छा र तत्परता देखाउँदा समेत उसले काम गर्ने अवसर प्राप्त गर्दैन भने त्यसलाई बेरोजगार भनिन्छ। अर्को शब्दमा भन्ने हो भने शारीरिक तथा मानसिक रूपमा काम गर्न सक्षम उमेर पुगेका भुक्तानी प्राप्त हुने काम नपाएका सबै जनशक्तिलाई बेरोजगार भनिन्छ। वर्तमान समयमा नेपालका विभिन्न समस्या मध्ये बेरोजगारी समस्या एक प्रमुख समस्याको रूपमा विद्यमान रहेको पाइन्छ।

नेपालको श्रमबजारमा प्रतिवर्ष पाचँ लाख भन्दा बढी नयाँ युवा श्रम बजारमा प्रवेश गर्छन्। तर, दुर्भाग्य, हाम्रो नेपालको रोजगारी वृद्धिदर ३.२५ छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट वैधानिक रूपमा श्रम स्वीकृति लिएर मात्रै प्रतिदिन करिब एक हजार देखि पन्ध्र सय युवा रोजगारीको सिलसिलामा विदेश जान्छन् र प्रतिदिन लगभग तीन देखि दश वटा लास बाकसमा भित्रने गर्दछ। 'बिदेसिनु रहर होइन बाध्यता हो' भन्ने युवा जमातका लागि बेरोजगारी समस्या अभिशापतुल्य भएको पाइन्छ। नेपाली श्रमिक विदेशी भूमिमा गएर थ्रीडी (डर्टी, डिफिकल्ट एन्ड डेन्जरस) काम गर्न बाध्य भएको पाइन्छ। ०७१ मा अर्थ मन्त्रालयले दिएको तथ्याङ्क अनुसार उच्च शिक्षा बेरोजगारीको प्रतिशत २६.१५ रहेको पाइन्छ। जसको परिणाम स्वरूप बौद्धिक पलायन (ब्रेनड्रेन) को समस्या सहजै देख्न सकिन्छ।

नेपालमा बेरोजगारीका प्रमुख कारणहरू : उच्च जनसङ्ख्या वृद्धिदर, सुस्त व्यापार वृद्धि, प्रविधिको प्रयोग, मौसमी रोजगार, पुँजी अभाव, कमजोर शैक्षिक गुणस्तर, सीप तथा दक्षतामा बेमेल, सुशासन र कुशल नेतृत्वको कमी, परनिर्भरता, प्रविधिमा तरलता, श्रमको दर्जा, उद्योगहरू टाट पल्टनु, राजनीतिक अस्थिरता, चक्रीय बेरोजगार आदि हुन ।
यस नासो गाउँपालिकामा पनि बेरोजगार समस्याबाट अछुतो रहन सकेको छैन । यहाँका युवाहरू खाडि लगायतका बैदेशिक रोजगारमा गएका र केहि युवाहरूयहि बेरोजगार भएर बसेको पाईन्छ । जसमा वडा नम्बरहरू १,२,३,४,५, ६,७,८ र ९ बाट क्रमसः ०,०,७,०,५,२,२,० र ४ जना (जम्मा १८ जना) बेरोजगार भएको घरधुरी सर्बेक्षण २०८० ले देखाएको छ ।


### ४.१.१२ वैदेशिक रोजगारीमा गएकाहरूको विवरण

वैदेशिक रोजगार आय आर्जनका लागि आफ्नो देश भन्दा बाहिर गएर शारिरीक अथवा मानसिक श्रम गर्ने रोजगारी हो । विश्व बजारमा वैदेशिक रोजगारीका लागि विभिन्न देशका जनशक्तिहरू खपत हुने गर्दछन् । बर्तमान नेपाली अर्थतन्त्र वैदेशिक रोजागारको बिप्रेषणले धानिरहेको अवस्था छ । नेपालले अन्तर्राष्ट्रिय श्रम बजारमा आवश्यकता अनुरुपका युवा जनशक्तिहरूलाई सिमित समयका लागि आधिकारिक तवरले पठाउँदै आएको छ । नेपाली युवा श्रमिक कामदारहरूको रोजगारीको आकर्षक गन्तब्यको रूपमा रहेका मुलुकहरूमा मलेसिया , दुबई , साउदी अरब , कुबेत, बहराइन आदि मुलुकहरू रहेका छन । अमेरिका अस्ट्रेलिया क्यानडा लगाएतका मुलुकहरूमा पनि बहुसंख्यक नेपाली कामदारहरु वैदेशिक रोजगारको लागि पुगेका छन् ।
यसै क्रममा यस नासो गाउँपालिकाका केहि युवाहरूपनि बैदेशिक रोजगारमा छन । जसमा वडा नम्बरहरू १,२,३,४,५, ६,७,८ र ९ बाट क्रमसः २,१,२,३,५,११,५,० र ४ जना (जम्मा ३३ जना) बैदेशिक रोजगारमा गएको घरधुरी सर्बेक्षण २०८० ले देखाएको छ ।

### ४.१.१३ सुकुम्बासी सम्बन्धी विवरण

नेपालमा परिवारको जमिन माथिको स्वामित्वको विषयलाई आर्थिक हैसियतसँग गाँसेर हेरिन्छ । नेपालको अर्थतन्त्र कृषिमा आधारित हुँदा जमिन माथिको स्वामित्वलाई आर्थिक हैसियतसँग गाँसेर हेर्नु स्वाभाविक भएतापनि पछिल्लो समयमा वैदेशिक रोजगार लगायत अन्य सेवा क्षेत्रमा मानिसहरूको पहुँच वृद्धि हुँदा गैह्र कृषि क्षेत्रबाट आफ्नो आर्थिक हैसियत निर्माण गर्ने परिपाटी सुरु भएको पाईन्छ । अर्कोतर्फ जमिनमाथिको स्वामित्वलाई आफ्नो थातथलो वा आवासको स्थलका रुपमा समेत हेरिन्छ । यसर्थ हरेक नागरिकको जमिनमाथिको स्वामित्वलाई सदियौंदेखि एक प्रमुख आर्थिक सामाजिक तथा राजनैतिक मुद्दाको रुपमा हेरिँदै आएको छ । त्यस्तै नेपालमा जमिनको वितरण अवैज्ञानिक रहेको छ ।

## ४.१.१४ स्रोत नक्शा


PRESENT LAND USE MAP
NASHONG RURAL MUNICIPALITY
MANANG DISTRICT
N
Himlung
Cheo
Karche
Katee
Singje
Kyupar
Tachai
Plamne
Kromche
Chhaijo
Tal
Gherang
Namun Bhanjyang
1
2
3
4
5
6
7
8
9
Legend
Settlement
Ward Boundary
Municipal Boundary
Land Use Types
Agricultural
Forest
Residential
Commercial
Riverine, Lake and Marsh Area
Cultural and Archeological
Mine and Minerals
Public Use
Industrial
Other
0 2.5 5 10 Km
1:200,000
Projection and Datum Information
Projection: Modified Universal Transverse Mercator
False Easting: 500,000 m
False Northing 0 m
Central Meridian: 84 Degree East
Scale Factor: 0.9999
Latitude Of Origin: 0
Linear Units: Meter
Datum: Everest 1830

## ४.२ भू-उपयोग तथा स्वामित्व

### ४.२.१ वर्तमान भू-उपयोग


मानव जातिको सृष्टि र जनजीवन भू-धरातलमा उपलब्ध प्राकृतिक श्रोतहरूको उपयोगका आधारमा अडेको छ। मानवीय अस्तित्व भित्रका समग्र मानवीय गतिविधिहरू उसले उपयोग गर्ने जमिन तथा जमिनमा उपलब्ध श्रोतहरूमा पूर्णतः निर्भर गर्दछ। तसर्थ भू-आवरण अन्तर्गत मानिसले उपयोगमा ल्याउने वन क्षेत्र, खेतीयोग्य जमिन, जल, बालुवा, हिमाल, पहाड आदिको तथ्याङ्कलाई भू-उपयोग अन्तर्गत उल्लेख गरिएको छ। नासौं गाउँपालिकाको भू-उपयोगसम्बन्धी विवरण निम्नअनुसार उल्लेख गरिएको छ।

गाउँपालिकाको भू-उपयोग सम्बन्धी विवरण

| क्र.स. | भू-उपयोग क्षेत्र | भू-उपयोग क्षेत्र (वर्ग कि.मि.मा) | प्रतिसत |
|---|---|---|---|
| १ | कृषि | ८३. | ११७. |
| २ | व्यवसाय | ०३७. | ००५. |
| ३ | बन | ७७५६. | १०.९३ |
| ४ | सार्वजनिक | ५८८९. | ८३ |
| ५ | आवास | ०४६. | ००६. |
| ६ | खोलानाला तथा नहर | ३३९९. | ४७९. |
| **जम्मा** | | **७०९५८.** | **१००.** |

*Source: Detail Study, Field Survey, analysis of Land use Zoning of Nason Rural Municipality, 2080*

यस गाउँपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा ८३ प्रतिशत अर्थात सबैभन्दा सार्वजनिक जमिनले ओगटेको छ जसमा यस इलाकामा रहेका पहाड ,हिमाल रहेको छ भने दोस्रोमा बन जंगल तथा बनस्पतीले ओगटेको क्षेत्र रहेको छ जसमा १०.९३ प्रतिसत ओगटेको छ। उपलब्ध जमिनमध्ये खेतीयोग्य जमिनको अंश धेरै कम रहेको छ। सम्पूर्ण खेतीयोग्य जमिनमा वैज्ञानिक कृषि प्रणाली अबलम्बन गर्न सके पनि उत्पादनको राम्रो सम्भावना देखिदैन यहाको उत्पादनले यहाँको भोक मेट्न सक्ने देखिदैन। यस गाउँपालिकाको भू-उपयोगको अर्को उल्लेखनीय पक्ष भनेका यहाँको वनजंगल तथा बनस्पतीले ढाकेको क्षेत्र हो समग्र भूभागको १०.९३ प्रतिशत बन क्षेत्र रहनु गाउँपालिकाबासीको लागि सुखद रहेको छ। नदी तथा खोलानालाले गाउँपालिकाको ४.७९ प्रतिशत क्षेत्र ओगटेको छ। यस गाउँपालिकामानै पंकर ताल, डोना ताल, डाफे ताल जस्ता जलासय रहेका छन। यहाँको अन्य भू-उपयोगको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।





### ४.२.२ भू-स्वामित्व

यस गाउँपालिकास्थित ४७० घरपरिवारहरू मध्ये ४३१ अर्थात ९१७. प्रतिशत घरपरिवारहरू बसोबास गर्ने घर निजि स्वामित्वको जमिनमा निर्माण भएको, २१ अर्थात् ४ ४७.प्रतिशत घरपरिवारहरू बसोबास गर्ने घरधुरीहरू आफन्तको घरमा/ जमिनमा बसोबास गरीरहेका छन। त्यसैगरी १२ घरपरिवार अर्थात २५५. प्रतिशत बसोबास गरीरहेका छन। घर भएको जग्गाको स्वामित्व सम्बन्धी वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

परिवार बसोबास गरिरहेको घर रहेको जग्गाको स्वामित्वको आधारमा घरपरिवारको विवरणः

| वडा | निजी | आफन्त | भाडा | अन्य | जम्मा घरपरिवार संख्या |
|---|---|---|---|---|---|
| १ | ७३ | ० | ० | ० | ७३ |
| २ | ४१ | ० | ३ | ० | ४४ |
| ३ | ५२ | ३ | १ | ० | ५६ |
| ४ | ४९ | ५ | ० | ० | ५४ |
| ५ | २९ | ० | १ | १ | ३१ |
| ६ | ४३ | ८ | ० | ४ | ५५ |
| ७ | ३७ | ३ | ० | १ | ४१ |
| ८ | ६० | १ | ० | ० | ६१ |
| ९ | ४७ | १ | ७ | ० | ५५ |
| **जम्मा** | **४३१** | **२१** | **१२** | **६** | **४७०** |
| **प्रतिशत** | **९१७** | **४४७** | **२५५** | **१२८** | **१००** |

श्रोतः घरधुरी तथ्याकं संकलन, २०८०




### ४.२.३ खेतीयोग्य जमिन सम्बन्धी विवरण

वैज्ञानिक र व्यवसायिक ढङ्गले भू-उपयोग नहुँदा कृषि क्षेत्रमा ठुलो घाटा व्यहोर्नु परेको अवस्था छ । गाउँमा उपलब्ध सम्पूर्ण खेतियोग्य जमिनको वैज्ञानिक र व्यवसायिक ढङ्गले सदुपयोग हुन सकेको पाइँदैन । खेतियोग्य जमिनको उपलब्धता भएपनि पूर्ण सदुपयोग नहुँदा एकातर्फ जमिन बाँझो हुँदै जाने त अर्कोतर्फ कृषि उत्पादनमा कमी भई आयात गर्नुपर्ने अवस्था श्रृजना हुन सक्छ । भू-सूचना प्रणालीबाट प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकामा ८.३ वर्ग कि.मि. अर्थात १.१७ प्रतिशत जमिन खेतियोग्य रहेको छ । यो गाउँपालिका हिमाली जिल्लामा रहेको स्थानिय तह भएका कारण यसको खेति योग्य जमिन एकदमै कम रहेको छ ।

जमिन खेतियोग्य भएर मात्र हुँदैन त्यसमा सिँचाईको सुविधा हुनुपर्दछ । खेतियोग्य जमिनमा खेतिपाती गरी पूर्ण सदुपयोग गर्न त्यसमा सिँचाईको सुविधा पुर्याउनु अनिवार्य हुन्छ । तसर्थ स्थानीय तहहरूले आफ्नो क्षेत्रमा रहेको खेतियोग्य जमिनको यथार्थ विवरण तयार पारी त्यसमध्ये सिँचाई पुगेको र नपुगेको जमिनको समेत सही तथ्याङ्क हुनुपर्दछ । यस पश्चात सिँचाई नपुगेको जमिनमा एक वा बैकल्पीक उपायले सिँचाई पुर्याउन प्राथमिकता केन्द्रित गर्नु आवश्यक हुन्छ ।

### ४.२.४ बाँझो जमिन सम्बन्धी विवरण


गाउँघरमा कतिपय क्षेत्रहरू प्रयोगहीन अवस्थामा बाँझो रहेका हुन्छन् । सबै प्रकारका जमिनहरूको एक वा अर्को प्रकारले सदुयोग गर्न सकिन्छ । जमिन आफैमा एक अमूल्य प्राकृतिक सम्पदा हो । खेति नहुने क्षेत्रमा डालेघाँस वा जडिबुटी लगाउन सकिन्छ भने उपयुक्त स्थानहरू भए खुल्ला क्षेत्र, मनोरञ्जन स्थल, पार्क वा बगैंचाको रुपमा समेत विकास गर्न सकिन्छ । खेति नहुने अवस्थामा आवास विकासका लागि समेत यस्तो जमिनको सदुपयोग गर्न सकिन्छ ।

### ४.२.५ बाढी पहिरोको जोखिममा रहेको जमिनको विवरण

यस गाउँपालिकाको विभिन्न वडामा जोखमयुक्त रहेका वस्तिहरूको विवरण वडानुशार वडा नं. १ मा ताल वस्ति छहरे खोला र मर्स्याङ्दी खोलाको जोखिममा रहेको छ। वडा नं. २ मा प्रोनो, च्योनो, हिमाडाँडा, चेदाखु, केउमी पहिरो जाने स्थान रहेका छन भने वडा नं. ३ मा खोत्रो जाने बाटोमा रहेको वस्ति पहिरोको जोखिममा रहेको छ । वडा नं. ५ मा

तामाराँगको ठूलो पुरै वस्ती, पहिरो को जोखिममा रहेको छ। वडा नं. ६ मा थोती, ह्युमोडेदू, सगाने , क्यदुरु , दुधखोला, तिल्चे खोला , कानी कयुसी, मोहान, एकलेयो, पहिरोको जोखिममा रहेका छन। वडा नं. ७ मा हिम ज्योति, क्युकेलोसी, घवाखो्ला, कार्ते बगर, सुदी खोला, बुद बगर, माचे , मनी , चुगंले, फेदी, चौली फेदी , कार्पे देउराली जोखिमयुक्त रहेको छ भने वडा नं. ८ मा गाउँको मुनि पहिरो र मर्स्याङ्दी नदिले जोखिम निम्त्याइ रहेको छ। अन्त्यमा वडा नं. ९ मा बगरछाप ठाडोखोला , बगरेछाप, मर्स्याङ्दी नदि किनारा, दानक्यु ठाडो खोल, घुम्ने पहिरोगस्त क्षेत्रहरू हुन। माथी उल्लेखित स्थानहरूमा वाढि पहिरो जानसक्ने स्थानमा तारजालि, तटबन्ध आदिको ब्यबस्था गरेर वस्तिहरूलाइ जोगाउनु पर्ने देखिन्छ।

## ४.२.६ स्रोत नक्शा


LOCATION MAP
NASHONG RURAL MUNICIPALITY
MANANG DISTRICT
Legend
School/Colleges
Religious Places
Settlement
Road
Built up
River
Municipal Boundary
CHINA
N
NARPA BHUMI RURAL MUNICIPALITY
CHUM NUBRI RURAL MUNICIPALITY
NASHONG RURAL MUNICIPALITY
CHAME RURAL MUNICIPALITY
MARSYANGDI RURAL MUNICIPALITY
MADI RURAL MUNICIPALITY
Himlung
Cheo
Karche
Katee
Kyupar
Danakyu
Dharapanee
Kromche
Namun Bhanjyang
0
4.25
8.5
17 Km
MANANG
Narpa Bhumi
Manang Ngisyang
Nashong
Chame
NEPAL
CHINA
INDIA
0
125
250
500 Km

## ४.३ कृषि तथा पशुविकास

आज उच्चतम विकास हासिल गरेका औद्योगिक राष्ट्रहरूको विकासको मेरुदण्ड कृषि नै रहेको इतिहासले देखाउँछ। यूरोप, अमेरिका तथा एसियाली महाशक्ति राष्ट्रहरूको सम्पन्नताको आधारशीला समेत कृषि क्रान्तिमा आधारित भएको पाईन्छ। तसर्थ तत्कालका लागि कृषि बाहेकका अन्य विकल्पहरू न्यून रहेको र कृषिमा पर्याप्त संभावना रहेको हाम्रो देशमा विकासका अन्य महत्वाकांक्षी योजना कार्यान्वयन गर्नुपूर्व खाद्यान्न, फलफूल तरकारी साथै समग्र कृषि उपजहरूमा आत्मनिर्भर बनी निर्यात समेत वृद्धि गर्न कृषि क्षेत्रमा क्रान्ति नै गर्नुपर्ने पहिलो अनिवार्य आवश्यकता रहेको छ। उच्च प्रविधिहरू विकास भईसकेको आजको यूगमा समेत हाम्रो निर्वाहमूखी परम्परागत खेति प्रणालीमा सिमित रहिरहनु एक प्रकारको विडम्बना नै हो। तसर्थ स्थानीय सरकारले संभाव्यता अध्ययन गरी व्यवसायिक र वैज्ञानिक कृषिका लागि आवश्यक सम्पुर्ण कृषि पूर्वाधारहरूको विकास मार्फत कृषि उत्पादन र विकासमा क्रान्ति गर्नुपर्ने आवश्यकता रहेको छ।

### ४.३.१ सार्वजनिक पोखरी तथा माछा पालन सम्बन्धी विवरण

कुनै पनि राष्ट्रको विकासका लागि स्वस्थ जनशक्ति तथा उपलव्ध प्राकृतिक श्रोत साधनको उपयोग आवश्यक हुन्छ। स्वस्थ जनशक्तिको उत्पादनका लागि पोषणयुक्त आहाराको महत्वपुर्ण योगदान हुन्छ। प्रोटीन शारिरीक तथा मानसिक विकासका लागि अपरिहार्य पोषक तत्व हो। सामान्य मानिसलाई ४५ ग्राम प्रोटीन प्रति दिन आवश्यक पर्दछ जसको एक तिहाई भाग प्राणीजन्य श्रोतबाट प्राप्त हुनु पर्दछ। यसप्रकार करिब ५.५ किलो प्रोटीन प्रति व्यक्ति प्रति वर्ष आवश्यक हुन आउंदछ। माछा सर्वोत्तम एवं सस्तो प्राणी प्रोटीनको रुपमा विश्वभरी नै प्रख्यात छ। कुनै राष्ट्रले माछाबाट नै प्राणी प्रोटीनको आवश्यकता पुरा गर्न चाहन्छ भने त्यहां माछाको उपलव्धता करिब २८.५ के.जी. प्रति व्यक्ति प्रति वर्ष आवश्यक हुन्छ। नेपाल प्राणी प्रोटीन आपुर्तिमा निकै कमजोर राष्ट्र हो। यहांको कुल आवश्यकताको करिब ५० प्रतिशत मात्र परिपुर्ति हुन सकिरहेको छ जसमा मत्स्यको योगदान २० प्रतिशत मात्र छ। नेपालमा माछाको उत्पादन करिब २.७ के.जी. प्रति व्यक्ति प्रति वर्ष मात्र छ। जबकि विकसित मुलुकहरुमा यसको उपयोग २८ के.जी प्रति व्यक्ति प्रति वर्ष छ भने विकासशिल राष्ट्रहरुमा करिब ११.१ के.जी. प्रति व्यक्ति प्रति वर्ष रहेको छ।

मत्स्य प्रोटीन अन्य प्रोटीनको तुलनामा अधिक पाचनयोग्य तथा एमिनो एसीडको मात्रा मानव शरिरलाई आवश्यक अनुपातमा रहेको हुंदा यसको पुर्ण उपयोग हुने गर्दछ, साथै माछामा ओमेगा ३, फ्याट्टीएसिड अधिक मात्रामा उपलव्ध हुने भएको हुंदा यसलाई स्वस्थकर मासुको रुपमा चिकित्सकहरुद्वारा प्रमाणित गरिएको छ। यसैकारणले गर्दा प्रेशर, कोलेस्ट्रोल, मुटुका विरामीहरुले समेत यसको सेवन गर्न सक्दछन्, खासगरी गर्भावस्थामा माछाको अधिक सेवन गर्दा शिशुको बुद्धि तिक्ष्ण हुनुका साथै स्वस्थ तथा निरोगी हुन्छ तथा यसको नियमित सेवनले बिभिन्न रोगहरुबाट वचावट गर्नका साथै तिक्ष्ण बुद्धि बनाउन एवं बृद्धावस्थामा भुल्ने लक्षणबाट समेत बचाई मानसिक एवं शारिरीक रुपले स्वस्थ जनशक्ति निर्माणमा महत्वपुर्ण भुमिका निर्बाह गर्दछ, फलस्वरुप माछाको माग नेपाल लगायतका मुलुकहरुमा बढ्दै गई रहेको छ।

यस गाउँपालिकामा सार्वजनिक पोखरी नभएका कारण यहाँ सार्वजनिक पोखरी छैन। २०७८ साल भन्दा अगाडि यस गाउँ पालिकामा ३ वटा माछा पालन व्यावसायि थिय, तर २०७८ को विनासकारी बाढिको प्रकोपका कारण २ वटा माछा पोखरीमा क्षति भएपछि हाल एक वटा मात्र माछा पालन गरेको पाइएको छ। अब ति २ माछापालनहरू सञ्चालनमा आउन सकेका छैनन। अर्को सञ्चालनमा रहेको माछा पालन वडा नं. ८ मा अबस्थित छ, हाल ४.५ रोपनिमा १४ वटा पोखरीमा सञ्चालित माछा पालनमा रेन्बो ट्राउट माछा पालन भएको पाइन्छ।

### ४.३.२ सिंचाइ सुविधाको उपलब्धता विवरण

जमिन खेतियोग्य भएर मात्र हुँदैन त्यसमा सिँचाईको सुविधा अनिवार्य पुगेको हुनपर्दछ । खेतियोग्य जमिनमा खेतिपाती गरी पूर्ण सदुपयोग गर्न त्यसमा सिँचाईको सुविधा पुर्याउनु अनिवार्य हुन्छ । तसर्थ स्थानीय तहहरूले आफ्नो क्षेत्रमा रहेको खेतियोग्य जमिनको यथार्थ विवरण तयार पारी त्यसमध्ये सिँचाई पुगेको र नपुगेको जमिनको समेत सही तथ्याङ्क अध्यावधिक गर्नु पर्दछ । यस पश्चात सिँचाई नपुगेको जमिनमा एक वा अर्को प्रकारले सिँचाई पुर्याउन प्राथमिकता केन्द्रित गर्नु आवश्यक हुन्छ । यस गाउँपालिकामा खेतिपाती गर्ने परिवार मध्ये ३ परिवारले मात्र कुलोबाट सिँचाइ सुविधा प्राप्त गरिरहेका छन भने २६५ परिवारले पाइपको प्रयोग गरेर सामान्य सिँचाइ सुविधा प्राप्त गरेका छन भने अन्य(२०२) परीवार सिंचाइबाट बञ्चित रहेको पाउन सकिन्छ । वडागत रुपमा विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| वडा नं. | कुलोको पानी | पाईपको जानी | अन्य | जम्मा |
|---|---|---|---|---|
| १ | ० | ८ | ६५ | ७३ |
| २ | ० | ४४ | ० | ४४ |
| ३ | ३ | ६ | ४७ | ५६ |
| ४ | ० | ३७ | १७ | ५४ |
| ५ | ० | ३ | २८ | ३१ |
| ६ | ० | २८ | २७ | ५५ |
| ७ | ० | ३५ | ६ | ४१ |
| ८ | ० | ५६ | ५ | ६१ |
| ९ | ० | ४८ | ७ | ५५ |
| **जम्मा** | **३** | **२६५** | **२०२** | ४७० |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ४.३.३ सिंचाइको स्रोत सम्बन्धी विवरण

नेपालको २७ लाख हेक्टर जमिनमध्ये १३ लाख हेक्टर मा मात्र सिंचाई सुविधा छ । अधिकांश सिंचाई प्रणालीहरू साना र मध्यम खालका छन । यस नासौँ गाउँपालिका भयर मर्स्यांदी लगायतका धैरै साना ठूला खोलाहरू बग्ने भएतापनि यस गाउँपालिकामा सिंचाइको सुबिधा छैन । हिमालि जिल्ला भएका कारण सिंचाइ सुबिधा पुर्याउन पनि जटिल देखिन्छ । धैरे भिरालो ठाउँ भएका कारण पैहिरोको पनि धैरे जोखिम देखिन्छ । सायद खेति योग्य धैरै जमिन नभएका कारण सिंचाइका कारण कुनै प्रकोप भोग्नु नपरोस भन्ने हेतुले र यो क्षेत्रमा लगानिका आधारमा पनि ठूलो धन रासिको खर्च हुने कारणले हुनसक्छ यस गाउँपालिकामा सिंचाइको व्यवस्था रहेको पाईदैन ।

### ४.३.४ कृषि उत्पादन सम्बन्धी विवरण

नासौँ गाउँपालिका गाउँपालिका नेपालको गण्डकी प्रदेश अन्तर्गत मनाङ जिल्लाको तल्लो भेगमा अवस्थित छ । यस क्षेत्र पर्यटकीय पदयात्राका दृष्टिकोणले महत्वपुर्ण रहेको छ । वर्षेनि हजारौँको संख्यामा स्वदेशी र विदेशी पर्यटकहरु मनाङ जिल्ला प्रवेश गर्ने द्वारको रुपमा यस गाउँपालिकालाई लिन सकिन्छ । अन्नपुर्ण संरक्षण क्षेत्र पदयात्रा, लार्केपास मनासलु पदयात्रा तथा माथिल्लो मनाङ पदयात्राका लागि यस गाउँपालिका क्षेत्र भएर यात्रा गर्नुपर्दछ । यस गाउँपालिका भित्र पर्यटकको सेवालाई मध्यनजर राख्दै विभिन्न सुविधासम्पन्न होटल, लज तथा गेष्टहाउसहरु सञ्चालनमा छन् । ग्रामीण

भेग भएका कारण शहरी सुविधा भन्दा पनि गाउँले परिवेशमा रमाउने तथा पदयात्राको मज्जा लिन चाहने प्रकृतिप्रेमीका लागि मनाङ अनुपम गन्तब्य हो।

कृषियोग्य जमिनको उपलब्धता अत्यन्तै कम रहेको कारण यहाँ कृषि उपज उत्पादन ज्यादै न्युन भएतापनि पशुपालन व्यवसायलाई भने यहाँका कृषकहरुले केही महत्व दिएको पाउन सकिन्छ। पदमार्ग क्षेत्रमा बसोबास गर्ने वासीन्दाको मुख्य आम्दानीको श्रोत होटल व्यवसाय नै हो भने पदमार्गमा नपर्ने गाउँलेहरु निर्वाहमुखी कृषि र पशुपालन गरी जीवनयापन गर्न बाध्य छन्। यस गाउँपालिकामा कृषि योग्य जमिन एकदमै कम, हावापानीको अनुकुलता नभएको तथा कृषिका लागि पूर्वाधारको पनि आवश्यकता अनुरूप विकास हुन नसकेका कारण यहाँ निर्वाहमुखि कृषिकार्य हुने गरेको छ; यहा हुने सामान्य कृषि उत्पादनलाई तलको तालिकामा देखाउन सकिन्छः

| **वालिनालिको विवरण** | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **९** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मकै | ५० | ४३ | ३३ | ४७ | २ | ३१ | २९ | ६० | ४१ | **३३६** |
| गहु | २३ | ४२ | ५ | २९ | ० | ३० | २६ | ५८ | १८ | **२३१** |
| आलु | ४९ | ४३ | ३४ | ४७ | ५ | ३३ | ३१ | ५७ | ४४ | **३४३** |
| जौ | २२ | ४३ | ० | २६ | ० | २० | २५ | ५८ | १ | **१९५** |
| फापर | १६ | ४३ | ० | १७ | १ | २५ | २२ | ५८ | १९ | **२०१** |
| उवा | २० | ४३ | २ | २३ | ० | ५ | १ | ५८ | १७ | **१६९** |
| सिमि | ५२ | ४३ | ३५ | ४७ | ५ | ३४ | ३२ | ६० | ४७ | **३५५** |
| भटमास | ४५ | ४३ | १७ | ४७ | ३ | २३ | २१ | ५८ | २७ | **२८४** |
| मुसुरो | १५ | ३८ | २ | ० | ० | ७ | ० | ६० | १ | **१२३** |
| मटर | २० | ४० | ० | ० | ० | ७ | ० | ५८ | ३१ | **१५६** |
| प्याज, लसुन | ५० | ४३ | ३६ | ४३ | ४ | ३३ | ३१ | ५९ | ४५ | **३४४** |
| खुर्सानी | २८ | ० | ३२ | ४१ | ० | १ | ० | १ | ० | **१०३** |
| किवि | ७ | ० | ८ | ३२ | ० | ९ | ४ | ३ | ५ | **६८** |
| ओखर | ५ | ० | १० | ३८ | ० | १० | ९ | १ | १ | **७४** |
| स्याउ | ११ | १० | १० | ४१ | १ | २६ | २७ | २५ | ३४ | **१८५** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ४.३.५ पशु पालन सम्बन्धी विवरण

| **पालिने पशु** | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **९** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| गाइपालन | १ | ० | १ | २ | ० | ३ | ३ | १ | ० | **११** |
| भेडा, बाख्रा | ६ | २ | ६ | ६ | ० | ७ | ३ | ६ | ० | **३६** |
| चौरी, याक | ० | ० | ३ | १ | ० | २ | १ | २ | ० | **९** |
| घोडा, खच्चड | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | **१** |
| **जम्मा** | **७** | **२** | **१०** | **९** | **०** | **१३** | **७** | **९** | **०** | **५७** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०


माथिको तालिकामा हेर्दा यस नासो गाउँपालिकामा पशुपालनको परम्परा त्यति छैन । यहा गाई, भेडा, बाख्रा, चौरी, याक, घोडा, खच्चड पाल्ने कृषकहरू पाइन्छ तर यो न्यून संख्यामा रहेका छन । जुन माथिको तालिकाबाट प्रष्ट हुन्छ ।

### ४.३.६ खाद्यान्न बालीमा लाग्ने रोग तथा कीरा सम्बन्धि विवरण

कृषि बालीबाट अपेक्षित उत्पादन लिनका लागि बालीनालीको उचित स्याहार संभार आवश्यक छ । विशेषत बालीनालीलाई रोग तथा किराले आक्रमण गर्ने हुँदा रोग तथा किराबाट बच्न समयमै उच्च सतर्कता अपनाउने र रोकथाम बारे जानकारी हासिल गर्नु अति आवश्यक छ । अर्कोतर्फ बालीनालीमा लाग्ने र लाग्न सक्ने रोग तथा किराको सही ढङ्गले पहिचान हुन समेत जरुरी छ । रोग तथा किराको सही पहिचान हुन सके समयमै त्यसको रोकथाम हुन गई उत्पादनलाई सुरक्षित तथा बृद्धि गर्न सकिन्छ ।

| खाद्यान्न बालीमा लाग्ने रोग तथा कीरा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| डडुवा र फौजी किरा | ५२ | ४४ | ४० | ४२ | ० | ३८ | ३९ | १९ | ३४ | ३०८ |
| किरा लाग्ने | ४ | ० | ० | १ | ३१ | ० | ० | ३ | १३ | ५२ |
| शंखे किरा | १७ | ० | ० | ७ | ० | ० | ० | १७ | ८ | ४९ |
| सेतो पुताली, रातो कमीला र सलह | ० | ० | १ | ० | ० | ६ | २ | २२ | ० | ३१ |
| **जम्मा** | **७३** | **४४** | **४१** | **५०** | **३१** | **४४** | **४१** | **६१** | **५५** | **४४०** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०



### ४.३.७ फलफूल तथा तरकारीमा लाग्ने रोग तथा कीरा सम्बन्धि विवरण

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | गोलभेडा | टुटायप्सूलूटा, सेतो झिंगा, लाही, फलको गवारो, पतेरो आदि। | उडुवा, अगौटे, पछौटे आईलाउने, ममाजाईक आदि। |
| २ | काउली, बन्दा | डाईमण्ड ब्याक मोथ, टोवाको क्याटरपिलर, लाही, उफ्रने फडके आदि। | सफ्टरट , ब्लाक रट, अल्टरवेरिया, क्लव रुट डेम्पीङ अफ आदि। |
| ३ | आलू | पि.टी. एम., लाही, पात खाने लाभ्रे आदि । | डढुवा , मोजाइफ खैरो पिप, चक्के आदि। |
| ४ | रायो | डाईमण्ड ब्याक मोथ, टोवाको क्याटरपिलर, लाही, उफ्रने फडके आदि। | सफ्टरट , ब्लाक रट, अल्टरवेरिया, क्लव रुट डेम्पीङ अफ आदि। |
| ५ | सिमि | पतेरो, लाही, फ्रूट फ्लाई , स्केल लिफ, भाईनर, लेमन डग आदि। | क्याकर, फूट रट , रुटरघ , स्वीटीमोल्ड आदि। |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ४.३.८ पशु पन्छीमा लाग्नेरोग तथा कीरा सम्बन्धि विवरण

कृषकहरूको मुख्य आम्दानीको स्रोतको रूपमा रहेको पशुपन्छिहरूको पालन यस गाउँपालिकाको प्रमुख पेशा मध्ये एक हो। गाउँपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धी र जुका पर्दछन्। गाउँपालिकाको वन जङ्गलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत, पिपिआर, स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस गाउँपालिकामा एदाकदा देखिने गरेको छ। यसका कारणहरूलाई हेर्दा पशुको अवैध आवत जावत, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी आदि मान्न सकिन्छ। यी रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भैरहेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस गाउँपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रूपमा देखिने गरेका छन्। गाउँपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य विभिन्न वडाहरूमा सञ्चालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण गर्न सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो माहामारी फैलिएको पाइँदैन। तथापि यहाँका पशुपंक्षीहरूमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरूको र पंक्षीहरूमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रूपमा लाग्ने गरेको पाइन्छ।

### ४.३.९ व्यावसायिक कृषि तथा पशुपालन फर्म सम्बन्धी विवरण

नेपालका अधिकांश क्षेत्रमा निर्वाहमुखी, परम्परागत र असंगठित खेति गर्ने प्रणाली विद्यमान छ। कृषि व्यवसायलाई सम्मानित, प्रतिफलमुखी र वैज्ञानिक बनाउन यसलाई संगठित र संस्थागत ढङ्गले विकास गर्न जरुरी छ। हाल देशका विभिन्न स्थानहरूमा व्यवसायिक कृषि फर्महरू दर्ता भई संगठित र संस्थागत हिसाबले खेतिपाती गर्ने अभ्यासको सुरुवात

भएको छ। यसरी वैज्ञानिक हिसाबले फर्म दर्ता गरी कृषि व्यवसाय सञ्चालन गर्दा राज्यद्वारा दिइने अनुदान र प्रविधिहरू सहयोग प्रदान गर्न समेत सहयोग पुग्दछ। यसले कृषि व्यवसायलाई संगठित र व्यवसायिक बनाउन पनि मद्दत पुर्याउँछ। यसैगरी नासो गाउँपालिकामा पनि व्यावसायिक रूपले कृषि फर्म दर्ता गरी कृषिकार्य गर्ने प्रचलन बढेको छ।

गाउँपालिकाको कूल ४७० घरपरिवारहरू मध्ये पशुपन्छी पाल्ने घरपरिवारको संख्या ५७ अर्थात १२.१३ प्रतिशत र नपाल्ने घरपरिवारको संख्या ४१३ अर्थात ८७.८७ प्रतिशत रहेको छ। यसबाट उल्लेख्य संख्यामा घरपरिवारले पशुपन्छी नपाल्ने गरेको तथ्य तथ्याङ्कबाट स्पष्ट हुन्छ। वडागत रुपमा अध्ययन गर्दा वडा नं. ६ मा तुलनात्मकरुपमा धेरै घरपरिवारले पशुपंक्षीपालन गरेको देखिन्छ। गाउँपालिकामा न्यून घरपरिवारहरूले पशुपंक्षी पालेको तथ्याङ्कमा देखिए पनि पशुपालन व्यवसायिक नभई घरेलु प्रयोजनको लागि मात्र पाल्नेको संख्या अत्यधिक रहेको छ।

हाल यस गाउँपालिकामा दर्ता भएर व्यायसायिक रूपमा अगाडि बढेका फर्महरूको नामावलि यस प्रकार रहेको छः

| **क्र.स.** | **वडा नं.** | **व्यवसायको नाम** | **व्यवसायीको नाम** |
|---|---|---|---|
| १ | १ | घेराङ बाख्रा पालन फार्म | झलक बहादुर गुरुङं |
| २ | ४ | एस. आर .डि चौरी पालन फर्म | सुरेश थकाली |
| ३ | ४ | मनाङ चौरी विकास उद्योग | दुध बहादुर गुरुङ |
| ४ | ६ | हिमलुङ गाईपालन फार्म | ङिमा ओङग्योल पुणेल |
| ५ | ७ | दोभान याक गाईपालन फार्म | टंक प्रसाद गुरुङ |
| ६ | ५ | अन्नपूर्ण एप्पल फार्म | दोर्जे डंडुल गुरुङ |
| ७ | ९ | दानाक्यू एग्रो | सुनिल गुरुङ, टसी लामा |
| ८ | ६ | गुरुङ जडिबुटी संकलन तथा प्रशोधन केन्द्र | पदम जंग गुरुङ |
| ९ | ८ | आर आर, रेन्बो ट्राउट माछा फार्म | याद घले |
| १० | ७ | पोकंर एग्रो | घन बहादुर गुरुङ |
| ११ | ८ | ओम एग्रो | लाल बहादुर गुरुङ |
| १२ | ७ | एन एण्ड डि.ब्रर्दश एग्रो फार्म | जी कुमारी गुरुङ |
| १३ | ७ | गज लक्ष्मी एग्रो फार्म | गज कुमारी गुरुङ |
| १४ | ७ | बरदान कृषि फार्म | अजयराज गुरुङ |
| १५ | ७ | सुपर भ्यू एग्रो स्याउ फार्म तथा पशुपालन | दुधमाया गुरुङ |
| १६ | ८ | सुनिल भेडा बाख्रा फार्म | सुनिल गुरुङ |
| १७ | ८ | सुप्रिया स्याउ फार्म तथा प्रविन पशुपालन फार्म | सोल बहादुरगुरुङ |
| १८ | ९ | दानाक्यू बाख्रा तथा पशुपन्छी फार्म | सुक बहादुर परियार |
| १९ | २ | नाचै तरकारी फर्म | भिम बहादुर गुरुङ |
| २० | ८ | एकीकृत नास्कू रैतु कृषि तथा पशुपालन समुह | याद घले |
| २१ | २ | मनसुरी महिला कृषि तथा पशुपालन फार्म | सरस्वती गुरुङ |
| २२ | १ | लक्ष्मी पशुपालन फार्म | लक्ष्मी गौचन |

| क्र.स. | वडा नं. | व्यवसायको नाम | व्यवसायीको नाम |
|---|---|---|---|
| २३ | ८ | थिमे कृषि तथा पशुपालना फार्म | मन्दिरा गुरुङ |
| २४ | ७ | ग्रीन लिफ अर्गानिक फार्म | होम घले |
| २५ | ७ | माउन्टेन एग्रो तथा पशुपालन फार्म | बुगी गुरुङ |
| २६ | ४ | डाँफे महिला कृषक समुह | |
| २७ | ४ | घेलान्चोक नमुना कृषक समुह | |
| २८ | ८ | चन्द्र कृषि तथा पशुपालन फार्म | चन्द्र घले |
| २९ | ४ | डोना कृषि तथा पशुपालन फार्म | |
| ३० | ४ | लाली गुँरास कृषि तथा पशुपालन फार्म | |
| ३१ | ६ | पोङकर याक चौरी पालन फार्म | |
| ३२ | ६,७ | हिमलुङ कृषि तथा पशुपालन कृषक समुह | |
| ३३ | ३ | डाँफे कृषि तथा पशुपालन समुह | |
| ३४ | ३ | मनोज बाख्रा फार्म | मनोज गुरुङ |
| ३५ | ३ | खोत्रो पाखा कृषि पशुपालनन जडिबुटि फार्म | ललितमान गुरुङ |
| ३६ | ४ | बुध कृषि तथा पशुपालन फार्म | बुधराज गुरुङ |
| ३७ | १ | सोनीया बाख्र्रा फार्म | मैतमाया गुरुङ |
| ३८ | ४ | ओडार कृषि तथा पशुपालन फार्म | खुस माया गुरुङ |
| ३९ | ८ | घले कृषि तथा पशुपालन फार्म | मन घले |
| ४० | ९ | डि. यू. पी एप्पल फार्म | पासाङ लामां |
| ४१ | १ | घेराङ मिश्रित नमूना कृषक समुह | |
| ४२ | ३ | मुनाल कृषि तथा पशुपालन व्यवसाय | कल्पना गुरुङ |
| ४३ | ३ | कृषि तथा पशुपालन व्यवसाय महिला समुह | इन कासी गुरुङ |
| ४४ | १ | कैदु खर्क चौरी पालन समुह | काइला गुरुङ |
| ४५ | ९ | नासो दलित कृषि तथा पशुपालन समुह | |
| ४६ | ३ | मनसुरी बाख्रापालन फार्म | बीर बहादुर गुरुङ |
| ४७ | ४ | फिपोन कृषि पशुपन्छी एकीकृत फर्म | मन कुमारी घले |
| ४८ | १ | म्यार्दी नमुना एकिकृत कृषि तथा पशु फार्म | मिनराशी गुरुङ |
| ४९ | ३ | रमेश कृषि तथा पशुपालन फार्म् | रमेश गुरुङ |
| ५० | १ | लक्ष्मी कृषि तथा पशुपालन फार्म | लक्ष्मी गुरुङ |
| ५१ | ६ | मनाङ एग्रो काटी फार्म | मदन घले |
| ५२ | १ | झरना महिला समुह कृषि तथा पशुपालन फार्म | |
| ५३ | ८ | डिलकाशी कृषि तथा पशुपालन फार्म | डिलकाशी गुरुङ |
| ५४ | ९ | बगरछाप एग्रो फार्म | पेमा लामा |
| ५५ | ४ | कन्चन कृषि तथा पशु फार्म | |

| क्र.स. | वडा नं. | व्यवसायको नाम | व्यवसायीको नाम |
|---|---|---|---|
| ५६ | ९ | पुचुकु कृषि तथा पशु व्यवसाय फार्म | डिमा फिन्चो लामा |
| ५७ | ९ | थुतुले स्याउ कृषि फार्म | साङके वङचुङ लामा |
| ५८ | ४ | छहरा कुना कृषि तथा पशुपालन फार्म | तुल माया गुरुङ |
| ५९ | ९ | दानाक्यू जर्सी गाई दुध फार्म | छिरिङ याङ |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ४.३.१० कृषि तथा पशु सेवासँग सम्बन्धित मानव संशाधन

| क्र.स. | पद | स्तर | तह | सेवा | समुह | दरवन्दि संख्या |
|---|---|---|---|---|---|---|
| १. | अधिकृत | अधिकृत | ६/७ | कृषि | कृषि | १ |
| २. | ना प्रा स | सहायक | ४ | कृषि | कृषि | १ |
| ३. | अधिकृत | अधिकृत | ६/७ | कृषि | पशुसेवा | १ |
| ४. | ना प्रा स | सहायक | ४ | कृषि | भेटनरी | १ |

स्रोत: नासोँ गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण २०७९

### ४.३.११ कृषि तथा पशुपालनसँग सम्बन्धित समूह तथा सामुदायिक संस्थाको विवरण

परम्परागत कृषिको व्यवसायिकरण तथा आधुनिकीकरण गर्न अहिले विभिन्न कृषि समूहहरू सञ्चालित छन्। यसले कृषि व्यवसायलाई सहजीकरण गर्नुको साथै कृषि व्यवसायमा केही सेवा सुविधाहरू दिँदै व्यवसायीहरूलाई उर्जा प्रदान गरेको छ। कृषक समूहको विवरणले कुनै पनि गाउँपालिका कृषि क्षेत्रमा रहेको कृषकको संलग्नता र कृषि क्रियाकलापको अवस्थाको जानकारी गराउनुको साथै आगामी दिनहरूमा के कस्ता कार्यक्रमहरू ल्याउन आवश्यक छ भन्ने कुरालाई सहज बनाउने देखिन्छ। नासोँ गाउँपालिकामा मिति २०८० को अन्त्य सम्ममा यस गाउँपालिकामा सञ्चालित धैरैजसो फर्महरू नविकरण भएको पाईएको छ।

### ४.३.१२ कृषि उपज सङ्कलन केन्द्र तथा चिस्यान केन्द्र

ठुलोस्तरको कृषि उत्पादन तथा संकलन केन्द्रको व्यवस्था नभएको ग्रामीण परिवेशमा सानो परिमाणमा उत्पादन हुने उपजहरूलाई विभिन्न पायक पर्ने स्थानहरूमा संकलन केन्द्रको रुपमा विकास गर्दा बजारीकरण गर्न सहयोग पुग्दछ। यसरी विभिन्न स्थानमा संकलन केन्द्रको विकास गर्दा व्यापारिहरूलाई निश्चित स्थानबाट निश्चित परिमाणमा उपजहरूमा खरिद गर्न सहयोग पुग्ने हुँदा यसले बजार प्रणालीको विकास गर्न सहयोग पुग्दछ।

कृषि उत्पादन वृद्धि गर्नु जति जरुरी छ त्यति नै उत्पादित सामाग्रीहरूको सूरक्षित भण्डारण गर्नु जरुरी हुन्छ। उचित ढङ्गले भण्डारण गर्दा कृषि उपजमा रहेको पोषक तत्वलाई कायम राख्न समेत मद्दत पुग्दछ। भण्डारण वैज्ञानिक नहुँदा एकातर्फ उत्पादित उपजको गुणस्तर कमजोर हुने र नष्ट समेत हुन जान्छ तसर्थ कृषि उपजलाई वैज्ञानिक तवरले भण्डारण गरी बेमौसममा समेत बजारमा उपलब्धता भए बजार मूल्य सन्तुलनमा राख्न सहयोग पुग्दछ। यसका लागि आवश्यकताका आधारमा विभिन्न स्थानमा चिस्यान केन्द्र, भण्डारण केन्द्र र डेरीहरू स्थापना गर्नु आवश्यक छ। हाल यस गाउँपालिकामा यस प्रकारका कुनैपनि संरचनाहरू सञ्चालनमा आएका छैनन्।

### ४.३.१३ कृषि बजार तथा हाट बजार सम्बन्धी विवरण

कृषि बजार वा हाट बजारका बारेमा भनेर साधारणतया कृषि उत्पादनहरूको बजार स्थान र त्यसको प्रणालीको बारेमा बोलिन्छ । यी बजारहरूले किसानहरूलाई उत्पादनहरू बिक्री गर्ने, उत्पादनहरूको मूल्य निर्धारण गर्ने, र अन्य बाजार सम्बन्धी सेवाहरू प्रदान गर्दछन् । कृषि बजारमा किसानहरूले आफ्नो उत्पादनहरू बेच्ने, अन्य कृषि उत्पादनहरू खरिद गर्ने, र अन्य सम्बन्धित सेवाहरू प्राप्त गर्ने गर्छन् । यी बजारहरू गाउँ वा शहरको अन्तर्गत हुन सक्छन् र विभिन्न आकार र प्रकारका हुन सक्छन् । कृषि बजारहरूले कृषि उत्पादनहरूको मूल्य , बाजार अध्ययन, वित्तीय सहायता, र अन्य सामाजिक सेवाहरू प्रदान गर्दछन् जसले किसानहरूलाई उत्पादन गर्ने, विक्रिवितरण गर्ने, र आर्थिक र सामाजिक रूपमा परिणामकारी बनाउन मद्दत गर्दछन् ।

यस गाउँपालिकामा हाल सम्म कुनैपनि स्थानमा कृषि बजार तथा हाट बजार भएको पाइदैन, स्थानिय उत्पादन त्यति धेरै उत्पादन नहुने हुदा सायद कृषि बजार तथा हाट बजारको महत्व नभएको हुन सक्दछ ।

## ४.४ पर्यटन विकास

नेपालमा पर्यटन व्यवसाय उद्योगका रूपमा सन् १९५० को दशकमा सुरुआत भएको मानिन्छ। नेपालले विदेशी पर्यटकका लागि आवागमनको ढोका खोलेसँगै विदेशी पर्यटकहरूको चहलपहल सुरु भएको हो । सरकारले नेपालका उच्च हिमशृंखला आरोहणका लागि खुला गरेसँगै विदेशी पर्वतारोही सगरमाथा सहित आठ हजार मिटर अग्ला हिमाल आरोहण गर्न आउन थालेका हुन् । विदेशी पर्यटक नेपालमा आउन थालेसँगै नेपालको पर्यटन क्षेत्रको जग सुरु भएको हो । त्यसपछिका दशकहरूमा नेपाल पदयात्रासँगै साहसिक तथा प्रकृतिप्रेमी पर्यटनको गन्तव्यका रूपमा चिनिन थाल्यो । काठमाडौंका ऐतिहासिक सम्पदाहरूमा पशुपतिनाथ, स्वयम्भू, वसन्तपुर दरबार स्क्वायर, बौद्ध स्तूपलगायत विश्व सम्पदा सूचीमा सूचीकृत भएका छन् । यी ऐतिहासिक अनुपम कला, सम्पदा र संस्कृति हेर्नका लागि पनि विदेशी पर्यटक नेपाल आउने गरेका छन् ।

नेपालको पर्यटन क्षेत्रले पछिल्लो एक दशकमा दुई ठूला चुनौती र समस्यासँग जुध्नुपर्‍यो। २०७२ सालको भूकम्प र कोभिड–१९ का कारण पर्यटन क्षेत्रमा ठूलो धक्का पुग्यो । तर पछिल्लो समय भने पर्यटन उद्योगले कोभिडबाट उत्पन्न चुनौती पन्छाउँदै सुधार र अनुकूलनको चरणमा प्रवेश गरेको छ । पछिल्लो दुई वर्षमा विदेशी पर्यटकको आवागमनले सुधारको छनक देखिएको प्रस्टै छ ।

देशको अर्थतन्त्रको विकासका लागि पर्यटन उच्च सम्भावनाको क्षेत्र हो । नेपालका प्राकृतिक, सांस्कृतिक, साहसिक, ऐतिहासिक तथा धार्मिक दृष्टिकोणबाट विश्वकै प्रमुख पर्यटकीय गन्तव्य हुन् । यस्ता स्थान र सम्पदाको संरक्षण, प्रवर्द्धन र विविधीकरण गर्दै अर्थतन्त्रको प्रमुख आधारका रूपमा यस क्षेत्रलाई विकास गर्ने नीति नेपालको संविधानले अंगीकार गरेको छ ।

पछिल्लो समय विदेशी पर्यटक मात्रै होइन, स्वदेशी पर्यटकले पनि विभिन्न स्थानको भ्रमण गर्ने परिपाटीमा उल्लेखनीय सुधार देखिएको छ । पछिल्लो समय पर्यटन क्षेत्रमा पनि विविधकरणको सुरुआत भएको छ । दिगो पर्यटन प्रवर्द्धन गर्ने प्रयासको थालनी भएको छ । त्यसैगरी ट्रेकिङ र पर्वतारोहण बाहिरका गतिविधि पनि निकै फस्टाउन थालेका छन् ।

नेपाल सरकारले पनि पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि 'भिजिट नेपाल' सँग सम्बन्धित विभिन्न कार्यक्रम अघि बढाएको छ। नेपाल सरकारले पछिल्लो समय 'नेपाल भ्रमण दशक', 'विशेष पर्यटन वर्ष' लगायतका कार्यक्रम गरेर विदेशी पर्यटकलाई आकर्षित गर्ने प्रयास गर्दै आइरहेको छ।

नेपालको पर्यटन उद्योगको सम्भावना प्रचुर देखिन्छ। तर, हामीले नेपालको पर्यटन क्षेत्रलाई दिगो विकास हुने गरी अगाडि बढाउनुपर्ने चुनौती पनि कायमै छ। नेपालको समग्र पर्यटकीय आकर्षणका क्षेत्रलाई पनि सकेसम्म विविधीकरण गर्न जरुरी भइसकेको छ। अर्कोतर्फ पर्यटन क्षेत्रमा 'इनोभेटिभ मार्केटिङ' रणनीति ल्याउन पनि जरुरी भइसकेको छ। नेपालको अनुपम प्राकृतिक सौन्दर्य, ऐतिहासिक कला संस्कृति, सम्पदा, साहसिक खेलहरूले पनि पर्यटन क्षेत्रलाई अर्को सौन्दर्यता भर्ने काम गरेको छ। नेपालको परम्परागत रूपमा रहेका पदयात्रा रुटहरूले पनि विदेशी पर्यटकहरूको ध्यान तान्दै आइराखेका छन्।

पछिल्लो समय नेपालमा सडक, विमानस्थललगायतका भौतिक पूर्वाधारमा पनि सन्तोषजनक विकास भएको छ। अर्कोतर्फ स्थानीय जनताका विभिन्न कला संस्कृतिले पनि विदेशी पर्यटकलाई थप मोहित बनाउने काम गरिरहेको छ। त्यसमाथि नेपालीको आतिथ्य सेवा तथा सत्कार विश्वमै उत्कृष्ट र सराहनीय छ। अझ, पछिल्लो समय सामाजिक सञ्जालको पहुँच अन्तर्राष्ट्रियस्तरसम्म पुग्दा पनि विदेशी पर्यटकलाई थप आकर्षित गराउन सहज वातावरण बनिरहेको छ।

नेपालमा प्रदेश स्तरमा पनि पर्यटनको विकासको उच्च सम्भावना छ। सात प्रदेश मध्ये हरेकका आआफ्नै विशिष्ट आकर्षण छन्। त्यसलाई पनि सही ढंगले प्रचारप्रसार गर्न सकेको खण्डमा पर्यटन क्षेत्रले ठूलो लाभ लिन सक्ने देखिन्छ। सातै प्रदेशले विविध प्राकृतिक र सांस्कृतिक सौन्दर्यलाई प्रतिविम्बित गर्दै आइरहेका छन्। यी क्षेत्रमा पर्यटकहरूले फरक अनुभव र मनोरञ्जन मात्र होइन, देशका विभिन्न स्थानमा हुने साहसिक गतिविधिले पनि आकर्षण थपेको छ। पर्यटनलाई प्रदेशस्तरमा पनि विकसित गर्न दिगो पर्यटनका गतिविधि अघि बढाउन आवश्यक देखिन्छ। सरकाले २०२५ लाई विशेष पर्यटन वर्ष घोषणा गर्दै २५ लाख विदेशी पर्यटन भित्र्याउने महत्त्वाकांक्षी योजना अघि सारेको छ। त्यसका साथै, आगामी पाँच वर्षमा ८ लाख ९८ हजार जनालाई रोजगारीको अवसर सिर्जना गर्ने लक्ष्य राखिएको छ।

नासौँ गाउँपालिका पर्यटकिय दृष्टिकोणले आफैमा उच्च सम्भाबना बोकेको गाउँपालिका हो। संबृद्द गण्डकी प्रदेशको मनाङ जिल्लाको द्वारका रूपमा रहेको यो पालिका प्रकृतिक सौन्दर्यता, ताल, गुम्बा, मनास्लु हिमाल र पर्यटन पदमार्गहरू लगायतका ऐतिहासिक साथै धार्मिक सम्पदाहरू रहेको हुदा पर्यटकिय हिसाबले महत्व बोकेको गाउँपालिका हो। यस गाउँपालिकाले " नासौँ गाउँपालिका पर्यटन विकास योजना - २०७८" तयार गरी प्रकाशन समेत गरीसकोको छ।

### ४.४.१ पर्यटकीय स्थलहरूको विवरण

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं नासो गाउँपालिकामा हरियाली उच्च हिमाली मनोरम दृश्यहरू रहेका छन्। यस गाउँपालिकामा रहेका विभिन्न पर्यटकीय स्थलहरूको विवरण तालिकामा उल्लेख गरिएको छ।

| क्र.स. | पर्यटकीय स्थलको नाम | वडा नं. | पर्यटकीय स्थलको महत्व | कैफियत |
|---|---|---|---|---|
| ०१. | अन्पूर्ण पदमार्ग | १,३ र ९ | तिलिचो ताल, थोराङ्लापास जान सकिने | |

| | | | | |
|---|---|---|---|---|
| ०२. | मनास्लु पदमार्ग | ५,६ र ७ | लार्केपास, मनास्लु हिमाल अरोहन गर्न सकिने | |
| ०३. | पंकर ताल | ७ | ताल अबलोकन, दृष्यावलोकन | |
| ०४. | डोना ताल | २ | ताल अबलोकन, दृष्यावलोकन | |
| ०५. | नाम्क्या पास | ८ | नाम्क्या पास गर्न सकिने | |
| ०६. | ताम्राङ गुम्बा | ५ | गुम्वा अबलोकन | |
| ०७. | कार्किछेलो गुम्बा | १ | गुम्वा अबलोकन | |
| ०८. | सङ्पेमा छोइलिङ गुम्बा | ९ | गुम्वा अबलोकन | |
| ०९. | देचेन पेमा वाइलिङ गुम्वा | ५ | गुम्वा अबलोकन | |
| १०. | ढिकि छोइलिङ गुम्बा | ९ | गुम्वा अबलोकन | |
| ११. | मनास्लु हिमाल | ७ | हिमालको दृष्यावलोकन | |
| १२. | तालगाउँ स्थित झर्ना | १ | दृष्यावलोकन | |
| १३. | आखे कुटु धार्मिक स्थल | १ | दृष्यावलोकन | |
| १४. | मार्खे डाँडा | १ र ४ | दृष्यावलोकन | |
| १५. | ताम्राङ गुम्वा र नाचै गाउँ जोडने झोलुङ्गे पुल (४१२ मि.) | २ | दृष्यावलोकन | |
| १६. | डाफे लेक | ४ | दृष्यावलोकन | |
| १७. | नाचै गाउँ होमस्टे | २ | होमस्टे | |
| १८. | ओडार गाउँ होमस्टे | ४ | होमस्टे | |
| १९. | ताचै गाउँ होमस्टे | ८ | होमस्टे | |
| २० | थोङ्ग्रोप्लि झरना अबलोकन | ८ | झरना | |

स्रोतः नासौँ गाउँपालिका पर्यटन विकास योजना - २०७८

### ४.४.२ होटल, रिसोर्ट, होमस्टे तथा रेष्टुरेन्ट सम्बन्धी विवरण

कुनैपनि क्षेत्रको विकासका लागि सो क्षेत्रसँग सम्बन्धित सम्पूर्ण पूर्वाधारहरूको समुचित विकास गर्नु अनिवार्य हुन्छ। नेपालमा पर्यटनको प्रचुर संभावना भएतापनि पर्यटन पूर्वाधारको अभावका कारण पर्यटन क्षेत्रको व्यापक विकासमा वाधा सिर्जना भएको छ। पर्यटन पूर्वाधार अन्तर्गत सहज यातायात सुविधा, होटल, लज तथा रेष्टुरेन्ट, पर्यटन गाईड, सूचना केन्द्रहरू, उद्धार संयन्त्र, सञ्चार, सूरक्षा तथा पर्यटकीय गतिविधिहरू नै हुन्। पर्यटनको संभावना हेरी यी पूर्वाधारहरूको आवश्यकताका आधारमा क्रमश विकास गर्नु पर्यटन विकासका लागि अपरिहार्य छ। आन्तरिक तथा बाह्य पर्यटकहरुको लागि खाने बस्ने सुविधा सहितको होटल ९० वटा र ८ वटा रेष्टुरेन्टहरू छन् भने कयौ वटा किराना पसलहरु सञ्चालनमा छन।

### ४.४.३ उपलब्ध पर्यटकीय सेवा तथा सुविधा सम्बन्धी विवरण

यस नासौँ गाउँपालिकामा दर्ता भएका सबै पर्णटक होटलहरूमा इन्टरनेटको व्यवस्था रहेको छ भने यसको गुणस्तरमा अझ धैरै काम गर्नुपर्ने देखिन्छ। यहा उपलब्ध होटलहरूमा कमन तथा एट्याज कोठाहरू उपलब्ध छन। सरसफाइका

लागि तातो तथा चिसो पानिको व्यवस्था, होटलले उपलब्ध गराउने आतिथ्यताका बारेमा आउने पाहुनाहरूसंग सुझा संकलन गर्ने र सो का आधारमा सेवा सुबिधा थप्दै गै रहेको पाइन्छ।

#### ४.४.४ विपद्बाट प्रभावित होटेल, रिसोर्ट तथा पर्यटकीय स्थलको विवरण

२०७८ सालमा आएको बाढिका कारण नासौँ गाउँपालिकाको भवन, प्रहरी चौकी धारापानी, प्रभु बैंक, प्राइम कमर्सियल बैंकको भवन र पाँचवटा होटेल बगाएको थियो । सो बाढिले नासौँ गाउँपालिका वडा नं. १ को तालगाउँका ५० घर डुबानमा परेको थियो। बाढीले ताचै जाने बेलिब्रिज, थोंचे–तिल्चे क्षेत्र जाने झोलुंगे पुल पनि बगाएको थियो। बाढीका कारण भौगोलिक रूपमै समस्यामा परेकालाई उद्धार गरिएको थियो भने सुरक्षित ठाउँमा बसेकालाई सोही ठाउँमा राहत पुऱ्याइएको थियो।

### ४.५ उद्योग, व्यापार तथा बैङ्किङ

कृषिको विकास पश्चात कुनै पनि देशको आर्थिक क्रान्तिका लागि आवश्यक क्षेत्र भनेको उद्योग नै हो। औद्योगिक विकासका लागि राणाशासन काल देखि नै विभिन्न प्रयासहरू हुँदै आएता पनि औद्योगिक क्रान्ति नै हुने प्रकारका ठुला स्तरका उद्योगहरू नेपालमा खुल्न सकेका छैनन्। भएका उद्योगहरू समेत रुग्ण हुँदै बन्द हुनु अर्को दुर्भाग्यपूर्ण अवस्था छ । कृषिको विकास सँगसँगै कृषि र स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गरी नेपालका उत्पादनहरूको उपभोग विश्व बजारमा पुर्याउन सकेमात्र नेपाल अतिकम विकसित राष्ट्रबाट माथि उठ्ने आधार तयार हुन्छ। उद्योगलाई प्रर्वद्धन गर्न स्थानीय श्रोतमा आधारित साना तथा मझौला उद्योगहरूलाई उत्तिकै प्राथमिकता र प्रोत्साहन गर्न जरुरी हुन्छ।

#### ४.५.१ औद्योगिक विकास (लघु,घरेलु,साना,मझौला,ठूला उद्योग,सरकारी,पब्लिक, निजी र सहकारी)

औद्योगिक विकासका लागि राणाशासन कालदेखि नै विभिन्न प्रयासहरू हुँदै आएता पनि औद्योगिक क्रान्ति नै हुने प्रकारका ठुला स्तरका उद्योगहरू नेपालमा खुल्न सकेका छैनन्। भएका उद्योगहरू समेत रुग्ण हुँदै बन्द हुनु अर्को दुर्भाग्यपूर्ण अवस्था छ। कृषिको विकास सँगसँगै कृषि र स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गरी नेपालका उत्पादनहरूको उपभोग विश्व बजारमा पुर्याउन सकेमात्र नेपाल अतिकम विकसित राष्ट्रबाट माथि उठ्ने आधार तयार हुन्छ । उद्योगलाई प्रर्वद्धन गर्न स्थानीय श्रोतमा आधारित साना तथा मझौला उद्योगहरूलाई उत्तिकै प्राथमिकता र प्रोत्साहन गर्न जरुरी हुन्छ।

साना उद्योग, कृषिमा आधारित सबै प्रकारका उद्योगहरू, घरेलु उद्योग, मझौला उद्योग, ठूला उद्योग, सेवामूलक उद्योग, सरकारी उद्योग, समुदायमा आधारित उद्योग, संकलन तथा प्रशोधन सम्बन्धी उद्योग  गाउँपालिका ठुला उद्योगहरू सञ्चालनमा आउन नसके पनि गाउँपालिका उपलब्ध स्थानीय स्रोत र साधनको उपयोग गरी विभिन्न साना तथा घरेलु, कृषिजन्य उद्योगहरू रहेका छन् जसले गाउँपालिकाको आर्थिक विकासमा टेवा पुर्याएको छ।

#### ४.५.२ व्यापार र व्यवसाय सम्बन्धी विवरण (किराना, थोक, मासु, तरकारी र फलफूल आदि)

कृषि र उद्योग क्षेत्रको विकाससँग अनोन्याश्रित सम्बन्ध भएको क्षेत्र हो व्यापार । कृषि र उद्योग मार्फत उत्पादित सामाग्रीहरूलाई राष्ट्रिय र अन्तराष्ट्रिय बजारमा पुर्याउने माध्यम व्यापार भएकाले व्यापार र बाणिज्यको विकास अत्यन्त महत्वपूर्ण हुन्छ। स्थानीय तहहरू आर्थिक रुपले सबल हुन स्थानीय उत्पादनमा सबल भई निर्यात गर्न सक्ने अवस्थामा पुग्नु पर्दछ। आफ्नो क्षेत्र भन्दा बाहिर उत्पादित सामाग्रीहरूको व्यापार गरेर अर्थतन्त्र माथि उठ्न सक्दैन। यसका लागि कुनै न कुनै प्रकारले स्थानीय उत्पादनमा केन्द्रित भई यस्ता उत्पादनहरूलाई निर्यात गर्न सक्नुपर्दछ।

### ४.५.३ खनिज तथा खानी सम्बन्धी विवरण

खनिज तथा खानीको अध्ययन र उत्खनन् साथै प्रशोधनका क्षेत्रमा नेपाल अत्यन्त पछाडि परेको छ। प्रविधि, जनशक्ति र ठोस योजनाको अभावका कारण नेपालको खानी तथा खनिज क्षेत्र झण्डै कुमारी अवस्थामा नै छ। यस क्षेत्रबाट लाभ लिन स्थानीय तहहरूले आफ्नो क्षेत्रमा यस सम्बन्धी अध्ययन तथा अनुसन्धान गराउनु आवश्यक छ।

गाउँपालिकामा उपलब्ध हुने कच्चा पदार्थमा रोडा, ढुंगा, बालुवा आदि प्रशस्त मात्रामा पाइन्छ। त्यसैले गाउँपालिकामा रहेको संम्भावना पहिल्याएर विभिन्न प्राकृतिक साधनको प्रशोधन गरी उद्योगको विकास तथा अर्थतन्त्रको बलियो सम्भावना देखिन्छ। हाल सञ्चालित आयोजनाहरूले पनि यसलाई थप पुष्टि गर्दछन्। तर यिनिहरूको वैज्ञानिक व्यवस्थापन हुन जरुरी देखिन्छ।

### ४.५.४ स्थानीय बजार तथा व्यापारिक केन्द्रको विवरण

| क्र.सं. | स्थानिय वजारको नाम | वडा न. |
|---|---|---|
| १ | ताल | १ |
| २ | नाचै | २ |
| ३ | खोत्रो, धारापानी | ३ |
| ४ | ओडार गाउँ | ४ |
| ५ | थोचे | ५ |
| ६ | तिल्चे, भिमथाङ | ६ |
| ७ | तिल्चे, गोवा | ७ |
| ८ | ताचै | ८ |
| ९ | दानक्यु, बगरछाप | ९ |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ४.५.५ बैङ्क तथा वित्तीय संस्था सम्बन्धी विवरण

आधुनिक अर्थव्यवस्थामा आर्थिक कारोबार बैंकबाट हुँदा त्यो व्यवस्थित र सहज हुन जान्छ। बैङ्किङ प्रणालीहरूमा व्यापक विकास भइरहँदा उनीहरूले प्रदान गर्ने सेवाहरू समेत विस्तार हुँदै गईरहेका छन्। हाल विभिन्न बैंङ्कहरूले ए.टी.एम. सेवा, भिसा कार्ड सेवा महशुल भुक्तानी सेवा लगायत बीमाहरूको समेत व्यवस्था गरेका छन्। यसर्थ आधुनिक आर्थिक प्रणालीमा ग्रामीण जनताहरूको समेत बैङ्किङ सेवामा पहुँच पुर्याउन अपरिहार्य जस्तै भइसकेको छ। यस गाउँपालिकामा रहेको बैङ्क तथा वित्तीय संस्थाको विवरण तल उल्लेख गरिएको छ।

| क्र.सं. | बैँक तथा वित्तीय संस्थाको नाम | प्रकार | वडा नं | कैफियत |
|---|---|---|---|---|
| १ | प्रभु बैकं | बैक | ३ | |
| २ | ग्लोवल अएएइ लघुवित्त | लघुवित्त् | ३ | |
| ३ | एन. आइ. सि. लघुबित्त | लघुबित्त | ५ | |
| ४ | तिलिचो महिला बहुउद्देश्शिय सहकारी | सहकारी | ८ | |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

## परिच्छेद ५: सामाजिक अवस्था

नासो गाउँपालिका भित्र रहेको शिक्षा, स्वास्थ्य, खानेपानी, वालवालिका तथा महिला विकास आदि लगायतको वर्तमान अवस्थालाई अध्ययन विश्लेषण गरी यस परिच्छेदमा राखिएको छ। गाउँपालिका भित्र माथि उल्लेख गरिएका शिर्षक भित्रका उपलब्ध हुन सकेसम्मका तथ्यांकहरुलाई संकलन गरी अध्ययन विश्लेषण गरिएको छ।

### ५.१ शैक्षिक तथा मानव संशाधन विकास

सहस्राब्दी विकास लक्ष्यले बालबालिका विकासका लागि लिएको लक्ष्य तथा गन्तव्य (लक्ष्य २: गन्तव्य ३:) सन्२०१५ सम्ममा सबैले प्राथमिक शिक्षा पाएका हुनेछन्। लक्ष्य ३: गन्तव्य ४: सन् २०१५ सम्ममा शिक्षाका सबै तहमा लैङ्गिक विभेद अन्त्य भएको हुनेछ। त्यसैगरी नेपाल सरकारले पनि सबै नेपालीलाई कम्तीमा साक्षर बनाउने नीति तथा रणनीति लिएको छ। नेपाल सरकार लगायत अन्तराष्ट्रिय समुदायले समेत शिक्षा प्रति लिएको चासोलाई मनन गर्दै अगाडी बढ्नु पर्ने देखिन्छ।

यसै सन्दर्भमा नेपालको कुल साक्षरता ७६.२ प्रतिशत रहेकोमा घरधुरी सर्वेक्षण २०८० अनुसार यस गाउँपालिकाको कुल साक्षरता ९८ प्रतिशत रहेको छ। यस गाउँपालिकाको साक्षरतालाई आगामी दिनहरुमा द्रुतगतिमा अगाडी बढाउनका लागि सरोकारवाला निकायहरुसंग समन्वय गरी शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु संचालन गर्नुपर्ने नासोँ गाउँपालिकाको आवश्यकता रहेको छ।


#### ५.१.१ पाँच वर्षभन्दा माथिको साक्षरता विवरण

शिक्षा मानव जिवनको लागि अति आवश्यक छ। शिक्षाले नै मानिसको जिवन खुसी र सुखी हुने गर्दछ। शिक्षा विना मानिस अधुरो र अपुरो हुन्छ। मानव जिवन र समाज विकासको लागि शिक्षा नभै हुंदैन। शिक्षा औपचारिक र अनौपचारिक विभिन्न तरिकाबाट ग्रहण गर्न सकिन्छ। साक्षर गाउँपालिका बनाउन नासोँ गाउँपालिकाले विभिन्न प्रयासहरु गरेको छ। यस गाउँपालिकाको पाँच वर्षभन्दा माथिको साक्षारता विवरणलाइ तालिकामा यस प्रकार देखाउन सकिन्छः

| शैक्षिक योग्यता | लिंग | वडा नं. | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| निरक्षर | पुरूष | ६ | ९ | २ | ७ | १ | ६ | ० | ३४ | ९ | **७४** |
| | महिला | २९ | ३ | २ | १३ | ० | ५ | ४ | १३ | ९ | **७८** |
| साक्षर | पुरूष | ३६ | ३३ | ५ | १९ | १९ | १८ | ३ | ३७ | १८ | **१८८** |
| | महिला | २४ | ५ | २७ | १७ | १७ | २१ | ३२ | १७ | १९ | **१७९** |
| आधारभुत तह | पुरूष | ४१ | २२ | ४४ | ३२ | १२ | २९ | २६ | ३५ | ३९ | **२८०** |
| | महिला | ४१ | १८ | ३३ | १८ | १५ | १९ | १५ | १७ | १७ | **१९३** |
| मा.बि. तह | पुरूष | १५ | ५ | २७ | १८ | १४ | १८ | १४ | १३ | १४ | **१३८** |
| | महिला | १३ | १५ | १४ | ११ | ११ | ९ | ८ | १८ | २३ | **१२२** |
| १० + २ / आइए तह | पुरूष | ५५ | २३ | ४३ | ३९ | २६ | ४१ | ४१ | २८ | २९ | **३२५** |
| | महिला | ४५ | ३९ | ४३ | ५५ | २६ | ५७ | २९ | ५७ | ३२ | **३८३** |
| स्नातक तह | पुरूष | ७ | १ | २ | ६ | ११ | ११ | २ | १९ | ६ | **६५** |

| शैक्षिक योग्यता | लिंग | वडा नं. | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| | महिला | १३ | १० | २ | ११ | १३ | १२ | ३ | ३५ | २६ | १२५ |
| स्नातकोत्तर तह | पुरूष | १ | ० | ० | ४ | ६ | ५ | २ | ० | १ | १९ |
| | महिला | ३ | २ | २ | ३ | ७ | ७ | १ | ० | १ | २६ |
| स्नातकोत्तर + | पुरूष | ० | ० | ० | ० | ० | २ | ० | १ | ० | ३ |
| | महिला | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | १ |
| **जम्मा** | **पुरूष** | **१६१** | **९३** | **१२३** | **१२५** | **८९** | **१३०** | **८८** | **१६७** | **११६** | **१०९२** |
| | **महिला** | **१६८** | **९२** | **१२३** | **१२८** | **८९** | **१३१** | **९२** | **१५७** | **१२७** | **११०७** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०




### ५.१.२ तहगत रूपमा शैक्षिक संस्था/विद्यालय र विद्यार्थी विवरण

यस नासौँ गाउँपालिका अन्तर्गत जम्मा ११ वटा विद्यालयहरू रहेका छन। जस मध्ये वडा नं. ५ मा रहेको श्री प्रकाशज्योती मा.वि. आवसिय विद्यालय रहेको छ भने वाकि १० वटा विद्यालयहरूमा आवसिय सुविधा रहेको छैन । यस गाउँ पालिका भरीका विद्यार्थिहरू यसै विद्यालयमा आवसिय सुविधा सहित अध्ययण गर्ने सुबिधा गाउँपालिकाले मिलाएको छ। यस गाउँपालिकामा भएका विद्यालयहरू र उक्त विद्यालयहरूमा अध्ययण गर्ने छात्र, छात्राहरूको विवरण यस प्रकार रहेको छः

| क्र.स. | विद्यालयको नाम | वडा नं. | छात्रा | छात्र | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री भानु मा.वि. ताल | १ | ६ | १ | ७ | |
| २ | श्री अमर आधारभूत विद्यालय, ङेराङ | १ | ० | १ | १ | |
| ३ | श्री मनसुरी आधारभूत विद्यालय, नाचै | २ | २ | | २ | |
| ४ | श्री मर्स्याङदी आधारभूत विद्यालय, खोत्रो | ३ | १ | २ | ३ | |
| ५ | श्री धारापानी आधारभूत विद्यालय, धारापानी | ३ | ० | ० | ० | |
| ६ | श्री सरस्वती आधारभूत विद्यालय, ओडार | ४ | ० | २ | २ | |
| ७ | श्री प्रकाशज्योती मा.वि., थोँचे | ५ | ६० | १०७ | १२८ | आवसिय विद्यालय |
| ८ | श्री हिमज्योति आधारभूत विद्यालय, तिल्चे | ६ | २ | ० | २ | |
| ९ | श्री जनविकास आधारभूत विद्यालय, ताचै | ८ | २ | २ | ४ | |
| १० | श्री ज्ञानोदय आधारभूत विद्यालय, दानाक्यू | ९ | २ | ० | २ | |
| ११ | श्री पशुपति आधारभूत विद्यालय, बगरछाप | ९ | ० | २ | २ | |
| जम्मा | | | ७५ | ११७ | १९२ | |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ५.१.३ विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्र छात्राको विवरण

शिक्षा व्यक्ति एवं समाज विकासको लागि मेरुदण्ड हो। शिक्षा विना देश विकासको कल्पना पनि गर्न सकिदैन। व्यक्तिलाई सामाजिकिकरण गर्न शिक्षाले नै ठूलो सहयोग पुर्याएको हुन्छ। आजको दिनमा शिक्षा हासिल गर्न विद्यालयमा अध्ययन गर्न जाने बालबालिकाहरुनै भोलिको देशको कर्णाधार हुने हुँदा पनि शिक्षालाई यति धेरै महत्व दिनु परेको स्पष्ट हुन्छ। भनिन्छ शिक्षा नै सामाजिक परिवर्तनका वाहक हुन्। त्यसैले हामीले यो पनि बिर्सनु हुँदैन कि सम्पूर्ण शैक्षिक प्रकृयाको केन्द्र नै विद्यार्थी हुन्।

यस नार्सों गाउँपालिकामा रहेका ११ वटा सामुदायिक विद्यालयमा अध्ययणरत छात्र छात्राहरूको विवरण यस प्रकार रहेको छः

| क्र.स. | विद्यालयको नाम | वडा नं. | छात्रा | छात्र | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री भानु मा.वि. ताल | १ | ६ | १ | ७ | |
| २ | श्री अमर आधारभूत विद्यालय, ङेराङ | १ | ० | १ | १ | |
| ३ | श्री मनसुरी आधारभूत विद्यालय, नाचै | २ | २ | | २ | |
| ४ | श्री मर्स्याङदी आधारभूत विद्यालय, खोत्रो | ३ | १ | २ | ३ | |

| क्र.स. | विद्यालयको नाम | वडा नं. | छात्रा | छात्र | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| ५ | श्री धारापानी आधारभूत विद्यालय, धारापानी | ३ | ० | ० | ० | |
| ६ | श्री सरस्वती आधारभूत विद्यालय, ओडार | ४ | ० | २ | २ | |
| ७ | श्री प्रकाशज्योती मा.वि., थोँचे | ५ | ६० | १०७ | १२८ | आवसिय विद्यालय |
| ८ | श्री हिमज्योति आधारभूत विद्यालय, तिल्चे | ६ | २ | ० | २ | |
| ९ | श्री जनविकास आधारभूत विद्यालय, ताचै | ८ | २ | २ | ४ | |
| १० | श्री ज्ञानोदय आधारभूत विद्यालय, दानाक्यू | ९ | २ | ० | २ | |
| ११ | श्री पशुपति आधारभूत  विद्यालय, बगरछाप | ९ | ० | २ | २ | |
| जम्मा | | | ७५ | ११७ | १९२ | |

### ५.१.४ क्याम्पस तथा प्राविधिक शिक्षालय र अध्ययनरत छात्र छात्राको विवरण

यस नासोँ गाउँपालिकामा हाल सम्म कुनै पनि प्रकारका क्याम्पस तथा प्राबिधिक शिक्षालयहरूको स्थापना भएको छैन । यस गाउँपालिका बाट उच्च तह तथा प्राबिधिक शिक्षा अध्ययणका लागि यहाँका विद्यार्थिहरू जिल्ला बाहिर जाने गरेको पाइन्छ ।

### ५.१.५ विद्यालय वाहिर रहेका तथा विद्यालय छाडेका बालबालिकाहरूको विवरण

गाउँपालिकामा ५-१८ वर्ष मुनिका ४०४ बालबालिकाहरू मध्ये केहि जना छोडेर सबै जना वालवालिकाहरू अध्ययन गरिरहेका छन । यस गाउँपालिकामा बालबालिकाहरू विद्यालय छोडेर वाहिर रहेको पाइदैन, शिक्षाको महत्व वुझिसकेको यहाँका जनताहरू आफ्ना वालवालिकाहरूलाइ विद्यालय पठाउन जानकार रहेका छन ।

### ५.१.६ सिकाइ उपलब्धि तथा उत्तीर्ण दर

विद्यालय शिक्षाको गुणस्तर मापनका आधारहरू मध्ये सिकाइ उपलब्धिलाई एउटा प्रमुख आधारको रूपमा लिइन्छ । विद्यार्थिहरूको सिकाइ उपलब्धि  निर्धारण गर्नका लागि विद्यालय तहमा शिक्षक निर्मित परीक्षा अथवा आधारभूत तहमा निरन्तर मूल्याङ्कन प्रणाली प्रयोग गरिन्छ । त्यसैको आधारमा विद्यार्थिहरूलाई तल्लो कक्षाबाट माथिल्लो कक्षामा चढाइन्छ । यसका साथै राष्ट्रिय स्तरमा विद्यार्थिहरूको सिकाइ उपलब्धि  पत्ता लगाउन विद्यार्थिहरूको सिकाइ उपलब्धिका राष्ट्रिय परीक्षण गरिएका छन । यस प्रकारको लेखाजोखा विशेषतः कक्षा ३, ५ र ८ को नेपाली, गणित, सामाजिक अध्ययन, विज्ञान र अङग्रेजीमा गरिएका छन । यी अध्ययनहरूले देशमा शैक्षिक सुधारका लागि गरिएका प्रयासहरूले विद्यार्थिहरूको सिकाइ उन्नत भएको प्रमाण दिन पर्याप्त आधार नभएको औल्याएका छन (EDSC, 2008) । सन २०११ मा गरिएको National Assessment of Student Assessment (NASA) को प्रतिवेदन अनुसार कक्षामा ८ मा विद्यार्थिहरुको औसत उपलब्धि गणितमा ४३ %, नेपालीमा ४९ % र सामाजिक अध्ययनमा ४७ % मात्र रहेको छ । सन २०१२ मा गरिएको NASA को प्रतिवेदन अनुसार कक्षामा ५ मा विद्यार्थिहरूको औसत उपलब्धि गणितमा ५३.३ %, नेपालीमा ५९.७ % र अंग्रेजीमा ५३.६ % रहेको छ । यसरी नै सन २०१२ मा गरिएको NASA अनुसार कक्षामा ३ मा विद्यार्थिहरूको औसत उपलब्धि गणितमा ५९.४ % र नेपालीमा ६२.२ % पाइएको छ । (Department of Education, 2014) ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रकाशित गरेको प्रतिवेदनमा कक्षा ८ का विद्यार्थिहरूको सिकाइ उपलब्धि गणितमा ३५%, नेपालीमा ४८% र विज्ञानमा ४१ % रहेको कुरा उल्लेख गरिएको छ (Education Review Office, 2015) । यी विषयहरूमध्ये नेपाली र गणितमा विद्यार्थिहरूको सिकाइ उपलब्धि २०११ को NASA को नतिजाको तुलनामा कम भएको पाइएको छ । यसरी सिकाइ उपलब्धि बढनुको सटटा घटनुको मूल कारण पत्ता लगाउन यो अध्ययन गर्न उक्त केन्द्रले गरेको NASA प्रतिवेदनले सुझाब दिएको छ (Education Review Office, 2015) । उक्त अध्ययनले जिल्ला जिल्ला बीच, विद्यालय विद्यालय बीच र विद्यार्थि विद्यार्थि बीच सिकाइ उपलब्धि फरक रहेको कुरा समेत औल्याएको छ । अर्थात कुनै विद्यालयको कार्य प्रदर्शन राम्रो हुनु, कुनैको नराम्रो हुनु, कुनै विद्यार्थिको सिकाइ उपलब्धि राम्रो र कुनैको नराम्रो हुनुमा शिक्षक विद्यार्थिमा राम्रो सञ्चार नभएको, उनीहरूको मनोवृति सकारात्मक हुन नसकेको र उपयुक्त तथा आधुनिक प्रविधि प्रयोग भए, नभएको कारणले के कस्तो भूमिका खेल्न सक्दछ भन्ने कुरा अध्ययनको विषय भएको छ । उल्लिखित तथ्यहरूले प्राथमिक तथा आधारभूत तहमा विद्यार्थिको पहुँच राम्रै भए तापनि सिकाइ उपलब्धि मा आशातित सुधार नभएको देखाउँछ । तसर्थ कुनै विद्यालयको सिकाइ उपलब्धि राम्रो हुनु र कुनैको कमजोर हुनु, कुनै विद्यार्थिको सिकाइ उपलब्धि राम्रो हुनु र कोहीको कमजोर हुनाका कारण पत्ता लगाउन सकेमा सिकाइ उपलब्धिमा सुधार ल्याउन सहयोग पुर्याउन सकिने कुरा महत्वपूर्ण छ । विशिष्ट रूपमा व्यक्त गर्दा एउटै जिल्लामा र एकै परिवेशमा रहेका विद्यालय विद्यालय बीचको प्रभावकारिता र विद्यार्थिहरूको सिकाइ उपलब्धिमा रहेको भिन्न अवस्थालाई केस अध्ययन गरी समस्याको मुल जरो पहिचान गर्नु पर्ने आवश्यकता रहेको छ ।

नेपालले २०७२ सालबाट ग्रेडिङ सिस्टम सुरूवात गरेपछि सिकाई उपलब्धि कति छ भनेर मापनमा अलि कमि आएको पाइन्छ । तर आधुनिक सुविधाहरूको पहुच विद्यार्थिहरू भएका कारण उनिहरूको सिकाइमा समयसापेक्ष विकास हुदै गएको पाइन्छ ।

### ५.१.७ खुद भर्ना, निरन्तरता तथा टिकाउ दर

गाउँपालिकामा खुद नयाँ विद्यार्थी भर्नादर ९७.९ रहेको छ जसमध्ये ९७.९ प्रतिशत छात्रा र ९७.८ प्रतिशत छात्र रहेका छन् । यहाँ आधारभूत विद्यालय तर्फ कक्षा १ देखि ५ सम्ममा सबै भन्दा बढी छात्रहरु निरन्तर विद्यालयमा उपस्थित हुने र टिकाउ हुने रहको पाइन्छ भने माध्यमिक तह कक्षा ९ देखि १२ का छात्राहरुको अध्ययनमा निरन्तरता र टिकाउदर तुलनात्मक रुपमा न्यून अर्थात ४० प्रतिशत रहेको छ ।

### ५.१.८ बाल विकास केन्द्रको विवरण

नासौँ गाउँपालिकामा सामुदायिक तर्फ ११ वटा र संस्थागत विद्यालयमा बालविकास केन्द्रहरु संचालनमा रहेका छन् । यसरी संचालमा रहेका बालविकास केन्द्रहरुमा ३२ जना बालवालिका अध्ययनरत छन् । बालविकास केन्द्र र कार्यरत सहयोगी कार्यकर्ताको विस्तृत विवरण तलको तालिकामा समावेश गरिएको छ ।

| क्र. स. | विवरण | सामुदायिक | कैफियत |
|---|---|---|---|
| १ | बाल विकास केन्द्र | १२ | |
| २ | सहयोगी कार्यकर्ता (शिक्षक) | १२ | |
| ३ | विद्यार्थी संख्या | ३२ | |
| ४ | विद्यालय | ११ | |
| ५ | सरकारी सुविधा (तलब, व्यवस्थापन, खाजा, पोशाक) | दरबन्दि अनुसार | |
| ६ | खेल तथा सिकाई सामाग्री व्यवस्थापन सहयोग | शिक्षा कार्यालय | |

| क्र. स. | विवरण | सामुदायिक | कैफियत |
|---|---|---|---|
| ७ | भवन तथा कक्षा कोठा | ११ | |
| ८ | आधारभूत तालिम प्राप्त जनशक्ती | तालिम प्राप्त | |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ५.१.९ विद्यालय शान्ति क्षेत्र र विद्यालय सुधार योजना विवरण

शान्ति मानव सुख प्राप्तिको आधार हो। शान्ति अभावमा न त न्याय सम्भव छ न त विकास नै सम्भव हुन्छ, न सुख समृद्धि नै प्राप्त हुन्छ। शान्तिपुर्ण जिवन यापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकार हो। हिंसा, र द्धन्द्ध नहुनु तथा हिंसा र भयबाट मुक्तको स्थिती नै शान्ति हो। शान्ति सदभावको प्रतिक र मानव चाहानाको अन्तिम समध्य हो। शान्तिमा नै सुख निहित हुन्छ। समाजमा शान्ति भएन भने संगठित र सभ्य समाजको निर्माण असम्भव हुन्छ। मानव मस्तिष्कमा शान्ति भएन र तनावको स्थिती रहिर्यो भने शक्ति सम्पत्ति वा अन्य कुराले मामत्र पनि सुख दिन सक्दैन।

नेपाल सरकारले २०५९ माघ १ गतेका दिन एक पत्रकार सम्मेलन गरि विद्यालय तथा शिशु, बाल केन्द्रलाई शान्ति क्षेत्र घोषणा गर्ने, बालबालिकासंग सम्बन्धित बिशेष दिनहरुलाई सम्मान गर्दै उक्त दिन युद्ध बिराम गर्ने, बालबालिकाको सहभागितामा सम्पन्न बिशेष कार्यक्रमहरुमा व्यवधान नगर्ने, बालबालिकाले उपयोग गर्ने सवारी साधानहरुको बचाउट गर्ने, बालबालिकालाई अत्यावश्यक सेवा तथा सामग्रीको आपुर्तिमा बाधा नपुर्याउने, बालबालिकालाई असर गर्ने आम सञचारमा प्रयोग नगर्ने, बालबालिका प्रति भद्र तथा बाल मित्रबत व्यवहार गर्ने, उद्धार, राहत तथा पुनस्र्थापना कार्यमा बालबालिकालाई प्राथमिकता दिने, बालबालिकाका निम्ति मानवीय कार्यमा संलग्न सघंसंस्थालाई कार्य गर्न दिने, शान्ति शिगा र शान्ति संस्कारको विकास गर्ने जस्ता १० बुँदाहरु पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरी बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानको थालनी भयो र सर्वसाधारण, युद्धरत पक्ष, राजनितिक दल, पत्रकार, बाल, मानव अधिकारकर्मि, नागरिक समाज, विद्यार्थी संगठन लगायतलाई सार्वजनिक अपिल गरिएको थियो। बालबालिका शान्ति क्षेत्र अभियानलाई संस्थागत तरिकाले अगाडी बढाउन शिक्षा मन्त्रालय लगायतका प्रमुख सरोकारवालाहरु तत्पर भए।

विद्यालय तथा बालबालिका विभिन्न पक्षबाट प्रभावित हुन छोडेनन् , भने विद्यालय शान्ति क्षेत्रको गतिविधी पनि निरन्तर रुपमा अगाडी बढ्दै गयो। विद्यार्थीहरूको पठनपाठनको अधिकारलाई सुनिश्चितता तथा सुलभता प्रदान गर्दै बिना व्यवधान सुव्यवस्थित र शान्त वातावरणमा विद्यालयहरूको निरन्तर सञ्चालनको सुनिश्चितताको लागि मिति २०६८ जेष्ठ ११ गते बसेको नेपाल सरकार मन्त्रीपरिषदको बैठकले विद्यालयलाई शान्तिक्षेत्र घोषणा गर्ने निर्णय गर्यो। सोही घोषणाको कार्यान्वयनको निमित्त "विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८" तयार गरिएको छ। नेपालको संविधानको भाग तीन धारा ३९ बालबालिकाको हकको उपधारा ५ मा कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानुनी ओसार पसार र अपहरण गर्न वा बन्धक राख्न पाउने छैन। उपधारा ६ मा कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समुहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्याम वा प्रकारले दुव्र्यवहार, उपेक्षा वा शारिरीक, मानसिक, यौन जन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाईने छैन्। उपधार ७ मा कुनै पनि बालबालिकालाई बाल घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारिरीक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाईने छैन। भन्ने व्यवस्था गरेअनुरुपा विद्यालय शान्ति क्षेत्रलाई संवैधानिक प्रावधान गरिएको छ।

"विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८" अनुसार विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्नु, विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्नु र ३ विद्यालयलाई भेदभाव, दुव्र्यवहार, बेवास्ता र शोषणबाट मुक्त राख्नका लागि विद्यालय शान्तिक्षेत्रको कार्यान्वयनको पाटो हो। तसर्थ विद्यालय

शान्ति क्षेत्रका सफल कार्यान्वयन गर्नको लागि राजनितीक दल, पशागत संगठन, अभिभावक, र अन्य सरोकारवाला निकायहरुको मुहत्व पुर्ण भुमिका रहन जान्छ । विद्यालय शान्ति क्षेत्र कायम गर्नर्काको लागि तपशिल बमोजिमका राजनितीक दलले विद्यालय शान्ति क्षेत्रको मर्म अनुसार आफ्ना गतिविधीहरुलाई अबलम्बन गर्ने तथा विद्यालय शान्तिक्षेत्रको कार्यान्वनका लागि प्रतिवद्धता गरेको देखिन्छ ।

### ५.१.१० शिक्षक तथा शैक्षिक जनशक्ति विवरण

नासोँ गाउँपालिकामा अबस्थित विद्यालयहरूमा रहेका शिक्षक तथा शैक्षिक जनशक्ति विवरण यस प्रकार रहेको छः

| क्र.स. | विद्यालयको नाम | जम्मा दरवन्दी | स्थायी | अस्थायी करार | राहत | ईसीडि सका | कास | कर्मचारी लेखा |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री भानु मा.वि. ताल | १३ | ६ | ५ | ० | १ | १ | ० |
| २ | श्री अमर आ.वि., डेराङ | ४ | १ | | १ | १ | १ | |
| ३ | श्री मनसुरी आ. वि., नाचै | ८ | ६ | | | १ | १ | |
| ४ | श्री मर्स्याङदी आ. वि., खोत्रो | ६ | ४ | | | १ | १ | |
| ५ | श्री धारापानी आ. वि., धारापानी | १ | | | | | १ | |
| ६ | श्री सरस्वती आ. वि., ओडार | ७ | ५ | | | १ | १ | |
| ७ | श्री प्रकाशज्योती मा.वि., थोँचे | १४ | ९ | १ | १ | १ | १ | १ |
| ८ | श्री हिमज्योति आ. वि., तिल्चे | १२ | ७ | २ | | २ | १ | |
| ९ | श्री जनविकास आ. वि., ताचै | ९ | ७ | | | १ | १ | |
| १० | श्री ज्ञानोदय आ. वि., दानाक्यू | ६ | ४ | | | १ | १ | |
| ११ | श्री पशुपति आ. वि., बगरछाप | ७ | ६ | | | १ | | |
| **जम्मा** | | **८७** | **५५** | **८** | **२** | **११** | **१०** | **१** |

स्रोत: शिक्षा शाखा नासोँ गाउँपालिका

### ५.१.११ आधारभूत र माध्यमिक विद्यालयमा पहुँचको अवस्था

यस गाउँपालिकामा रहेका ९ वटा वडाहरूमा २ वटा माध्यामिक विद्यालयहरू रहेका छन भने ९ वटा आधारभूत विद्यालयहरू रहेका छन। यस पालिकाको मध्य स्थानमा अबस्थित श्री प्रकाशज्योती मा.वि., थोँचेमा आबासिय सुबिधा रहेको छ । यस विद्यालयमा पालिका भरबाट पढ्न आउने गरेको पाइन्छ । यस पालिकामा रहेका विद्यार्थिहरूको विद्यालयहरूमा राम्रै पहुच छ भन्न सकिन्छ ।

## ५.१.१२ शैक्षिक संस्था उपलब्ध भौतिक पूर्वाधार तथा सुबिधा

| क्र.स. | विद्यालयको नाम | कम्पाउण्ड | | | | विद्युत | | इन्टरनेट | | कम्प्यूटर विवरण | | | | | | पुस्तकालय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छैन | कच्ची | पक्की | तारबार | छ | छैन | छ | छैन | कम्प्यूटर | | शिक्षकको लागि | | पढ्को लागि | | छ | छैन |
| | | | | | | | | | | छ | छैन | छ | छैन | छ | छैन | | |
| १ | श्री भानु मा.वि. ताल | | ✓ | | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| २ | श्री अमर आ.वि. ङेराङ | | ✓ | | | ✓ | | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ |
| ३ | श्री मनसुरी आ.वि. नाचै | | ✓ | | | ✓ | | | ✓ | ✓ | | | ✓ | | ✓ | | ✓ |
| ४ | श्री मर्स्याङदी आ.वि. खोत्रो | | ✓ | | | ✓ | | | ✓ | ✓ | | | ✓ | | ✓ | | ✓ |
| ५ | श्री धारापानी आ.वि. धारापानी | | ✓ | | | ✓ | | | ✓ | ✓ | | | ✓ | | ✓ | | ✓ |
| ६ | श्री सरस्वती आ.वि. ओडार | | ✓ | | | ✓ | | | ✓ | ✓ | | | ✓ | | ✓ | | ✓ |
| ७ | श्री प्रकाशज्योती मा.वि. थोँचे | | ✓ | | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| ८ | श्री हिमज्योति आ.वि. तिल्चे | | ✓ | | | ✓ | | | ✓ | ✓ | | | ✓ | | ✓ | | ✓ |
| ९ | श्री जनविकास आ.वि. ताचै | | ✓ | | | ✓ | | | ✓ | ✓ | | | ✓ | | ✓ | | ✓ |
| १० | श्री ज्ञानोदय आ.वि. दानाक्यू | | ✓ | | | ✓ | | | ✓ | ✓ | | | ✓ | | ✓ | | ✓ |
| ११ | श्री पशुपति आ.वि. बगरछाप | | ✓ | | | ✓ | | | ✓ | ✓ | | | ✓ | | ✓ | | ✓ |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ५.१.१३ छात्रवृत्ति तथा अन्य लक्षित सुविधा उपलब्धताको अवस्था

नासौँ गाउँपालिकामा गत आर्थिक बर्षमा छात्रवृत्ति तथा अन्य लक्षित सुविधा प्राप्त गर्नेको संख्या ४९ जना रहेको छ। जस मध्ये छात्रा ३९ जना, दलित समुदायका विद्यार्थी १० जना रहेका छन्। तहगत रुपमा विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| छात्रवृत्ति सम्बन्धी विवरण | | | |
|---|---|---|---|
| **क्र.स.** | **छात्रवृत्ति** | **कक्षा** | **संख्या** |
| १ | छात्रा | १-८ | ३९ |
| २ | जनजाति | १-८ | ० |
| ३ | अपांग | १-८ | ० |
| ४ | द्लित | १-८ | १० |

स्रोत: शिक्षा शाखा, नासौँ गाउँपालिका

### ५.१.१४ स्थानीय सरकारको शिक्षा क्षेत्रमा लगानी

| आर्थीक वर्ष | शिक्षा तर्फको | कुल रकम | जम्मा |
|---|---|---|---|
| ०८०/०८१ | नेपाल सरकार | ६,८२,३१,००० | ६,८२,३१,००० |
| **जम्मा** | | **६,८२,३१,०००** | **६,८२,३१,०००** |

स्रोत: लेखा शाखा, नासौँ गाउँपालिका

### ५.१.१५ अपाङ्गता तथा विशेष शिक्षा स्रोत कक्षा र विद्यार्थी विवरण

यस नासौँ गाउँपालिकामा अपाङ्गता तथा विशेष शिक्षा स्रोत कक्षा र विद्यार्थी विवरण त्यस्तो भिन्दै नरहेको र अगामि दिनमा सो प्रकारको शेवा सुबिधा थपिदै जाने कुराको सुनिश्चितता रहेको छ।

### ५.१.१६ शैक्षिक गुणस्तर सम्बन्धी विवरण

- विद्यालय सहयोग संम्यन्त्र
- परीक्षा व्यवस्थापन
- शिक्षकहरुको क्षमता विकास तालिम
- नियमित रुपमा अनुगमन सुपरीवेक्षण
- ऐन नियमावली कार्यविधि निर्माण
- बालसंरक्षण नीति
- दण्डरहित शिक्षा
- बालविकासमा खेल सामाग्रीको व्यवस्था
- कक्षा १–३ ग्रेड शिक्षणको व्यवस्था
- क्षमता विकास तालिमको व्यवस्था
- बालमैत्री खानेपानी तथा शौचालयको व्यवस्था

- बाल क्लवहरुको गठन
- बाल शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन

## ५.२ स्वास्थ्य तथा पोषण

मानिस शारीरिक रुपमा स्वस्थ रह्यो भने मानसिक रुपमा पनि स्वस्थ रहन्छ। शारीरिक र मानसिक स्वास्थ्य मौलिक रूपमा जोडिएको छ। यदि हामीले सही खाना खाएर र नियमित रूपमा शारीरिक गतिविधिहरू गरेर आफ्नो शरीरलाई फिट र स्वस्थ राख्न सक्षम छौं भने, हाम्रो शरीरले हामीलाई दैनिक तनावसँग सामना गर्न पक्कै मद्दत गर्नेछ। हाम्रो शरीरका कोशिकाहरू विभिन्न रासायनिक पदार्थहरू मिलेर बनेका हुन्छन् र तिनीहरू ठाउँ-ठाउँमा सर्छन्। यसबाहेक, हाम्रो शरीरमा अन्य धेरै गतिविधिहरू भइरहेका छन्, जसको लागि हाम्रो शरीरलाई धेरै ऊर्जा र कच्चा पदार्थ चाहिन्छ। हाम्रो कोशिका र तन्तुहरूको राम्रोसँग काम गर्नको लागि, खाना आवश्यक छ।

मानव शरीरलाई आवश्यक पर्ने पोषक तत्व र लिइने आहारबीचको सन्तुलनलाई पोषण भन्ने गरिन्छ। पोषणले मानिसलाई स्वस्थ रहन एवं रोग प्रतिरोधात्मक क्षमता कायम तथा विकास गर्न मद्धत गर्दछ। हरेक उमेर समुहका स्वस्थ तथा रोगी दुवै मनिसहरुमा राम्रो पोषण जीवनभर आवश्यक पर्दछ। बिशेषतः गर्भवती महिला, स्तनपान गराइरहेकी आमा, शिशु, बालबालिकालाई विशेष किसिमको पोषण र हेरचाहको जरुरत पर्दछ। विभिन्न अध्ययन अनुसार बालबालिकाको मानसिक तथा शारीरिक तीव्र विकास पनि यहि अवधीमा हुने गर्दछ। आजका बालबालिका भोलीको देशको अहम जनशक्ति हुन जसको स्वास्थ्य र उत्पादकत्वले समग्र देशको आर्थिक तथा सामाजिक विकासको निर्धारण गर्दछ।

यस परिच्छेदमा हामि नासोँ गाउँपालिकाको स्वास्थ्य र पोषणका बारेमा चर्चा गर्नेछौः

### ५.२.१ स्वास्थ्य संस्थाको विवरण

| क्र.सं. | वडा नं. | स्वास्थ्य संस्थाको नाम | संख्या |
|---|---|---|---|
| १ | १ | धारापानी स्वास्थ्य चौकी | १ |
| २ | २ | नाचै आधारभूत स्वास्थ्य केन्द्र | १ |
| ३ | ३ | खोत्रो आधारभूत स्वास्थ्य केन्द्र | १ |
| ४ | ४ | ओडार  आधारभूत स्वास्थ्य केन्द्र | १ |
| ५ | ५ | थोचे स्वास्थ्य चौकी | १ |
| ६ | ६ | तिल्चे आधारभूत स्वास्थ्य केन्द्र, नासोँ | १ |
| ७ | ७ | तिल्चे आधारभूत स्वास्थ्य केन्द्र | १ |
| ८ | ८ | ताचै स्वास्थ्य चौकी | १ |
| ९ | ९ | बगरछाप आधारभूत स्वास्थ्य केन्द्र | १ |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ५.२.२. स्वास्थ्य संस्थामा उपलब्ध तथा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य जनशक्ति विवरण

| क्र.स. | कर्मचारीको नाम थर (सर्शत तर्फ) | पद | स्वास्थ्य संस्था | कैफियत |
|---|---|---|---|---|
| १. | मालति घले | अ.व.हे. | चाचै स्वाचौकी . | |
| २. | मिना गुरुङ | अ.व.हे. | चाचै स्वाचौकी . | |
| ३. | छोडेन याङचेन लामा | हे.अ. | थोँचे स्वाचौकी . | |

| क्र.स. | कर्मचारीको नाम थर (सर्शत तर्फ) | पद | स्वास्थ्य संस्था | कैफियत |
|---|---|---|---|---|
| ४. | रोशनी गुरुङ | अव.व.हे. | थोँचे स्वाचौकी . | |
| ५. | सोनाम दिकी लामा | अ.मी.न. | थोँचे स्वाचौकी . | |
| ६. | काशि माया गुरुङ | अ.मी.न. | धारापानी स्वाचौकी . | बर्थिङ सेन्टर |
| ७. | छिमि ल्हमो गुरुङ | अ.व.हे. | धारापानी स्वाचौकी . | |
| ८. | बिमला गुरुङ | अ.मी.न. | धारापानी स्वाचौकी . | |
| ९. | होम बहादुर गुरङ | का.स. | ताचै स्वाचौकी . | |
| १०. | उपेन्द्र गुरुङ | का.स. | धारापानी स्वाचौकी . | |
| ११. | दिल माया गुरुङ | का.स. | ताचै स्वाचौकी . | |
| १२. | डिल काशी घले | का.स. | ताचै स्वाचौकी . | |
| **आधारभुत स्वास्थ्य सेवा तर्फ** | | | | |
| १. | सरस्वती गुरुङ | अ.मी.न. | आकेन्द्र २ .से.स्वा. | |
| २. | अस्मिता गुरुङ | अ.मी.न. | आकेन्द्र ३ .से.स्वा. | |
| ३. | आईतमाया  बि.क. | अ.ब.हे. | आकेन्द्र ४ .से.स्वा. | |
| ४. | शर्मिला गुरुङ | अ.मी.न. | आकेन्द्र ६ .से.स्वा. | |
| ५. | बिश्वबिबेक मल्ला | अ.ब.हे. | आकेन्द्र ७ .से.स्वा. | |
| ६. | शर्मिला घले | अ.मी.न. | आकेन्द्र ९ .से.स्वा. | |
| ७. | हिमान गुरुङ | का.स. | आकेन्द्र २ .से.स्वा. | |
| ८. | युकेश गुरुङ | का.स. | आकेन्द्र ३ .से.स्वा. | |
| ९. | मलिना गुरुङ | का.स. | आ केन्द्र .से.स्वा.४ | |
| १०. | शंकर गुरुङ | का.स. | आकेन्द्र ६ .से.स्वा. | |
| ११. | सुनिता गुरुङ | का.स. | आकेन्द्र ७ .से.स्वा. | |
| १२. | छिरिङ याङचुङ गुरुङ | का.स. | आकेन्द्र ९ .से.स्वा. | |

स्रोत: गाउँपालिका स्वास्थ्य शाखा

### ५.२.३ प्राथमिक स्वास्थ्य सेवाको पहुँचको अवस्था

| समय | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | प्रतीशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०-३० मिनेट भित्र | ६२ | ४४ | ५६ | ५४ | ३१ | ४८ | ३५ | ६० | ३० | **४२०** | **८९.३६** |
| ३० मि.-१ घण्टा भित्र | ० | ० | ० | ० | ० | ६ | ४ | १ | २५ | **३६** | **७.६६** |
| १- २ घण्टा भित्र | ११ | ० | ० | ० | ० | १ | २ | ० | ० | **१४** | **२.९८** |
| **जम्मा** | **७३** | **४४** | **५६** | **५४** | **३१** | **५५** | **४१** | **६१** | **५५** | **४७०** | **१००.** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ५.२.४ उपलब्ध स्वास्थ्य सेवा तथा सुविधा

नासो गाउँपालिकामा स्वास्थ्य बिमा गर्ने परिवार संख्या भन्दा नगर्ने घरपरिवारको संख्या अत्यन्त धैरै रहेको छ। यहाँका ४७० परिवार मध्ये थोरै घरपरिवारले स्वास्थ्य बीमा गरेका छन। नासोँ गाउँपालिकाले यस पालिकामा रहेका दलित हरूको स्वास्थ्य विमा गरिदिने गरेको छ। स्वास्थ्य विमाबाट पाउने सुविधाजनक नभएका कारण पनि स्वास्थ्य विमाले व्यापक रूपमा हुन सकेको छैन।

### ५.२.५ खोप सेवा तथा सुरक्षित मातृत्व सम्बन्धी विवरण

बालबालिका भविष्यका निर्माता हुन्। यसको लागि यिनीहरू स्वस्थ्य र निरोगी हुनु आवश्यक छ। बाल्य अवस्थामा उनीहरूलाई बी.सी.जी. एक पटक, डी.पी.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ। बालबालिकाहरूको लागि पाँच ओटै खोपहरू नियमित र पुरा मात्रामा दिनु पर्दछ। नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुर्यायको छ। जसले गर्दा दिगो विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.डी.जी.–४) प्राप्त गर्न सहयोग पुगेको छ।

बाल्यकाल तथा उमेर पुगेपछि लाग्न सक्ने प्राणघातक रोगहरू जस्तै क्षयरोग, भ्यागुते रोग, लहरे खोकी, धनुषटंकार, हेपाटाइटिस बी, इन्ल्फुयन्जा टाइप बी, पोलियो, न्यूमोनिया, दादुरा, रुबेला र जापानिज इन्सफलाइटिस् विरुद्ध चरणबद्ध रुपमा समयमै खोपहरू अनिवार्य रुपमा लगाउनु पर्दछ। ती खोपहरू क्रमशः BCG, DPT, OPV, PCV, IPV, MR, JE / ID हुन्। यसरी खोपहरू समयमै लगाउँदा सीमित लगानीमा ठूला रोगहरूको जोखिमबाट मुक्त भई बाल मृत्यूदर नियन्त्रण गर्ने प्रभावकारी उपाय हुन्छ।

| सुचकहरू | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
|---|---|---|---|
| वि.सि.जि. | ५४% | ५४% | ५४% |
| डि.पि.टि./ हेप बि/ हिप ३ कभरेज | ७०% | ७०% | ७०% |
| दादुरा रुबेला १ (९–११महिना) कभरेज | ७०% | ७०% | ७०% |
| जे इ कभरेज | ७९% | ७९% | ७९% |
| टि.डि२ र टि.डि २+ कभरेज | ५४% | ५४% | ५४% |

स्रोत: नासो गाउँपालिका स्वास्थ्य शाखा

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मे पछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलत आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानी नोक्सानी पुग्ने भएकाले सरकारले कानुनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकेको छ। तर १७ प्रतिशत किशोरीहरू १५ देखि १९ वर्ष उमेरमा गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)। सरकारले स्वास्थ्य सेवा विभाग मार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ।

| विवरण | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
|---|---|---|---|
| पहिलो पटक गर्भवती जाँच सेवा लिनेको प्रतिशत | ६६ | ८९ | ८५ |
| प्रोटोकल अनुसार ४ पटक गर्भवती जाँच सेवा लिनेको प्रतिशत | ६६ | ४९ | ९९ |
| स्वास्थ्य संस्था प्रसुतिदर | ४६ | ४७ | ४८ |
| दक्ष प्रसुतिकर्मीबाट (डाक्टर, नर्स, तालिम प्राप्त अ.न.मी.) प्रसुति गराएको प्रतिशत | ४६ | ४७ | ४८ |

स्रोत: नासो गाउँपालिका स्वास्थ्य शाखा

### ५.२.६ बाल स्वास्थ्य तथा कुपोषणको अवस्था

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सूचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्षमुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालवृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धी महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसालगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिक बिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ। यस गाउँपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्।

### ५.२.७ प्रमुख रोग र उपचार सम्बन्धी विवरण

यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाका ओपिडीमा दर्ता भएका विरामीको संख्या अनुसार पछिल्लो समय देखा परेका ०९ प्रमुख स्वास्थ्य समस्याहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

| क्र.सं. | प्रमुख रोगहरू | रोगीको संख्या | | | जम्मा |
|---|---|---|---|---|---|
| | | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | |
| १ | ग्यासट्राइटिक्स | | | | |
| २ | Headche | | | | |
| ३ | Hypertenson | | | | |
| ४ | Full insury | | | | |
| ५ | Fiver | | | | |
| ६ | Fungal infection | | | | |

| क्र.सं. | प्रमुख रोगहरू | रोगीको संख्या | | | जम्मा |
|---|---|---|---|---|---|
| | | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | |
| ७ | ARI | | | | |
| ८ | Back Pain | | | | |
| ९ | Musul Pain | | | | |
| जम्मा | | | | | |

स्रोत: नासो गाउँपालिका स्वास्थ्य शाखा

### ५.२.८ सुरक्षित मातृत्व

**क) परिवार नियोजन**

परिवार नियोजनबाट हुने फाइदाका बारेमा विभिन्न संघ संस्थाबाट गरिएका अध्ययन अनुसन्धानबाट आमा, बच्चा र नवजात शिशुको स्वास्थ्य सुधार गर्न उल्लेखनीय भूमिका खेल्ने कुरा प्रमाणित भएको छ। साथै यसले लैङ्गिक समानता, महिलाको शिक्षा र बृद्धि विकास गर्नको लागि सहयोग पुर्याउँछ। त्यस कारण गुणस्तरीय परिवार नियोजन सेवा प्रदान गर्ने उद्देश्यले सन् १९९१ देखि प्रजनन स्वास्थ्य कार्यक्रम र परिवार नियोजन कार्यक्रमलाई विस्तार गरी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी क्लिनिक र घुम्ती शिविरहरूमा विस्तार गरी महिला स्वास्थ्य स्वयंसेवीकाद्वारा सेवा पुर्याउँदै आएको छ।

परिवार नियोजन कार्यक्रमको प्रभावकारीता, प्रजनन् स्वास्थमा आएको चेतना र शिक्षाको सामाजिक र पारिवारिक जागरणमा परेको सकारात्मक प्रभावका कारण परिवारको आकार घट्ने क्रममा रहेको छ। मुख्यतया महिलाको प्रजनन् स्वास्थमा भएको जटिलता, प्रजनन् स्वास्थ्य बारेको चेतनाको कमी, औषधोपचारमा पहुँचको कमी, पोषणको कमी, चुरोट तथा नशालु पदार्थको प्रयोग, वंशाणुगत कारण आदिले महिलामा बाँझोपन आउन सक्ने तथ्यलाई मनन् गरी त्यसतर्फ उचित कदम चाल्नु पर्ने देखिन्छ। महिलामा बाँझोपन हुँदा देखा पर्ने महिला हिंसा तथा नकारात्मक सामाजिक व्यवहारले लैङ्गिक हिंसा बढाएको तथ्य हामी सामु रहेको छ।

**ख) सुत्केरी गराएको स्थान सम्बन्धी विवरण (१२ महिनाभित्र)**

| सुत्केरी गराएको स्थान | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य संस्थामा | ३१% | ९२% | ९५% | ९०% | ९२% | ९३% | ९४% | ८५% | ९८% | |
| घरमा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| स्रोत नखुलेको | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| जम्मा | | | | | | | | | | |

स्रोत: नासो गाउँपालिका स्वास्थ्य शाखा

### ५.२.९ जोखिममा रहेको स्वास्थ्य संस्था तथा पूर्वाधारको अवस्था

| क्र.सं. | वडा नं. | स्वास्थ्य संस्थाको नाम | जोखिमको प्रकार | | | |
|---|---|---|---|---|---|---|
| | | | बाढि | पहिरो | भूक्षय | अन्य |
| १ | १ | धारापानी स्वास्थ्य चौकी | बाढि | | | |

| क्र.सं. | वडा नं. | स्वास्थ्य संस्थाको नाम | जोखिमको प्रकार | | | |
|---|---|---|---|---|---|---|
| | | | बाढि | पहिरो | भूक्षय | अन्य |
| २ | २ | नाचै आधारभूत स्वास्थ्य केन्द्र | | | | |
| ३ | ३ | खोत्रो आधारभूत स्वास्थ्य केन्द्र | बाढि | | | |
| ४ | ४ | ओडार  आधारभूत स्वास्थ्य केन्द्र | | | | |
| ५ | ५ | थोचे स्वास्थ्य चौकी | बाढि | | | |
| ६ | ६ | तिल्चे आधारभूत स्वास्थ्य केन्द्र, नासोँ | | | | |
| ७ | ७ | तिल्चे आधारभूत स्वास्थ्य केन्द्र | | | | |
| ८ | ८ | ताचै स्वास्थ्य चौकी | | | | |
| ९ | ९ | बगरछाप आधारभूत स्वास्थ्य केन्द्र | | | | |
| जम्मा | | | | | | |

स्रोत: नासो गाउँपालिका स्वास्थ्य शाखा

## ५.३ खानेपानी तथा सरसफाइ

खानेपानी तथा सरसफाई स्वास्थ्यसँग प्रत्यक्ष सरोकार रहेको विषय हो। स्वस्थ जीवन जिउनका लागि यी तत्वको निकै महत्व रहेको हुन्छ र यस बारेमा सचेत पनि रहनु पर्दछ। खानेपानीले मानिसको स्वास्थ्यमा प्रत्यक्ष रुपमा असर गर्ने गर्दछ तसर्थ खानेपानी सफा तथा शुद्ध हुन आवश्यक छ।

सामान्यतया सरसफाइ भन्नाले आफ्नो शरीरको,घरआगन वरीपरीको र बाटोघाटो वा टोल छिमेकको स्वच्छ, सुन्दर र शोभा बढाउनका लागि सफा सुग्घर गर्ने कामलाइ जनाउछ। अर्को अर्थमा भन्नुपर्दा सरसफाइ भनेको सरुवा रोगबाट बच्न र बचाउन, आफ्नो वा आफ्नो परीवारको शरीर सफा राख्न, लगाउने कपडा सफा गर्न, घरआगन बाटोघाटो वरपर फोहर हुन नदिन अपनाइने सम्पूर्ण क्रियाकलापहरु भन्ने बुझिन्छ । अर्को अर्थमा व्यक्तिगत, घरायसी, वातावरणीय तथा सार्वजनिक स्थलमा कुनै पनि अवस्थामा र कुनै पनि समयमा पुनः प्रयोग हुने वा नहुने कुनै पनि बस्तु जथाभावी प्रयोग नभएको, स्वच्छता वा सफाइ कायम भएको, मानव दिसापिसावका साथै कुनै पनि फोहरहरु जथाभावी नफालिएको र त्यसको समुचित तथा दिगो व्यवस्थापन गरिएको अवस्था नै सरसफाइ हो।

### ५.३.१ खानेपानी श्रोत र सुविधाको अवस्था


Sustainable Development Goals Status (SDG) २०१६ – २०३० का अनुसार (SDG – 6) आधार वर्ष २०१५ मा सुरक्षित पिउने पानी उपभोग गर्ने जनसंख्या १५% मात्र देखिन्छ। दिगो विकास लक्ष्य अनुगमन ढाँचासमेत उल्लेख भएको उक्त दस्तावेजअनुसार यो जनसंख्या क्रमश वृद्धि गर्ने अपेक्षा गरिएको छ। जसअनुसार २०१९ मा ३५%, २०२२ मा ५०%, २०२५ मा ६५% हुँदै सन् २०३० सम्म सुरक्षित पिउने पानी प्रयोग कर्ता कूल जनसंख्याको स ंख्या ९०% हुने महत्वाकांक्षी लक्ष्य राखिएको छ। उक्त राष्ट्रिय लक्ष्य प्राप्तिमा टेवा पुर्याउन तथा आम जनसाधारणको जनस्वास्थमा सुधार गर्न पानी प्रयोग गर्दा पानीको उपयुक्तताको परीक्षण र सुरक्षाको उपायहरूबारे व्यापक जनचेतना फैलाउनु पर्ने देखिन्छ।

यस नासो गाउँपालिकामा खानेपानीको श्रोत सुविधाका बारेमा तलको तालिकामा प्रष्ट पारीन्छः

| खानेपानीको श्रोत | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मुलको पानी | १ | ० | २ | ३ | ० | ० | ० | ० | ० | ६ | १.२८ |
| आयोजनाको पानी घरमा | ५९ | ४४ | ५४ | ५१ | ३१ | ५५ | ४१ | ६१ | ५५ | ४५१ | ९५.९६ |
| सार्बजनिक धारा | १३ | ० | ० | ० | ० | ० | ० | ० | ० | १३ | २.७६ |
| **जम्मा** | **७३** | **४४** | **५६** | **५४** | **३१** | **५५** | **४१** | **६१** | **५५** | ४७० | **१००** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

माथिको तालिकालाइ अध्ययन गर्दा गस नासो गाउँपालिकामा खानेपानीको तथ्यलाइ केलाउदा यस गाउँपालिकाका झण्डै ९६ प्रतिसत बासिन्दाहरूले आयोजनाको पानी घरमा ल्यायर वा धारो बनायर खाने गरेका छन भने सार्वजनिक धाराको पानी २.७६ प्रतिसत खानेगरेका छन। मुल / मुहानको पानी खाने घरधुरी जम्मा १.२८ प्रतिसत छन् भने खानेपानी आयोजनाको भन्दा बाहीरको पानी खाने घरपरीवार यस गाउँपालिकामा छैनन् यो स्थानीय सरकारको सुखद पक्ष हो।




गाउँपालिकाका कुल घरपरिवार मध्ये ७४.२६ प्रतिशत घरपरिवारहरूले पानी शुद्धिकरणका लागि उमाल्ने गरी खानेपानी प्रयोग गर्ने गरेको पाइन्छ। त्यसै गरी१४.०४ प्रतिशत घरधुरीले फिल्टर गरी पानी पिउने गरेका छन् भने ११.७ प्रतिशतले अन्य विधि प्रयोग गरी पानी पिउने गरेका छन्। प्राकृतिक श्रोतहरूमा प्राप्त पानीलाई शुद्धीकरण नगरी पिउनु जनस्वास्थ्यको दृष्टिकोणले अत्यन्त जोखिमपूर्ण हुन्छ। यसबाट संक्रामण रोगहरू जस्तै आउँ, झाडा पखाला, जुका, टाइफाइड लाग्नुका साथै दीर्घ रोगहरू जस्तै पत्थरी, क्यान्सर जस्ता प्राणघातक रोगहरूको संभावना प्रवल रहन्छ तसर्थ स्थानीय सरकार र गाउँपालिकाबासीहरूको सहकार्यमा पानी शुद्धीकरणका उपायहरू अबलम्बन गरी प्रयोग गर्ने र जनस्तरमा स्वास्थ्य शिक्षाको व्यापक प्रचार प्रसार गर्नु पर्दछ। जसको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**पानी शुद्दिकरण गर्ने विधि**

| खानेपानी शुद्दिकरण गर्ने विधि | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उमाल्ने | ५० | ४० | ३७ | ४१ | २० | २८ | २४ | ५८ | ५१ | **३४९** | **७४.२६** |
| फिल्टरगर्ने | २३ | ० | ९ | ४ | ३ | १८ | ७ | १ | १ | **६६** | **१४.०४** |
| अन्य | ० | ४ | १० | ९ | ८ | ९ | १० | २ | ३ | **५५** | **११.७** |
| **जम्मा** | **७३** | **४४** | **५६** | **५४** | **३१** | **५५** | **४१** | **६१** | **५५** | ४७० | **१००** |


स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ५.३.२ शौचालय प्रयोगको अवस्था

कतिपय दुर्गम गाउँवस्तीमा अहिले पनि मानिसहरू पानीका श्रोत तथा खुला ठाउँमा दिशा पिसाब गर्ने गर्दछन् । सभ्य समाजको निम्ति यो अभ्यास असभ्यताको प्रतीक हो । खुला क्षेत्रमा गरिने मलमुत्र विर्सजनले मानिसको शरीरमा खाना, पानी र श्वासप्रश्वास मार्फत किटाणुको प्रवेश हुन्छ । त्यसकारण प्रत्येक घरमा शौचालय निर्माण अनिवार्य आवश्यकता हो । सरकार तथा विभिन्न गैरसरकारी संस्थाहरूले हाल आएर शौचालय निर्माणलाई प्राथमिकता दिएको पाईन्छ । निजी घर तथा सार्वजनिक स्थलहरूमा हात धुने पानी सहित शौचालय हुनुपर्दछ । विपन्न समुदायका परिवारहरूले आफै शौचालय निर्माण गर्न नसकेको अवस्थामा सरकार विशेष गरी स्थानीय सरकारले शौचालय निर्माणमा अनुदान दिनुपर्ने हुन्छ ।

| शौचालयका प्रकारहरू | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| खाल्डे शौचालय | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | ०.२१ |
| साधारण शौचालय | १२ | ४४ | ५१ | ५४ | ३० | ४० | २८ | ६१ | ३६ | ३५६ | ७५.७५ |
| फ्लस भएको शौचालय | ६१ | ० | ३ | ० | १ | १४ | ११ | ० | १९ | १०९ | २३.१९ |
| शौचालय नभएको | ० | ० | २ | ० | ० | १ | १ | ० | ० | ४ | ०.८५ |
| **जम्मा** | **७३** | **४४** | **५६** | **५४** | **३१** | **५५** | **४१** | **६१** | **५५** | **४७०** | **१००** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०




### ५.३.३ सार्वजनिक शौचालय

निजी घर तथा सार्वजनिक स्थलहरूमा हात धुने पानी सहित शौचालय हुनुपर्दछ । विपन्न समुदायका परिवारहरूले आफै शौचालय निर्माण गर्न नसकेको अवस्थामा स्थानीय सरकारले शौचालय निर्माणमा अनुदान दिनुपर्ने हुन्छ । यस


गाउँपालिकाको घर आँगन, सडक, बजार तथा सार्वजनिक क्षेत्रहरुलाई सरसफाई युक्त बनाउनका लागि विभिन्न स्थानहरुमा सार्वजनिक शौचालयहरु निर्माण गरिनु पर्दछ। सार्वजनिक शौचालयहरुलाई सरसफाई युक्त राख्नका लागि टोल स्वास्थ्य समिति तथा गाउँपालिकाले महत्वपूर्ण भूमीका निर्वाह गर्नु गर्दछ। सार्वजनिक शौचालय प्रयोग गरेवापत केहि शुल्क लिइ शौचालयहरु सरसफाई र व्यवस्थापनमा खर्च गर्न सकिन्छ यसका साथै घर आँगन, बजार, सडकहरु सफा रहन्छन् भने गाउँपालिकाको राजश्वमा समेत केहि टेवा पुर्याउन सकिन्छ।
यस नासौँ गाउँपालिकामा हाल सम्म ५ वटा (वडा नं. १ मा १ वटा , वडा नं. ५ मा २ वटा र वडा नं. ८ मा २ वटा) सार्वजनिक शौचालय रहेको देखिन्छ।

### ५.३.४ फोहोरमैला व्यवस्थापन

विशेषगरी शहरी क्षेत्र र बजार केन्द्रहरूमा जनघनत्व बढी हुने भएका कारण मानव उत्सिर्जित तथा उद्योगधन्दा र कलकारखानाबाट निस्कने फोहोरले बस्तीको सौन्दर्यलाई विरुप पार्नुको साथै सार्वजनिक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्दछ। यस्तो अवस्थामा सरकार तथा समुदाय दुवैको तर्फबाट फोहर व्यवस्थापन प्रणालीलाई दीर्घकालीन रुपमा सम्बोधन गर्नुपर्दछ। फोहरले स्वास्थ्य र सौन्दर्य दुवैलाई हानी गर्दछ भन्ने कुरा हृदयंगम गर्दै फोहरको समुचित व्यवस्थापन गर्नु आवश्यक छ। कतिपय कुहिने प्रकृतिको फोहरबाट प्राङ्गारिक मल पनि बनाउन सकिन्छ।

| फोहोर व्यवस्थापन | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| एक ठाउमा जम्मा गरेर जलाउने | १९ | ४४ | ० | ० | १८ | ० | ३ | ५३ | ५२ | १८९ | ४०.२१ |
| केहिपनि गरेको छैन | १ | ० | ० | २ | ० | १७ | ३६ | ० | ० | ५६ | ११.९१ |
| वर्गिकरण गरेर भिन्दा भिन्दै खाल्डोमा राख्ने | ४६ | ० | २५ | ३७ | ० | ३६ | २ | ८ | ३ | १५७ | ३३.४ |
| वर्गिकरण नगरि एउटै खाल्डोमा राख्ने | ७ | ० | ३१ | १५ | १३ | २ | ० | ० | ० | ६८ | १४.४७ |
| जम्मा | ७३ | ४४ | ५६ | ५४ | ३१ | ५५ | ४१ | ६१ | ५५ | ४७० | १०० |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०



गाउँपालिकामा रहेका कुल ४७० घरपरिवारहरू मध्ये ४०.२१ प्रतिशतले एक ठाउमा जम्मा गरि जलाउने, ३३.४ प्रतिशतले वर्गिकरण गरि भिन्दा भिन्दै खाल्डोमा राख्ने, १४.४७ प्रतिशतले वर्गिकरण नगरि एउटै खाल्डोमा फाल्ने, ११.११ प्रतिशतले बाहिर त्यतिकै फाल्ने पाईयो । ग्रामीण इलाका तथा कृषि मुख्य पेशाको रुपमा रहेकोले यहाँका घरपरिवारले फोहरलाई कम्पोष्ट मलको रुपमा प्रयोग गर्नु सर्वोत्तम हुने भएकोले यो फोहर व्यवस्थापनको उत्तम उपाय रहेतापनि फोहरको प्रकृति अनुसार प्लाष्टिक जन्य तथा अन्य नसड्ने फोहरहरू खेतीयोग्य जमिनमा पर्न जाँदा क्रमशः भू–प्रदुषण बृद्धि भई उत्पादकत्वमा ह्रास आउन सक्ने देखिन्छ । तसर्थ फोहोरको उचित व्यवस्थापनमा सजग बनाई गाउँपालिकामा अव्यवस्थित फोहर व्यवस्थापनलाई समयमै सम्बोधन गर्नु पर्ने देखिन्छ ।

गाउँपालिकामा रहेका कुल ४७० घरपरिवारहरू मध्ये ४०.२१ प्रतिशतले एक ठाउमा जम्मा गरि जलाउने, ३३.४ प्रतिशतले वर्गिकरण गरि भिन्दा भिन्दै खाल्डोमा राख्ने, १४.४७ प्रतिशतले वर्गिकरण नगरि एउटै खाल्डोमा फाल्ने, ११.११ प्रतिशतले बाहिर त्यतिकै फाल्ने पाईयो । ग्रामीण इलाका तथा कृषि मुख्य पेशाको रुपमा रहेकोले यहाँका घरपरिवारले फोहरलाई कम्पोष्ट मलको रुपमा प्रयोग गर्नु सर्वोत्तम हुने भएकोले यो फोहर व्यवस्थापनको उत्तम उपाय रहेतापनि फोहरको प्रकृति अनुसार प्लाष्टिक जन्य तथा अन्य नसड्ने फोहरहरू खेतीयोग्य जमिनमा पर्न जाँदा क्रमशः भू–प्रदुषण बृद्धि भई उत्पादकत्वमा ह्रास आउन सक्ने देखिन्छ । तसर्थ फोहोरको उचित व्यवस्थापनमा सजग बनाई गाउँपालिकामा अव्यवस्थित फोहर व्यवस्थापनलाई समयमै सम्बोधन गर्नु पर्ने देखिन्छ ।

**फोहोर व्यवस्थापनमा देखिएका समस्याहरू**

हाल यस गाउँपालिकामा देखिएका समस्याहरू देहाय बमोजिम रहेको छः

- फोहोर व्यवस्थापनका नाममा फोहोरहरू खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृति यत्रतत्र देखिन्छ । यसरी फालिएको फोहोर वर्षातका समयमा पानीले बगाएर खोला खोल्सा तथा नदीका तल्लो भाग सम्म पुर्याएर प्रदुषणलाई बिस्तारित गर्दछ ।
- जमीनका होचाभाग पानीका स्रोत पनि हुने भएका र तिनै पानी सतहमा देखिने एवं जमीनको भित्रपनि छिरेर जाने हुँदा होचा भागमा फालिएको फोहोरले सतहको पानी तथा जमीन भित्रको पानी समेतलाई प्रदुषित गर्दछ ।

**फोहोरमैला व्यवस्थापनमा ध्यान दिनुपर्ने कुराहरूः**

- भान्छाकोठाबाट निस्केको फोहोरलाई कुहिने र नकुहिने गरी छुट्याउने ।
- कुहिनेलाई मलमा प्रयोग गर्न तालिम तथा हरेक घरधनीलाई उत्प्रेरित गर्ने कार्यक्रम गाउँपालिकाले गर्ने ।
- नकुहिने फोहोरलाई पूनः विभिन्न तहमा छुट्याउने जस्तै काठ, प्लाष्टीक, धातु, सीसा । यी फोहोरलाई आवश्यकताअनुसार पहिचान गरिसकेपछि पूनः प्रयोगमा आउनेलाई सम्बन्धित सेवा व्यवस्थापन तर्फ जोड दिने । यस गाउँपालिका क्षेत्रका खुला स्थान जहाँ पानीको स्रोत छैन त्यहाँ वैज्ञानिक तवरबाट डम्पिङ साइटको छनौट गर्न व्यवस्था गर्ने ।

### ५.३.५ ढल व्यवस्थापन

शहर बजार केन्द्र र एकीकृत बस्ती भएका ठाउँमा ढल निकासको राम्रो प्रबन्ध हुनु आवश्यक छ । ढल निकास पनि भौतिक विकासको एक महत्वपूर्ण पूर्वाधार हो । सडक निर्माणसँगै ढल निकासको व्यवस्थापन भएको खण्डमा सरकार पूर्वाधार विकासमा गरिने दोहोरो खर्चबाट बच्दछ । यसका अलावा मानव बस्तीबाट उत्सर्जित फोहरलाई मानव बस्तीभन्दा निश्चित टाढाको दुरीमा ल्याण्डफिल साईट बनाएर व्यवस्थापन गर्नुपर्दछ । फोहररहित स्वच्छ र सफा वातावरण सभ्यताको परिचायक हो । हाल सम्म यस प्रकारका संरचनाहरू यस गाउँपालिकामा बन्न सकेका छैनन ।

## ५.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

विश्वमा आधा जनसंख्याको भाग ओगटेको महिलालाई विकासको मुल प्रवाहमा समाहित गर्दै लैजानु आजको चुनौती हो । "जहाँ महिला सहभागीता त्यहाँ विकासमा परिपक्वता" भने झै महिला सहभागीताले पनि यस गाउँपालिकामा प्राथमिकता पाउन थालेको छ । नासौँ गाउँपालिकामा वसोवास गर्ने परिवारका सदस्यहरु कुनै न कुनै संघसंस्थामा आवद्ध रहेको देखिन्छ । नासौँ गाउँपालिका भित्र वसोवास गर्ने धैरै परिवारका महिलाहरु सहकारी संस्थामा आवद्ध छन । समाजको हित तथा दिगो विकासका लागी यस गाउँपालिकामा रहेका सामाजिक संघ संस्थाहरुले गाउँपालिका भित्र विभिन्न तह तथा क्षेत्रहरुवाट विभिन्न प्रकारका योगदानहरु पुर्याइरहेका छन । सामाजिक संघ संस्थाहरुमा विभिन्न उपभोक्ता समिति, युवा क्लव, वाल क्लव, महिला तथा आमा समूह, नागरीक मञ्च, सहकारी संस्था आदी पर्दछन् ।

### ५.४.१ लिङ्ग अनुसार विवाहको अवस्था

| विवरण | पुरूष (प्रतिसत) | महिला (प्रतिसत) |
|---|---|---|
| ११-१४ | ०.८ | २.७ |
| १५-१७ | ३.१ | १४.२ |
| १८-२० | १६.१ | २८.३ |
| २०-२४ | ३० | २८.१ |
| २५-२९ | ३१.९ | १८.४ |
| ३०-३४ | ११.८ | ५.३ |
| ३५-३९ | ४.७ | २.८ |
| ४०-४४ | १.४ | ०.२ |
| ४५-४९ | ०.२ | ० |
| **जम्मा** | **१००** | **१००** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

लैङ्गिक आधारमा विवाहित जनसंख्याको पहिलो विवाह गर्दाको उमेरको विवरण हेर्दा पहिलो विवाह गर्दाको उमेर १५ वर्षभन्दा कम भएका पुरुष ०.८ प्रतिसत र महिला २.७ प्रतिसत रहेको पाइयो । यसैगरी पहिलो विवाह गर्दाको उमेर १५ देखि १७ हुने पुरुषको प्रतिसत ३.१ र महिलाको प्रतिसत १४.२ रहेको छ, पहिलो विवाह गर्दाको उमेर १८ देखि २० हुने पुरुषको प्रतिसत १६.१ र महिलाको प्रतिसत २८.३ रहेको छ अर्केतर्फ २०–२४ वर्षको उमेरभित्र पहिलो विवाह गर्ने पुरुषको जनसंख्या महिलाको भन्दा बढी छ अर्थात् सो उमेर समूहमा नपुग्दै अधिकांश किशोरीहरूको विवाह भैसकेको देखिन्छ । कानूनी रूपमा हेर्दा समेत मुलूकी देवानी (संहिता) ऐन, २०७४ को प्रावधानअनुसार २० वर्षभन्दा कम उमेरमा विवाह गर्न बन्देज रहेता पनि त्यसको कार्यान्वयनको अवस्था नाजुक देखिन्छ । छिटो विवाह गर्नाले अध्ययन तथा रोजगारीमा पर्ने नकारात्मक प्रभावका साथै शारीरिक तथा मानसिक विकाससमेत पूर्णरूपमा नभैसकेको अवस्थामा विवाह गर्दा त्यसले शारीरिक, पारिवारिक र सामाजिक रूपमा जटिलता थप्ने निश्चित छ । तसर्थ उपयुक्त समयमा विवाह गर्न अनिवार्य गर्नुपर्ने र छिटो विवाह गर्ने कार्यलाई पूर्ण रूपले निरुत्साहित गर्नुपर्ने देखिन्छ । समग्र विकासलाई मध्यनजर गर्दा २५ देखि २९ वर्षको उमेर विवाहका लागि उपयुक्त मान्न सकिन्छ । उमेर समूहअनुसारको वैवाहिक स्थितिको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ ।

### ५.४.२ कामदारको रूपमा घर बाहिर रहेका बालबालिका

सामान्य अर्थमा बालश्रम भन्नाले १८ बर्षमुनिका वालवालिकाद्वारा गराइने काम बुझिन्छ। बालश्रम नेपाल सँगसँगै अन्य धेरै देशमा गैरकानूनी मानिन्छ । यो यस्तो अपराध हो, जसमा वालवालिका विद्यालय जानबाट वञ्चित हुन्छन् । यो अभिशाप पनि हो, जसले नेपालभरि आफ्नो जालो फैंलाएको छ। बालश्रमले गर्दा तिनीहरूमाथि मानसिक, शारीरिक, सामाजिक, मौखिक खतरा उत्पन्न हुन्छ । यस्तो व्यवहारले वालवालिकाको शोषण हुन्छ । बढ्दो शहरीकरण, जनसङ्ख्या वृद्धि, रोजगारको कमी वा वैकल्पिक व्यवस्था नहुनु, योजना निर्माण तथा कार्यक्रम सञ्चालनमा समन्वय नहुनु र विकासको पर्याप्त पूर्वाधार निर्माण हुन नसक्दा पनि बालश्रम मौलाउँदै गएको कुरा एक तथ्याङ्कहरूले देखाएका छन । कानूनले वालवालिकालाई श्रममा प्रयोग गर्न नपाइने व्यवस्था गरे पनि नेपालका विभिन्न ठाउँमा रहेका ग्यारेज, होटल, चियापसल, रेस्टुरलगायत कलकारखाना र घरमा समेत वालवालिकाको प्रयोग श्रमिक तथा कामदारको रूपमा बढ्दै गएको छ र त्यसको रोकथाम प्रभावकारी हुन सकेको छैन। बालश्रम पूर्णरूपले अवैध हो।

नेपालको संविधान २०७२ को भाग ३ को धारा ३९ मा उल्लेख भए अनुसार (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुनेछ । (२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन–पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ । (३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ। (४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन । (५) कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन। (६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुव्र्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन। (७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन। (८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ। (९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ। (१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । यस सँगसँगै नेपालको संविधान २०७२ ले बालबालिकालाई आधारभूत शिक्षा निश्शुल्क तथा अनिवार्य र माध्यमिक शिक्षा निशुल्क गरेको छ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अनुसार गरीबी बालश्रमको सबैभन्दा प्रमुख कारण हो। यसबाहेक कुनै अर्थपूर्ण विकल्प जस्तै– प्राथमिक विद्यालय नहुनु, गुणस्तरीय शिक्षा दिन नसक्नु र महँगो पढाइ हुनुको कारणले पनि बालबालिकाहरू बालश्रमतिर जान बाध्य हुन्छन् । नेपालको सन्दर्भमा दुर्गम क्षेत्रका बालबालिकालाई धेरै काम गर्नुपर्छ किनभने त्यहाँ विद्यालय नै छैन र भए पनि टाढा छ। त्यहीं अर्कोतिर नेपाली धर्म, संस्कृति र परम्पराले गर्दा पनि बालबालिकालाई धेरै काम गर्नुपरिरहेको छ। तथाकथित परिवारको मान्यता के रहेको छ भने शिक्षित हुनु उनीहरूको भाग्यमा छैन र वर्षौंदेखि चलिआएको मजदूरी परम्परा नै उनीहरूको कमाइ र जीवन धान्ने स्रोत हो।

यस नासौं गाउँपालिकामा यस प्रकारको बालश्रमको तथ्यांक उपलब्ध छैन, यो गाउँपालिकाको लागि सुखद पक्ष हो।

### ५.४.३ बाल क्लव तथा सञ्जालको विवरण

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्धननमा विविध क्रियाकलाप गर्न नेपालमा बाल–समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरू क्रियाशिल रहेका छन् । बालक्लब, बाल–सहभागिताको एक शसक्त माध्यम बनेको छ । जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरूमा पनि उल्लेख गरिएको छ । बालबालिकालाई समूहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्त गर्नका लागि विभिन्न स्तरका नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधित्वलाई मान्यता दिइएको छ। गाउँपालिकाबाट प्र्राप्त तथ्यांक अनुसार हाल यस गाउँपालिकामा रहेका सबै विद्यालयहरुमा बालक्लबहरु गठन भएको तथा बाल संजाल भने नरहेको अवस्था छ । बालबालिकाहरुको अधिकार सुनिश्चित गर्नका लागि गाउँपालिका स्तरीय बाल संजाल गठन गर्नु पर्ने आवश्यकता देखिन्छ ।

### ५.४.४ घरपरिवार विहीन बाल बालिकाको अवस्था

नेपालको संविधानको धारा ३९ अन्तर्गत उपधारा ९ बमोजिम मौलिक हकमा, असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द पिडित, विस्थापित एवं जोखिममा रहेका बालवालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ भनी उल्लेख छ भने धारा ४३ मा आर्थिकरुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोउन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी उल्लेख गरिएको छ । यसर्थ स्थानीय सरकारको रुपमा रहेको गाउँपालिकाले यस प्रकारको वेसहारा अवस्थामा रहेका बालबालिका र अन्य नागरिकलाई अनिवार्य संरक्षण गर्नुपर्ने दायित्व रहेको छ ।

### ५.४.५ अपाङ्गताका आधारमा जनसंख्या

| अपांगताका प्रकारहरू | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दृष्टिबिहिन | ० | १ | ० | २ | ० | १ | ० | २ | ० | ६ | ४.६९ |
| बहिरा | २ | १ | ० | ७ | ० | ५ | ० | ० | २ | १७ | १३.२८ |
| बहु अपांगता | १ | ० | ० | ३ | २ | ४ | १ | ० | ४ | १५ | ११.७१ |
| बौद्दिक अपांगता | ० | ७ | ० | ८ | १ | १ | ० | ५ | १ | २३ | १७.९७ |
| सुस्त मनस्थिति | ४ | १ | ० | ५ | १ | ५ | ० | ० | १ | १७ | १३.२८ |
| सुस्त श्रवण | ० | १ | १ | २ | ० | ५ | ३ | ० | २ | १४ | १०.९४ |
| स्वर सम्बन्धि अपांगता | २ | ० | ० | २ | १ | ६ | १ | ५ | ४ | २१ | १६.४१ |
| अन्य | ० | ० | १ | २ | ० | ७ | ३ | २ | ० | १५ | ११.७२ |
| **जम्मा** | ९ | ११ | २ | ३१ | ५ | ३४ | ८ | १४ | १४ | १२८ | १०० |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ५.४.६ जेष्ठ नागरिक तथा एकल महिला

यस गाउँपालिकाको जम्मा जनसंख्या मध्ये ३५६ जनसंख्या ज्येष्ठ नागरिक रहेका छन्। जसमध्ये १६० अर्थात ४४.९४ प्रतिशत पुरुष छन् भने १९६ अर्थात ५५.०६ प्रतिशत महिला महिला रहेका छन्। यसैगरी गाउँपालिकामा २१ जना एकल महिलाहरु रहेका छन्। जसको वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.स. | वडा नं. | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | १ | २८ | ३५ | **६३** |
| २ | २ | १४ | १४ | **२८** |
| ३ | ३ | ११ | १४ | **२५** |
| ४ | ४ | १९ | २६ | **४५** |
| ५ | ५ | १६ | १९ | **३५** |
| ६ | ६ | १९ | २३ | **४२** |
| ७ | ७ | ७ | १३ | **२०** |
| ८ | ८ | २६ | २९ | **५५** |
| ९ | ९ | २० | २३ | **४३** |
| **जम्मा** | | **१६०** | **१९६** | **३५६** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

## ५.५ युवा तथा खेलकूद र मनोरञ्जन

### ५.५.१ खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरञ्जनस्थल सम्बन्धी विवरण

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको खेल अनुशासन र खेलकुद विकासलाई बल पुर्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस गाउँपालिकामा खेलकुदको विकास गर्न खोजेको पाइन्छ। यसको लागि गाउँपालिकाले वडा नं. १ मा खुला स्थान रोजेको छ। तर उक्त स्थानमा खेलकुदको लागि केही मात्र पूर्वाधार तयार भएको देखिन्छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वस्थ शारीरिक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ। खेलकुद सम्बन्धी पूर्वाधारहरूको निर्मान गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। यस गाउँपालिकामा भएको एक मात्र खेल मैदान वडा नं १ ताल स्थित रहेको सो पनि निर्मान गरी प्रयोगमा ल्याउनु पर्ने देखिन्छ।

### ५.५.२ व्यावसायिक खेलाडीको विवरण

यस नासो गाउँपालिकामा व्यावसायिक रूपमा खेल्ने खेलाडिहरू नरहेको पाइयो।

### ५.५.३ युवा क्लब सम्बन्धी विवरण

| क्र.सं. | युवा क्लब तथा खेलकुद क्लबको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | मर्स्याङ्दी युवा क्लव | १ | |
| २ | नाचै युवा समुह | २ | |
| ३ | तारा युवा क्लव | ३ | |
| ४ | डाफे युवा क्लव | ४ | |

| क्र.सं. | युवा क्लब तथा खेलकुद क्लबको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| ५ | वि.पि तरूण क्लव | ६,७ | |
| ६ | अन्नपूर्ण युथ क्लव | ८ | |
| ७ | दानाक्यु बगरछाप युवा क्लव | ९ | |

स्रोत: नासो गाउँपालिका

### ५.५.४ विपद्जोखिम तथा व्यवस्थापनमा तालिम प्राप्त युवाहरूको विवरण

विपद्ले विनाश गर्छ, विनाशले जीवनचक्र आतङ्कित बनाउँछ, आतङ्कले जनधनको क्षति र तनाव बढाउँछ। मानव जीवनमा अप्ठ्यारो, आपत्कालीन, भयभित अवस्था सिर्जना भइ धनजनको क्षति हुनु विपद्को समय हो। मानव संकटले जीवन सञ्चालनमा अवरोध गर्ने हुँदा विपद् जोखिममा होसियारी अपनाउनुपर्छ। यस्तो संकट आकस्मिक र अप्रत्याशित रूपमा आउने हुँदा विपद्विरुद्ध सधैँ होसियारीसहित शासकीय तयारी हुनुपर्छ। नेपालमा हावा हुरी, चट्याङ, बाढी पहिरो, भूकम्प, आगलागी, दुर्घटना र स्वास्थ्यको प्रकोपको जोखिम रहेको छ। दुर्घटना र भूकम्पको प्रकोप जतिबेला पनि हुन सक्ने तर वर्षा सुरु हुनुअघि हावा हुरी, आगलागी र चट्याङ र स्वास्थ्यको प्रकोप जोखिम हुने गर्दछ। वर्षाको समय प्रायः असारदेखि भदौसम्म एक सय बीस दिन खतरा वा जोखिम हुने समयका रूपमा लिइन्छ। हाम्रो भूबनोट र प्राकृतिक कारण हावा हुरी, आगलागी, चट्याङ, स्वास्थ्यको प्रकोप र वर्षा हाम्रा लागि निकै चुनौती र कष्टकर हुनेमा द्विविधा छैन। प्रदेश र स्थानीय तहमा समेत कोषको व्यवस्था गर्न सकिने व्यवस्था गरिएको छ। तहगत सरकारले समेत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न नीतिनियमहरू तर्जुमा गरी लागु गरेका छन्। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न नागरिक समाज, गैरसरकारी संस्था तथा सामाजिक अभियन्ता र स्वयंसेवकको व्यवस्थासहित विपद्विरुद्धका प्रतिकार्यमा लाग्नुपर्छ।

*विपद्को पूर्व अवस्था,* आपतकालीन समय र पुनर्स्थापना एवं प्रबलीकरणको समय गरी तीन चरणमा हेर्नुपर्ने हुन्छ। विपद् नै नआउने अवस्था सिर्जना गर्ने र विपद्मा सुरक्षित हुन जागरण ल्याउने काम विपद् व्यवस्थापनको पहिलो काम हो। विपद् जोखिम अवस्थाको पूर्वआकलन गरी संभावित क्षेत्रमा सतर्कता अपनाउन शिक्षा र सचेतनाको क्रियाकलापमा जोड दिन आवश्यक छ।

*दोस्रो* विपद्को होसियारी र सतर्क हुँदाहुँदै आउने आपत्कालीन अवस्थाको व्यवस्थापन गर्न समग्र शासन प्रणाली र नागरिक उद्धारको प्रयत्नमा जुट्नुपर्छ। मानवीय क्षति कम गर्न उद्धारको कार्यमा सक्रिय हुन, घाइतेको स्वास्थ्य उपचार, जोखिममा परेका मानिसको सुरक्षित स्थानमा स्थानान्तरण, अति आवश्यक सुविधाको व्यवस्थापन र स्वास्थ्य प्रकोप हुन नदिने विषयमा सामूहिक प्रयत्न गरी मानवीय पीडाको न्यूनीकरण गर्न सकिन्छ।

*तेस्रो* विपदमा परेका मानिसको पुनस्थापन गर्न योजनागत रणनीति सहितको प्रबलीकरणका कार्यमा लाग्नुपर्छ। घरवार बिहीनका लागि आवास व्यवस्था, आयआर्जन र रोजगारीको अवसर, बालबालिकाको संरक्षण र शिक्षाको पहुँच र अशक्त नागरिकको संरक्षण एवं आर्थिक र समाजिक प्रक्रियाको क्रमशः सबलीकरणमा जोड दिनुपर्ने हुन्छ।

विपद् जोखिम प्रतिकार्यका लागि सर्वप्रथम नागरिक जागरण गराउनुपर्ने हुन्छ। नागरिकलाई भूकम्प, बाढी, पहिरो, हावा हुरी, चट्याङ, स्वास्थ्य प्रकोप र आगलागीबाट हुने जोखिम र त्यसबाट हुने जोखिमको अवस्था हेरी व्यवस्थापन गर्न नागरिकलाई सतर्क र सक्षम बनाउन विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका तालिम सञ्चालन गरी जोखिम न्यूनीकरणमा जोड दिनुपर्दछ। यस गाउँपालिकाले हाल सम्म यस प्रकारको तालिम दियर यूवाहरूलाइ सक्षम बनाएको पाइएको छैन।

## ५.६ कला, भाषा तथा संस्कृति

### ५.६.१ धार्मिक तथा ऐतिहासिक स्थल

नासो गाउँपालिकामा रहेका धार्मिक तथा ऐतिहासिक स्थलहरूको बिबरण यस प्रकार रहेको छः

| क्र.स. | पर्यटकीय स्थलको नाम | वडा नं. | पर्यटकीय स्थलको महत्व |
|---|---|---|---|
| ०१. | अन्नपूर्ण पदमार्ग | १,३ र ९ | तिलिचो ताल, थोराङ्लापास जान सकिने |
| ०२. | मनास्लु पदमार्ग | ५,६ र ७ | लार्केपास, मनास्लु जान सकिने |
| ०३. | पंकर ताल | ७ | ताल अबलोकन, दृष्यावलोकन |
| ०४. | डोना ताल | २ | ताल अबलोकन, दृष्यावलोकन |
| ०५. | नाम्क्या पास | ८ | नाम्क्या पास गर्न सकिने |
| ०६. | ताम्राङ गुम्बा | ५ | गुम्वा अबलोकन |
| ०७. | कार्किछेलो गुम्बा | १ | गुम्वा अबलोकन |
| ०८. | सङ्पेमा छोइलिङ गुम्बा | ९ | गुम्वा अबलोकन |
| ०९. | देचेन पेमा वाइलिङ गुम्वा | ५ | गुम्वा अबलोकन |
| १०. | ढिकि छोइलिङ गुम्बा | ९ | गुम्वा अबलोकन |
| ११. | मनास्लु हिमाल | ७ | हिमालको दृष्यावलोकन |
| १२. | तालगाउँ स्थित झर्ना | १ | दृष्यावलोकन |
| १३. | आखे कुटु धार्मिक स्थल | १ | दृष्यावलोकन |
| १४. | मार्खे डाँडा | १ र ४ | दृष्यावलोकन |
| १५. | ताम्राङ गुम्वा र नाचै गाउँ जोडने झोलुङ्गे पुल (४१२ मि.) | २ | दृष्यावलोकन |
| १६. | डाफे लेक | ४ | दृष्यावलोकन |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ५.६.२ सार्वजनिक स्थल, पाटी पौवा र चौतारा

पाटी, पौवा, धर्मशाला चौतारा तथा विश्रामस्थलहरू हाम्रा साँस्कृतिक चिनारी हुन् । यी परम्परागत संरचनाले हाम्रो पुर्खौलिलाई प्रतिनिधित्व गर्दछन् । त्यसैले यी संरचनाहरूको संरक्षण, सम्बर्धन र स्तरोन्नती गरी भावी पुस्तालाई समेत हाम्रो परम्परा र संस्कृतिसँग परिचित गराउनु पर्दछ । यसो गरेको खण्डमा हाम्रो परम्परागत मौलिक पहिचान बच्दछ । विकासका आधुनिक संरचना बनाउने क्रममा हामीले मौलिक साँस्कृति सम्पदाको संरक्षणमा विशेष ध्यान दिनु आवश्यक छ ।

कसैको हक वा स्वामित्वमा नभएको परापुर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी, पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक प्रयोगको स्थल वा सम्पत्ति नै सार्वजनिक सम्पत्तिहरू हुन । विगतमा सडक यातायातको विस्तार र विकास नहुँदा यी पाटी, पौवा तथा चौताराहरू बटुवाहरूका विश्रामस्थल (Refresh Center) वा थकान मेटाउने महत्वपूर्ण स्थलको रुपमा विकसित भएको र हाल यी स्थलहरू सार्वजनिक बहस र सामुदायिक अन्तरकृया हुने अनौपचारिक स्थलको रुपमा रहेका

छन् भने सडक सञ्चालको समुचित विकास नभएको स्थानहरूमा यी विश्राम स्थलकै रुपमा प्रयोग हुँदै आइरहेका छन्। यस्ता क्षेत्रहरूको विकास र संरक्षण गर्ने दायित्व हामी सबैको हो।

नासो गाउँपालिकाले पाटी, पौवा, धर्मशाला चौतारा तथा विश्रामस्थ बनाउनमा योजना बनाउनु पर्ने देखिन्छ।

#### ५.६.३ स्थानीय चाडपर्वजात्रा र मेला

यस गाउँपालिकामा विभिन्न जाति, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन्। यहाँ अधिकांश बौद्ध धर्म मान्ने मानिसहरू रहेका छन् भने हिन्दु, क्रिस्चियन, प्रकृती, बोन धर्म मान्ने केही मानिसहरू पनि वसोवास गर्दछन। सबै जातजाति र सम्प्रदायका आ–आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन्। जसमा बुद्धजयन्ती, बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, चैते दशैं, साउने–माघे संक्रान्ति, मातातीर्थ औंसी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, कर्कट संक्रान्ति, विभिन्न ल्होसार पर्वहरू आदि मनाउने गर्दछन। यस गाउँपालिकामा मनाईने स्थानीय चाडपर्व, जात्रा तथा मेलामा कृष्ण चरित्र, सरस्वती पूजा, ग्यालापो लोसार तिर हान्ने, मयुर नाच, वेशाख ११ गते, कन्यकुर, हिउमे, डिम्गने वर्त बस्ने, तथा अन्य पूजा आदि हुन।

### ५.७ शान्ति तथा सुरक्षाको अवस्था

संविधानमा उल्लेख भए अनुरुप राज्यले नागरिकलाई सुरक्षित आभास गराउन सक्नु पर्दछ । हरेक राष्ट्रका नागरिकहरूलाई नागरिक सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो। नागरिकले आफ्नो राज्यमा सुरक्षित महसुस हुन पाउनु पर्छ। यसलाई चुस्त बनाउन नागरिक समाजको पनि त्यतिकै महत्वपूर्ण भूमिका रहन्छ। गाउँपालिकामा भएका अपराधिक तथा सामाजिक नियम बाहिरका कार्य चोरी डकैती लगायतका अन्य कार्यहरू यी सुरक्षा निकाय मार्फत समाधान हुने गरेको पाइन्छ। यस गाउँपालिकामा वर्षभरिमा कुनै अप्रिय घटना घटेको दर्ता खासै गरिएको देखिएन। गाउँपालिकामा सानातिना झैझगडा, कुटपिट, साँध, सिमानामा विवाद, चोरी डकैती, ठगी, घरेलु हिंसाका घटनाहरू यदाकदा हुने गरेको स्थानीयबासीको भनाई छ। यस गाउँपालिका भित्र २ स्थानमा सुरक्षा निकायहरु स्थापना भएका छन् जसको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | सुरक्षा निकायहरूको नाम | रहेको स्थान |
|---|---|---|
| १ | ताल प्रहरी चौकि | ताल, वडा नं. १ |
| २ | धारापानी प्रहरी चौकि | ताल वडा नं. ३ |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

# परिच्छेद ६: वन तथा वातावरणीय स्थिति

## ६.१ वन क्षेत्रको अवस्था

नासौँ गाउँपालिकाको कूल भूभाग मध्ये उल्लेख्य क्षेत्र अर्थात ४५५६.७९ हेक्टर भूभाग वनजंगलले ओगटेको छ। दिगो विकास लक्ष्यको लक्ष नं. १५ मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने, भू–क्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने कुरा उल्लेख गरिएको छ। तसर्थ पर्यावरणीय प्रणाली सन्तुलन, वायुमण्डलको स्वच्छता तथा जीवजन्तुको वासस्थान कायम राख्न वनजंगलको संरक्षण प्राथमिकतामा राख्नु जरुरी छ। अर्कोतर्फ यस गाउँपालिकामा वनजंगल क्षेत्रबाहेक रहेको बाँझो जमिन, नदीको किनारका बगरहरुमा ब्यापक जनपरिचालन गरी बृक्षारोपण गरेमा गाउँपालिकालाई एक प्रकारको हरित बगैंचाको रुपमा विकास गरी सिमित मात्रामै भएपनि वनलाई आयआर्जनसँग जोड्न सकिन्छ। त्यसैगरी भू–संरक्षणका हिसाबले अति संवेदनशील क्षेत्रहरुमा वृक्षारोपण, बाँध निर्माण, तारजाली, तटबन्ध तथा परम्परागत बाढी तथा डुवान नियन्त्रण र भू–संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ। साथै भू–संरक्षणको प्रभावकारी उपाय वृक्षारोपण भएकोले सो कार्यलाई प्राथमिकतामा राख्नु अति आवश्यक छ।

### ६.१.१ वन क्षेत्र, वनको स्थिति र प्रकार सम्बन्धी विवरण

**क. सामुदायिक वन**

सामुदायिक वन भन्नाले सामुहिक हितको लागि वनको विकास, संरक्षण र उपयोग गर्न उपभोक्ता समूहलाई सुम्पिएको राष्ट्रिय वनलाई जनाउँछ। स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीति अनुसार यस गाउँपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्धनन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरू नै हुन्छन्। यो कार्यक्रम शुरुमा लागू हुँदा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरूमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभूत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरूको गरिवी निवारण, जीविकोपार्जन, जैविक विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेशीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सवालहरू समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुर्याउन सक्ने विश्वास गरिएको छ। जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरू संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ। विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्धता हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र

कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ । दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ ।

गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वन भित्र गैरकाष्ठ वनपैदावारको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन् । यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ । सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गै.स.स.हरूलाई गाउँपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ ।

**ख. राष्ट्रिय वन**

राष्ट्रिय वन भन्नाले वातावरण सन्तुलन कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र विक्रि वितरण गर्न तयार गरिएको वन सम्बन्धी कार्ययोजना भन्ने बुझिन्छ । राष्ट्रिय वन भन्नाले निजी वन बाहेक नेपाल भित्रको वन सिमाना लगाईएको वा नलगाईएको सबै वन सम्झनु पर्छ र सो शब्दले वनले घेरिएको वा वनको छेउछाउमा रहेको पर्ती वा ऐलानी जग्गा तथा वन भित्र रहेको बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेत जनाउँछ ।

**ग. चकला वन**

चकला वन भन्नाले कम्तिमा पाँच सय हेक्टर क्षेत्रफल भएको सरकारद्वारा व्यवस्थित वनको कुनै भाग भन्ने बुझिन्छ ।

**घ. साझेदारी वन**

साझेदारी वन भन्नाले डिभिजन वन कार्यालय, स्थानीय तह र उपभोक्ताको साझेदारीमा व्यवस्थापन गरिने राष्ट्रिय वनको कुनै भाग बुझिन्छ ।

**ङ. धार्मिक वन**

धार्मिक वन भन्नाले वनको विकास, संरक्षण र उपयोग गर्न कुनै धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएको राष्ट्रिय वनलाई सम्झनु पर्छ ।

**च. निजी वन**

निजी वन भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गा लगाई हुर्काइएको वा संरक्षण गरिएको वनलाई जनाउँछ ।

**छ. कवुलियति वन**

कबुलियती वन भन्नाले (केही नेपाल संसोधन गर्ने ऐन, २०७५ द्वारा थप गरिएको समेत), विभिन्न उद्देश्य प्राप्तिका लागि प्रचलित कानून बमोजिम स्थापित कुनै संस्था वन पैदावारमा आधारित कुनै उद्योग वा समुदायलाई कबुलियत गरी प्रदान गरिएको राष्ट्रिय वनलाई जनाउँछ । राष्ट्रिय वन ऐन, २ (४) को परिच्छेद–६ मा उल्लेख भए अनुसारको राष्ट्रिय वनको भागलाई नै कबुलियती वन भनिन्छ । कबुलियती वन देहाय बमोजिमको उद्देश्य प्राप्तिको लागि छुट्याइएको हुन्छ ।

(क) वन पैदावारमा आधारित उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न,

(ख) वृक्षारोपण गरी वन पैदावारको उत्पादनमा अभिवृद्धि गरी बिक्रि वितरण गर्न वा उपयोग गर्न,

(ग) वनको संरक्षण र विकास हुने गरी पर्यटन व्यवसाय सञ्चालन गर्न,

(घ) वनको संरक्षण र विकास हुने गरी कृषि वन बाली कार्य सञ्चालन गर्न,

(ङ) वनको संरक्षण र विकास हुने गरी कीट, पतङ्ग तथा वन्यजन्तुको फार्म सञ्चालन गर्न ।

### ६.१.२ वन व्यवस्थापन सम्बन्धी विवरण

| क्र.स. | वडा. न | वनको किसिम | सामुदायिक वनको नाम | स्थान |
|---|---|---|---|---|
| १ | १ | सामुदायिक | ताल सामुदायिक बन उ.स. | ताल |
| २ | २ | सामुदायिक | नाचै सामुदायिक बन उ.स. | नाचै |
| ३ | ५ | सामुदायिक | थोचे सामुदायिक बन उ.स. | थोचे |
| ४ | ६,७ | सामुदायिक | तिल्चे सामुदायिक बन उ.स. | तिल्चे |
| यस पालिकामा रहेको अन्य बन क्षेत्र ACAP को क्षेत्राधिकार भित्र पर्दछ। | | | | |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ६.१.३ वृक्षरोपणका लागि खालि स्थान सम्बन्धी विवरण

यस गाउँपालिकामा मर्स्याङ्दि नदी र अन्य खेलाहरूको किनार, सामुदायिक वन क्षेत्रहरू आदि वृक्षारोपणका लागि खाली स्थानका रूपमा रहेका छन्।

### ६.१.४ वनजन्य उत्पादन विवरण

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| १ | यार्सागुम्बा | Cordyceps Sinensis | *Cordyceps Sinensis* |
| २ | नीरमसी | Larkspur | *Delphinium denudatum Wallich.* |
| ३ | पाँचऔंले | Salep Orchid | *Dactylorhiza Hatagirea* |
| ४ | कुट्कि | Kutki | *Picrohiza Kurroa* |
| ५ | पदमचाल | Himalayan Rhubarb | *Rheum australe D.Don* |
| ६ | गुजी च्याउ | | |
| ७ | सतुवा | | |
| ८ | वन आलु | | |
| ९ | पाखनवेद | | |
| १० | सुकुन्दवाला | | |
| ११ | जटाससी | Spkenard | *Nardostachys grandiflora* |
| १२ | रातो च्याउ | | |
| १३ | सुनाखरी | | |
| १४ | चिराइतो | Chiretta | *Swertia Chiretta* |
| १५ | वन लसुन | | |
| १६ | शिलाजित | Shilajit | |
| १७ | पुदिना | | |
| १८ | अदुवा | Ginger | *Zingibar officinale* Rose |

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| १९ | ऐसेलु | Golden raspberry | *Rubus ellipticus Smith* |
| २० | करेला | Bitter Gourd | *Memordia charantia* Linn. |
| २१ | गुलाफ | Rose | *Rosa sp.* |
| २२ | ध्यूकुमारी | Aloe | *Aloe barbadensis* Mill |
| २३ | बोझो | | |
| २४ | दालचिनि | | |
| २५ | कालो मुसुरो | | |
| २६ | दुबो | Conch grass | *Cynodon dactylon Pers* |
| २७ | धनिया | Coriender | *Corienfrum sativum* Linn. |
| २८ | पालुङ्गो | Spinas | *Spicia oleracea* Linn. |
| २९ | बाटुलपाते | | *Cissampelos pareira* Linn. |
| ३० | भूईँ अमला | | *Phyllanthus urinaria* L. |
| ३१ | मुला | Radish | *Raphanus sativus* Linn. |
| ३२ | लसुन | Garlic | *Allium sativum* Linn. |
| ३३ | सिस्नु | Neetle | *Urtica dioca* Linn. |
| ३४ | हलेदो | Turmeric | *Curcuma longa* Linn. |
| ३५ | टिम्मुर | | |
| ३६ | जिम्बु | | |
| ३७ | कुरिलो | | |
| ३८ | कन्दमुल | | |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ६.१.५ जडिबुटीको उत्पादन, सङ्कलन तथा निकासी सम्बन्धी विवरण

नासौँ गाउँपालिकाबाट उत्पादन तथा संकलन भएका जडिबुतिहरूको संकलनका लागि पूर्जि काट्ने तथा बिक्री वितरणका लागि सिफारिस गर्ने अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना (Annapurna Conservation Area project – ACAP) ले गर्दछ। अन्नपूर्ण संरक्षण क्षेत्र पश्चिम नेपालको गण्डकी तथा धौलागिरी अञ्चलका उत्तरी क्षेत्रहरूमा पर्ने नेपालको सबैभन्दा ठूलो संरक्षण क्षेत्र हो। यसको क्षेत्रफल ७,६२९ बर्ग कि.मि. छ। यस अन्तरगत ८,००० मि. अग्ला हिमालहरू, संसारको सबैभन्दा गहिरो काली गण्डकी नदीको खोंच, नेपालको सबैभन्दा बढि तथा कम पानी पर्ने ठाउँहरू पर्दछन्। यो नेपालको सबैभन्दा महत्त्वपूर्ण पर्यटकीय गन्तब्य स्थल पनि हो।

### ६.१.६ गाउँपालिका क्षेत्रबाट निकासी हुने वन पैदावरको विवरण

सामान्यतया वन पैदावारको रुपमा प्रयोग हुने वस्तुहरू भनेका काठ, दाउरा, जडिबुटी, आदि हुन्। वनको वैज्ञानिक व्यवस्थापन गरी वा हरित क्षेत्रको विकास गरी यस प्रकारका वन पैदावारहरूको व्यवसायिक उत्पादन तथा निकासी गरी आर्थिक उपार्जन गर्न सकिन्छ। विशेषगरी वनले ओगटेको क्षेत्रफल बढी भएको क्षेत्रहरूमा वनलाई नै स्थानीय विकासको मेरुदण्डको रुपमा लिन सकिन्छ।

नासौँ गाउँपालिकाबाट उत्पादन भएका वन पैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस गाउँपालिकाको आपूर्तिलाई पुर्याई जिल्ला भित्रकै अन्य क्षेत्रमा पनि जाने गरेको छ।

यस गाउँपालिकामा काठ,दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरूमा हुने गर्दछ। यस अलावा यहाँको बढ्दो जनसंख्या र बसाई सराई तथा शहरीकरणले आवश्यक पर्ने काठ, दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ। वनजंगलको नजिकका परिवारले बढी काठ, दाउरा खपत गर्दछन् भने वनबाट टाढा रहने परिवारले धैरै कम परिमाणमा काठ, दाउरा खपत गर्ने गरेको पाईन्छ।

## ६.२ जलस्रोत तथा जलाधर क्षेत्र

नेपाल जलस्रोतमा धनी देश हो। यहाँका नदीनालाहरूबाट ८३ हजार मेगावाट बिजुली निकाल्न सकिने जलस्रोत विज्ञहरू बताउँछन्। जलस्रोतको सदुपयोगमा सिँचाइमा, पिउने पानीको रूपमा, औद्योगिक क्षेत्रमा पनि प्रयोग हुन्छ। साथै जलविद्युत शक्तिको उत्पादन गर्नसकेमा यसबाट औद्योगिक विकासमा प्रयोग गर्न सकिन्छ। यदि नदीनालाहरूमा बग्ने पानीलाई सिँचाइ प्रणालीमार्फत पोखरी ताल तलैयामा ल्याएर जम्मा गर्नसकेमा पानीको अभाव भएको समयमा यसको प्रयोग सिँचाइ प्रयोजनमा गर्न सकिन्छ। यसबाट कृषि उत्पादन बढ्न गइ समग्र देशको खाद्यान्न उत्पादनमा पनि वृद्धि हुन्छ र भोकमरी तथा कुपोषणको समस्या समाधान गर्न सकिन्छ। खासगरी कोशी, गण्डकी र कर्णाली, महाकाली नदीहरू हुँदै सम्पूर्ण नेपालको जलाधार क्षेत्रमा परेको पानी बाहिरिने गर्दछ। प्राविधिक भाषामा जलाधार क्षेत्र भनेको यस्तो जलीय सीमाना हो जहाँबाट पानी बगेर कुनै एक विन्दुमा जम्मा भइ निकास हुन्छ, पानी ढलोदेखि निकास सम्मको आज जनसंख्याको चापले गर्दा वनजंगल बिनाश भ्-भागलाइ जलाधार भनिन्छ। जमिनको उर्वराशक्ति विनाश र ह्रास हुँदै जाने,पानीको स्रोतहरूको कमी हुँदै जाने र पानीजन्य प्राकृतिक प्रकोपहरूले गर्दा सम्पूर्ण जलाधार क्षेत्रमा बस्ने बासिन्दाहरूको जीवीकोपार्जनमा समेत असर परिरहेको छ। व्यापक वृक्षारोपण, गह्रा सुधार, पानीको संरक्षण, माटोको संरक्षण र दिगो कृषि उत्पादन प्रविधि, जलाधार संरक्षण शिक्षा र पूर्वाधारहरूको विकास, जलाधार क्षेत्रहरूको पहिचान, प्रकोप न्यूनीकरण र पूर्वतयारी तथा एकीकृत जलाधार व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गर्नसकेमा पानीले निम्त्याउने प्रकोपका घटनाहरूमा कमी आउने पक्का हो।

### ६.२.१ प्रमुख जलाधार र उप जलाधारको अवस्था र जोखिमको विवरण

गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदि नाला तथा खोलाहरूले प्रशस्त जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता नदी तथा खोलाहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत आंशिकरुपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी, खोला मा भूक्षय भई पुरिने क्रम जारी छ।

### ६.२.२ नदी तथा खोला सम्बन्धी विवरण

| क्र.सं. | नदी वा खोलाको नाम |
|---|---|
| १ | मर्स्याङ्दी नदी |
| २ | छहरे खोला |
| ३ | ताल छहरा |
| ४ | निङ्गालोघारी खोला |
| ५ | कैसु खोला |

| क्र.सं. | नदी वा खोलाको नाम |
|---|---|
| ६ | मैचा खोला |
| ७ | पुच्प्रो खोला |
| ८ | दुध खोला |
| ९ | बगरछाप खोला |
| १० | प्रुङघ्यु खोला |
| ११ | चिना खोला |
| १२ | डोना खोला |
| १३ | साउने खोला |
| १४ | ह्युम्ले खोला |
| १५ | खोत्रो खोला |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ६.२.३ ताल तलैया र पोखरी र सीमसार क्षेत्र सम्बन्धी विवरण

| क्र.सं. | ताल तलैया, पोखरी र सिमसार क्षेत्र | समेटिएको ठाउँ वा क्षेत्र |
|---|---|---|
| १ | डोना ताल | वडा नं. २ |
| २ | पंकर ताल | वडा नं. ७ |
| ३ | डाफे ताल | वडा नं. ९ |
| ४ | तातोपानी कुण्ड | वडा नं. २,३ र ८ |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ६.२.४ जल स्रोत र उपयोगको स्थिति विवरण

यस गाउँपालिकाले जलश्रोतको राम्रो उपयोग गरेको पाइएको छ। यहाँ ३ वटा खोलाहरूबाट लघुजलबिद्युतको उत्पादन गरेर पालिकामा बत्ति पुर्याइएको छ भने बाकि खोलाहरूबाट बिद्युत उत्पादन गर्न बिस्तृत अध्ययन सम्पन्न गरीसकेको छ। बाकि सबै खोलाहरूबाट कति वाट बत्ति निकाल्न सकिन्छ भनेर अध्ययन गर्नुपर्ने आबश्यकता टड्कारो रूपमा देखिन्छ।

### ६.२.५ संरक्षित पानीको मुहान, जमिन र भौतिक संरचना विवरण

यस गाउँपालिकामा ११ खानेपानीका योजनाहरू सञ्चालनमा छन। ति मध्य २ वटा खानेपानी योजनाहरूको भौतिक संरचना राम्रो छ भने ९ वटा खानेपानी योजनाहरूलाइ पुन मर्मत गरेर अगाडि बढाउनु पर्ने देखिन्छ। बिभिन्न प्रकारका विपदहरूबाट पानीका मुहानहरू संरक्षण गरेर पानीलाइ जोगाउन जलबायु अनुकुलतामाथि राम्रो अध्ययन गरेर अगाडि बढ्नुपर्ने देखिन्छ।

#### ६.२.७ बाढी तथा पहिरोको जोखिममा रहेको पानीको मुहान, ताल तलैया, पोखरी आदिको विवरण

गाउँपालिकाको वडा नं. २ मा रहेको डोना ताल बिभिन्न प्रकारका प्रकोपले घेरीयर बसेको छ, झण्डै एक वर्ष पहिले सार्वजनिक भएको अध्ययन प्रतिवेदनमा डोना ती तालहरुको सूचीमा पर्छ जसको संरचना र स्वरुप जोखिमयूक्त देखिएको छ। गएको महिनाको भूकम्पकै कारण भने त्यहाँ कुनै असर नपरेको विज्ञले बताएका छन्। यस्तै पंकरताल र डाफे तालको अबस्था पनि उस्तै छ।

नेपालको पश्चिमी क्षेत्रमा विगत झण्डै पाँच सय वर्षयता ठूलो भूकम्प नगएको र सो क्षेत्र सम्भावित भूकम्पीय गतिविधिको उच्च जोखिममा रहेको भन्दै पाँडेले जोखिमयुक्त हिमताल हुनुले ठूलो मानवीय तथा भौतिक क्षतिको डर थपेको उल्लेख गरेका छन्। हिमतालबाट हुन सक्ने सम्भावित जोखिम र नोक्सानीका लागि पूर्वतयारी तथा जोखिम न्यूनिकरणका लागि पर्याप्त ध्यान जानु पर्नेमा जोड दिएका छन् वातावरणीय विपदजन्य अवस्थाका जानकारहरुले।

### ६.३ जैविक विविधता र वातावरणीय सेवा

#### ६.३.१ बासस्थानका आधारमा महत्वपूर्ण जनावर तथा चराचुरुङ्गीको विवरण

**प्रमुख वन्यजन्तुहरूको विवरण**

यस गाउँपालिकामा पाइने प्रमुख वन्यजन्तुहरूमा मृग, घोरल, कस्तुरी, थार, लावर, चितुवा, भालु, स्याल, बाँदर, स्याल, दुम्सी, बादर, बदेल, वन विरालो आदि रहेका छन्।

**प्रमुख चराचुरुङ्गीहरूको विवरण**

यस नगरपलिकामा पंक्षी प्रजातिमा, डाँफे, मुनाल, कालिज, ढुकुर, प्युरा, खोपत्रे, कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, जुरेली, भद्रायो, चिल, बाज, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो आदि छन्।

**घिस्रने जिवजन्तुहरू**

यस गाउँपालिकामा विशेष गरी घिस्रने जीवजन्तु अन्तर्गत सर्प, छेपारो, गोहोरा, सुन गोहोरो, भ्यागुता पाइन्छन्।

**कीरा फट्याङ्ग्राहरू**

पुतली, रात्रीचर पुतली, खवटे कीरा, फट्याङ्ग्रा, पतेरा, गाइनेकीरा, झ्याउँकीरी, जुनकीरी, अरिगाल, मौरी, माकुराहरु, सुलसुले, माछा, अरिगाँठे, कनसुत्ले, आदि पाइन्छन्।

#### ६.३.२ महत्वपूर्ण वनस्पति विवरण

यस गाउँपालिकामा लोट सल्ला, गोब्रे सल्ला, भटेपिपल, फलाँट, कटुस, उत्तीस, लालीगुराँस, निगालो, बुसपात, भोजपत्र, ओखर, स्याउ, भलायो, भकिम्ली, यार्सागुम्बा, नीरमसी, पाँचऔले, कुट्कि, पदमचाल, गुजी च्याउ, सतुवा, वन आलु, पाखनवेद, सुकुन्दवाला, जटाससी, रातो च्याउ, जटामसी, चिराइतो, वन लसुन, शिलाजित, गुजी च्याउ, असुरो, अदुवा, ऐसेलु, कुश, गुर्जो, गुलाफ, ध्यूकुमारी, चरीअमिलो, झुसे तिल, टाप्रे, तिल, तितेपाती, तुलसी, दुबो, धनिया, पालुङ्गो, बाटुलपाते, भूईँअमला, मुला, लसुन, सिस्नु, हलेदोलगायतका वनस्पतीका प्रजातिहरु पाइन्छन्।

#### ६.३.३ राष्ट्रिय निकुञ्ज, आरक्ष, मध्यवर्ती तथा संरक्षित क्षेत्र

यस गाउँपालिकामा अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना (Annapurna Conservation Area project – ACAP) ले गर्दछ। अन्नपूर्ण संरक्षण क्षेत्र पश्चिम नेपालको गण्डकी तथा धौलागिरी अञ्चलका उत्तरी क्षेत्रहरूमा पर्ने नेपालको सबैभन्दा ठूलो संरक्षण क्षेत्र हो। यसको क्षेत्रफल ७,६२९ बर्ग कि.मि. छ। यस अन्तरगत ८,००० मि. अग्ला हिमालहरू,

संसारको सबैभन्दा गहिरो काली गण्डकी नदीको खोंच, नेपालको सबैभन्दा बढि तथा कम पानी पर्ने ठाउँहरू पर्दछन् । यो नेपालको सबैभन्दा महत्त्वपूर्ण पर्यटकीय गन्तब्य स्थल पनि हो ।

### ६.४ पार्क तथा उद्यान सम्बन्धी विवरण

यस गाउँपालिकामा निम्न लिखित पार्कहरू रहेका छनः

| क्र.सं. | वडा नं. | पार्कको नाम |
|---|---|---|
| १ | १ | ताल पार्क |
| २ | २ | चिखुँ बगैचा पार्क |
| ३ | ६ | बुद्द पार्क |
| ४ | ८ | फोप्चे सातकन्या देवी पार्क, लाङ्ग्री देवी पार्क |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ६.५ विपद्् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

गाउँपालिकाका नदी तथा खोला किनारका भागहरू भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। प्राकृतिक वातावरणमा असर पर्ने मानवीय गतिविधिका कारणबाट गाउँपालिका क्षेत्रमा अनियन्त्रित डढेलो, अल्पवृष्टि, अतिवृष्टि, चरीचरन गर्ने प्रवृत्ति एवं चिसो र हिउले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेतीतर्फ अनियन्त्रित बाढी र पहिरोको प्रकोप केन्द्रीत भएको छ । खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरूमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ । मूलतः गाउँपालिकाका खोलाहरूको वरिपरि नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले भूकम्पीय प्रकोपका कारण समेत यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकूल प्रभाव पारेको छ । यस क्रमलाई रोक्नको लागि तटबन्धनको व्यवस्था र ढल निकासको व्यवस्था मिलाउनुपर्ने देखिन्छ । त्यस्तै, मानव र बन्य जन्तु विचको द्धन्द्धले विभिन्न किसिमका मानविय घटनाहरु घट्ने गरेका छन् । अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालीन उपायको रुपमा स्पर एवं तटबन्ध निर्माण गर्ने मध्यकालीन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरि वृक्षारोपण गर्ने र दीर्घकालीन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्ने, मानव र वन्यजन्तु विचको द्धन्द्धलाई न्युनिकरण गर्ने तर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ । उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ ।

#### ६.५.१ जोखिम युक्त बस्तीको विवरण

यस गाउँपालिकाको विभिन्न वडामा जोखमयुक्त रहेका वस्तिहरूको विवरण वडानुशार वडा नं. १ मा ताल वस्ति छहरे खोला र मर्स्याङ्दी खोलाको जोखिममा रहेको छ । वडा नं. २ मा प्रोनो, च्योनो, हिमाडाँडा, चेदाखु, केउमी पहिरो जाने स्थान रहेका छन भने वडा नं. ३ मा खोत्रो जाने बाटोमा रहेको वस्ति पहिरोको जोखिममा रहेको छ । वडा नं. ५ मा तामाराँगको ठूलो पुरै वस्ती, पहिरो को जोखिममा रहेको छ । वडा नं. ६ मा थोती, ह्युमोडेदू, सगाने , क्यदुरु , दुधखोला, तिल्चे खोला , कानी कयुसी, मोहान, एकलेयो, पहिरोको जोखिममा रहेका छन । वडा नं. ७ मा हिम ज्योति, क्युकेलोसी, घवाखो्ला, कार्ते बगर, सुदी खोला, बुद बगर, माचे , मनी , चुगंले, फेदी, चौली फेदी , कार्पे देउराली जोखिमयुक्त रहेको छ भने वडा नं. ८ मा गाउँको मुनि पहिरो र मर्स्याङ्दी नदिले जोखिम निम्त्याइ रहेको छ । अन्त्यमा वडा नं. ९ मा बगरछाप

ठाडोखोला , बगरेछाप, मर्स्याङ्दी नदि किनारा, दानक्यु ठाडो खोल, घुम्ने पहिरोगस्त क्षेत्रहरू हुन । माथी उल्लेखित स्थानहरूमा वाढि पहिरो जानसक्ने स्थानमा तारजालि, तटबन्ध आदिको ब्यबस्था गरेर वस्तिहरूलाइ जोगाउनु पर्ने देखिन्छ ।

### ६.५.२ संवेदनशील स्थानमा बसोबास गरेका परिवारको विवरण

| प्राकृतिक प्रकोपको किसिम | वडा नं. | | | | | | | | | जम्मा | प्रतिसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| भूकम्प | | | १३ | १९ | १ | ७ | ७ | १८ | २३ | **८८** | **१८.७२** |
| बाढी | ५९ | | ११ | १ | २७ | ८ | ४ | १ | ११ | **१२२** | **२५.९६** |
| पहिरो | १४ | | १४ | ८ | ३ | १४ | ८ | ५ | १३ | **७९** | **१६.८१** |
| चट्याङ्ग | | | | ० | | ७ | ६ | १७ | ० | **३०** | **६.३८** |
| हावाहुरी | | ४४ | ९ | ९ | | ८ | ७ | १९ | ३ | **९९** | **२१.०६** |
| बन्यजन्तुको आक्रमण | | | ८ | १ | | २ | २ | १ | ० | **१४** | **२.९८** |
| आगलागी | | | | ९ | | ७ | ५ | | १ | **२२** | **४.६८** |
| हिमपहीरो | | | १ | ० | | ० | ० | | ४ | **५** | **१.०६** |
| अन्य | | | | ७ | | २ | २ | | | **११** | **२.३५** |
| **जम्मा** | **७३** | **४४** | **५६** | **५४** | **३१** | **५५** | **४१** | **६१** | **५५** | **४७०** | **१००** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ६.५.३ विपद्बाट भएको मानवीय, भौतिक र आर्थिक क्षतिको विवरण

यस गाउँपालिकामा वि.सं. २०७८ मा मर्स्याङ्दीमा आएको बाढीले डुबान र कटान गरी भौतिक क्षति गरेको थियो । जसबाट ताल गाउँका साथै अन्या स्थानका धेरैघरधुरीहरूमा भौतिक क्षति भएको थियो भने गाउँपालिका भवन, बैंक भबन जस्ता संरचनाहरू बगाएको थियो । जग्गाजमीन कटान, २ वटा माछापोखरीमा क्षति, पशुपन्छीमा क्षति, घरहरू आदिमा क्षति भएको थियो । यसैगरी प्रत्येक वर्षमा वर्षातको समयमा डुबान र कटानको समस्याले क्षति भइरहेको छ ।

### ६.५.४ विपद्को किसिम अनुसार जोखिमको समय

| क्र स | संभावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रूपमा लागू नभएको | जुनसुकै समयमा |
| २ | बाढी | मर्स्याङ्दी लगायतका खोलाहरूमा | जेष्ठ-असोज |

| क्र स | संभावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| ३ | डढेलो | पालिकाको धेरै जसो भु-भागमा घनावस्ती रहेका, अग्नी नियन्त्रण यन्त्रको अभाव, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। | चैत्र-जेष्ठ |
| ४ | महामारी | प्रकोपका रूपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतनाकमी। | विपद् पछि, अन्य समयमा |
| ५ | भाइरस तथा फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयमा |
| ६ | जङ्गली जनावर आतंक | पालिकाका विभिन्न क्षेत्रहरु अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्ने हुनाले वनजङ्गल वरिपरि बसोबास भएको क्षेत्रहरूमा (बाँदर, बँदेल,भालु) आदिको आक्रमण तथा बदमासीको डर त्रास भईरहन्छ। | जुनसुकै समयमा |
| ७ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| ८ | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ६.५.५ विपद् बाट क्षति ग्रस्त सार्वजनिक संरचना तथा पूर्वाधारको विवरण

यस गाउँपालिकामा २०७८ मा आएको वाढिका कारण भएको क्षति ग्रस्त सार्वजनिक संरचना तथा पूर्वाधारको विवरण यस प्रकार रहेको छः

| क्र.स. | भौतिक संरचना तथा पूर्वाधारको नाम | वडा नंम्वर | कैफियत |
|---|---|---|---|
| १ | वडा नं १ ताल स्थित सम्पूर्ण भौतिक संरचना नष्ट भएको | १ | |
| २ | वडा नं. ३ मा अबस्थित पालिकाको कार्यालय, बैंक, लगायत धेरै भौतिक संरचना नष्ट भएको | ३ | |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ६.५.६ विपद्पूर्व तयारीको अवस्था र प्रतिकार्य सम्बन्धी विवरण

विपद्ले विनाश गर्छ, विनाशले जीवनचक्र आतङ्कित बनाउँछ, आतङ्कले जनधनको क्षति र तनाव बढाउँछ। मानव जीवनमा अप्ठ्यारो, आपत्कालीन, भयभित अवस्था सिर्जना भइ धनजनको क्षति हुनु विपद्को समय हो। मानव संकटले जीवन सञ्चालनमा अवरोध गर्ने हुँदा विपद् जोखिममा होसियारी अपनाउनुपर्छ। यस्तो संकट आकस्मिक र अप्रत्याशित रूपमा आउने हुँदा विपद्विरुद्ध सधैँ होसियारीसहित शासकीय तयारी हुनुपर्छ। नेपालमा हावा हुरी, चट्याङ, बाढी पहिरो, भूकम्प, आगलागी, दुर्घटना र स्वास्थ्यको प्रकोपको जोखिम रहेको छ। दुर्घटना र भूकम्पको प्रकोप जतिबेला पनि हुन

सक्ने तर वर्षा सुरु हुनुअघि हावा हुरी, आगलागी र चट्याङ र स्वास्थ्यको प्रकोप जोखिम हुने गर्दछ। वर्षाको समय प्रायः असारदेखि भदौसम्म एक सय बीस दिन खतरा वा जोखिम हुने समयका रूपमा लिइन्छ। हाम्रो भूबनोट र प्राकृतिक कारण हावा हुरी, आगलागी, चट्याङ, स्वास्थ्यको प्रकोप र वर्षा हाम्रा लागि निकै चुनौती र कष्टकर हुनेमा द्विविधा छैन। प्रदेश र स्थानीय तहमा समेत कोषको व्यवस्था गर्न सकिने व्यवस्था गरिएको छ। तहगत सरकारले समेत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न नीतिनियमहरू तर्जुमा गरी लागु गरेका छन्। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न नागरिक समाज, गैरसरकारी संस्था तथा सामाजिक अभियन्ता र स्वयंसेवकको व्यवस्थासहित विपद्विरुद्धका प्रतिकार्यमा लाग्नुपर्छ। तर हाल सम्म यस गाउँपालिकाले विपद तयारिको अवस्थामा त्यति काम गर्न सकेको देखिदैन।

### ६.५.७ आपतकालीन यातायातको साधन सम्बन्धी विवरण

गाउँपालिकाको केन्द्रमा स्वास्थ्य सेवाहरुको केहि पहुँच भएता पनि सवै वडाहरुको स्वास्थ्य संस्थाहरुवाट आपतकालिन स्वास्थ्य सेवाहरु पुर्याउन सकिरहेको अवस्था छैन। आपतकालिन अवस्थामा विरामीहरुलाई स्वास्थ्य सेवा उपलव्ध गराउनका लागि धारापानिमा २४ घण्टा सेवा सहित एउटा एम्बुलेन्स सञ्चालन गरेको छ। अनियन्त्रीत डडेलोको प्रभाववाट यस गाउँपालिका अछुतो रहन सकेको छैन। त्यसकारण यस गाउँपालिकामा वरुणयन्त्रको आवश्यकता रहेको छ भने विभिन्न समुदायवाट आपतकालिन अवस्थामा सेवा प्रवाह गर्नका लागि विभिन्न वडाहरुमा आवश्यक एम्वुलेन्सको व्यवस्था गर्नु पर्ने देखिन्छ।

### ६.५.८ खुला क्षेत्र सम्बन्धी विवरण

गण्डकी प्रदेशमा पर्ने मनाङ हिमालपारीको सुन्दर जिल्लाको रुपमा परिचित छ। नेपाल सरकारको मापदण्ड अनुसार दुर्गम जिल्ला अर्थात  वर्गको जिल्लाको रुपमा यो जिल्ला पर्दछ। जिल्लाको भौगोलिक विकटताको साथसाथै "क" अत्यन्तै मनमोहक भौतिक एवं सांस्कृतिक विशेषताहरुले यो जिल्ला भरिपुर्ण छ। प्राकृतिक छटाले भरिपुर्ण हिमालको काखामा अवस्थित यस जिल्लामा अग्ला भिराला पहाडहरु र उच्च हिमश्रृखलाहरुले लाखौ स्वदेशी तथा बिदेशी पर्यटकहरुको गन्तब्य मार्ग, बहुमुल्य जडिबुटि र वनसम्पदा, अपार जलश्रोत र ,जौविक विविधताले भरिपुर्ण छ। विश्वको र्सवाधिक अग्लो स्थानमा रहेको तिलिचो ताल तथा अन्य असंख्य कुण्ड एवं स साना तालहरुको बेजोड संगम भएको-छ। .मि.यो जिल्लाको कुल क्षेत्रफल २२४६ वर्ग कि

नासोँ गाउँपालिका नेपालको संविधानको धारा २९५ उपधारा ३ बमोजिम नेपाल सरकारबाट २०७३ साल फाल्गुण २७ गते गठित स्थानीय तहहरु मध्येको एक हो। यो गाउँपालिका नेपालको गण्डकी प्रदेश अन्तर्गत मनाङ जिल्लाको तल्लो भेगमा अवस्थित छ। साविकका धारापानी, ताचैवगरछाप र थोँचे गाविस लगायत ३ वटा गा.वि.स.हरु यसमा समावेश भएका छन। ७०९.५८ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ।

यस क्षेत्र पर्यटकीय पदयात्राका दृष्टिकोणले महत्वपुर्ण रहेको छ। वर्षेनि हजारौँको संख्यामा स्वदेशी र विदेशी पर्यटकहरु मनाङ जिल्ला प्रवेश गर्ने द्वारको रुपमा यस गाउँपालिकालाई लिन सकिन्छ। अन्नपुर्ण संरक्षण क्षेत्र पदयात्रा, लार्केपास मनासलु पदयात्रा तथा माथिल्लो मनाङ पदयात्राका लागि यस गाउँपालिका क्षेत्र भएर यात्रा गर्नुपर्दछ। ग्रामीण भेग भएका कारण शहरी सुविधा भन्दा पनि गाउँले परिवेशमा रमाउने तथा पदयात्राको मज्जा लिन चाहने प्रकृतिप्रेमीका लागि यो ठाउ अनुपम गन्तब्य हो।

हिमालि जिल्ला भएका कारण यस पालिकामा त्यति धैरै खुल्ला स्थान छैन तर पनी बस्ति रहेका ठाउहरूमा केहि खुल्ला ठाउ पनि रहेको छ। आपतकालिन अबस्थामा खुल्ला ठाउको आबश्यकता पर्ने कुरा २०७८ सालको बाढिमा यसको महसुस भएको थियो, यसलाई पुरागर्नुपर्ने आबश्यकता छ।

### ६.५.९ हेलिकप्टर अवतरण गर्न सक्ने स्थान तथा सेफ सेल्टरको विवरण

हिमालि जिल्ला भएका कारण यस पालिकामा त्यति धैरै खुल्ला स्थान छैन तरपनि यस पालिकाको प्रत्येक वडामा हेलिकप्टर अबतरण गर्न सक्ने देखिन्छ, तर त्यसका लागि काहिपनि यहि स्थानमा अबतरण गर्ने भनेर तोक्ने र संरचना बनाउने काम भएको छैन। यस पालिकामा कुनै पनि प्रकारको सेफ सेल्टर नभएको पाइएको छ।

### ६.५.१० खोज, उद्धार र प्राथमिक उपचार, आगलागी नियन्त्रण गर्ने जनशक्ति तथा भूकम्प प्रतिरोधी भवन निर्माणमा तालिम प्राप्त जनशक्ति विवरण

गाउँपालिकाका नदी तथा खोला किनारका भागहरू भूक्षय र बाढिको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। प्राकृतिक वातावरणमा असर पर्ने मानवीय गतिविधिका कारणबाट गाउँपालिका क्षेत्रमा अनियन्त्रित डढेलो, अल्पवृष्टि, अतिवृष्टि, चरीचरन गर्ने प्रवृत्ति एवं चिसो र हिउले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेतीतर्फ अनियन्त्रित बाढी र पहिरोको प्रकोप केन्द्रीत भएको छ। खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरूमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ। मूलतः गाउँपालिकाका खोलाहरूको वरिपरि नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले भूकम्पीय प्रकोपका कारण समेत यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकूल प्रभाव पारेको छ। यस क्रमलाई रोक्नको लागि तटबन्धनको व्यवस्था र ढल निकासको व्यवस्था मिलाउनुपर्ने देखिन्छ।

यस गाउँपालिकामा केहि गरी बिपदको आयो भने खोज, उद्दारगनर्का लागि दक्ष जनशक्ति रहेको पाइदैन, यहाँ बर्षेनि बिभिन्न प्रकारका बिपद आउने त्यसैमा भएको बजेट सकाउने गरेको पाइन्छ, त्यसको अलावा दक्ष जनशक्ति उत्दन गरी जगेडा गर्ने कार्यमा पालिका चुकेको देखिन्छ। यस गाउँपालिकामा रहेका स्वास्थ्य चौकि – ३ र आधारभूत स्वास्थ्य चौकि – ६ वटा रहेका छन यि स्वास्थ्य संस्थाबाटनै प्राथमिक उपचार गर्नुपर्ने छ।

यस गाउँपालिकामा केहि गरी आगलागि भएमा स्थानिय व्यक्तिहरूनै प्रयोग गर्नुपर्ने अबस्था छ किनभने यस गाउँपालिकामा वारूण यन्त्र र यस सम्बन्धि काम गर्ने जनसंख्या छैनन। भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औँ स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रूपमा लागू नभएको पाइन्छ यसका लागि भुकम्प प्रतिरोधि भवन निर्माण गर्न सोहि अनुसारको जनशक्ति उत्पादन गरी अव बन्ने भबनहरू भुकम्प प्रतिरोधि बनाउने र वन आचार संहिता पूर्ण रूपमा पालना गर्न गराउन सुरूवात गर्नुपर्ने देखिन्छ।

# परिच्छेद ७: भौतिक विकासको अवस्था

## ७.१ यातायात पूर्वाधार

मुलुकको आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा सहयोग पुर्याउने विकासका पूर्वाधार मध्ये यातायात क्षेत्र महत्वपूर्ण मानिन्छ । राष्ट्रिय यातायात क्षेत्रको समुचित विकासले मात्रै मुलुकलाई वास्तविक विकासमा परिणत गर्न सकिने यातायात क्षेत्रका विज्ञहरुले बताएका छन् । सरकारले आर्थिक, सामाजिक विकास, गरिबी निवारण, दिगो शान्तिका लागि पूर्वाधारको विकासमा योगदान पुग्ने गरी स्तरीय, भरपर्दो, सुलभ र सुरक्षित यातायात सञ्चालनमा योजनाबद्ध रुपमा काम गरिरहेको जनाएको छ । सडक, रेल, सुरुङ, जलमार्ग जस्ता पूर्वाधारको विकास गरी राष्ट्रिय रणनीतिक यातायात सञ्जाल मार्फत देशको विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रलाई एक–अर्कासँग जोड्दै मुलुकको आर्थिक, सामाजिक विकास अभिवृद्धिमा उल्लेख्य काम भएको छ । सडक पूर्वाधारले ग्रामीण क्षेत्रलाई स्थानीय बजारसँग आबद्ध गराई पर्यटन, कृषि, विद्युत्, उद्योगलगायत क्षेत्रलाई सहयोग पुर्याउँछ । त्यसैले सरकारले भौतिक पूर्वाधार तथा यातायात क्षेत्रको समुचित विकामा जोड दिँदै आएको छ ।

### ७.१.१ सडक सञ्जालको विद्यमान अवस्था

कुनै पनि स्थानको भौतिक विकासको निम्ति सडक सञ्जाल प्रारम्भिक शर्त हो । सम्पुर्ण सुविधा सम्पन्न सडक यातायातको विकाससँगै समग्र विकासको ढोका खुल्दछ । स्थानीय तहको हकमा वडा केन्द्रहरूलाई पालिका केन्द्रसँग जोड्नु तथा पालिका केन्द्रलाई जिल्ला सडक हुँदै राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्नु आवश्यक हुन्छ । गाउँबस्तीहरूमा कृषि सडकहरूको विकास र स्तरोन्नति मार्फत कृषि उत्पादनहरूको बजारीकरण गरी जनताको आर्थिक अवस्थालाई मजबुत बनाउन सकिन्छ । सुविधा सम्पन्न सडक सञ्जाल मार्फत उद्योग तथा पर्यटन क्षेत्रको विकास गरी आर्थिक क्रान्ति संभव छ । यसको अलावा धार्मिक क्षेत्रहरूमा सडक सञ्जाल मार्फत पहुँच पुर्याएर आन्तरिक तथा बाह्य पर्यटकहरू आकर्षित गर्न सकिन्छ ।

२०५० को नक्सांकन कार्य गर्ने समयसम्म नेपालका पहाडी क्षेत्रमा सडकको अवस्था निकै कमजोर थियो । तर २०४६ को आम परिवर्तन पछि स्थानीय निकायलाई राष्ट्रिय कोषबाट रकम बिनियोजन गर्ने परिपाटी भए अनुसार ग्रामीण क्षेत्रमा पनि सडक बिस्तारको कार्यले गति लिन थाल्यो । तत्पश्चात सडक सञ्जालको बिस्तारमा ग्रामीण क्षेत्रले पनि फड्को मारेको छ । तर दुर्गम हिमालि भूभागका कारण कतिपय त्यस्ता स्थलगत संरचनाको नक्सांकन कार्य हुन नसकेको र तथ्यगत सूचनाको अभावमा ती क्षेत्रहरूमा के कति सडक सञ्जालको बिस्तार भएको छ भन्न एकिन तथ्याङ्क उपलब्ध छैन ।

नासो गाउँपालिका मनाङ जिल्लाको द्वारको रूपमा रहेको छ । मनाङ जिल्लालाइ सडक सञ्जालले छुदा नासो भएर जानुपर्ने हुन्छ । नासो गाउँपालिकाका ९ वटा वडाहरूमध्ये वडा नं २ बाहेक सबै वडाहरूमा सडक सञ्जालले छोएको छ । बाकि एउटा वडा पनि सडक सञ्जालबाट जोड्नका लागि धमाधम काम भै रहेको छ भने बाकि वडाहरूमा १२ महिनानै सडक सञ्जालबाट जोडिएको छ ।

### ७.१.२ निर्माणाधीन गाउँस्तरीय सडकहरू

नासो गाउँपालिकाका ९ वटा वडाहरू छन, उक्त वडाहरूमध्ये वडा नं २ बाहेक सबै वडाहरूमा सडक सञ्जालमा जोडिएको छ । बाकि एउटा वडा पनि सडक सञ्जालबाट जोड्नका लागि धमाधम काम भै रहेको छ भने बाकि वडाहरूमा १२ महिनानै सडक सञ्जालबाट जोडिएको छ । यस पालिकामा रहेका यि सडकहरू सबै धुले सडकका रूपमा रहेका

छन । राष्ट्रिय राजमार्गले जोडेको यस पालिकामा उक्त राजमार्ग कहि कहि ढलान भएपनि अन्य स्थानमा कच्चि नै रहेको छ । यस पालिकामा रहेका सबै सडकहरू निर्माणाधिननै रहेका छन ।

### ७.१.३ सवारी सुबिधा र रुट

विभिन्न स्थान र भौगोलिक क्षेत्रमा बस्ने जनताहरूको बीचमा आपसी सम्पर्क स्थापनाका लागि सार्वजनिक यातायातलाई सहज, प्रभावकारी, सुलभ र नियमित तुल्याउन रुटहरूको विकास जरुरी हुन्छ । विभिन्न रुटहरूमा यातायात सेवा सञ्चालनमा आएको खण्डमा यसले विभिन्न समुदाय र क्षेत्रलाई एकआपसमा जोडेर जनताको बीचमा एकताको भावना स्थापित गर्दछ । यस पालिकामा अन्तर जिल्ला जोड्ने एउटा रूट र स्थानिय ठाउ जोड्ने केहि रूटमा जिपहरू चल्ने गरेको पाइन्छ र यिनै सवारीसाधनहरूले यहाँको जनजीवनलाइ केहि हद सम्म भएपनि सरल र सहज बनाएका छन ।

### ७.१.४ गाउँ क्षेत्रभित्र चल्ने सवारी साधन

हाल आएर नेपालका शहरी क्षेत्र र बजार केन्द्रहरूमा सडक यातायात अन्तर्गत लामो दुरीमा बस, मिनिबस तथा हायस, माईक्रो बस सञ्चालनमा आएका पाइन्छन् भने छोटो दुरीमा माईक्रोबस, टेम्पो, सिटि रिक्सा, ट्याक्सी, कार, बिजुलीबाट चल्ने सफारी, रिक्सा, साईकल र मोटरसाईकलहरू रहेका छन् । यी सवारी साधनहरू मध्ये कतिपय निजी र कतिपय सार्वजनिक हुन्छन् ।

कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासलाई गतिशिल बनाउन सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन कृषि तथा गैर कृषि क्षेत्रको विकास गर्न यातायात एउटा महत्वपूर्ण पूर्वाधारको रुपमा रहेको हुन्छ । यस गाउँपालिकामा मुख्यतया ट्रक, टेक्टर, जिप, मोटरसाइकलहरूको उपयोग गरिएको देखिन्छ । गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना सुचारु हुने गरी सडकमार्गहरूको स्तर उन्नति गर्नुपर्ने देखिन्छ । साथै सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधन पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, गाडि पार्किङ सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ ।

### ७.१.५ झोलुङ्गे पुल तथा पुल पुलेसा

यस गाउँपालिकामा झोलुगें पुल तथा पुलका बारेमा तलको तालिकामा बिस्तृतमा ब्याख्या गरीन्छः

| क्र.स. | वडा नं. | पुलको नाम | पुलको प्रकार | कैफियत |
|---|---|---|---|---|
| १ | १ | मर्स्याङ्दी नदिमा | काठे पुल | आबधिक पुल |
| २ | १ | छहरे खोलाको पुल | झोलुङ्गे पुल | |
| ३ | १ | मर्स्याङ्दी नदिमा | मोटरेवल पुल | |
| ४ | २ | धर्मशाला (ट्रेकिङ रूट) | काठे पुल | |
| ५ | २ | ग्याल्पो खोला | काठे पुल | |
| ६ | २ | सवुक्यु | काठे पुल | |
| ७ | २ | डोनाताल नानिस्यो | काठे पुल | |
| ८ | २ | नाचै पूल (४१२ मि.) | झोलुङ्गे पुल | |
| ९ | ३ | मर्स्याङ्दी नदिमा | काठे पुल | |

| क्र.स. | वडा नं. | पुलको नाम | पुलको प्रकार | कैफियत |
|---|---|---|---|---|
| १० | ३ | खोत्रो खोला | काठे पुल | |
| ११ | ३ | मर्स्याङ्दी नदिमा | झोलुङ्गे पुल | |
| १२ | ३ | खोत्रो खोला | झोलुङ्गे पुल | |
| १३ | ५ | दुधखोला | काठे पुल | |
| १४ | ५ | दुधखोला | काठे पुल | |
| १५ | ५ | मर्स्याङ्दी नदिमा | मोटरेवल पुल | |
| १६ | ६ | दुधखोला मा ५ वटा | झोलुङ्गे पुल | |
| १७ | ६ | नानाक्यु खोला | झोलुङ्गे पुल | |
| १८ | ६ | लम्दने खोला | मोटरेवल पुल | |
| १९ | ७ | तलेठो | काठे पुल | |
| २० | ७ | थेत्रेपा | काठे पुल | |
| २१ | ७ | अबु खोला | काठे पुल | |
| २२ | ७ | प्रोखोला | काठे पुल | |
| २३ | ७ | सुति खोला | झोलुङ्गे पुल | |
| २४ | ७ | ग्वाँ खोला | झोलुङ्गे पुल | |
| २५ | ८ | रेतु खोला | काठे पुल | |
| २६ | ८ | लोंङ्लो खोला | काठे पुल | |
| २७ | ८ | चोना खोला | झोलुङ्गे पुल | |
| २८ | ८ | प्रोखोला | झोलुङ्गे पुल | |
| २९ | ८ | मर्स्याङ्दी नदिमा | मोटरेवल पुल | |
| ३० | ९ | दानाक्यु खोला | काठे पुल | |
| ३१ | ९ | दानाक्यु खोला | झोलुङ्गे पुल | |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ७.१.६ टाढाको बस्तीबाट सम्बन्धित गाउँपालिकाको केन्द्र पुग्न लाग्ने अनुमानित समय

| बडा नं. | समयाबधि | | | | जम्मा |
|---|---|---|---|---|---|
| | ३० मिनेट भित्र | १ घण्टा भित्र | २ घण्टा भित्र | २ घण्टा भन्दा बढि | |
| १ | ० | ५७ | १६ | ० | **८३** |
| २ | ० | ४४ | ० | ० | **४४** |
| ३ | ३६ | २० | ० | ० | **५६** |
| ४ | ० | ५४ | ० | ० | **५४** |
| ५ | ३१ | ० | ० | ० | **३१** |
| ६ | ० | ० | ० | ५५ | **५५** |

| बडा नं. | समयाबधि | | | | जम्मा |
|---|---|---|---|---|---|
| | ३० मिनेट भित्र | १ घण्टा भित्र | २ घण्टा भित्र | २ घण्टा भन्दा बढि | |
| ७ | ० | ० | ० | ४१ | ४१ |
| ८ | ० | ० | ० | ६१ | ६१ |
| ९ | ० | २८ | २७ | ० | ५५ |
| **जम्मा** | **६७** | **२०३** | **४३** | **१५७** | **४७०** |
| **प्रतिशत** | **१४.२६** | **४३.१९** | **९.१५** | **३३.४** | **१००** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ७.१.७ वसपार्क तथा वस बिसौनी सम्बन्धी विवरण

बिजुली, पानी, यात्रु, प्रतिक्षालय, शौचालय, पब्लिक मोबाइल चार्जिङ स्टेशन लगायतका सुविधाहरू भएका बसपार्कको निर्माण गरी जनताको अवागमलाई सहज बनाउन सकिन्छ । विकसित मुलुकहरूको अभ्यास हेर्दा बसपार्कहरूमा हेल्प डेस्क लगायत शान्तिसुरक्षाको उचित प्रबन्ध मिलाएको पाईन्छ । सुविधा सम्पन्न र सुरक्षित बसपार्कहरू निर्माण भएको खण्डमा यातायात सेवाको गुणस्तर वृद्धि हुन्छ । बसपार्कमा बनाइने संरचनाहरू अपाङ्गतामैत्री हुनुपर्दछ । यस गाउँपालिकामा कुनै पनि प्रकारको बसपार्क छैन ।

## ७.२ विद्युत तथा वैकल्पिक ऊर्जा

यस पालिकाका २ वटा वडाहरूमा रहेका घरहरूमा विद्युतिकरण नभएतापनि उक्त स्थानलाई पनि मध्यनजर गरी लघुजलधिद्युतका लागि DPR सम्पन्न भै सकेको छ । यस पालिकामा बाकि स्थानहरूमा पनि लघु जलबिद्युत आयोजनाबाट उत्पादित बिद्युतनै प्रयोग गरिरहेका छन । तथापि बिद्युत प्रशारण लाइनको सुदृढीकरणका लागि भने प्रसस्त काम गर्नुपर्ने देखिन्छ । विद्युत प्रशारण लाईन सुधारमा सर्वप्रथम काठका पोलहरू पक्की वा फलामका पोलहरूले विस्थापन गर्नुपर्ने देखिन्छ ।

विद्युत सेवा बाहेक वैकल्पिक र नविकरणीय उर्जा प्रबर्धनका लागि ठोस कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । यस क्षेत्रमा सौर्य उर्जा जडान गर्न सके त्यसबाट उर्जाको नियमित आपुर्ति हुनुको साथै थप विकासका क्रियाकलापहरूलाई उर्जाको सदुपयोग मार्फत गति दिन सकिन्छ । सामान्तया एउटा सामान्य परिवारले दैनिक २ किलो वाटविद्युत खपत गर्दछ । त्यसमा पनि यो उपभोगको मात्रा ग्रामीण भेगहरूमा त्यो भन्दा न्युन हुन्छ । १७.६ वर्ग फिटको सोलार प्यानलले २५० वाट विद्युत उत्पादन गर्दछ । दिनभर करिब ६.८ घण्टा सुर्यको किरणबाट १.७ किलोवाट विद्युत निस्कन्छ । यसलाइ महिनामा गनना गर्दा ५१ कि.वा.विद्युत उत्पादन हुन सक्दछ ।

**यसको अर्थ ६०० वर्ग फिट ओगट्ने घरबाट**

$$५१ \text{ कि.वा.} \times \frac{६००}{१७.६} = १७३८\text{कि.वा.}$$

यसको अर्थ ६०० वर्गफिट ओगट्ने घरमा सौर्यउर्जा जडान गर्दा सो घरलाई पुग्ने उर्जा उत्पादन गर्न सकिन्छ । यद्यपि ग्रामीण घरहरू सौर्य उर्जा उत्पादन मैत्री बनाउनुपर्ने हुन्छ । अर्कोतर्फ पानीका सदाबहार स्रोतहरू भएको र जलाशयमा आधारित विद्युतको समेत संभावना अध्ययन गरी लघु विद्युत योजनाहरू सञ्चालन गर्न सकिन्छ । यसरी उत्पादित विद्युत बढी भएको खण्डमा राष्ट्रिय प्रशारण लाइनमा बेच्न सकिन्छ । हालसम्म समेत काठदाउरालाई खाना पकाउने मुख्य

इन्धनकोरूपमा प्रयोग गर्ने घरपरिवार धेरै भएकाले काठदाउरा विस्थापन गर्न विद्युत तथा सौर्य उर्जाले सहयोग पुर्याउन सक्दछ। यसबाट वातावरण संरक्षणमा समेत टेवा पुग्दछ।

### ७.२.१ इन्धन उपयोग विवरण (खाना पकाउने इन्धनको आधारमा घर परिवार)


अपार जलस्रोतको सम्पदा भएर पनि त्यसको सदुपयोग हुन नसकिरहेको कारण शहर र ग्रामीण ईलाकामा उर्जा संकट व्याप्त छ। नेपालको पहाडी तथा हिमाली क्षेत्रमा अहिले पनि ठुलो संख्यामा जनताहरूले खाना पकाउने इन्धनको रुपमा काठ ,दाउरा ,कोइलाको प्रयोग गर्दछन् भने तराई क्षेत्रमा गुइँठाको प्रयोग व्यापक रुपमा भईरहेको छ।

गाउँपालिकाको कुल घरपरिवारहरू मध्ये खाना पकाउनका लागि ३६७ अर्थात् ७८०८. प्रतिशतले काठ ,दाउरा १०३ अर्थात् २१९२. प्रतिशतले एल.पी ग्यासको प्रयोग गर्दछन्। स्थानीयहरूले अधिकांश काठ दाउराको प्रयोग गरेबाट एकातर्फ वनजंगल र पर्यावरणमा क्षति पुग्ने र अर्केतर्फ धुवाँ र दाउरा संकलन गर्दा लाग्ने समयले क्रमशः स्वास्थ्यमा असर पुर्‍याउनुका साथै समय समेत बढी खर्च हुने देखिन्छ। तसर्थ ग्रामिण भेगहरूमा वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने र आय आर्जनका कार्यक्रमहरूमा केन्द्रित गरी गाउँपालिकावासीलाई काठ दाउराको विकल्प तर्फ लैजानुपर्ने देखिन्छ। जसको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

| बडा नं. | खाना पकाउन प्रयोग गर्ने मुख्य इन्धन | | जम्मा |
|---|---|---|---|
| | एल.पि.ग्याँस | काठ, दाउरा | |
| १ | ३८ | ३५ | **७३** |
| २ | ० | ४४ | **४४** |
| ३ | २७ | २९ | **५६** |
| ४ | ३ | ५१ | **५४** |
| ५ | २५ | ६ | **३१** |
| ६ | २ | ५३ | **५५** |
| ७ | ० | ४१ | **४१** |
| ८ | ० | ६१ | **६१** |
| ९ | ८ | ४७ | **५५** |
| **जम्मा** | **१०३** | **३६७** | ४७० |
| **प्रतिशत** | **२१९२.** | **७८०८.** | **१००** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

दिगो विकासको अवधारणा अनुसार पर्यावरणिय सन्तुलन बनाइ राख्न मानिसको उपभोग शैलीमा परिवर्तन गर्नु अपरिहार्य छ। उदाहरणका लागि नेपालले आधारवर्ष २०१५ मा ७४.७ प्रतिशत रहेको इन्धनको प्राथमिक श्रोतको रुपमा काठ, दाउरा, गुइँठा आदि प्रयोग गर्ने जनसमुदाय सन् २०३० सम्म ३० प्रतिशत मा झार्ने (SDG-7) तथा पकाउने प्रयोजनार्थ एलपि ग्याँस प्रयोगलाई १८ प्रतिशत (२०१५) बाट ३३ प्रतिशतमा पुर्‍याउने लक्ष्य राखेको छ। यसै राष्ट्रिय लक्ष्यलाई आत्मसाथ गर्दै यस गाउँपालिकाका नीति तथा कार्यक्रमहरूलाई त्यसतर्फ उन्मुख बनाउनु आवश्यक छ।




### ७.२.२ बत्ति बाल्ने इन्धनको प्रयोगको आधारमा घर परिवार

गाउँपालिका घरधुरी सर्भेक्षण, २०८० को नतिजा अनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा लघुजलविद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ भने सोलार अर्को हो भन्ने कुरा सर्बेक्षणले देखाउछ।

| बत्तिको किसिम | वडा नं. | | | | | | | | | जम्मा | प्रतिसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| लघुजलबिद्युत | ७३ | ४४ | ५६ | ५४ | ३१ | | | ६१ | ५५ | ३७४ | ७९५८. |
| सोलार | | | | | | ५५ | ४१ | | | ९६ | २०४२. |
| **जम्मा** | ७३ | ४४ | ५६ | ५४ | ३१ | ५५ | ४१ | ६१ | ५५ | ४७० | १०० |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ७.२.३ जलविद्युत्, सौर्यउर्जा, वायुऊर्जाबाट विद्युत् उत्पादन विवरण

नेपालमा निजी, सरकारी तथा अन्तराष्ट्रिय लगानीमा विद्युतीकरणका प्रयासहरू भईरहेका भएपनि कतिपय नीतिगत अस्पष्टता, प्राविधिक कठिनाई, राजनैतिक अस्थिरता र कडा अनुगमन प्रणालीको अभावजस्ता कारणले तीब्र गतिमा विद्युतिकरण हुन सकिरहेको छैन। ग्रामीण विद्युतीकरण, लघु जलविद्युत आयोजना तथा बृहत जलविद्युत परियोजना सञ्चालन गरेर देशमा निर्वाहमुखी मात्र होइन कि निर्यातमुखी उत्पादन गरी उर्जा संकट समाधान गर्नुको साथै विदेशी मुद्रा आर्जन गर्न सकिने प्रचुर संभावना नेपालसँग छ। यसका लागि लगानी मैत्री वातावरणको आवश्यकता छ। यस गाउँपालिकामा लघु जलविद्युत आयोजनाहरू छनः युम्लेखोला लघु जलविद्युत आयोजना छहरेखोला लघु जलविद्युत आयोजना हुन।

### ७.२.४ विद्युत् उपलब्ध घरपरिवार विवरण

यस गाउँपालिकामा हाल सम्म केन्द्रिय प्रशारण लाईन पुग्न सकेको छैन तर यस गाउँपालिकामा लघु जलविद्युत योजनाबाट बिद्युत उपलब्ध भएको छ जसमध्ये ७९.५८ प्रतिसत घरपरीवार छन्।

### ७.२.५ वैकल्पिक ऊर्जा (लघुजल विद्युत्, सोलार, वायोग्यास, सुधारिएको चुल्हो) प्रयोग गर्ने परिवार

पेट्रोलियम पदार्थमाथिको निर्भरतालाई घटाउँदै नवीकरणीय वैकल्पिक उर्जाको प्रयोगमा व्यापकता ल्याउन सकेको खण्डमा पर्यावरणीय सन्तुलनलाई कायम राख्न मद्धत पुग्दछ। डिजेल, पेट्रोल, मट्टितेल जस्ता पदार्थको उत्पादन नेपालमा नहुने भएका कारण वर्षेनी अरबौँ रुपैँया हामीले पेट्रोलियम पदार्थको आयातमा खर्चिनु परेको छ । तेस्रो विश्वको एक भूपरिवेष्ठित विकासोन्मुख देश नेपालका लागि यो वैदेशिक व्यापार घाटाको एक प्रमुख कारण हो । हामीले आयात प्रतिस्थापन र निर्यात प्रवन्धको नीतिलाई व्यवहार प्रभावकारी तरिकाले उतार्न नसकिरहेको परिप्रेक्षमा वायू उर्जा, सौर्य उर्जा, विद्युत उर्जा तथा बायो ग्याँसको विकास मार्फत उर्जाको श्रोतमा हामी आत्मनिर्भर बन्न सक्छौं। त्यसैले नेपालको हकमा स्थानीय सरकार, प्रादेशिक सरकार र संघीय सरकारले नवीकरणीय वैकल्पिक उर्जाको विकासमा आवश्यक नीति निर्माण गरी काम गर्नु पर्दछ।

| बत्तिको किसिम | वडा नं. | | | | | | | | | जम्मा | प्रतिसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| लघुजलबिद्युत | ७३ | ४४ | ५६ | ५४ | ३१ | | | ६१ | ५५ | ३७४ | ७९५८. |
| सोलार | | | | | | ५५ | ४१ | | | ९६ | २०४२. |
| **जम्मा** | **७३** | **४४** | **५६** | **५४** | **३१** | **५५** | **४१** | **६१** | **५५** | **४७०** | **१००** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

## ७.३ सञ्चार तथा प्रविधि

एक्काईसौ शताब्दीको भूमण्डलीकृत समाज सूचना र सञ्चारको युगमा छ । सूचना र सञ्चारको क्षेत्रमा आएको क्रान्तिलाई नेपालको शहरी क्षेत्रले लगभग आत्मसाथ गरिसकेको छ। भएपनि ग्रामीण क्षेत्रमा टेलिभिजन, पत्रपत्रिका, ईन्टरनेट, टेलिफोन, मोबाइल र कुरियर सेवा विस्तार हुन बाँकी छ। सञ्चार र प्रविधिका यी माध्यमहरूको पूर्णरुपले विकास गरी ग्रामीण जनतालाई सूचना र सञ्चारको दुनियाँमा प्रवेश गराउनु चुनौतीपूर्ण रहेको छ। नेपालको संविधानले जनताको सूचनाको हकलाई मौलिक हकको रुपमा परिभाषित गरेको छ। यस पालिकामा नेपाल टेलिकमको शेवामात्र उपलब्ध छ।

### ७.३.१ हुलाक तथा पत्रपत्रिका सम्बन्धी विवरण

यस पालिकामा हुलाकसेवा संचालनका लागि थोचे, धारापानी र दानाक्युमा हुलाक शेवा रहेको छ। यसै गरी स्थानीय समाचारहरु सम्प्रेषण गर्ने ध्येयले स्थानीय समाचार पत्रिका सञ्चालन गर्न सकेको छैन।

### ७.३.२ दूरसञ्चार सम्बन्धी विवरण

यस पालिकामा नेपाल टेलिकमको शेवामात्र उपलब्ध छ भने निजि क्षेत्रको दुरसञ्चार एलसेल यहाँ उपलब्ध छैन।

### ७.३.३ रेडियोस्टेसन सम्बन्धी विवरण

यस गाउँपालिकामा हाल सम्म कुनैपनि प्रकारको रेडियो स्टेसन छैन।

### ७.३.४ आधुनिक सुबिधामा पहुँच सम्बन्धी विवरण

| आधुनिक सुबिधा | वडा नं. | | | | | | | | | जम्मा | प्रतिसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| रेडियो | ४ | ० | १ | ६ | २ | १ | ० | ८ | ३ | २५ | ५.३२ |

| आधुनिक सुबिधा | वडा नं. | | | | | | | | | जम्मा | प्रतिसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| टेलिभिजन | २६ | ३ | ४१ | ३९ | २७ | १ | ० | ११ | १७ | १६५ | ३५.१ |
| मोवाइल | ७० | ४३ | ५६ | ५३ | ३१ | ५३ | ३९ | ६० | ५५ | ४६० | ९७.८७ |
| कम्प्युटर | २७ | ० | ३ | ३ | ५ | १ | ३ | १ | ५ | ४८ | १०.२१ |
| इन्टरनेट | ५९ | ३० | ३९ | ३१ | २४ | १८ | ९ | ३६ | ४१ | २८७ | ६१.०६ |
| मोटरसाइकल | २३ | ३ | ११ | ७ | ८ | ३ | २ | ७ | १६ | ८० | १७.०२ |
| कार/जिप | १ | ० | १ | ० | ० | २ | १ | २ | ३ | १० | २.१३ |
| फ्रिज | ३८ | ० | १२ | १ | १० | ० | ० | २ | ३२ | ९५ | २०.२१ |
| ट्र्याक्टर | १ | ० | १ | ० | ० | ० | १ | ० | ३ | ६ | १.२८ |
| बस | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ०.२१ |
| ट्रिपर, ट्रक | १ | ० | ० | ० | ० | ० | ० | ० | २ | ३ | ०.६४ |
| स्काभेटर | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | २ | ०.४२ |
| ग्यास गिजर | ४१ | ० | १ | ० | ० | २ | ३ | १ | ६ | ५४ | ११.४९ |
| सोलार | २२ | ० | १ | ० | ० | ५४ | ३८ | २ | ६ | १२३ | २६.१७ |
| अन्य | ० | १ | ० | ० | ० | १ | ३ | ० | ० | ५ | १.०६ |
| **जम्मा** | **३१५** | **८०** | **१६७** | **१४०** | **१०७** | **१३६** | **९९** | **१३०** | **१९०** | **१३६४** | **२९०** |

स्रोतः गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ७.४ आवास तथा भवन

नेपालको संविधानको भाग ३ मा मौलिक हक सम्बन्धी धारा ३७ को दफा १ मा प्रत्येक नेपाली नागरिकलाई उपयुक्त आवासको हक हुनेछ भनी उल्लेख गरिएको छ। नेपालको सामाजिक र आर्थिक समृद्धि उपलब्धिका समस्या र चुनौती सामना गर्दै देशको समग्र अर्थतन्त्र उकास्न देशमा भूमि र आवासको वैज्ञानिक तथा समुचित व्यवस्थापन अपरिहार्य छ। जग्गा जमीन र घर तथा भवनहरुको समुचित व्यवस्थापन नहुँदा नागरिकहरुमा स्वामित्व, उपभोग, सीमा, हक हस्तान्तरण लगायत अंशवण्डा आदि विषयमा विवाद खडा भई मुद्दा मामिला पर्न जाँदा राज्य र नागरिक दुबैको ठूलो समय, श्रम, शक्ति र पूँजीको नोक्सानी हुन गई देशकै अर्थतन्त्र र समृद्धिमा नकारात्मक असर परेको छ। साथै नागरिकको जीवनको उर्जा र आय नै आवास जोहो गर्ने संघर्षमा व्यतीत हुनाले सामाजिक आर्थिक विकासमा अवरोध त भएकै छ, सृजनशील र उत्पादनमुलक क्षेत्रमा देशको नै श्रोत र साधनको उपयोग हुनबाट वन्चित हुन गएको छ।

वर्तमान समयमा देशको भूमिलाई उपयोग र प्रयोजनको आधारमा औद्योगिक, कृषि, व्यापारिक, आवास लगायत विभिन्न १० वर्गमा राखिएको छ। तथापि उपभोगको दृष्टिले देशमा राज्य र सरकारको स्वामित्वमा जति भूमि हुनुपर्ने हो, त्यति छैन, फलत औद्योगिक भूमि सरकारी/सार्वजनिक प्रशासन सन्चालनको लागि आवश्यक भूमिको अभावले विकास, निर्माणका पूर्वाधार र देशकै समृद्धिमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। अर्को तर्फ सीमित व्यक्तिले जग्गा जमिन माथि नीजि स्वामित्व कब्जा गर्नाले अर्थतन्त्र ह्रासोन्मुख भइरहेको छ।

सन् २०२१ को तथ्यांक अनुसार नेपालमा आवास स्वामित्व दर ८६% रहेको छ। यसबाट के बुझिन्छ भने बाँकी १४% सँग बस्न घर छैन, त्यो भनेको ४०-४१ लाख संख्याको हाराहारीमा नागरिकहरू वासविहीन छन जुन देशको लागि चिन्ताजनक विषय हो।

यसै सन्दर्भमा य नासो गाउँपालिकामा गाउँपालिका घरधुरी तथ्याङ्क संकलन २०८० अनुसार कुल ४७० घरपरिवार मध्ये ४३१ परिवारसंग आफ्नै घर छ, ११ घरपरिवार भाडाको घरमा बसोवास गर्दछन भने २३ घर परिवार आफन्तको घरमा आश्रित छन बाकि ५ घरपिरवारको अन्य कुनै व्यवस्था गरेर आफ्नो जीवनयापन गरिरहेका छन।

### ७.४.१ भूउपयोग क्षेत्र तथा योजना

मानव जातिको सृष्टि र जनजीवन भू–धरातलमा उपलब्ध प्राकृतिक श्रोतहरूको उपयोगका आधारमा अडेको छ। मानवीय अस्तित्व भित्रका समग्र मानवीय गतिविधिहरू उसले उपयोग गर्ने जमिन तथा जमिनमा उपलब्ध श्रोतहरूमा पूर्णतः निर्भर गर्दछ। तसर्थ भू–आवरण अन्तर्गत मानिसले उपयोगमा ल्याउने वन क्षेत्र, खेतीयोग्य जमिन, जल, बालुवा, हिमाल, पहाड आदिको तथ्याङ्कलाई भू–उपयोग अन्तर्गत उल्लेख गरिएको छ।

| क्र.स. | भू-उपयोगको क्षेत्र | भू-उपयोगको विवरण क्षेत्रफल | प्रतिसत |
|---|---|---|---|
| १ | कृषि | ८.३ | १.१७ |
| २ | व्यवसाय | ०.३७ | ०.०५ |
| ३ | बन | ७७.५६ | १०.९३ |
| ४ | सार्वजनिक | ५८८.९ | ८३ |
| ५ | आवास | ०.४६ | ०.०६ |
| ६ | खोलानाला तथा नहर | ३३.९९ | ४.७९ |
| **जम्मा** | | **७०९.५८** | **१००.** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

यस गाउँपालिकाको वर्तमान भू–उपयोगलाई हेर्दा ८३ प्रतिशत अर्थात सबैभन्दा धेरै खुल्ला ठाउले ओगटेको छ भने यस अन्तर्गत हिमाल, पहाड, भिर, पाखो रहेका छन भने दोस्रोमा बन जंगल तथा बनस्पतीले ओगटेको क्षेत्र रहेको छ, जुन १०.९३ प्रतिसत रहेको छ। उपलब्ध जमिनमध्ये खेतीयोग्य जमिनको अंश एकदमै कम १.१७ प्रतिसत मात्र रहेको छ। सम्पूर्ण खेतीयोग्य जमिनमा वैज्ञानिक कृषि प्रणाली अबलम्बन गर्न सके पनि यहाको जनसंख्यालाइ खाद्ययान्न पुर्याउन सक्ने अबस्था छैन। यस गाउँपालिकाको भू–उपयोगको अर्को उल्लेखनीय पक्ष भनेका यहाँको वनजंगल तथा बनस्पतीले ढाकेको क्षेत्र हो समग्र भूभागको १०.९३ प्रतिशत बन क्षेत्र रहनु गाउँपालिकाबासीको लागि सुखद रहेको छ। नदी, ताल तथा खोलानालाले गाउँपालिकाको ४.७९ प्रतिशत क्षेत्र ओगटेको छ। यहाँको अन्य भू–उपयोगको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

### ७.४.२ भूकम्प प्रतिरोधी आवासीय भवन तथा सार्वजनिक भवनको विवरण

नेपालमा भूकम्प प्रतिरोधी आवासीय भवन तथा सार्वजनिक भवनको निर्माणमा विशेष ध्यान दिइएको छ। यसको उद्देश्य भूकम्पको प्रतिरोध गर्न र जनसंख्याको सुरक्षा गर्न हो। यसका लागि विभिन्न निर्माण सम्बन्धि मानक र प्रबिधिको प्रयोग गरिन्छ। यसका लागि नेपालमा “राष्ट्रिय भवन संहिता १०५:१९९४” कार्यान्वयनमा रहेकोमा मन्त्रिपरिषद्को बैठकले “अध्यावधिक राष्ट्रिय भवन संहिता १०५:२०२०” लाई स्वीकृत गरेको छ। नेपालमा ०७२ सालमा गएको

भूकम्प, विगत २५ वर्षमा विश्वका विभिन्न देशमा गएका भूकम्प, विभिन्न मुलुकमा प्रचलित भवन संहिता एवं यस सम्बन्धमा गरिएका विभिन्न नयाँ अनुसन्धान, प्रविधि र ज्ञानको विकासका आधारमा भूकम्प प्रतिरोधी सुरक्षित भवन निर्माण गर्न भवन संहिता अध्यावधिक गरिएको शहरी विकास मन्त्रालयले जनाएको छ।

यस संहितामा भूकम्प प्रतिरोधी आवासीय भवनको निर्माणका लागि विभिन्न निर्माण सामग्रीको प्रयोग, इन्जिनियरिङ डिजाइन, र मापदण्डहरू प्रदान गरिएको छ। यसका लागि भूकम्प प्रतिरोधी भवनको विश्लेषण र डिजाइन विधिलाई मार्गदर्शन गर्दछ। यसका अलावा, नेपालको साना ठूला सबै खालका भवनहरूलाई भूकम्प प्रतिरोधी बनाउनका लागि राष्ट्रिय भवन संहितालाई अध्यावधिक गरिएको छ। यसको उद्देश्य भूकम्प प्रतिरोधी आवासीय भवनको निर्माण गरि जनतालाइ सुरक्षित राख्नु हो। संरचनाको प्रयोग र महत्वका आधारमा सुरक्षित बनाउनका लागि फरक फरक मानक पनि दिइएको छ। संहिताले नयाँ प्रविधि र विधिलाई प्रयोग गर्न बाटो खुल्ला गरिएको छ। अध्यावधिक संहिताको अनुसूचीमा स्टिल र ढलानवाला घरलाई भूकम्प प्रतिरोधी बनाउनका लागि चाहिने विस्तृत विवरण समावेश छ।

यस नासो गाउँपालिकामा शहरी विकास मन्त्रालयका सचिव नेतृत्वको भवन निर्माण व्यवस्था सुदृढीकरण समितिको बैठकले संहितालाई पारित गरी मन्त्रिपरिषद्को बैठकमा पठाएकोमा ०७७ साउन १९ गतेको मन्त्रिपरिषद्को बैठकले संहितालाई स्वीकृत गरिएको आचार संहिता लागु भएको पाइदैन। यस पालिकामा आफ्नै पौरानिक सिपयुक्त भबनहरू बनाउने गरेको पाइएको छ, जुन भुकम्पिय दृष्टिकोणबाट सुरक्षित आबास भन्न सकिने अबस्था छैन।

### ७.४.३ विद्यमान सतह ढलको अवस्था


हिमालि पारिको जिल्ला मनाङको द्वारका रूपमा रहेको यस गाउँपालिका विकाश निर्माणका बामे सर्दे गईरहेको छ, यसै सन्दर्भमा यहा राष्ट्रिय राजमार्गले रेखा कोर्न थालेको छ। विकास निर्मानसंगै अन्य विकासका पूर्वाधारहरूले पनि आफ्नो काम अगाडि बढिरहेको छ, सोहि अनुसार यस गाउँपालिकामा पनि सडक संगै ढलहरूको पनि विकास हुदै गइरहेको छ, विस्तारै हुदै छ।

### ७.४.४ घरको बनौट तथा बसोबासको अवस्था

यस नासो गाउँपालिका एक महत्वपूर्ण एतिहासिक स्थान हो। मनाङ जिल्लाको द्वारका रूपमा रहेको यो पालिका पर्यटकिय हिसाबले पनि महत्वपूर्ण मानिन्छ। यहाको रहनसहन, खानपिन, प्राकृतिक छटाहरू हेर्न स्वदेशि तथा बिदेशि पर्यटकहरू आउने गर्दछन। यहाको जनजीबन घरको बनावट पनि पर्यटकलाइ लोभ्याउने कारकहरूमा पर्दछन यहि कारण यस पालिकाका घरहरूलाइ तलको तालिकामा प्रष्ट पारीन्छः

| घरका प्रकारहरू | वडा नं. | | | | | | | | | जम्मा | प्रतिसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| कच्चि | ३५ | ३७ | ३४ | ३४ | १९ | ३३ | २६ | ४९ | ११ | २७८ | ५९.१४ |
| पक्कि | १० | २ | १९ | १७ | ३ | ११ | १२ | ३ | २१ | ९८ | २०.८५ |
| अर्धपक्कि | २८ | ५ | २ | ० | ७ | १ | ० | ८ | २२ | ७३ | १५.५३ |
| अन्य | ० | ० | १ | ३ | २ | १० | ३ | १ | १ | २१ | ४.४८ |
| **जम्मा** | **७३** | **४४** | **५६** | **५४** | **३१** | **५५** | **४१** | **६१** | **५५** | **४७०** | **१००** |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०




### ७.४.५ गाउँपालिका अन्तर्गतका सरकारी भवन सम्बन्धी विवरण

स्थानीय तहले पालिका कार्यालय भवन, वडा कार्यालय भवनहरू तथा अत्यावश्यक अन्य सरकारी भवनहरू आफ्नै जग्गामा अथवा नेपाल सरकारबाट प्राप्त जग्गामा निर्माण गरी कार्यसम्पादनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाई जनतालाई सरकारको उपस्थितिको आभास दिलाउनु आवश्यक हुन्छ। यस्ता प्रकारका स्थायी संरचनाहरूको निर्माण भएपछि संघीयताले संस्थागत रुप धारण गर्दै जान्छ।

संघीय शासन प्रणाली अन्तर्गत निर्माण भएका स्थानीय तहमा आवश्यक भौतिक संरचनाहरू निर्माण गरी स्थानीय सरकारको कार्यक्रमहरू सञ्चालन हुनुपर्ने मान्यता अनुरुप गाउँपालिकाको आफ्नै सामुदायिक भवन तथा सभाहल हुनु आवश्यक छ। यस गाउँपालिकामा भएका सामुदायिक भवनहरु तथा सभाहल सम्बन्धि विवरण तालिकामा प्रस्तुत गरिएको छ।

| क्र स | वडा न | सरकारी तथा सामुदायिक भवनको नाम |
|---|---|---|
| १ | १ | भानु मा वि ताल |
| २ | १ | धारापानी स्वास्थ्य चौकी, ताल |
| ३ | १ | वडा कार्यालय, ताल |
| ४ | १ | ताल आमा समुह भवन ताल |
| ५ | १ | घेराग आमा समुह भवन, धेराग |
| ६ | २ | वडा कार्यालय, नाचे |
| ७ | २ | मनसुरी आधारभूत विद्यालय नाचे |
| ८ | २ | नाचै आमा समुह, नाचै |
| ९ | २ | घ्याप्रे अध्ययन केन्द्र भवन, नाचे |
| १० | २ | आधारभूत स्वास्थ्य केन्द्र, नाचे |
| ११ | ३ | नासो गा पाको प्रशासनिक भवन, धारापानी |

| क्र स | वडा न | सरकारी तथा सामुदायिक भवनको नाम |
|---|---|---|
| १२ | ३ | वडा कार्यालयको भवन, धारापानी |
| १३ | ३ | धारापानी आमा समुह भवन |
| १४ | ३ | धारापानी प्रा वि, |
| १५ | ३ | खोत्रो आधारभुत स्वास्थ्य केन्द्र |
| १६ | ३ | खोत्रो आमा समुह भवन |
| १७ | ३ | खोत्रो चिस्यान केन्द्र |
| १८ | ४ | सरस्वती प्रा वि, ओडार |
| १९ | ४ | वडा कार्यालयको भवन ओडार |
| २० | ४ | ओडार आमा समुह भवन |
| २१ | ४ | आधारभूत स्वास्थ्य केन्द्र, ओडार |
| २२ | ४ | घेलान्चोक आमा समुह, घेलान्चोक |
| २३ | ५ | प्रकाश ज्योति  आमा समुह |
| २४ | ५ | वडा कार्यालय |
| २५ | ५ | थोचे गुम्बा |
| २६ | ५ | तामागं गुम्बा |
| २७ | ६ र ७ | हिम ज्योति तिल्चे |
| २८ | ६ र ७ | तिल्चे आमा समुह भवन |
| २९ | ६ र ७ | आधारभूत स्वास्थ्य केन्द्र |
| ३० | ६ र ७ | तिल्चे गुम्बा |
| ३१ | ८ | शिव मन्दिर |
| ३२ | ८ | जन विकास आधारभूत विद्यालय, ताचे |
| ३३ | ८ | वडा कार्यालयको भवन |
| ३४ | ८ | ताचै स्वास्थ्य चौकी |
| ३५ | ९ | ज्ञानोदय प्राथमिक विद्यालय, दानेक्यू |
| ३६ | ९ | पशुपती आधारभूत विद्यालय, बगरछाप |
| ३७ | ९ | बगरछाप आयुर्वेद औषधालय |
| ३८ | ९ | आधारभूत स्वास्थ्य केन्द्र |
| ३९ | ९ | बगरछाप गुम्बा |
| ४० | ९ | दानेक्यू गुम्बा |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०

### ७.४.६ गाउँपालिका कार्यालय देखि प्रत्येक वडा केन्द्रसम्मको दूरी

सडक यातायात सुविधाको विस्तार तथा सडकहरूको स्तरोन्नति गरी वडा केन्द्रहरूलाई गाउँपालिका केन्द्रसम्म जोड्नु आवश्यक छ। सडक सञ्जालको विकास भएमात्र उद्योग, बन्द व्यापारको विकासका साथै कृषिको आधुनिकीकरण र कृषि उत्पादनको बजारीकरण संम्भव छ। ग्रामीण इलाकाका सडकहरू वर्षायामको बेलामा हिलाम्य हुने भएका कारण ती सडकलाई "फेयर वेदर सडक" का रुपबाट "अल वेदर" सडकको रुपमा स्तरोन्नति गरी वडा केन्द्रहरूलाई गाउँपालिका केन्द्रसँग जोडेर जिल्ला सडक हुँदै राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्नु पर्ने हुन्छ। यस गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरूको पैदल दुरीलाइ तलको टेबलमा प्रस्तुत गरीएको छः

| क्र.स. | वडा नं. | वडा कार्यालय | पालिका कार्यालय | पैदल दुरी |
|---|---|---|---|---|
| १ | १ | ताल, मनाङ | धारापानी, मनाङ | १.३० घण्टा |
| २ | २ | नाचै, मनाङ | धारापानी, मनाङ | १ घण्टा |
| ३ | ३ | धारापानी, मनाङ | धारापानी, मनाङ | १० मिनेट |
| ४ | ४ | ओडार, मनाङ | धारापानी, मनाङ | १ घण्टा |
| ५ | ५ | थोचे, मनाङ | धारापानी, मनाङ | ३० मिनेट |
| ६ | ६ | तिल्चे, मनाङ | धारापानी, मनाङ | २.३० घण्टा |
| ७ | ७ | तिल्चे, मनाङ | धारापानी, मनाङ | २.३० घण्टा |
| ८ | ८ | ताचै, मनाङ | धारापानी, मनाङ | ३ घण्टा |
| ९ | ९ | दानाक्यु, मनाङ | धारापानी, मनाङ | २.३० घण्टा |

स्रोत: गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०८०


### ७.४.७ पशु वधशालाको विवरण

स्थानीय सरकारले जनस्वास्थ्यलाई उच्च प्राथमिकतामा राखेर काम गरेको खण्डमा स्वस्थ्य, निरोगी र सकारात्मक सोच भएका नागरिकहरूको उत्पादन भई उनीहरूले विकास, निर्माण र सेवाका क्षेत्रमा योगदान पुर्याउन सक्छन्। त्यसकारण आधुनिक प्रविधियुक्त सफा पशु बधशालको निर्माण गरी जनताको खाद्य सुरक्षाको अधिकारलाई सुनिश्चित गर्दै स्थानीय सरकारले मासुजन्य पशुपन्छीको वध गर्नु भन्दा पहिले निश्चित मापदण्ड पुरा गर्नुपर्ने नीति निर्माण गरी कार्यान्वयन गर्नु बाञ्छनीय देखिन्छ। नासौँ गाउँपालिका भित्र व्यवस्थित पशुबधशाला नरहेको अवस्था छ। पशुहरुलाई फ्रेसहाउसहरु तथा खुल्ला स्थानहरुमा बध गर्ने गरिन्छ।

### ७.४.८ शव दाहस्थल सम्बन्धी विवरण

नेपालमा आफ्नो धार्मिक परम्परा अनुसार मृत्यु संस्कार गर्ने चलन परापूर्व कालदेखि नै चलिआएको छ। हरेक पालिकामा तथा हरेक समुदायको आ–आफ्नो धर्म र संस्कृति अनुसार शवदाहस्थल र चिहान व्यवस्थापन एक महत्वपूर्ण र संवेदनशील विषय र आवश्यकता हो। भावनात्मक अर्थसमेत बोकेको यो विषयलाई कुनै पनि योजनाले समयमै सम्बोधन गर्नुपर्दछ। अन्यथा अव्यवस्थित दाहसंस्कार गरिनुले पालिकाको पर्यावरणीय, सामाजिक तथा साँस्कृतिक व्यवस्थामा चुनौती थपिन्छ। परम्परागत रुपमा सञ्चालनमा रहेका शवदाहस्थल र चिहानलाई भविष्यमा सहज र व्यवस्थित बनाउनु पर्दछ। पालिकामा रहेका शवदाहस्थल तथा चिहानको व्यवस्थापनका लागि आश्रयस्थल बनाउने, खानेपानी तथा काठ दाउराको व्यवस्थापन, मृत्यु संस्कारका लागि आवश्यक सामाग्रीहरू उपलब्ध हुनेगरी पूजा पसल व्यवस्थापन आदि कुराहरू पालिकाले गर्नुपर्ने हुन्छ।

## ७.४.१० स्रोत नक्शा


NASHONG RURAL MUNICIPALITY
LAND USE ZONE
MANANG DISTRICT
NARPA BHUMI RURAL MUNICIPALITY
CHUM NUBRI RURAL MUNICIPALITY
MANANG NGISYANG RURAL MUNICIPALITY
CHAME RURAL MUNICIPALITY
MADI RURAL MUNICIPALITY
MARSYANGDI RURAL MUNICIPALITY
KWHOLASOTHAR RURAL MUNICIPALITY
DORDI RURAL MUNICIPALITY
Himlung
Cheo
Bhimthang
Karche
Katee
Toemro
Pramu
Gho
Kurne
Single
Kyupar
Tilche
Damne
Ghimlung
Bakung
Nasku
Ghyunche
Bagarchhap
Danakyu
Thonche
Odar
Tangbra
Mathillo Dharapanee
Dharapanee
Natangge
Nachai
Pakha
Kanrte (Khotro)
Chyopiu
Kromche
Khotro
kyodo
Nigalghari
Chhaijo
Namun Bhanjyang
Tal
GHerang
Legend
Land Use Zones
Zone 1 - Agricultural
Zone 2 - Residential
Zone 3 - Commercial
Zone 4 - Industrial
Zone 5 - Forest
Zone 6 - Pubic Use
Zone 7 - Other Zone
Zone 8 - Mine and Minerals
Zone 9 - Cultural and Archeologocal
Zone 10 - Riverine and Lake
Boundary
Ward Boundary
Ga Pa/Na Pa
District
0 1 2 4 Kilometers
Scale 1:200,000
Coordinate System:
Nepal MUTM Central 84 Everest 1830
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000.0000
False Northing: 0.0000
Central Meridian: 84.0000
Scale Factor: 0.9999
Latitude Of Origin: 0.0000
Units: Meter

# परिच्छेद ८: संस्थागत तथा सुशासनको स्थिति

सुशासन राज्यको हरेक संयन्त्रलाई जनमुखी बनाई जनताको आवश्यकता अनुसार सेवा प्रवाह गर्नु तथा राज्य प्रणालीमा सरोकारवालाहरूको सक्रिय एवं सार्थक सहभागिता गराई राज्यले नागरिकलाई उपलब्ध गराउने वस्तु तथा सेवाहरू छिटो छरितो सरल एवं न्यायिक रूपमा उपलब्ध गराई आम नागरिकलाई शासनको सुखद अनुभुति दिलाउनुलाई नै भनिन्छ। सुशासन, सार्वजनिक संस्थाहरूले सार्वजनिक मामिलाहरू कसरी सञ्चालन गर्छन् र सार्वजनिक स्रोतहरू कसरी व्यवस्थापन गर्छन् भन्ने, मापन गर्ने प्रक्रिया हो । यसले मानव अधिकारको प्राप्तिलाई अनिवार्य रूपमा, दुरुपयोग र भ्रष्टाचार बाट मुक्त र कानूनको शासनको उचित सम्मानका साथ पालना गर्दछ। शासन भनेको "निर्णय लिने प्रक्रिया र निर्णयहरू कार्यान्वयन गर्ने (वा कार्यान्वयन नगर्ने) प्रक्रिया" हो।

यस प्रकार "सुशासन" को अवधारणा अप्रभावी अर्थव्यवस्था वा राजनीतिक निकायहरूलाई व्यवहार्य अर्थव्यवस्था र राजनीतिक निकायहरूसँग तुलना गर्न एक मोडेलको रूपमा देखा पर्दछ। यो अवधारणा समाजमा चयनित समूहहरूको विपरित जनताको आवश्यकता पूरा गर्न सरकार र शासक निकायहरूको जिम्मेवारीमा केन्द्रित छ। किनभने प्रायः "सबैभन्दा सफल" भनेर वर्णन गरिएका देशहरू उदार-लोकतान्त्रिक राज्यहरू हुन्, जुन युरोप र अमेरिकामा केन्द्रित छन्, सुशासन मापदण्डहरूले प्रायः यी राज्यहरूको तुलनामा अन्य राज्य संस्थाहरूलाई मापन गर्दछ। सहायता संगठनहरू र विकसित देशका अधिकारीहरूले प्रायः "सुशासन" को अर्थलाई संगठनको एजेन्डा अनुरूप आवश्यकताहरूको सेटमा केन्द्रित गर्दछन्, यसर्थ "सुशासन" लाई धेरै फरक सन्दर्भहरूमा फरक रुपमा समावेश गरिन्छ।

समाजमा; राजनीतिक, कानुनी र प्रशासनिक संस्थाहरू जसले नीतिहरू लागू गर्न र कार्यान्वयन गर्न सम्भव बनाउँदछ, यदि त्यस्ता सार्वजनिक वस्तुहरू जनसमुदायमा सहज रूपमा पहुँच हुँदा नै शासन, सुशासन बन्दछ। सुशासनले सरकारी संस्थाहरूको केही गुण मात्र होइन, निजी क्षेत्रका विभिन्न वर्गहरूसँग सरकारको अन्तरक्रियालाई पनि बुझाउँछ, र यसमा सरकारको मुख्य भुमिका भएपनि धेरै अवस्थामा व्यवसाय र स्वैच्छिक संगठनहरूसँग सहयोगको आवश्यकता छ।


## ८.१ सङ्गठनात्मक तथा मानव संशाधनको अवस्था

मानव संसाधन व्यवस्थापनले संगठनको लक्ष्य हासिल गर्नका लागि मानव संसाधनको समुचित प्रबन्ध गर्नेबारे सम्पूर्ण प्रक्रियालाई जनाउँदछ । संगठनको सफलता कर्मचारीको सक्षमतामा भर पर्ने भएकाले व्यवस्थापकले उपयुक्त र प्रभावकारी रूपमा भर्ना, छनोट र सामाजिकीकरणका कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक रहेको देखिन्छ। राम्रो कार्य वातावरण, वृति विकास, आकर्षण सुविधा, तलब, ज्याला सुविधा, मानसम्मानले कर्मचारीको उचित सम्भार गर्न सकिन्छ र मानव संसाधन व्यवस्थापनलाई प्रभावकारी बनाउन सकिन्छ।

### ८.१.१ गाउँपालिकाको सङ्गठनात्मक ढाँचा

नासो गाउँपालिकाको संगठनात्मक ढाँचा यस प्रकार रहेको छः

## नासौं गाउँपालिकाको प्रस्तावित सङ्गठन संरचना




### ८.१.२ गाउँ कार्यपालिकाको विषयगत शाखा/उपशाखा, कार्यालय, एकाइ तथा सेवा केन्द्र

गाउँ कार्यपालिकाको विषयगत शाखा/उपशाखा, कार्यालय, एकाइ तथा सेवा केन्द्रको बिबरण यस प्रकार छः

१. आर्थिक प्रशासन तथा राजश्व शाखा
२. पूर्वाधार विकाश तथा भवन निर्माण शाखा
३. सामाजिक विकास शाखा
४. कृषि विकाश शाखा
५. पशु सेवा शाखा
६. प्रशासन शाखा
७. शिक्षा, यूवा तथा खेलकुद उपशाखा
८. महिला वालवालिका समाजकल्यान उपहाखा
९. स्वास्थ्य उपशाखा
१०. सामाजिक परिचालन उपशाखा
११. सूचना प्रविधि तथा तथ्यांक व्यवस्थापन शाखा
१२. राजश्व ईकाइ
१३. आन्तरिक लेखा परिक्षण ईकाइ
१४. जिन्सि व्यवस्थापन उपशाखा
१५. दर्ता चलानि हेल्पडेक्स, सामाजिक सुरक्षा तथा परिचालन उपशाखा

### ८.१.३ गाउँपालिका स्थित सङ्घीय तथा प्रदेश कार्यालय तथा निकाय

यस पालिकामा कुनैपनि प्रकारका संघिय तथा प्रदेश कार्यालय तथा निकाय रहेका छैन।

### ८.१.४ गाउँपालिकाको विगत ३/५ आर्थिक वर्षको आयव्यय विवरण

| शिर्षक | आ.व. २०७८/०७९ को यथार्थ | आ.व. २०७९/०८० को यथार्थ | आ.व. २०८०/०८१ को अनुमान |
|---|---|---|---|
| आय | २४४०६२००० | २९०२४२००० | २६४६०३००० |
| राजश्व | ३८४४८००० | ५०२४९००० | ४८३३६००० |
| आन्तरीक श्रोत | १६३६००० | ३५३०००० | २५००००० |
| ११३१४ भूमिकर मालपोत | ३२३००० | ७५०००० | ५००००० |
| ११३२१ वहाल कर | १२०००० | २६०००० | १५०००० |
| ११६९१ अन्य कर | ४३३००० | ७६०००० | ५००००० |
| १४२१३ अन्य विक्रिबाट प्राप्त रकम | २१६००० | ४५०००० | ४४५००० |
| १४२२९ अन्य प्रशासनिक शेवा सुल्क | ३१२००० | ५८०००० | ३५०००० |
| १४२४३ सिफारिस दस्तुर | ४४००० | २२०००० | २००००० |
| १४२४५ नाता प्रमानित दस्तुर | ० | ० | ५००० |
| १४२४९ अन्य दस्तुर | ० | ० | ५०००० |
| १४२५३ व्यावसाय रजिस्ट्रेसन दस्तुर | ८९००० | ३५०००० | २००००० |
| १४६११ व्यावसाय कर | ८६००० | १६०००० | १००००० |
| राजश्व बाडफाडबाट प्राप्तहुने रकम | ३६८१२००० | ४६७१९००० | ४५८३६००० |
| ११४११ वाडफाडभै प्राप्तहुने मुल्य अभिवृति कर | १८०००००० | ४३७९९००० | ४२९१६००० |
| ११४२१ वाडफाडभै प्राप्त हुने अन्तशुल्क | १८०६१००० | ० | ० |
| ११४५६ वाडफाडबाट प्राप्तहुने सवारिसाधन कर | ७५०००० | २९२०००० | २९२०००० |
| १४१५७ वाडफाडभै प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ० | ० | ० |
| अन्य आय | ० | ० | ० |
| अन्तर सरकारि बित्तिय हस्तान्तरण | २०५६१४००० | २३९९९३००० | २१६२६७००० |
| संघिय सरकार | १९३०१४००० | २२५०३९००० | २०१३००००० |

| शिर्षक | आ.व. २०७८/०७९ को यथार्थ | आ.व. २०७९/०८० को यथार्थ | आ.व. २०८०/०८१ को अनुमान |
|---|---|---|---|
| १३३११ समानिकरण अनुदान | ६९९००००० | ७२६००००० | ७०४००००० |
| १३३१२ ससर्त अनुदान चालु | १०१८१४००० | १०२८३९००० | ८५२००००० |
| १३३१३ ससर्त पूजिगत | २१३००००० | २७६००००० | २३७००००० |
| १३३१५ विशेष अनुदान पूजिगत | ० | १०००००००० | १५०००००० |
| १३३१७ समपुरक अनुदान पूजिगत | ० | १२०००००० | ७०००००० |
| प्रदेश सरकार | १२६००००० | १४९५४००० | १४९६७००० |
| १३३११ समानिकरण अनुदान | ६७२०००० | ४९५४००० | ४९६७००० |
| १३३१२ ससर्त अनुदान चालु | ५०००००० | ० | ५०००००० |
| १३३१५ बिशेष अनुदान पूजिगत | ० | ५०००००० | ० |
| १३३१५ समपुरक अनुदान चालु | २८८०००० | ० | ५०००००० |
| १३३१७ समपुरक अनुदान पूजिगत | ० | ५०००००० | ० |
| बैदेशिक | ० | ० | ० |
| जनसहभागिता | ० | ० | ० |
| बित्तिय व्यबस्था (प्राप्ति) | ० | ० | ० |
| व्यय | २०८८१४००० | ३३९७५३००० | २६६१९९००० |
| चालु | १३९७००००० | २०४५३०००० | २१३९१९००० |

स्रोत: गाउँपालिका बजेट किताव आ.व. २०८०/०८१

### ८.१.५ गाउँपालिकाको अचल सम्पत्ति विवरण

यस गाउँपालिकाको अचल सम्पत्तिको विवरण यस प्रकार रहेको छः

| क्र.स. | विवरण | परिमाण | इकाई |
|---|---|---|---|
| १ | Excavator | १ | थान |
| २ | एम्बुलेन्स | १ | थान |
| ३ | बोलेरो जीप | १ | थान |
| ४ | ल्याण्डकुजर जीप | १ | थान |
| ५ | मोटरसाईकल | १३ | थान |
| ६ | स्कुटर | १ | थान |
| ७ | स्टिलदराज | १२ | थान |

| क्र.स. | विवरण | परिमाण | इकाई |
|---|---|---|---|
| ८ | स्टिलबुककेश | १२ | थान |
| ९ | स्टिल खुल्ला र्याक | १८ | थान |
| १० | अफिस टेवल | ४८ | थान |
| ११ | घुम्ने कुर्चि | ४४ | थान |
| १२ | सोफासेट | १३ | थान |
| १३ | डेक्सटप कम्प्युटर | ३१ | थान |
| १४ | प्रिन्टर | २४ | थान |
| १५ | कलर प्रिन्टर | २ | थान |
| १६ | कम्प्युटर टेवल | २३ | थान |
| १७ | ल्यापटप | २२ | थान |
| १८ | डिजिटल क्यामरा | १ | थान |
| १९ | LED TV | १ | थान |
| २० | फ्रिज | ३ | थान |
| २१ | टि टेवल | १३ | थान |
| २२ | स्क्यानर | ८ | थान |
| २३ | गाउँपालिकाको जग्गा धनि पूर्जा<br>श्री गा.पा. कार्यालय थोचे<br>धारापानि गा.वि.स.<br>उपस्वास्थ्य चौकि थोचे | २ (८-४-०-०)<br>१ (०-१५-०-२)<br>१ (०-९-२-१)<br>१ (३-२-२-०) | थान |

श्रोत: गाउँपालिकाको कार्यालय

#### ८.१.६ स्थानीय विपद् व्यवस्थापन कोषको विवरण

यस नासोँ गाउँपालिकाले चालु आ.व. २०८०/०८१ मा स्थानिय विपद व्यवस्थापन कोषको लागी रू. ३,५०,००० छुट्यायको पाईएको छ ।

### ८.२ सेवा सुविधा सञ्चालन र व्यवस्थापन

#### ८.२.१ उपलब्ध सेवा सुविधाको प्रकार

नाता प्रमाणित गर्ने, जन्म मिति प्रमाणित गर्ने, विवाह दर्ता, अंग्रेजि माध्यमा सिफारिस तथा प्रमाणित गर्ने, घर पाताल गर्ने, व्यक्तिगत विवरण प्रमाणित गर्ने, नाता प्रमाणित गर्ने, हकवाला वा हकदार प्रमाणित गर्ने, कागज र मन्जुरिनामा प्रमाणित गर्ने, जग्गा मुल्यांकन सफारिस प्रमाणित गर्ने, बिपन्नताको सिफारिस वा प्रमाणित गर्ने, नागरिकता तथा नागरिताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने, बहाल करको लेखाजोखा गरि सिफारिस गर्ने, मोहि लगत कट्टाको सिफारिस गर्ने, व्यापार व्यावसाय सम्वन्धि सिफारिस गर्ने, मिलापत्रको कागज गराउने निबेदन दर्ता गर्न सिफारिस गर्ने, निशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने, पूर्जामा घर कायम गर्ने सिफारिस गर्ने, फरक परेको नाम/थर/जन्म मिति/ लगायतमा सिफारिस, नाम/थर/जन्म मिति/ संसोधनको सिफारिस गर्ने, जग्गा धनिपूर्जा हराएको सिफारिस गर्ने, कित्ताकाट

गर्न सिफारिस गर्ने, नामसारि गर्न सिफारिस गर्ने, जग्गा हक सम्बन्धि सिफारिस गर्ने, मृतक संगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने, उद्योग ठाँउसारि गर्न सिफारिस गर्ने, जिबित रहेको सिफारिस गर्ने, बिद्यालय खोल्न सिफारिस गर्ने, बिद्यालय खोल्न सिफारिस गर्ने, बिद्यालय ठाउसारी गर्न सिफारिस गर्ने, पालन पोषणको लागि सिफारिस गर्ने, बैवाहिक अंगिकृत नागरिकता सिफारिस गर्न, धारा तथा बिद्युत जडानकालागि सिफारिस गर्ने आदि

### ८.२.२ सेवा प्रवाह प्रक्रिया र पृष्ठपोषण

सार्वजनिक सेवा जनताको नैसर्गिक अधिकार भएकाले सार्वजनिक सेवा प्रवाहमार्फत् दैनिक जनजीवनको सहजीकरणका लागि सरकारले कर्मचारीतन्त्र खडा गरेको हुन्छ । कर्मचारीतन्त्रले सरकारको नीतिगत ढाँचाभित्र रहेर सेवाको डिजाइन गर्दछ र देशव्यापी फैलिएको आफ्नो संगठनबाट त्यस्ता सेवा प्रवाह गर्दछ । कर्मचारी र सेवाग्राही सार्वजनिक सेवा प्रवाहका दुई अभिन्न पक्ष हुन् । कर्मचारीतन्त्रको एक मात्र जिम्मेवारी जनताको सेवा गर्नु हो । जनतालाई सेवा प्रवाह गर्ने कार्यमा कर्मचारीतन्त्र चुकेपछि कर्मचारीतन्त्रको विकल्प खोज्ने सन्दर्भमा सार्वजनिक संस्थान, समिति, अर्धस्वायत्त अड्डा र निजी क्षेत्रका संरचनाहरू प्रयोगमा आए । तर, सबै विकल्प कर्मचारीतन्त्रभन्दा खरो देखिएनन् र हरेक विकल्पमा कर्मचारीतन्त्रका चरित्र देखापरे । यसर्थ, कर्मचारीतन्त्रको विकल्प खोज्नु भन्दा कर्मचारीतन्त्रमा सुधार गर्दै सक्षम बनाउन श्रेयस्कर देखियो ।

सेवाप्रवाह र पृष्ठपोषणबीच घनिष्ठ सम्बन्ध रहेको हुन्छ । कर्मचारीतन्त्रले सेवा प्रवाह गर्दा के कति नीतिगत, प्रक्रियागत तथा व्यवहारगत सुधार गर्नुपर्दछ भन्ने सूचना पृष्ठपोषणबाट प्राप्त हुन्छ । प्रशासनलाई सेवा प्रवाहको लागि सक्षम बनाउने उद्देश्यले विश्वव्यापी रूपमा भिन्नभिन्न देशले आआफ्नै पृष्ठपोषणका माध्यमको विकास गरे । पृष्ठपोषण लिने माध्यम जे भए पनि यसको विधि सरल हुनुपर्दछ र पृष्ठपोषणबाट प्राप्त सूचना सुधारका लागि उपयोग गरिनुपर्दछ भन्ने मान्यता बढ्दै गयो । सरकारले जनतालाई पुर्याइरहेका सेवा जनताको आवश्यकता र माग पूर्ति गर्न सक्ने किसिमका छन् कि छैनन् । सेवा उचित समय, उचित गुणस्तर, उपयुक्त स्थान र लागतमा जनताले पाइरहेका छन् कि छैनन् भन्ने जानकारी नभएसम्म सेवाको गुणस्तर र सेवाप्रवाहको प्रक्रियामा सुधार ल्याउन सकिँदैन । पृष्ठपोषणबाट सेवा प्रवाहको सुधारका लागि सूचना प्राप्त हुने भएका कारण पृष्ठपोषणको महत्व उच्च रहँदै आएको छ ।

नासौँ गाउँपालिकाबाट प्रबाह हुने सेवा के कस्तो रहेको छ भन्नका लागि पालिकाले पृष्ठपोषणका लागि पनि काम गरेको छ । यसबाट आएका पृष्ठपोषणका आधारमा पालिकाबाट दिने सेवा सुबिधामा बढोत्तरी दिदै आएको छ ।

## ८.३ संस्थागत सम्बन्ध र नागरिक सङ्गठन

### ८.३.१ परम्परागत समूह तथा समुदायमा आधारित संस्था विवरण

परम्परागत रूपमा रहेको समूहहरू हाल सक्रिय नरहेको पाइएको छ ।

### ८.३.२ सामुदायिक मेलमिलाप समिति सम्बन्धी विवरण

सामान्य विषयमा ज्यानसमेत जाने समस्याबाट ग्रसित नेपाली समुदायका लागि सामुदायिक मेलमिलाप एउटा आशाको कडी बनेर यतिबेला समुदायहरूमा उभिएको छ । समुदायमा हरेक भाषा, धर्म, जातहरू हुन्छन् । । सधैं आपसी मेलमिलापको धारणाले नै समाजको विकास निर्माणको आधार तय हुने हो । हरेक समुदाय व्यक्ति, परिवार हुँदै निर्माण हुने गर्दछ। कुनै व्यक्ति वा परिवार समुदायमा झै झगडा पर्दा त्यसले सिङगो समुदायलाई पनि नकारात्मक दिशामा– धकेल्न सक्छ । समुदायमा हुने साना घटनाहरूलाई स्थानीय स्तरमै मिलाउन सकियो भने भविष्यमा त्यसबाट आउने प्रतिफल राम्रो देख्न सकिन्छ ।

साना विषयहरू साँध सँधियारदेखि सामान्य विवादलाई मुद्दाका रूपमा लिने परम्परालाई समुदायिक मेलमिलापले– निराकरण गर्ने लक्ष्य राखेको कारणले नै यसको महत्त्व चुलिँदै छ भन्ने आभास यतिबेलः ा यस्ता मेलमिलाप केन्द्रहरूले गरेको कामबाट महसुस गर्न सकिन्छ । स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ ले गाउँपालिका र गाउँपालिकाजस्ता स्थानीय निकायलाई स साना विवाद समाधान मेलमिलापबाट व्यवस्थापन गर्न– मेलमिलाप केन्द्रहरूले सहयोग पुर्याउँदै आएका छन् । स साना विवाद लिएर अदालत जान नपरोस् भनेर त्यस्ता– विवादहरू सम्बन्धित गाउँ वागाउँपालिकामा नै मिलाउन सकिने व्यवस्था गरिएको थियो । मेलमिलापसम्बन्धी ऐन २०६८ र मेलमिलापसम्बन्धी नियमावली २०७० लागू भएपछि केन्द्रबाट जग्गा विवाद, कुटपिट, लेनदेन, घरेलु हिंसा, धार्मिक तथा सांस्कृतिक विवाद, गालीगलौज, साँधसिमाना–, कुलोकुलेसा, माना लेनदेनका विवाद मिलाउन सामुदायिक मेलमिलाप केन्द्रहरू स्थापना हुँदै आएको पाइन्छ ।

समुदायिक विकास र उन्नतिका लागि वर्तमान समयमा सामुदायिक मेलमिलापको अति नै महत्त्व र आवश्यकता छ । हाल समुदायमा सामुदायिक मेलमिलापप्रति बढ्दो जनविश्वास रहेकैले गर्दा पनि छोटो समयमा न्याय पाउने आशा अन्याय गरेर समाजलाई फोहोरी दिशामा डोर्याउने क्रियाकलापहरूमा न्यूनिकरण हुँदै आएको छ । फौजदारी अभियोग लागेका बाहेकका देवयानी प्रकृतिका मुद्दाहरूलाई समाजमा नै मिलाई आपसी सद्भाव कायम गर्ने उद्देश्यले दिगो शान्तिको लक्ष्य प्राप्त गर्ने अठोट गरेको छ ।

यतिबेला सामुदायिक मेलमिलाप कार्यक्रमको जनस्तरसम्म प्रभाव बढ्दो देखिएको छ । यसप्रतिको विश्वासकै कारण जघन्य अपराधका घटनाहरूमा पनि केही हेरफेर भने पक्कै आएको छ । सामान्य विवादले उग्र रूप लिँदै ज्यानसमेत जाने समस्याप्रति सचेत गराउँदै समुदायिक मेलमिलापमा नै समस्याको सामाधान सल्टाउन थालिएपछि समयको बचत, कम लागत, सम्बन्धमा सुधारजस्ता फाइदाहरूले पनि समाजको नयाँ मार्ग कार्ने विश्वास गर्न सकिन्छ । दुबै पक्षहरूलाई दुबैको सामू नै राखी प्रकृयागत ढङ्गबाट दुबै पक्षहरूको कुरालाई राखी समस्याको सामाधान गर्ने गरिन्छ । यसले गर्दा भविष्यमा दुबैको सम्बन्धमा सुधार ल्याउने र गल्तीको प्रकृतिलाई हेर्रै सजाय र माफी दिने काम यसबाट हुन्छ ।

मेलमिलापमा सहभागी भएका मेलमिलापकर्ता लाई स्थानीय र स्वतन्त्र (सहजकर्ता)व्यक्तिहरूलाई नै छनोट गरी तालिम दिएर केन्द्रमा खटाइने काम हुँदै आएको छ । नेपालको सन्दर्भहरू केलाउने हो भने कतिपय घटना दबाव र प्रभावमा मुद्दा दर्ता हुने, फिर्ता लिने संस्कार चल्दै आएको छ । यो संस्कारमा हालै केही नियमावली थप घट भए पनि अदालतमार्फत– दुबै पक्ष मिल्ने वतावरण हुँदै आएको देखिन्छ । अदालतले पनि मिल्न चाहानेहरूलाई प्रतिबन्ध नै गर्न नसक्ने भएको र पछि एउटै समुदायमा जन्ती मलामी गर्ने भएकै कारणले पनि त्यस्ता केही मुद्दाहरू मेलमिलापद्वारा मिलान हुने प्रचलन छ। स्थानीयस्तरमा रहेका गाविसहरूका वडा नागरिक मञ्च, राजनीतिक दलका प्रतिनिधिहरूसहित सहभागी गराएर मेलमिलाप कार्यक्रमलाई थप प्रभावकारिता बनाउन हामीसामु चुनौती पनि खडा नभएका भने होइनन ।

नासो गाउँपालिकामा यस गाउँपालिकाका उपाध्यक्ष श्री बेद बहादुर गुरूङको संयोजकत्वमा ३ सदस्य रहेको एउटा न्यायिक समिति रहेको छ ।

### ८.३.३ गैसस तथा अगैससको विवरण र वार्षिक बजेट

यस गाउँपालिकामा रहेका बिभिन्न गैर सरकारी संस्था तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाको विवरण र उनिहरूको यस पालिकामा खर्चहुने बार्षिक बजेट यस प्रकार रहेको छः

## ८.४ ऐन, नीति, नियम र कार्य प्रणाली

### ८.४.१ स्वीकृत स्थानीय नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू

| क्र. स. | ऐन, नियमावली तथा कार्यविधिको नाम |
|---|---|
| १ | नासौँ गाउँपालिकाको आर्थिक ऐन २०८०/०८१ |
| २ | प्रारम्भिक वालविकास तथा शिक्षा संचालन कार्यविधि, २०८० |
| ३ | नासौँ गाउँपालिकामा विपद्जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०८० |
| ४ | "घ" वर्ग निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७८ |
| ५ | स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७४ |
| ६ | स्थानीय तहको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४ |
| ७ | विपन्न दलित आवास कार्यक्रम संचालन कार्यविधि, २०७४ |
| ८ | वजार अनुगमन निर्देशिका, २०७४ |
| ९ | न्ययिक समितिले उजुरीको कारवाही किनारा अपनाउनु पर्ने कार्याविधिका सम्बन्धमा व्यवस्थापन गर्न वनेको ऐन, २०७४ |
| १० | नासौँ गाउँपालिकाको सहकारी ऐन, २०७४ |
| ११ | नासौँ गाउँपालिकाको प्रशासकीय (नियमित गर्नुपर्ने) ऐन,२०७४ |
| १२ | नासौँ गाउँपालिकाको ऐफ. एम. रेडियो कार्यविधि, २०७४ |
| १३ | नासौँ गाउँपालिकाको आर्थिक कार्यविधि (नियमित), २०७४ |
| १४ | नासौँ गाउँकार्यपालिका कार्यपालिका (कार्यसम्पादन) २०७४ |
| १५ | नासौँ गाउँपालिकाका गाउँ कार्यपालिकाको कार्यविभाजन नियमावली, २०७४ |
| १६ | नासौँ गाउँपालिकाकाका पदाधिकारीहरुको आचार संहिता, २०७४ |
| १७ | भु- उपयोग क्षेत्र अद्यावधिकका लागि तयार गरिएको नीतिगत आधार तथा मापदण्ड, २०८० |
| १८ | अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०८० |
| १९ | सार्वजनिक खरिद नियमावलि २०७८ |
| २० | लैससास रणनिति, २०७९ |
| २१ | क्षमता विकास योजना, २०७९ |

स्रोत: नासौँ गाउँपालिकाको कार्यालय

### ८.४.२ गाउँपालिकाका जननिर्बाचित पदाधिकारीहरू

| क्र.सं. | जनप्रतिनिधिको नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | धन बहादुर गुरूङ | गा.पा.अध्यक्ष | वडा नं. ७ |
| २ | वेद बहादुर गुरूङ | गा.पा. उपाध्यक्ष | वडा नं. २ |
| ३ | मिन रासी गुरूङ | वडा अध्यक्ष | १ ताल |
| ४ | रवि गुरूङ | वडा अध्यक्ष | २ नाचै |

| क्र.सं. | जनप्रतिनिधिको नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| ५ | निल राम गुरूङ | वडा अध्यक्ष | ३ धारापानी |
| ६ | धर्म जङ गुरूङ | वडा अध्यक्ष | ४ ओडार |
| ७ | थुतेन लामा | वडा अध्यक्ष | ५ थोँचे |
| ८ | पुष्प बहादुर गुरूङ | वडा अध्यक्ष | ६ तिल्चे |
| ९ | ओम बहादुर गुरूङ | वडा अध्यक्ष | ७ तिल्चे |
| १० | याद घले | वडा अध्यक्ष | ८ ताचै |
| ११ | मिङ्मर छिरिङ विष्ट | वडा अध्यक्ष | ९ दानाक्यू |
| १२ | डिल कुमारी घले | का.पा.सदस्य | वडा न.१ |
| १३ | सुक बहादुर परियार | का.पा.सदस्य | वडा नं. ९ |
| १४ | प्रमिला गुरूङ | का.पा.सदस्य | वडा नं. २ |
| १५ | सोनिया गुरूङ | का.पा.सदस्य | वडा नं.३ |
| १६ | चनार स्यो गुरूङ | का.पा.सदस्य | वडा नं. ४ |
| १७ | मोहन कुमारी घले | का.पा.सदस्य | वडा नं. ६ |
| १८ | बुद्ध बहादुर गुरूङ | वडा सदस्य | १ |
| १९ | सन्त कुमारी परियार | वडा सदस्य | १ |
| २० | गंगा गुरूङ | वडा सदस्य | २ |
| २१ | कमर कलि गुरुङ | वडा सदस्य | ३ |
| २२ | ललित मान गुरूङ | वडा सदस्य | ४ |
| २३ | सुक बहादुर गुरूङ | वडा सदस्य | ४ |
| २४ | निसा गुरूङ | वडा सदस्य | ५ |
| २५ | फूल माया वि.क | वडा सदस्य | ५ |
| २६ | छिरिङ छोमु लामा | वडा सदस्य | ५ |
| २७ | ओम प्रसाद पुन्देल | वडा सदस्य | ५ |
| २८ | आइता जङ्ग गुरूङ | वडा सदस्य | ६ |
| २९ | मंगल प्रसाद गूरूङ | वडा सदस्य | ६ |
| ३० | अनिसा गयरूङ | वडा सदस्य | ७ |
| ३१ | दुध माया गुरूङ | वडा सदस्य | ७ |

| क्र.सं. | जनप्रतिनिधिको नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| ३२ | टंक प्रसाद गुरूङ | वडा सदस्य | ७ |
| ३३ | शारदा गुरूङ | वडा सदस्य | ८ |
| ३४ | दुध माया वि.क. | वडा सदस्य | ८ |
| ३५ | रयाम्बो गुरूङ | वडा सदस्य | ८ |
| ३६ | खंडो लामा | वडा सदस्य | ९ |
| ३७ | पार्वति परियार | वडा सदस्य | ९ |
| ३८ | युङटुङ लामा | वडा सदस्य | ९ |
| ३९ | ङिमा छिरिङ ठकुरी | वडा सदस्य | ९ |

स्रोत: नासौँ गाउँपालिकाको कार्यालय

### ८.४.३ गाउँ कार्यपालिका कार्यालयमा कार्यरत कर्मचारी

**नासौँ गाउँपालिकाको स्थायी कर्मचारीहरुको विवरण।**

| क्र. स. | नाम थर | पद |
|---|---|---|
| १ | बासुदेव भेटवाल | प्रमुख प्रशासकीय अधिकृत |
| २ | शितल बहादुर पाण्डे | अधिकृत आठौं |
| ३ | गोबिन्द बहादुर रानाभाट | अधिकृत आठौं |
| ४ | चित्र बहादुर पौडेल | अधिकृत सातौं ( लेखा अधिकृत ) |
| ५ | नविन जोशी | अधिकृत सातौं ( इन्जिनियर ) |
| ६ | आयुषा घिमिरे | अधिकृत सातौं ( पशु चिकित्सक ) |
| ७ | राजन कटुवाल क्षेत्री | अधिकृत सातौं ( अधिकृतस्तर सातौं ) |
| ८ | तीज घले | अधिकृत छैठौं |
| ९ | रविन्द्र राज पौडेल | अधिकृत छैठौं |
| १० | तुलसी राम गुरुङ | अधिकृत छैठौं |
| ११ | ज्ञानेन्द्र प्रसाद पौडेल | अधिकृत छैठौं |
| १२ | तेज प्रसाद अर्याल | अधिकृत छैठौं ( जन स्वास्थ्य निरीक्षक ) |
| १३ | गोपाल वहादुर गुरुङ | सहायक पाँचौ ( पशु स्वास्थ्य प्राविधिक ) |
| १४ | दाधोर्जे बिष्ट | सहायक पाँचौ ( आलेप सहायक ) |
| १५ | भागिरथ वास्ताकोटी | सहायक पाँचौ |
| १६ | आशिष आले मगर | सहायक पाँचौ |
| १७ | गिमान सिहं पुन मगर | सहायक पाँचौ |
| १८ | तेज जंग गुरुङ | सहायक पाँचौ |

| क्र. स. | नाम थर | पद |
|---|---|---|
| १९ | नन्द घले | सहायक पाँचौ |
| २० | गणेश कठायत गा पा | सहायक पाँचौ |
| २१ | कर्तो ठकुरी | सहायक पाँचौ |
| २२ | धन वहादुर तमाङ | सहायक पाँचौ |
| २३ | मिश्री माया गुरुङ | सहायक पाँचौ |
| २४ | सेठजी राय यादव | सहायक चौथौ ( असिष्टेण्ट सव इञ्जिनियर ) |
| २५ | चेतमान श्रेष्ठ | सहायक चौथौ |
| २६ | लाल बहादुर अस्लामी | सहायक चौथौ ( असिष्टेण्ट सव इञ्जिनियर ) |
| २७ | आङ्ची लामा | कार्यालय सहयोगी पाँचौ स्तर |
| २८ | गोपाल गुरुङ | कार्यालय सहयोगी पाँचौ स्तर |
| २९ | प्रेम वहादुर घर्ति | कार्यालय सहयोगी पाँचौ स्तर |
| ३० | दुद जंग गुरुङ | कार्यालय सहयोगी पाँचौ स्तर |
| ३१ | नोख वहादुर दानी | कार्यालय सहयोगी चतुर्थ स्तर |

**गाउँपालिकाको कार्यालय तर्फः-**

| क्र.स. | कर्मचारीको नाम थर | पद |
|---|---|---|
| १. | नविन गुरुङ | रोजगार संयोजक |
| २. | कृष्ण गुरुङ | MIS कम्प्युटर अपरेटर |
| ३. | हस्त बहादुर गुरुङ | फिल्ड सहायक |
| ४. | रिमा गुरुङ | फिल्ड सहायक |
| ५. | निलराम गुरुङ | कार्यालय सहयोगी |
| ६. | तुलमाया गुरुङ | सा.प. गरिब संग विश्वेश्वर कार्यक्रम |
| ७. | विक्रम गुरुङ | हलुका सवारी चालक |
| ८. | राजेन्द्र गुरुङ | हलुका सवारी चालक |
| ९. | राजेश दर्लामी | एक्साभेटर अपरेटर |
| १०. | शिला चौधरी | उ.वि.स.(उद्यम विकास कार्यक्रम) |
| ११. | सुल बहादुर गुरुङ | कार्यलय सहयोगी |

**कृषि तथा पशु शाखा तर्फः-**

| क्र.स. | कर्मचारीको नाम थर | पद |
|---|---|---|
| १. | विमला शेर्पा | ना.प्र.स. |
| २. | सरस्वती गुरुङ | ना.प.से.प्रा. |
| ३. | सुरेन्द्र गुरुङ | ना.प.से.प्रा. |

**वडा कार्यालय तर्फ:-**

| क्र.स. | कर्मचारीको नाम थर | पद | वडा कार्यालय |
|---|---|---|---|
| १. | लक्ष्मी गुरुङ | का. स. | नार्सों-१, ताल |
| २. | चन्द्रमान गुरुङ | का. स. | नार्सों-२, नाचै |
| ३. | कमला गुरुङ | का. स. | नार्सों-३, धारापानी |
| ४. | धावाल्हमु लामा | का. स. | नार्सों-५, थोचे |
| ५. | शर्मिला तामाङ गुरुङ | का. स. | नार्सों-४, ओडार |
| ६. | टेकराम गुरुङ | का. स. | नार्सों-६, तिल्चे |
| ७. | तिल कुमारी गुरुङ | का. स. | नार्सों-७, तिल्चे |
| ८. | पोषण घले | का. स. | नार्सों-८, ताचै |
| ९. | मिरा लामा | का. स. | नार्सों-९, बगरछाप |


**स्वास्थ्य तर्फ करार कर्मचारीको विवरण:-**

| क्र.स. | कर्मचारीको नाम थर (सर्शत तर्फ) | पद | स्वास्थ्य संस्था | कैफियत |
|---|---|---|---|---|
| १. | मालति घले | अ.हे.व. | चाचै स्वा. चौकी | |
| २. | मिना गुरुङ | अ.हे.व. | चाचै स्वा. चौकी | |
| ३. | छोडेन याङचेन लामा | हे.अ. | थोँचे स्वा. चौकी | |
| ४. | रोशनी गुरुङ | अ.हे.व.व | थोँचे स्वा. चौकी | |
| ५. | सोनाम दिकी लामा | अ.न.मी. | थोँचे स्वा. चौकी | |
| ६. | काशि माया गुरुङ | अ.न.मी. | धारापानी स्वा. चौकी | ब्रथिङ सेन्टर तर्फ |
| ७. | छिमि ल्हमो गुरुङ | अ.हे.व. | धारापानी स्वा. चौकी | |
| ८. | बिमला गुरुङ | अ.न.मी. | धारापानी स्वा. चौकी | |
| ९. | होम बहादुर गुरङ | का.स. | ताचै स्वा. चौकी | |
| १०. | उपेन्द्र गुरुङ | का.स. | धारापानी स्वा. चौकी | |
| ११. | दिल माया गुरुङ | का.स. | ताचै स्वा. चौकी | |
| १२. | डिल काशी घले | का.स. | ताचै स्वा. चौकी | |
| **आधारभुत स्वास्थ्य सेवा तर्फ** | | | | |
| १. | सरस्वती गुरुङ | अ.न.मी. | आ.स्वा.से. केन्द्र २ | |
| २. | अस्मिता गुरुङ | अ.न.मी. | आ.स्वा.से. केन्द्र ३ | |
| ३. | आईतमाया बि.क. | अ.हे.ब. | आ.स्वा.से. केन्द्र ४ | |
| ४. | शर्मिला गुरुङ | अ.न.मी. | आ.स्वा.से. केन्द्र ६ | |
| ५. | बिश्वबिबेक मल्ला | अ.हे.ब. | आ.स्वा.से. केन्द्र ७ | |
| ६. | शर्मिला घले | अ.न.मी. | आ.स्वा.से. केन्द्र ९ | |
| ७. | हिमान गुरुङ | का.स. | आ.स्वा.से. केन्द्र २ | |

| क्र.स. | कर्मचारीको नाम थर (सर्शत तर्फ) | पद | स्वास्थ्य संस्था | कैफियत |
|---|---|---|---|---|
| ८. | युकेश गुरुङ | का.स. | आ.स्वा.से. केन्द्र ३ | |
| ९. | मलिना गुरुङ | का.स. | आ.स्वा.से. केन्द्र ४ | |
| १०. | शंकर गुरुङ | का.स. | आ.स्वा.से. केन्द्र ६ | |
| ११. | सुनिता गुरुङ | का.स. | आ.स्वा.से. केन्द्र ७ | |
| १२. | छिरिङ याङचुङ गुरुङ | का.स. | आ.स्वा.से. केन्द्र ९ | |

स्रोत: नासोँ गाउँपालिकाको कार्यालय

## ८.४.५ स्रोत नक्शा


NASON GAUNPALIKA
CADASTRAL SUPERIMPOSE
LEGEND
District Boundary
Municipality Boundary
Ward Boundary
LANDUSE
Zone
AGRICULTURE
RESIDENTIAL
COMMERCIAL
FOREST
PUBLIC SERVICE
CULTURAL AND ARCHEOLOGICAL
INDUSTRIAL AREA
RIVERINE, LAKE AND MARSH AREA
HAZARD ZONE
MANANG NGISYANG RURAL MUNICIPALITY
NARPA BHUMI RURAL MUNICIPALITY
CHAME RURAL MUNICIPALITY
LAMJUNG
GORKHA
1:75,000
0 2 4 8 Kilometers
Coordinate System:
Nepal MUTM Central 84 Everest 1830
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000.0000
False Northing: 0.0000
Central Meridian: 84.0000
Scale Factor: 0.9999
Latitude Of Origin: 0.0000
Units: Meter
N